बहुदलको कम्युनिष्ट - विकल्प सोभियत-जनवाद होः क. सीताराम येचुरी



# मूल्याङ्कन

विचार - अन्तर्क्रियामुखी मासिक

फागुन
२०४९



## नेपालका नदीहरुबाट कसरी विद्युतीकरण गर्नु सम्भव र उचित छ ?

जलस्रोत विज्ञ र अर्थविदको दृष्टिकोण

पैतृक संपत्तिमा
महिलाहरुको हकको प्रश्न
समाजशास्त्री र कानूनविदको औंकलन

टनकपुर र महसूल बृद्धिलाई लिएर

## वामपन्थीहरु धर्ना र नेपाल बन्दतिर


रु. १०|-

सोलार
वाटर हिटर

# अव जतातत्तै भौंतारिनु पर्दैन

सुपथ मूल्यमा

पाँच वर्षको ग्यारेन्टीका साथ
धमाधम विक्री हुँदैछ ।




SOLAR

सम्पर्क स्थानः-
नयाँ वानेश्वर,

*होटेल एभरेष्टको लाइनमा* फोन नं. २१५६९८

## नेबिको

नयाँ
आवश्यकता




बिस्कुटहरू

तपाईको स्वास्थ्य, वचत
र सम्मान प्रति जत्तिको
होसियार छ त्यत्तिकै
आफ्नो गुणस्तर प्रति छ।

नेबिको प्रा. लि.
काठमाडौं, नेपाल

# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष ११: पूर्णाङ्क १०:२०४९फागुन



**संरक्षक**
डा. मधुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोबिन्द लुइटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
वेख बहादुर महर्जन



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
**"मूल्यांकन" मासिक**
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, भोंछें, ख-२,२३७
काठमाडौं- २३
फोन २१३६९४
पो.ब.नं. ३०२६ काठमाडौं


## टनकपुरको संघर्ष हार्दा देश हार्नेछ !


*बराल- प्रतिवेदन, सन्धि ऐन संशोधन र २/३ को आवश्यकता : बालकृष्ण नेउपाने*

*संघर्षको कार्यनीति: का. मदन भण्डारी*

## विद्युतीकरणको संभावना र औचित्य

*जल विद्युत विज्ञहरु डा. हरिमान श्रेष्ठ, दीपेन्द्र क्षेत्री, डा. देवेन्द्र राज पाण्डे तथा का. झलनाथ खनालका विचार-अन्तर्क्रियाहरु*

३५ देखि ४२ सम्म






## के पैत्रिक सम्पतिको अधिकार विना पनि महिला-मुक्ति संभव छैन ?

कानूनविद् कल्याणी शाह र समाजशास्त्री डा. चैतन्य मिश्रको विचार उत्तेजक जवाफ

८ देखि १२ सम्म

## रुसी कम्युनिष्ट आन्दोलन

*रुसी कम्युनिष्ट वर्कर्स पार्टीको संघर्ष*

*-केन्द्रीय सचिव का. त्युल्किनको कलमबाट-*

*का. स्टालिनलाई सम्मान गर्ने जर्जियालीहरु सम्बन्धी रिपोर्ट*

## समाजवादको पतन किन ?

भारतीय नेता का. सीताराम येंचुरीद्वारा अन्तर्क्रिया

*पेरु: साइनिङ्ग पाथ चुप छैन*


**घटना प्रवाह**
नेपाली मुद्राको पूर्ण परिवर्त्यता- ४३
क्लिन्टनको चुनावी वाचा पूरा नहुने घोषणा - ७
ने.का. कार्यसमिति र महासमितिको विवाद - ६
का. गोन्जालो जीवन प्रतिरक्षार्थ क्षेत्रीय सम्मेलन - ७

**नीति/ संस्कृति**
हामी नेपाली वामपन्थीहरु पनि समाजवाद अन्त गर्दैछौं !
चन्द्रदेव नेपाली - २१

**अर्थतन्त्र**
नेपाली अर्थतन्त्रको दिशा कता ?
-डि. खनाल - ३१

**विज्ञान/प्रविधि**
यो ब्रम्हाण्ड कस्तो छ ?
- रामरिझन यादव - २९
नयाँ कम्प्यूटर प्रविधि / ३०

**दर्शन/ दिग्दर्शन**
कुन प्रगतिशील / कुन प्रतिगामी ?
- प्रज्ञानरत्न / २२

**धारणा**
सत्याग्रह र मूढाग्रह
- डी. आर. पोखरेल / २५

**आँखीझ्याल**
पूँजीवादी मुलुकमा स्त्री-पुरुष समानता छ ? / २५
सोभियत संघमा महिलाहरुको स्थिति / १७

**साहित्य**
कविता: तारावाजी लै लै
- आहुति / २८

**खेलकूद**
बुद्धिचालको इतिहास
- गारी कास्पारोव / २६
युवाहरुलाई खेलकूदमा तान्दा ...
- का. मिखाइल कालिनिन / २७

**पर्दा/ रंगमंच**
फिल्म: युगदेखि युगसम्म
- हरिगोविन्द लुईटेल / २४
टेलिफिल्म: कस्तो लायो ? / ३०
पाठकको कुरो / ४५
हाम्रो मूल्यांकन / ४


*सृजनरत प्रगतिशील साहित्यकार सुश्री पारिजात केही हप्ता अघिदेखि बीर अस्पतालमा उपचारका लागि भर्ना हुनुभएको छ । उहाँ रुमेटिक अथराइसिस (बाथ), रक्तचाप एवं अम्ल पित्तको रोगले ग्रसित हुनुहुन्छ । केही दिन यतादेखि उहाँलाई सास फेर्न गाह्रो हुने भएको हुँदा पटकपटक अक्सिजन दिने गरिएको छ । हाल उहाँ टाउको दुख्ने थप पीडाले सताइनु भएको छ ।*

*मूल्यांकन परिवार उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।*

*पर्खालभित्र र बाहिर, अनिंदोपहाडसँगै र माल्तीको बलात्कृत आँशु जस्ता कृतिहरूबाट अत्यन्त चर्चित सुश्री पारिजात अविरल रुपले कलम चलाउँदै आउनु भएकी, नेपाली साहित्य क्षेत्रकी एक महत्वपूर्ण प्रतिभा हुनुहुन्छ । प्रगतिशील साहित्य क्षेत्रमा प्रवेश गर्नुअघि शीरिषको फूल उपन्यासबाट पनि उहाँ चर्चित भैसक्नु भएको थियो ।*

*उहाँको उपचारको लागि सरकारले हालसम्म कुनै चासो राखेको छैन । यस स्थितिमा उहाँका शुभेच्छुकहरुले जनास्तरबाट पनि उहाँको उपचारार्थ सहयोग जुटाउनु जरुरी भएको हामी ठान्दछौं ।* -मूल्यांकन परिवार



**पारिजातको स्वास्थ्य लाभको कामना**


*आवरण: ए.बी.सी. फोटो बागबजार / कम्प्युटर सेटिङ्ग: मल्टी च्यानल कम्प्युटर, बागबजार/ मुद्रण: शिव शक्ति प्रिन्टर्स प्रा.लि. /कला दिलीप महर्जन, संघराम महर्जन*
*यस अकंका लागि केही फोटोहरु दिनु भएकोमा "अस्मिता" / उषा तिवारी/ दृष्टिप्रति आभारी छौं - सं.*

## हाम्रो मूल्यांकन

# अहिलेको आवश्यकता - संघर्षको निम्ति जनताको दिल-दिमाग तयार गर्नु

टनकपुरको सवाल र पानी एवं विद्युत महशूल वृद्धिको सवाललाई लिएर अहिले जुन संयुक्त-वामपन्थी आन्दोलन चल्दैछ, त्यो देशको निम्ति आशाको किरण भएको छ । तर संघर्षरत वामपन्थीहरुको निम्ति भने यो कठीन अग्नि -परीक्षा हो । धेरैजसो संघर्षहरु बेटुंगोमा नै टुंगिने गरेको विगत अनुभवको परिप्रेक्ष्यमा यो संघर्षलाई कसरी लक्ष्य प्राप्तिको चुलीमा पुऱ्याउने ? विरोधी शक्तिको लाठी, चालबाजी र धोखाधडीका बीचबाट यसलाई टुंगोसम्म कसरी पुऱ्याउने ? अहिलेको प्रमुख चुनौतिको सवाल यही हो ।

नेपाली कांग्रेस अहिले वार्ता गरेर संघर्षशील शक्तिहरुलाई भुल्याउने र संघर्षबाट विमुख पार्ने कार्यनीति अप्नाउँदैछ । कतै भुक्याएर फँसाउन त सकिदैन, विगतमा जस्तो,- उसको अहिलेको दाउपेच यही छ । जनतालाई भ्रामक र गलत सूचना दिएर भ्रमित पार्ने दाउपेच पनि यसले अप्नाउँदै आइरहेछ, जस्तो,- सर्वोच्चको फैसलाको बारेमा जनतालाई सूचित गर्नमा उसले अप्नायो । माग पूरा गर्ने उसको नियत भएको भए अहिले उसले वार्ता होइन, सगौरव घोषणा गर्थ्यो, नेपाली कांग्रेसको उदारता र बुद्धिमानीको स्वप्रशंसा सहित- कि नेपाली कांग्रेस देशको हितमा यो यो गर्दछ भनेर । उसले वार्ताद्वारा वामपन्थीहरुले माग गरेको कुरा पूरा गरायो भन्ने अवसर नै दिदैनथ्यो । तर यो




नियत उसको रहेको देखिन्न । त्यसैले ऊ वार्ताको चालबाजी गर्दैछ ।

वार्ताको लागि ढोका खुला राखिनुपर्छ तर वार्ता अहिले वामपन्थीहरुको निम्ति तात्कालीन कार्यसूचीको विषय होइन । जबसम्म जनसंघर्षले सत्तासीनहरुलाई - यथार्थ स्वीकार्न बाध्य गर्ने शक्ति पैदा गर्दैन, सत्तासीनहरु स्वच्छाले कुनै पनि माग स्वीकार्ने छैनन् । त्यसैले अहिले वार्ता बेकार छ । अहिलेको मूल आवश्यकता हो - संघर्षमा जन सहभागिता व्यापक पैमानामा जुटाउनु । जन-समुदायले अहिलेको आन्दोलको विषयवस्तुको सार्थकता जति राम्ररी बुझ्नेछन्, जन-सहभागिता उति व्यापक र सचेत हुनेछ । जब जन-समुदायले आन्दोलनको नेतृत्व बीच-बीचका तिगडमबाट बाटो बिराउनेवाला छैनन्, उनीहरु संघर्षलाई अन्तसम्म लान कटिवद्ध र सक्षम छन् भनी बोध गर्नेछ, - संघर्षमा जन-सहभागिता उति जुझारु हुनेछ ।

त्यसैले अहिलेको तात्कालीक कार्यसूचीको विषय हो - संघर्षको औचित्य स्पष्ट गर्ने र समस्याको प्रगतिशील विकल्प प्रष्ट पार्ने प्रज्वलनशील सामग्रीहरु जनसमक्ष लैजानु । सत्तासीनहरुको हरेक चालबाजीको पर्दाफास, प्रष्ट विषयवस्तु, लक्ष्य प्राप्तिको दृढता र जन-समुदायसित व्यापक अन्तर्क्रियाद्वारा आन्दोलनको लागि जनताको दिल-दिमाग तयार गर्नु ।

संघर्ष सफल हुन शत्रु एक्लिनु पर्छ । त्यसैले, हरतरहले गिरिजा सरकारको राष्ट्रघाती गिरोहलाई कसरी एक्ल्याउने ? कसरी अरु छुटेका वाम र सहयोगी शक्तिलाई समेट्ने र बीचका शक्तिलाई पक्षमा तान्ने ? यो कुरामा पनि नेतृत्वको ध्यान दिनु जरुरी भएको छ ।

अहिले संसद अधिवेशन जारी छ । गिरिजा सरकार बहुमतको तानाशाहीद्वारा टनकपुर मुद्दा पास गराई छोड्ने हरतरहले दाउ गर्दैछ । यो स्थितिमा सडक, सदन, र फेरि पनि अदालत तीनैतिरको संयोजित संघर्ष नै समस्या समाधानको मूल उपाय हो । सडकको दवाव नै यति खेरको प्रमुख ताकत हो, जसले संसद र अदालत दुवैतिरको संघर्षलाई सफल बाउन मद्दत गर्नेछ ।

## घटना प्रवाह

# यो संघर्ष हार्दा देश हार्नेछ, सत्य, न्याय, नैतिकता हार्नेछ

टनकपुर-मुद्दामा गिरिजा सरकारलाई सर्वोच्च अदालतले संविधान मिच्ने तथा राष्ट्र र संसदलाई झूठ बोलेर राष्ट्रघाती काम गर्ने अपराधी ठहर गरेपछि अलिकता पनि नैतिकता र प्रजातान्त्रिक मूल्य नेपाली कांग्रेसमा थियो भने गिरिजा सरकारलाई तुरुन्तै कुर्सीबाट हटाउन सक्नुपर्थ्यो । फटाहा र राष्ट्रघाती सावित भएको मानिस प्रधान मन्त्रीको कुर्सीमा बसिरहन्छन् भने जनताले किन आशंका नगर्ने कि उनले देशलाई भरे कुन भड्खालोमा लगेर जाक्छन् ?

तर आफूलाई देशको एक मात्र प्रजातन्त्रवादी पार्टी ठान्ने नेपाली कांग्रेसको सर्वोच नेतृत्वको प्रजातान्त्रिक मूल्य र नैतिकताप्रति कुनै आस्था भएको देखिएन, त्यसको केन्द्रिय समिति र महासमितिले गिरिजालाई दण्डित गर्नुको सट्टा पुरस्कृत र रक्षा गर्ने निर्णय गऱ्यो । त्यो पार्टीले जसले अपराधीलाई दण्डितसम्म गर्न सक्दैन, बरु उल्टो पुरस्कृत गर्छ, त्यसबाट आम-जनताले कुन प्रजातान्त्रिक नैतिकता र संस्कृति सिक्ने ? यदि पार्टीको शीर्षस्थ नेता नै सर्वोच्च अदालतले दोषी सावित गरे पछि पनि देशको सर्वोच्च शासकको कुर्सीमा बसिरहन लाज मान्दैनन् भने अन्य छोट-अपराधीहरुले अब किन लाज-शर्म मान्ने ? यो प्रथाबाट त देशमा अपराधीहरुले छाती फुकाएर हिंड्ने र शासन गर्ने एवं नैतिकतावान नागरिकहरुले उनीहरुको हाल-हुकुम स्वीकार गरेर डराउदै बस्नु पर्ने स्थिति आउने भयो । अपराधीहरु अरु ठूला अपराध गर्न प्रोत्साहित हुने भए । यो नजीरबाट देशमा भयावह नैतिकता र संस्कृतिको खडेरी पैदा भएको छ । यही नजीर तेर्स्याएर अव असख्य मरिचमान र नवराजहरु हाक्काहाकी सामुन्ने आउनु के बेर ?



यसरी नेपाली कांग्रेसबाट प्रोत्साहित गरिएपछि अपराधी गिरिजा सरकारले अब भविष्यमा टनकपुरकै जस्तो असंख्य राष्ट्रघात गर्नको लागि बाटो बनाउन सन्धि ऐन, २०४७ कै संशोधन गर्न लागेको छ । यो सन्धि ऐन संशोधन हुन सक्यो भने अब कुन सन्धि साधारण हो वा व्यापक, दीर्घकालीन, वा गंभीर हो, त्यो अर्थ्याउने र प्रकृति छुट्याउने अधिकार एकलौटी सरकारलाई जानेछ । सरकारले हस्ताक्षर गर्नासाथ सन्धि लागू हुनेछ-संसदबाट अनुमोदन गराई राख्नुपर्ने छैन । संविधानको त्यो धारा १२६ पूरै निस्कीय हुनेछ, जसले सरकारले गरेको हरेक सन्धिलाई संसदको अनुमोदनका लागि लग्न बाध्य पार्थ्यो ।

सन्धि ऐनको यो खतरनाक र राष्ट्रघाती संशोधन यो पक्ति लेख्दासम्म राष्ट्रिय सभामा पेश भएको छ । तर त्यहाँ राष्ट्रिय सभा नियमावली मिचेर ल्याइएको हुनाले त्यो प्रस्तावको रुपमा छलफलको सूचीमा पर्न सकेको छैन । तर संसदमा काँग्रेसको बहुमत भएकाले यो हरतरहले पास गर्न सक्ने संभावना व्यापक छ । हाल लोकराज बराल जस्ता →

भारतीय तावेदारलाई लगाएर यो सन्धि साधारण हो, त्यसैले संसदको २ / ३ बहुमतबाट पास गराईराख्न पर्दैन भन्न लगाउनु त्यही संभावनाको पूर्व संकेत हो ।

यो संशोधन प्रस्तावले गिरिजा सरकारको नियत के हो- त्यो अरु उदांगो पारेको छ । राष्ट्रिय सहमति बनाएर राष्ट्रहितको निम्ति सन्धि-संभौता गर्न संविधानको धारा १२६ र सन्धि ऐन २०४७ ले कुनै रोक लगाएको छैन । त्यसले त राष्ट्रको अहितमा मनपरी सन्धि-संभौता गर्न मात्र सरकारलाई रोक लगाएको छ र सन्धि गर्ने सरकारलाई संसदको अत्यधिक बहुमतलाई विश्वासमा लिन जरुरी पारीदिएको छ । त्यो प्रावधानलाई समेत निस्क्रिय पार्ने ऐन-संशोधन प्रस्ताव ल्याउनुको तात्पर्य के हो भने गिरिजा सरकार राष्ट्रको अहित हुने शर्तमा पनि टनकपुर संभौता जस्ता कैयन संभौता भविष्यमा गर्न चाहन्छ र त्यसका लागि संवैधानिक र कानूनी बाधा फुकाउन चाहन्छ ।

हालै टनकपुरमा सभामुख दमन ढुंगानाको नेतृत्वमा गएको नेपालको संसदीय प्रतिनिधि मण्डल सामुन्ने भारतीय विदेश-राज्यमन्त्री भाटियाले बरु स्वीकार गरे-महाकाली नदीमा नेपालको समान हक छ, टनकपुर परियोजनामा नेपालको योगदान छ र त्यसको प्रतिफल पाउनु नेपालको हक हो भनेर । गिरिजा सरकार कति राष्ट्रघाती र भारतीय स्वार्थको तावेदार देखियो, यसले टि.भी.मा भाटियाको त्यो स्वीकारोक्ति प्रसार गर्नसमेत सेन्सर लगायो र भारत सरकारलाई दवाव दिएर भाटियाको भनाइ भारतीय राजदूतावासद्वारा खण्डन गर्न लगायो । अहिले संसदमा त्यो भिडियो टेप सार्वजनिक रुपमा देखाउने माग चर्किरहेछ । यी घटनाहरुले के देखाईरहेछन् भने- गिरिजा सरकार भारतीय मन्त्रीहरुभन्दा पनि बढी भारतमुखी छ ।

यी सबै घटनाहरुको सन्दर्भमा वामपन्थीहरुले गर्न लागिरहेको आन्दोलन निकै महत्वपूर्ण र अर्थपूर्ण छ । यो आन्दोलनको सफलतामा नै नेपालको राष्ट्रिय हितको सफलता र गिरिजाको भारतीय तावेदारीको असफलता निर्भर गर्छ ।

त्यसैले, यसलाइ हरतरहले सफल पार्नु संपूर्ण न्यायका पक्षपाती र देशभक्त नागरिकहरुको कर्तव्य हो । नेपाली काँग्रेसभित्र पनि थुप्रै देशभक्त र नैतिकतावान व्यक्तिहरु अस्तित्वमा होलान्, उनीहरु पनि आफ्ना नेताहरुको राष्ट्रघात, अन्याय र अनैतिकताको विरोधमा, यो संघर्षमा सामेल हुनु जरुरी छ ।

यो वामपन्थीको जित र हारको लडाई होइन, यो राष्ट्रिय हित, सत्य, न्याय र नैतिकताको जित र हारको संघर्ष हो । यसमा हार्दा देश हार्ने छ, न्याय र नैतिकता हार्नेछ । जित्दा यी सबैको जित हुनेछ ।

यो संघर्षमा विद्युत महशूल र पानी महशूल वृद्धिको समस्या जोडेर उचित भएको छ । यसमा मलको भाउ लगायत पूरै महंगीको समस्या पनि जोड्नु जरुरी छ । किनकि, यो समस्याको कारण पनि गिरिजाको राष्ट्रघाती अर्थनीति हो र यसबाट किसानहरु र उत्पीडित जनताको ठूलो संख्या संघर्षमा सामेल हुनेछ ।

टनकपुरः राष्ट्रिय हित कि
राष्ट्र-घात ?
बजारमा चाँडै आउँदै छ ।

# डा. बराल-आयोगको प्रतिवेदन भारतीयभन्दा बढी भारतीय छ



*- अधिवक्ता बालकृष्ण नेउपाने*

टनकपुरको विषयमा गत १ वर्षदेखि धेरै चर्चा भएकोमा सरकारको रबैयामा कुनै परिवर्तन देखापरेको छैन । नेपाली कांग्रेसको सरकार जसरी भएपनि नेपालको जलस्रोत अरुको जिम्मामा लगाउन संघर्षरत छ । नेपाल अधिराज्यको संविधानको धारा १२६ लाई नेपाली कांग्रेसले बाधकको रुपमा लिएको छ । नेपाली कांग्रेसको सरकारको र यो पार्टीको रबैया हेर्दा नेपालको जलस्रोत भारतको जिम्मामा दिनु मात्र यो पार्टीको मुख्य लक्ष्य जस्तो देखिन्छ । यो लक्ष्य पूरा गर्न हाल बराल-आयोगको प्रतिवेदन र सन्धि ऐन २०४७ को संशोधन विधेयक सदनसमक्ष पेश गरीसकेको छ । बराल-आयोगको प्रतिवेदन र सन्धि ऐन २०४७ को संशोधन विधेयक हेर्दा नेपाली कांग्रेस देशबेचुवा पार्टी नै हो भन्ने कुरा प्रमाणित हुन्छ ।

संविधानको धारा १२६ नेपालको जलस्रोतको रक्षा गर्ने र नेपालको हितमा मात्र प्रयोग गर्न पाउने कुरा सुनिश्चित गर्ने धारा हो । नेपालको जलस्रोतलाई भारतले गिद्धे दृष्टिकोण राखेको छ । यो गिद्धे दृष्टिकोणबाट संविधानको धारा १२६ ले मात्र बचाउन सक्छ । नेपालको हित र फाइदालाई ध्यानमा राखी नेपालको जलस्रोतको उपयोग गर्ने योजना सरकारले बनाएमा कुनै पनि नेपालीले बिरोध गर्दैनन् । सरकारले संचालन गरेका जलस्रोतका आयोजनाबाट नेपाललाई फाइदा छ भन्ने कुरा सरकारले प्रमाणित गरेमा संसदका सदस्यहरुले बिरोध गर्ने प्रश्नै आउँदैन । टनकपुरमा पनि नेपालले पाउनु पर्ने अन्तर्राष्ट्रिय परम्परा बमोजिमको हक- पानी र विद्युतको आधा आधा हक- पाएमा संसदको दुई तिहाई बहुमतबाट पारित हुन्छ । तर वर्तमान नेपाली कांग्रेसको सरकार नेपालको हित भन्दा अरुको हित बढी हेर्ने हुनाले यो उद्देश्य प्राप्त गर्न बराल जस्ता व्यक्तिको प्रतिवेदन लिने र सन्धि ऐन २०४७ लाई संशोधन गर्नपट्टि लागेको छ । कृष्णप्रसाद भट्टराईले आफ्नो पार्टी भारतमुखी हो, भारतको विकास भएपछि मात्र नेपालको विकास हुन्छ भन्नु, प्रधानमन्त्रीले भारतलाई आफ्नो दोस्रो घर भन्नु र नेपालमा प्रजातन्त्र प्राप्त भएपछिको पहिलो प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई भारतीय राजदूतले भारतको उपहार भनी भन्नु वर्तमान घटना क्रमका आधार हुन् । यिनै कुरालाई आधार मानी बराल आयोगले प्रतिवेदन दिएको छ ।

भारतका विदेश राज्यमन्त्रीले टनकपुरमा नेपालको हक छ भनी भनेको कुरा नेपाल टेलिभिजनले रेकर्ड गरेकोमा सो अन्तर्वार्तालाई सरकार आफैंले लुकाई यसको बदलामा बराल-आयोगको प्रतिवेदन बनाएको छ । सो प्रतिवेदन हेर्दा सो समितिका मानिस भारतीय भन्दा बढी भारतीय भएर सो प्रतिवेदन लेखेको कुरा प्रष्ट देखिन्छ । यिनै बरालले नेपाललाई भारतले नाकाबन्दी गरेको बेला

## किन टनकपुर-सन्धि दुई तिहाई बहुमतबाट पारित हुनु जरुरी छ ?

संविधानको धारा १२६ को (२) (घ) मा प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडको सन्धि व्यापक, गंभीर वा दीर्घकालीन रहेछ भने संसदको २/३ बहुमतबाट पारित गर्नुपर्ने संवैधानिक प्रावधान छ । महाकाली नदी जस्तो सीमा नदी नेपालसित एउटा मात्र छ । यो एउटा मात्र संपत्ति हुनेका लागि सम्पूर्ण पूँजी नै यही हो । यस्तो एउटा मात्र नदिको आफ्नो हक छोडी अरुको हकमा यसलाई दिनु नेपालीहरुको लागि गंभीर हो ।

एक रोपनी जग्गा हुने परिवारको लागि १ रोपनी नै सर्वस्व हो । महाकाली नदी हामीसित एउटा मात्र भएकाले हाम्रो महाकालीमा हक छोड्ने कार्य गंभीर छ । अन्तर्राष्ट्रिय परम्परा अनुसार सीमा नदीमा तटीय राष्ट्रको बराबर हक हुन्छ । बराबरको हक नि:शुल्कमा छोड्ने कार्य गंभीर र व्यापक छ ।

कोशी र गण्डकी १९९ वर्षपछि नेपालले फिर्ता पाउँछ । महाकाली नदीमा पानी भएसम्म टनकपुर नेपालले फिर्ता पाउने प्रावधान छैन । अर्थात् यो अनन्त कालको लागि छ । यस्तो अनन्त कालको सन्धिले नेपाललाई दीर्घकालीन असर गर्छ । समय नकिटिएको सन्धि कहिल्यै पनि बदर गर्न पाइँदैन । कुनै एक राष्ट्रले नमानेमा अन्तर्राष्ट्रिय कानून अनुसार बदर गर्ने राष्ट्रले क्षतिपूर्ति तिर्नुपर्छ । १९५० को सन्धि जस्तो एक पक्षले नमान्ने जानकारी दिएमा स्वत: अमान्य हुने प्रावधान भएको सन्धि समेत नेपालको अहितमा हुँदा समेत नेपालले बदर गर्न सकेको छैन । यस्तो कुनै शर्त नभएको अनन्त कालसम्म लागू हुने सन्धिलाई अल्पकालीन भन्नु नेपाली कांग्रेसको बौद्धिक बेइमानी हो ।

टनकपुर-सम्झौतामा महाकाली नदीमा नेपालको रहेको सम्पूर्ण हक छोडेकाले, यो व्यापक र गंभीर छ । समय नतोकिएकोले यो दीर्घकालीन छ त्यसैले, यो सन्धि संसदको २/३ बहुमतबाट पारित हुनुपर्छ । यो सन्धि पनि संसदको २/३ बहुमतबाट पारित गरिनु नपर्ने हो भने, नेपालको कुनै सन्धि पनि संसदमा २/३ बहुमतको स्वीकृतिको लागि लानु पर्दैन । यो कार्यले संविधानको धारा १२६ नै निस्क्रय हुन जानेछ । **- बालकृष्ण नेउपाने**

नाकाबन्दी गर्नु ठीक छ भनी टाइम्स अफ इण्डियामा लेख लेखेका थिए । प्रतिवेदनमा महाकाली नदीबाट नेपालले यो भन्दा बढी फाइदा पाउन अन्तर्राष्ट्रिय परम्परा अनुसार सक्दैन भन्नु बौद्धिक दिवालीयापन हो । महाकाली नदी जस्तै सीमाना नदीको रुपमा भारत र पाकिस्तानको बीचको नदीको पानी र बिजुलीको उत्पादनमा आधा आधा हुने गरी संझौता भएको छ । त्यसै गरी अमेरिका र क्यानाडाको बीचको सिमा नदीमा आधा आधा बिजुली र पानी क्यानाडा र अमेरिकाको हुने गरी संझौता गरेका उदाहरण छन् । यो उदाहरणलाई बराल-आयोगलें आफ्नो प्रतिवेदनमा उल्लेख पनि नगर्नु "बौद्धिक बेइमानी" हो ।

प्रतिवेदनमा सीमा-स्तम्भ हराएको कुरा भनिएको छ । सो सीमा-स्तम्भ पत्ता लगाई सीमाना छुट्याउँदा हाम्रो सीमाना टनकपुर ब्यारेजको पारिपट्टि पनि पर्न सक्छ । सीमाना नै तय नभई बराल-आयोगको प्रतिवेदनले हाम्रो सीमा मिचिएको छैन भनी ठोकुवा कुन आधारमा गरेको हो ? प्रतिवेदनमा छैन । सीमाना नै पत्ता नलागेको अवस्थामा सीमा मिचिएको छैन भनी प्रतिवेदन दिनु, यो भन्दा ठूलो बेइमानी अरु कुनै हुन सक्दैन ।

टनकपुर-संझौता दीर्घकालीन होइन भन्ने आधारमा प्रतिवेदनले संझौतामा समय नतोकिएकोले अल्पकालीन संझौता हो भन्ने पनि उल्लेख गरेको छ । यसको आधारमा प्रतिवेदनमा समय नकिटिएकोले जहिलेसुकै पनि नेपालले सो संझौता भ गर्न सक्छ भन्ने छ । बरालजीलाई समय नतोकेकोले यो अनन्तकालसम्म, जहिलेसम्म महाकाली नदीमा पानी रहन्छ त्यो अवस्थासम्म, सो सन्धि रहन्छ भन्ने ज्ञान हुनु पर्ने हो । समय नतोकिएका अन्तर्राष्ट्रिय सन्धिहरु कुनै अर्को पक्षले बीचमा तोडेमा अन्तर्राष्ट्रिय कानून अनुसार के हुन्छ, त्यो पनि थाहा हुनुपर्ने हो । सामान्य सजका कुरालाई समेत अन्यथा भन्नु देशको लागि बेइमानी गर्नु हो ।

प्रतिवेदनमा नेपालले जमीनलाई बगरको जग्गा भनी उल्लेख छ । नेपालको जग्गालाई बगरको संज्ञा दिनुको नियत अनावश्यक जग्गा भनी भन्नु भएको होला तर सोही प्रतिवेदनमा भारतको जमीनलाई बगर भनी संज्ञा दिनु भएको छैन । यो कुराले प्रतिवेदनमा भएका व्यक्तिको स्वामीभक्ति कहाँ रहेछ, प्रष्ट हुन्छ । प्रतिवेदनमा नेपालको जलमग्न भएको भागमा नेपालले सबै किसिमका अधिकार प्रयोग गर्न पाउँछ भन्ने ठोकुवा गर्नु भएको छ । यो प्रतिवेदन बमोजिम नेपालको पानी जमेको भूमिमा सबै किसिमका अधिकार प्रयोग गर्न पाउने हो भने नेपालतर्फको जलासयबाट नेपालले नहर ल्याउन पाउँछ ? देब्रे एफ्लक्स बण्ड भत्काउन पाउँछ ? पाउँछ भने यो कुरा प्रतिवेदनमा किन उल्लेख भएन ? नेपालको जलमग्न भएको भूमिमा बरालजी जाँदा पनि भारतीय प्रहरीको स्वीकृति लिएर प्रवेश गर्नुभएको छ । नेपालको जलाशयमा नेपालका गाईवस्तुले पानी खान पाउँदैनन् । नेपालको भूमिमा लास जलाउन पाउँदैनन् । यस्तो व्यावहारिक कुरा हेर्दै नहेरी नेपाली जनतालाई झुक्याउन र आँखामा छारो हाल्न मात्र यो प्रतिवेदन लेखिएको हो ।

बराल- आयोगमा बसेका मानिसहरुको सक्कली अनुहार नेपाली जनताले थाहा पाउने मौका प्राप्त भएको कुरा चाहिं प्रतिवेदनको उपलब्धि हो।

नेपाली कांग्रेस

# के प्रश्न उठाएका छन् - कार्यसमिति र महासमितिको विवाद पछिका घटनाहरुले ?

विना कार्यसमिति तीन जना नेताको आदेश र सनकका भरमा चलिरहेको नेपाली कांग्रेसको कार्यसमितिको घोषणा जब यसका सभापति कृष्णप्रसाद भट्टराईबाट भयो - यसले तीव्र आक्रोश र प्रतिक्रिया जन्मायो । असंतुष्ट कार्यकर्ताहरु झण्डै विद्रोहको स्तरसम्म सार्वजनिक रुपमा पेश भए । गिरिजा आफैं विरोधमा बाहिर प्रकट त हुनु भएन, ( उहाँको दाउपेच के थियो भन्ने कुरा उहाँकै मन्त्रीमण्डलका सदस्यहरु कार्यसमितिको विरोधमा खुलेर लाग्नुले देखायो । गणेशमान पनि भट्टराईको समर्थनमा खुलेर प्रकट हुनु भएको देखिएन । भट्टराई जताततैबाट एक्लो पर्ने स्थिति पैदा भयो ।

तर यतिखेरै टनकपुर-मुद्दामा अदालतबाट गिरिजा सरकार नराम्ररी हाऱ्यो । संकटग्रस्त गिरिजाको निम्ति भट्टराईको सहयोग अपरिहार्य भयो । संकटग्रस्त भट्टराईको निम्ति पनि यो एउटा संकट टार्ने अपूर्व मौका सावित भयो । सर्वेच्च अदालतले राष्ट्र, जनता र संसदलाई ढाँटेकोमा र संविधान मिचेकोमा अपराधी ठहऱ्याएको गिरिजालाई, प्रजातन्त्र र नैतिकताका सारा मूल्यहरु तिलांजली दिएर, भट्टराईले आफ्नो स्वार्थको निम्ति अभयदान दिनु भयो र भन्नु भयो-जे सुकै भए पनि गिरिजाले राजिनामा दिनु पर्दैन । हिजोसम्म मुद्दा हारेमा राजीनामा दिनै पर्छ भनी भनिरहनु भएका गणेशमानले पनि स्वार्थबश आफ्नो बोली रातारात फेर्नु भयो र भन्नु भयो - अब गिरिजाले नै राजिनामा गऱ्यो भने अदालतको आदेश बमोजिम संसदमा टनकपुर-सन्धि पेश गर्ने कसले ?

यसरी तीन नेताका अलग अलग स्वार्थहरुका बीच समीकरण र संझौता भयो र तीनै थारको संकट टाल्ने महा-नाटक भयो ।

भर्खरै चितवन मा भारतीय राजदूत विमलप्रसादको उपस्थितिमा भएको महासमितिको बैठकले पनि गिरिजाको राष्ट्रघातलाई र अपराधलाई छोपछाप पार्न पूरै पार्टी ढालको रुपमा अघि आउने निर्णय गरेको छ । गिरिजाले गरेका सारा अप्रजातान्त्रिक, संविधानघाती र राष्ट्रघाती कामहरुको निम्ति गिरिजालाई दण्डित गर्नुको सट्टा गिरिजा सरकारलाई हरतरहले रक्षा गर्ने निर्णय यसले गरेको छ । यो अभयदान गरेको फलस्वरुप, पहिले उठिरहेको कार्य समिति र विधानको विवाद अब सेलाएको छ । कार्यकर्ताहरुको आक्रोश खत्तम भएको छैन, तर मत्थर भएको छ । विधानको संशोधनको निम्ति एउटा समिति बनाएर असंतुष्ट कार्यकर्ताहरुको मुख टाल्ने काम भएको छ ।



यो तीन महीना यता भएका घटनाको सार संक्षेप यही हो । तर यसले नेपाली कांग्रेसको वास्तविक चरित्रबारे केही आधारभूत प्रश्न उठाउने आधार दिएको भने छ ।

पहिलो सवाल के हो भने, नेपाली कांग्रेसमा अनैतिक र अपराधीलाई दण्डित गर्ने प्रणाली नै छैन । देशको सर्वोच्च अदालतले राष्ट्रघाती एवम् फटाहा सावित गरेको र अपराधी ठहऱ्याएको मानिसलाई समेत त्यसले प्रधानमन्त्रीको कुर्सीमा राखीछोड्ने कार्य गरेको छ । यो कार्यले गिरिजा र गिरिजा जस्तालाई भविष्यमा अरु राष्ट्रघाती, संविधानघाती र अनैतिक कार्य गर्न निरुत्साहित पार्छ कि उत्साहित पार्छ ? जब देशको प्रधानमन्त्री नै अदालतले अपराधी सावित गरेपछि पनि दण्डित नहुने प्रथा सत्तारुढ पार्टीले बसाल्छ, देशका अन्य साना, ठूला अपराधीहरु कसरी दण्डित हुन्छन् ? उनीहरु यसबाट अपराध गर्न हौसिन्छन् कि निरुत्साहित हुन्छन् ? जुन पार्टीको सर्वोच्च नेतृत्वले स्वार्थवश सावित-अपराधीलाई देशको प्रधानमन्त्री राखीछोड्ने कार्य गर्छ, त्यस पार्टीका आम सदस्यहरुले पार्टी नेतृत्वबाट सिक्ने नैतिकताको पाठ के होला ?

नेपाली कांग्रसको कार्य समितिलाई न त चुनिएका पार्टी सदस्यहरुले निर्वाचन गर्छन्, न विधानलाई महाधिवेशनले पारित गर्छ, न त यसका कार्यक्रम र नीति नै पार्टी सदस्यहरुद्वारा चुनिएका प्रतिनिधिहरुको छलफलद्वारा पारित हुन्छ । यो स्थितिमा, नेपाली कांग्रेसका पार्टी सदस्यहरुले कसरी "प्रजातन्त्र" अभ्यास गरे ? जुन पार्टीमा सारा कुरामा पार्टी सभापतिको हैकम चल्छ र २-३ नेताहरुको तानाशाही चल्छ, सबै कुरा उनीहरुका सनकका भरमा निर्णय हुन्छन्, त्यो पार्टी कसरी प्रजातान्त्रिक हुन्छ ? यदि यो प्रजातान्त्रिक-प्रक्रिया हो भने, तानाशाही-प्रक्रिया चाहिं केलाई भन्ने ? जुन पार्टीले अपराध गर्ने आफ्नो नेतालाई समेत दण्डित गर्न सक्दैन, त्यो पार्टीले बसाल्ने समाज-व्यवस्थामा न्यायको स्थिति कस्तो होला ? के त्यो न्यायपूर्ण समाज होला ?

ने.का. भित्रका सबै इमान्दार र दृढ प्रजातन्त्रवादीहरुले यो प्रश्नमा घोत्लिनु जरुरी छ ।




## पहिलो टेलिभिजन सन्देशमै

# क्लिण्टनद्वारा चुनावी वाचा पूरा गर्न नसक्ने घोषणा

**रा**ष्ट्रपति भएको एक महीना पनि नबित्दै क्लिण्टनले अमेरिकी मध्यम - वर्गीय र त्यो भन्दा तल्लो वर्गका मतदाताहरुलाई निराश पारेका छन् । उनले चुनावी अभियानको दौरानमा जे गर्ने घोषणा गरेका थिए, त्यो अब पूरा गर्न नसक्ने कुरा फाल्गुम ४ गते अमेरिकी जनतासमक्ष आफ्नो पहिलो टेलिभिजन - सन्देशमा बताएका छन् ।

क्लिण्टनले चुनावी अभियानको दौरानमा मध्यम वर्गमाथि लाग्दै आएको कर हटाउने, रोजगारीका बढी अवसरहरु सिर्जना गर्ने, शिक्षा र स्वास्थ्य क्षेत्रमा राज्यले दिईआएका सेवा सुविधाहरु बढाउने घोषणा गरेका थिए । राज्यको खर्च घटाएर, सैनिक खर्च घटाएर, बजेट घाटा कम्ती पारेर उनले यस्तो यर्न संभव छ- अमेरिकी जनतासमक्ष क्लिन्टनको यही वाचा थियो ।

तर राष्ट्रसमक्षको संवोधन भाषणमा उनले अस्तिं सोमवार हाक्काहाकी बताए- "मैले तपाईहरुलाई नसोधीकन नै तपाईहरुको भविष्यको खातिर बढ्ता रोजगारीहरु सिर्जना गर्नमा लगानी गर्ने, शिक्षालाई विस्तार गर्ने, स्वास्थ्य उपचारमा सुधार गर्ने कुराको आशा गरेको थिएँ । तर म त्यस्तो गर्न सक्तिन । किनभने, घाटा उल्लेखनीय मात्रामा बढेको छ .... पोहोरको अनुमान भन्दा खराब हुने सीमासम्म बढेको छ ।.."

के बजेट -घाटा अमेरिकाको लागि कुनै नयाँ परिघटना हो, जुन चुनावताका थिएन र अहिले समस्याको रुपमा खडा छ ? त्यो त होइन ।

चुनावी अभियान चलिरहेको बखत नै अमेरिकामा बजेट - घाटाको समस्या प्रखर थियो । गत अक्टोवर महीनामै त्यो २९० अरब डलर पुगेको थियो र, अहिले यस वर्ष त्यसमा २ देखि ४ अरब डलर थप बढ्ने सम्भावनाको घोषणा भू.पू. राष्ट्रपति बुश आफैंले ह्वाइट-हाउस छोड्नुअघि गरेका थिए । त्यसैले, बजेट घाटाको नयाँ कारण देखाएर आफ्नो चुनावी वचन पूरा गर्न नसक्ने घोषणा गर्नुमा कुनै तूक छैन । यो अमेरिकी जनतालाई ढाँट-छल गर्ने चालबाजी मात्रै हो ।

## का. गोन्जालोको जीवन प्रतिरक्षार्थ क्षेत्रीय सम्मेलन

# साइनिङ्ग पाथ चुप छैन !



**स**न् १९८० देखि पेरुमा चल्दै आइरहेको जनयुद्धको नेतृत्वकारी पार्टी पेरु कम्युनिष्ट पार्टीका अध्यक्ष डा. अविमायल गुजमान (का. गोन्जालो) को जीवन प्रतिरक्षार्थ विश्वव्यापी अभियान चलाउने आवश्यकता तीव्र रुपले अनुभव भइरहेको स्थितिमा गत फागुन ३ र ४ गते नेपालमा का. गोन्जालोको जीवन प्रतिरक्षार्थ गठित दक्षिण एशियाली क्षेत्रीय सम्मेलन सफलतापूर्वक सम्पन्न भयो ।

उक्त महत्वपूर्ण क्षेत्रीय सम्मेलको प्रथम दिनको कार्यक्रम स्टाफ कलेज, पाटनको अडिटोरियममा भएको थियो भने दोस्रो दिन भोटाहिटीबाट एक जुलूस शुरु भएर बसन्तपूरमा आमसभा भएको थियो । का.गोन्जालोको रिहाई एवं जीवन प्रतिरक्षार्थ क्षेत्रीय स्तरमा अभियानहरु संचालन गर्ने दृढता सहित सम्पन्न उक्त सम्मेलनले का. कन्चनकुमारको संयोजकत्वमा १२ सदस्यीय का.गोन्जालो जीवन प्रतिरक्षार्थ दक्षिण एशियाली क्षेत्रीय समिति निर्माण गरेको छ ।

गत माघ ३ गते नेकपा (मसाल) संग सम्बन्धित का. गोन्जालो जीवन प्रतिरक्षा समितिको आयोजनामा का.गोन्जालो जीवन प्रतिरक्षार्थ राष्ट्रिय सम्मेलन बुटवलमा सम्पन्न भएपछि भएको यस क्षेत्रीय सम्मेलनले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय रुपमै का. गोन्जालोको जीवन प्रतिरक्षार्थ अभियान चलाउने र संयोजित गर्ने काममा सहायोग मिल्ने आशा पल्हाएको छ ।

"का. गोन्जालोको लासलाई गाड्ने चिहान समेत उपलव्ध नभएको दिन हेर्न असाध्यै लालयित भएको" घोषणा गर्ने पेरुका तानाशाह राष्ट्रपति फुजिमोरीले गिरफ्तारीदेखि गत १५ जनवरीसम्ममा ३१ पटकसम्म का. गोन्जालोको हत्या गर्ने धम्की दिइसकेको छ । राजधानी लिमा नजीकको कलाओ वन्दर्गाहस्थित सान लोरेन्जो टापुको अति सुरक्षित नौसैनिक अखडाको सानो, भूमिगत कंक्रिटको खोरमा सारिएका का. गोन्जालोको जीवन अत्यन्त खतरामा परेको यस स्थितिमा यस्ता प्रतिरक्षात्मक अभियानहरुको सार्थकता निकै बढेको छ ।

यसै बीच का.गोन्जालो सम्बन्धी मद्दामा सरकारविरुद्ध मुद्दा लड्ने वकिल डा. अल्फ्रेडो क्रेस्पो लगायत प्रतिष्ठित वकिलहरु डा. होजे कार्तेजेना र डा.एन्डे कोहल्लोलाई पनि साइनिङ्ग पाथका नेता भएको तथाकथित आरोपमा गिरफ्तार गरी नकावधारी न्यायाधीशहरुद्वारा आजीवन कारावासको सजाय दिइएको र उनीहरुको संगठन एशोसियसन अफ डेमोक्रेटिक लयर्स र बार एशोसियसन माथि मनपरी ढंगले प्रतिबन्ध लगाई अन्तर्राष्ट्रिय न्याय-जगतलाई क्षुव्ध पार्ने काम फुजिमोरीले गरेको छ ।

हाल अमेरिकी साम्राज्यवादको खुफिया संयन्त्र-सि.आइ.ए.को प्रत्यक्ष नीति निर्देशनमा प्रहरी, फौज, प्रशासन जस्ता सम्पूर्ण दमन-यन्त्रको प्रयोग र ग्रामिण सुरक्षा दल-भिजिलान्ते (रोण्डरो) हरु मार्फत कम धनीभूत युद्ध र विदेशी दातृसंस्थाहरु मार्फत विकासको नाममा डलरको बाढी ल्याई जनयुद्धलाई ध्वस्त गर्ने प्रतिक्रियावादी दिवास्वप्न साइनिङ्ग पाथका छापामारहरुको आक्रमणले चकनाचुर हुँदै गएको तथ्य अमेरिकी राण्ड (RAND) कर्पोरेशनले नै पनि जनाएको छ । त्यस संस्थाले पेकपा साइनिङ्ग पाथका छापामारहरुले सरकारी सेनामाथि "प्रहार गरी भाग्न" रणनीति अख्तियार गर्नै, हतियार खोस्ने, स्थानीय सामन्त, सरकारी जासूस, रोण्डरोहरु तथा सरकारसमर्थक विदेशी गैर- सरकारी संस्थाका प्रतिनिधि तथा धर्माधिकारी पादरीहरुलाई कारवाही गर्ने, निस्काशित गर्ने काम जारी राखेको तथ्य प्रकाशित गरेको छ । साथै, मुक्त- क्षेत्रमा न्यायोचित भूमि-वितरण प्रणालीलाई पनि साइनिङ्गपाथले जारी राखेको तथ्य प्रकाशित भएको छ । यसरी पेकपाको नेतृत्वमा संचालित नयाँ- जनवादी क्रान्तिको निरन्तरताको पुष्टि मिलेको छ ।

१९९३ को जनवरीको पहिलो १५ दिनभित्रै मात्र १४९ जना सैनिक मारेको, मुक्त-क्षेत्रमा सैन्य-प्रवेशलाई सफलतापूर्वक प्रतिकार गरेको, रोण्डरोहरुको उन्मूलन-अभियान जारी राखेको साइनिङ्ग पाथले माघ ९ गते अमेरिकी एयरलाइन्सको एउटा प्लेनमाथि गोली प्रहार गरेको, कोकाकोला बोटलिङ्ग प्लान्टमा कार बम वि स्फोट गरेको तथा लिमास्थित IBMको अफिसमा माघ १५ गते बम प्रहार गरेको घटनाले फुजिमोरीको संरक्षक अमेरिकी स्वामित्वयुक्त विदेशी संस्थाहरु आक्रमणका शीकार हुन थालेको स्पष्टै देखिन्छ । र, पादरीहरुलाई मुक्त-इलाका छोड्ने आदेश साइनिङ्ग पाथले दिएको छ ।

हाल स्कूलमा पढ्ने किशोर-किशोरीहरु समेत "पायोनियर" का रुपमा छापामार सेनामा भर्ती हुन थाली आक्रमण मै सहभागी हुन थालेको र देशका सबै तप्काहरुको असन्तुष्टी र विद्रोहमा वृद्धिको घटनाले सरकारलाई झनै संकट ग्रस्त पारेको छ । पेरुको एक तिहाई क्षेत्र छापामारहरुको मुक्त-इलाकाभित्र परेको तथ्य हालै पूँजीवादी संचार माध्यमले नै पनि प्रकाशित गरेका छन् । यस सन्दर्भमा साइनिङ्गपाथले मुक्त-इलाका बनाउनेदेखि लिएर सरकार नियन्त्रित इलाकामा छापामार आक्रमण तीव्र पारिरहेको स्थितिलाई हेरेर भन्न सकिन्छ - साइनिङ्ग पाथ चुप छैन, - का. गोन्जालोको गिरफ्तारी पछि पनि अन्तर्राष्ट्रिय ऐक्यवद्धताको सहयोगमा पेरुमा नयाँ-जनवादी क्रान्ति जारी छ ।

का. मोहनविक्रम सिंह लिखित
**माओत्से-तुङ्ग विचारधारा वा माओवाद** पुस्तिका बजारमा उपलब्ध छ ।



# अहिले नै यस्तो कानून बनीहाल्ला भन्नेमा म विश्वस्त छैन

- कल्याणी शाह, अधिवक्ता

## शिक्षित महिलाहरु पनि असचेत छन् ।

**० महिला-मुक्ति वा महिला-स्वतन्त्रताको कुरा उठ्दा नारीहरुले पैत्रिक सम्पत्तिमा पुरुषसरह समान अधिकार पाउनु पर्छ भन्ने कुरा पनि साथसाथै उठ्ने गर्छ । के सम्पत्तिमा समान अधिकारको यो कुरा नउठाइकन पनि महिला -स्वतन्त्रता संभव छैन ?**

*- हाम्रो समाजमा महिलाहरुप्रति शुरुदेखि नै भेदभावको धारणा रहेको छ । हाम्रो समाजले छोरीलाई शुरुदेखि नै "पाहुना" जस्तो वा आफ्नो घरको व्यक्ति नै हैन भन्ने खालको धारणा लिएर व्यवहार गर्ने गर्छ । विहे गरेर अन्यत्र जानु पर्ने सामाजिक कारणले गर्दा यो धारणाले शुरुदेखि नै बल पाएको छ । त्यसकारण शुरुदेखि नै महिलाहरुलाई आत्मनिर्भरताको बाटोतिर लगाउनमा यस धारणाले छेक्ने गर्छ । छोराले भविष्यमा पाल्छ भन्ने अवधारणाले गर्दा छोरीप्रतिको यो भेदभाव अरु प्रखर भएको छ । साथै, हाम्रो धार्मिक परंपरा र पुराना विचारहरुले गर्दा पनि यो भेदभावले अरु टेवा पाएको छ । धर्मले मरेपछि काजक्रिया आदि गर्नु पर्ने शेष-जिम्मेवारी छोरालाई नै सुम्पिएकोले अधिकारिक रुपमा उसले यो काम गर्ने र सम्पत्ति पनि उसैले खाने सामाजिक प्रणाली यहाँ कायम छ ।*

*यस खाले भेदभावपूर्ण धारणा र व्यवहारहरु महिलाहरुप्रति कायम गरिएको छ । तुरुन्तै यी धारणाहरु बदल्न हामी सक्दैनौं तर यसो भन्दैमा यो भेदभाव जायज छ भनेर हामीले छोड्ने कुरा भने निश्चित रुपमा आउँदैन । त्यसकारण, हामीले आफ्ना मूलभूत नाराहरुलाई चरणबद्ध किसिमले उठाएर अघि बढ्ने काम रोक्नु हुँदैन, झन झन अघि बढाएर लैजानु पर्छ ।*

*आमा-बाबुको लागि छोरा र छोरीमा कुनै फरक हुनु हुँदैन र घरमा छोरीलाई पनि समान - व्यवहार हुनुपर्छ, छोराले पाएजत्ति सबै कुराहरु उसले पाउनु पर्छ भन्ने धारणालाई हामीले अगाडि सार्नु पर्छ । यो धारणा संसारभरीकै लागि एउटा उन्नत समाज-निर्माणको लक्ष हो ।*

*त्यसैले यो नारालाई अगाडि बढाउनै पर्छ यसका पनि प्रमुख दुई आधारहरु छन् । एउटा, सम्पत्ति सम्बन्धी कुरा र अर्को, जागरणको कुरा ।*

*हाम्रो समाजलाई हामीले जागरुक गराउनु पर्छ । आमा-बाबु, घर वा राष्ट्र, सबैलाई छोरीले मानव-अधिकार पाउनु पर्छ, ऊ पनि छोरा सरह नै हो, राष्ट्र-निर्माणमा उसको पनि उत्तिकै दायित्व हुने हुनाले उसको अधिकार पनि छोरा सरह नै हुनु पर्छ भन्ने सचेतता वा शिक्षा हामीले उनीहरुलाई दिनु पर्छ । यो शिक्षा छोरा र छोरी दुवैलाई दिनुपर्छ । जरैदेखि वा घरैदेखि यो जागरण पैदा गर्दै जानु पर्छ ।*

*यसपछि मात्र हामीले राष्ट्र-निर्माणका लागि केही गर्न सक्छौं ।*

*वास्तवमा, नारीहरुको समस्या भनेको नारीहरुकै समस्या मात्र हैन, यो सिंगो राष्ट्रकै समस्या हो । ५१ प्रतिशत रहेका हामी महिलाहरुलाई एक्लै छोडेर र असमान व्यवहार गर्दै जाने हो भने समाजको स्थिति नै लंगडो भएर जाने छ । जति जति महिलाहरुले समान अधिकार पाउँदै जान्छन्, त्यति त्यति समाजको विकास पनि अगाडि बढ्छ ।*

**० अझै अलि प्रष्ट बनौं । खास गरी, यो सम्पत्तिमा हकको जुन कुरा छ त्यसमा नै फेरि एक पल्ट जाऔं । के सम्पत्तिमा समान हक नपाइकन महिलाहरु स्वतन्त्र हुन सक्दैनन् र ?**

*- सक्दैनन् । हाम्रो समाजमा शोषणको ठूलो माध्यम आर्थिक स्थिति नै हो । त्यसकारण, हामी महिलाहरु समाजमा दोहोरो शोषणमा परेका छौं । छोरी भएको नाताले घरमा आर्थिक क्षेत्रमा हाम्रो हात कहीं पनि छैन । बाबु आमालाई कुनै आर्थिक मामलामा सल्लाह दिने अथवा बाबु-आमाले पनि छोराहरुलाई सोधे झैं सोध्नु पर्ने चलन र कानून दुवै छैन । उजुरी गर्ने वा हकदावी गर्ने हक पनि छैन । जन्म थलोको आर्थिक अधिकारबाट हामी यसरी वंचित छौं ।*


*यसरी, बाबु-आमाको सम्पत्तिमा हाम्रो कुनै हक नहुने हुनाले हामीले घरमा इच्छा नगरिएको पाहुना ('Unwanted Guest) को रुपमा रहन बाध्य छौं । यसकारण, घरमा हाम्रो स्थिति फितलो रहने गरेको छ । हामी आफूले कुनै आर्थिक कारोबार गर्न चाहेर पनि अधिकारपूर्ण रुपमा त्यसो गर्न सक्दैनौं ।*

*भोलि, विहे गरेर लोग्नेको घरमा गएपछि पनि लोग्नेको सम्पत्तिमा स्वास्नीको खासै अधिकार छैन ।*

*त्यसकारण, हामी नारीहरु पुरुषहरुको आर्थिक-प्रभुत्वबाट थिचिएका छौं । आर्थिक क्षेत्रमा स्वामित्व हासिल नहुन्जेल हामी स्वतन्त्र वा मुक्त हुनै सक्दैनौं । पुरुषहरुद्वारा महिलाहरुमाथि हुने शोषणको मूल जरो उनीहरुको आर्थिक क्षेत्रको प्रभूत्व नै हो । यो प्रभूत्व कायम रहुन्जेल शोषण कायम रहन्छ ।*

*त्यसकारण, महिलाहरुले आर्थिक क्षेत्रमा समानता पाउनै पर्छ । यो प्राप्त गर्न*

यही फागुन २५ गते



यसमा समाविष्ट छन् ।

# पैत्रिक- संपत्तिमा समान अधिकार नपाए पनि के नारीहरु मुक्त हुन सक्दैनन् ?

दीर्घकालसम्मको सचेत आन्दोलन जरुरी हुन्छ तर यो विना पूर्ण - मुक्ति संभव छैन । महिला-मुक्तिको आधारभूत कुरा यही नै हो । जसरी कुनै घरमा सन्तानको रुपमा जन्मिएको नाताले छोराले पछि सम्पत्तिमा हक पाउँछ, त्यसैगरी छोरीले पनि पाउनु पर्छ । अनि मात्र नारी पनि सम्पत्तिको मालिक हुन्छे र वास्तविक रुपमा ऊ पुरुष सरह समान हैसियतकी हुन्छे । सम्पत्तिमा बराबर हक कानूनी रुपले पाएपछि त्यसलाई व्यवहारमा लागू गर्ने क्षेत्रमा अब मिहेनत गर्नु पर्ने हुन्छ, त्यसैगरी यो लागू भैसकेपछि पनि संस्कारको रुपमा रहेको स्त्री-पुरुष भेद-भाव हटाउन वैचारिक-सांस्कृतिक रुपले प्रयत्न गर्नु पर्ने कुरा त्यसपछि पनि बाँकी रहन्छ नै तर आधारभूत कुरा चाहिँ सम्पत्तिमा समान हक कै कुरा हो ।

**० बाबु-आमाको संपत्तिमा छोरा सरह छोरीलाई समान हक दिनमा हाल कानूनी रुपले छेकावारहरु के के छन् ?**

- हाम्रो कानूनमा बाबु-आमाको संपत्तिमा छोराको पूर्ण अधिकार भएको कुरा उल्लेख छ तर छोरीको यो अधिकार छैन । यति मात्र हैन बाबु आमालाई कानूनले छोराको पालन-पोषणको दायित्व मात्र तोकेको छ, छोरीको उल्लेख नै छैन । छोरालाई हेरविचार गरिएन भने बाबु-आमाले संपत्ति दिनु पर्ने कानूनी व्यवस्था छ तर छोरीको लागि भने यस्तो व्यवस्था छैन । यसरी बाबु-आमालाई छोरीको पालन-पोषणको कानूनी-दायित्व नै तोकिएको छैन । यो त प्रष्ट रुपले नै ठूलो भेदभाव हो ।

सन् १९७५ मा भएको संशोधनले यदि छोरी ३५ वर्षको उमेरसम्म पनि अविवाहित बसेमा उसले अंश पाउने कुरा गरेको छ । तर त्यस पछि उसले विहा गरी भने त्यो संपत्ति सबै छोडेर जानु पर्ने व्यवस्था छ । त्यसैले, छोरा सरह संपत्ति पाउने तर विहा गरेमा नपाउने भन्ने यो "हक" वास्तवमा आफैमा विरोधाभाषपूर्ण छ । छोराले संपत्ति पाएपछि उसको विहे होस् या नहोस् वा अरु जे सुकै होस्, उसको हक मेटिँदैन तर छोरीको यस्तो हुँदैन ।

यसकारण, प्रष्ट रुपले भन्नु पर्छ- कानूनमा छोरीलाई पैत्रिक संपत्ति दिने व्यवस्था छैन ।

पैत्रिक संपत्तिमा छोरीको हकको कुरामै हामीले जोड दिएको कारण हो- यो नै जन्मजात अधिकार हुनेछ । सामान्यतया यसमा कुनै अंकुश वा अनिश्चितता हुने छैन ।

**० बाबु-आमाका संपत्तिको हकको सट्टा लोग्नेको अंशमा हक पाए नै पनि महिलाहरुलाई पुग्दैन ?**

- हामीले जन्मजात अधिकारको कुरा माग गरेका हौं । यसमा महिलाहरुलाई कानूनले हक दिएको छैन ।

लोग्नेको अंश माथिको हकको बारेमा मैले माथि पनि भनें-यसमै पनि अंकुशहरु छन् । लोग्नेको "सत" मा बसेको प्रमाणित गर्नु पर्ने, माना-चामल नभरेको प्रमाणित गर्नु पर्ने आदि बाधाहरु यसमा छन्, जसले गर्दा यो "हक" व्यवहारमा वास्तविक हक हुन सक्दैन ।

**० पेवा-दाइजो आदिमा त महिलाहरुको हक छ नि, हैन ?**

- यसमा पनि अड्चनहरु छ । पेवा-दाइजो आदिमा अचल संपत्ति छ भने, जो अभिभावक छ- बाबु, लोग्ने वा छोरा, उसलाई सोधेर मात्र र त्यसमाथि पनि आधा मात्र नारीले खर्च गर्न पाउने व्यवस्था छ ।

**० आफैंले कमाएको संपत्तिमा नि ?**

- यसमा पनि चल-सम्पत्तिबाहेक अचल संपत्तिमा माथि भने जस्तै अड्चनहरु छन् ।

**० समग्रमा यो कानूनी व्यवस्थाहरुबारे तपाई के भन्नु हुन्छ ?**

- स्वास्नी मानिसहरूलाई जताबाट पनि आर्थिक रुपले स्वतन्त्र र आत्मनिर्भर नगराउने हाम्रो समाजको परिपाटीलाई कानूनले पनि साथ दिएको छ । बाबु-आमाको संपत्तिमाथिको अधिकार जस्तो महत्वपूर्ण आर्थिक अधिकारमै कानूनले प्रष्ट भेदभाव गरेको स्थितिमा यो अधिकार महिलाहरूलाई दिने हो भने अरु कानूनी व्यवस्थाहरु कसरी मिलाउने, कसरी जाने भन्ने प्रश्न पनि मानिसहरु उठाउँछन् । यसमा मेरो भन्नु छ- पहिले छोरा र छोरीलाई बराबरी हक दिनुस्, अनि त्यसपछि कानूनी रुपहरु मिलाउने भन्ने कुरा त गर्न सकिहालिन्छ । बाबु-आमा र लोग्ने, दुबैको संपत्ति मागेको त हैन नि । फेरि यसो हुँदा स्वास्नीको संपत्ति पनि त आएर लोग्नेको संपत्तिमा मिसिन्छ नि ।

लोग्ने र स्वास्नी दुबैका् पैत्रिक संपत्ति एक ठाउँमा आएर मिसिन्छ । संयुक्त- सम्पत्ति बन्छ । पछि छुट्टिनु पर्‍यो भने त्यो संपत्ति पनि छुट्याउन सकिन्छ । आफ्जो जे जति छ, त्यो महिलाले लिएर जान सक्छे ।

**० यो हदसम्म कानूनी र सामाजिक हिसावले परिवर्तन गर्नका लागि हालको स्थितिमा सचेत महिलाहरु र शुभेच्छुकहरुको दायित्व के हो ?**

- यतिखेरको कामको चरण भनेको जागरणको विकास गर्ने चरण नै हो । महिलाहरुमा र सिंगै घर-परिवारमा एवं राष्ट्रव्यापी रुपमा यसबारे मानिसहरूलाई कुरा बुझाउनु पर्छ । हामीले आफ्ना छोरीहरूलाई छोरासरह व्यवहार गर्न थाल्नु पर्छ ।

यसरी सामाजिक-चेतनाको विकास गर्नु पर्छ । यसले यो समान-हकयुक्त कानून बनाउन प्रेरक भूमिका खेल्छ ।

तर कुनै पनि ठीक कुरालाई पहिले जनमत तयार भएपछि कानूनी रुप दिने मात्र पनि

## छोराले जस्तै छोरीले पनि सम्पत्तिमा हक पाउनै पर्छ

गरिन्न । राज्यले कानून बनाएर लागू गर्ने र त्यस अनुकूल समाजको धारणा निर्माण गर्ने कार्य पनि गर्न सक्छ । सरकारले यसरी नै यसबारे काम गर्नु पर्छ ।

**० हालमा नेपालको संसदको जुन बनौट छ, के त्यसले नारीहरूलाई पुरुषसरह पैत्रिक हक दिने कानून बनाउला भन्ने तपाईलाई लाग्छ ?**

- अहिले नै त्यसो होला भनेर म विश्वस्त छैन । किनभने सत्ता-पक्षले महिलाहरूलाई वास्तविक रुपमा समान-हक दिने चासो लिइरहेको देखिदैन । यसबारे धारणा नै सरकारमा छैन, सत्तारुढ पार्टीमा पनि छैन । विपक्षी वामपन्थी पार्टीहरुमा नारा-स्तरमा केही कुरा देखिएपनि साँच्चै



महिलाहरुको समान हक-हितको लागि उनीहरुमा व्यवहारमा जुन हुटहुटी देखिनु पर्ने हो, त्यो देखिएको छैन । देशका ५१% हामी महिलाहरुको पीडा वास्तविक रुपमा अनुभूत गरेर गंभीरतापूर्वक लिइएको देखिएको छैन ।

**० त्यसो भए के पैत्रिक सम्पत्तिमा समान-हक प्राप्त नै नहुने हो त ?**

- अहिले नै त्यो स्थिति छैन पो भनिएको हो त । यसो भन्दैमा अब यो हुन सक्दैन भन्ठानेर चुपचाप बस्ने त कुरै आएन नि । यो दीर्घकालीन लक्ष्य प्राप्तिका लागि अहिले समग्र समाज कै जागरण-स्तर उकास्ने काम गरिनतिर लाग्नु पर्छ । खासगरी महिलाहरुमा सचेतनता बढाउने र सक्रियता बढाउने काम गर्नु पर्छ । यो सचेतनताको दवावले मात्र यो समान-हकको स्तरसम्म हाम्रो प्राप्ति नजिकिने छ ।

**० यस अवस्थामा सचेत महिलाहरुको दायित्व के हो त ?**

- जागरुक महिलाहरुले आफूलाई घरको चौघेरोमा मात्र सीमित गर्नु भएन । घरायसी कामहरु महत्वपूर्ण कामहरु हुन् तर यी कामहरूलाई महिलाहरुको मात्र जिम्मामा राखिएको र हेय दृष्टिले हेर्ने गरिएको छ । यी कामहरुमा पुरुषहरुको पनि हिस्सेदारी बढाउनु पर्छ र यसरी फुर्सदको समय निकालेर सामाजिक-क्षेत्रमा महिलाहरुले लाग्नु पर्छ । शिक्षा र सीपसंग संगै बौद्धिक-सामाजिक क्षेत्रमा हाम्रो अग्रसरताको बृद्धिले हामीलाई सम्पत्ति वा सामाजिक जिम्मेवारी वहन गर्न सक्षम पनि बनाउँछ । यसबाट आत्मविश्वास बढ्छ । अन्धविश्वास र रुढीवाद घट्छ ।

**० शहरी क्षेत्रका कतिपय शिक्षित महिलाहरु, जो राम्रो आम्दानी हुने जागिर वा काममा लागेका छन्, उनीहरु महिला-हक-हित-समानता आदिका कुरालाई "राजनीति" मान्दछन् र "राजनीति" गर्नु हुन्न भन्छन् । उनीहरु केवल खाने, लाउने वा सिंगारिने कामलाई नै अफ्नो मुख्य काम ठान्दछन् । यस्ता शिक्षित महिलाहरुमा कसरी नारी-स्वतन्त्रताको धारणा पैदा गर्ने ?**

- यस्ता महिलाहरु अत्यन्त कम प्रतिशत मात्र छन् । वास्तवमा बाहिर हेर्दा एकदम आधुनिक जस्ता देखिने भएपनि उनीहरुलाई आफ्नो पराधीन स्थितिको बोधसम्म पनि छैन । मान्छे शिक्षित हुँदैमा आफसेआफ सचेत पनि हुन्छ भन्ने कुरा होइन । त्यसैले उनीहरु पढे-लेखका भएर पनि आफ्नाबारेमा, समाजको बारेमा सोच्दैनन् । अरु कपितय यस्ता महिलाहरु त जानीजानी बेवास्ता गर्ने पनि छन् ।

यस्ता महिलाहरु सचेत बन्ने संभावना कम छ । त्यसैले हामीले यस्ताहरूलाई समय दिएर समय खेर फाल्नुको सट्टा बाँकी ९५% भन्दा बढी महिलाहरुलाई सचेत बनाउनमा समय लगाउनु पर्छ । यो नै जरुरी र उपयोगी काम हुनेछ ।

# "अंशमा समान हक" ले उलट-पुलट परिवर्तन ल्याउँने छ

## भाइ- टीकाको भावनात्मक स्वरुप वा महत्वमा पनि फेर-बदल आउने छ ।

-डा.चैतन्य मिश्र

**० महिला-मुक्ति वा महिला-स्वतन्त्रताको कुरा आउँदा महिलाहरुको पनि पुरुष सरह संपत्तिमा हक हुनु पर्छ भन्ने कुरा आउने गरेको पाइन्छ । के यो संपत्ति सम्बन्धी हकको समस्या हल नभए पनि महिला-मुक्ति वा महिला-स्वतन्त्रता संभव छैन ?**

*-हामी कुन राजनैतिक व्यवस्था अन्तर्गत यो कुरा सोचीरहेका छौं भन्नेमा यो भर पर्ने कुरा हो । जहाँसम्म हाम्रो अहिलेको मूल रुपमा पूँजीवादी स्वरुप ग्रहण गरिरहेको राज्य व्यवस्था अन्तर्गत महिलाहरुको हक-हितको र समानताको कुरा हामी गरीरहेका छौं, यस स्थितिमा महिलाहरुले पुरुष-समान हुने क्रममा संपत्तिमाथि वा अंशमाथि समान हक पाउनु अति आवश्यक छ । मेरो बिचारमा महिला-पुरुष समानताको लागि यो पूर्वाधार नै हो ।*

*आफैंले आर्जन गरेको संपत्तिमा महिलाहरुको केही हक त कायम छ, तर त्यसमा पनि कतिपय अंकुशहरु छन् । व्यवहारको उदाहरण हेर्ने हो भने, स्वास्नीमानिसलाई दिइने सरकारी ऋण आदिमा पनि बुझिलिनेको हस्ताक्षर चाहिं स्वास्नीमानिसले गर्छन तर ऋणबाट प्राप्त पूँजीलाई खर्च गर्ने काम चाहिं पुरुषले गर्छ । यो पनि सुनिन्छ कि कतिको त ऋण ल्याएको भोलिपल्टै पैसा खोसेर लोग्नेले आफूले खर्च गर्छ वा जाँड खान्छ ।*

*हाम्रो जस्तो समाज व्यवस्थामा कुनै पनि व्यक्तिको पहिचान निकै हदसम्म संपत्तिसँग गाँसिएको हन्छ । को मान्छे के छ भन्ने उसको हैसियत संपत्तिबाट जाँचिन्छ । यो व्यवस्था कायम रहुन्जेल यसरी जाँच्नु पर्ने पनि हुन्छ, किनकि संपत्तिले नै मानिस वा उसको परिवारको वा छोराछोरीको भविष्य निर्धारण गर्नमा ठूलो भूमिका खेल्छ । मसँग संपत्ति छ भने मात्र म नयाँ काम गर्न सक्छु, स्वास्थ्य र अन्य सुविधाहरु लिन सक्छु, संपत्ति छैन भने म त्यो गर्न सक्तिन । यसरी धनीले यी कुराहरु गर्न सक्छ, गरीबले गर्न सक्दैन । सबै मानिसहरुका बीचमा पनि यो संपत्ति हुनु र नहुनुले उनीहरुको स्तरमा फरक पारेको हुन्छ । महिला र पुरुषबीचमा पनि, यही कुरा लागू हुन्छ । लाग्नेमानिससँग संपत्तिको अधिकार छ, स्वास्नीमानिसहरुसँग छैन । यसो भएकोले उनीहरुको पनि सामाजिक स्तर स्वत:*



**परिवारको तहसम्म समाजवाद लागू नै गरिएन वा लागू हुनै पाएन ।**

*तल-माथि हुन पुगेको छ । यो स्तरलाई समान बनाउने हो भने संपत्तिमा पनि स्तर समान हुनु पर्‍यो अथवा संपत्तिमाथिको हक समान हुनु पर्‍यो ।*

**० शिक्षा, राजनीति आदि लगायतका क्षेत्रमा चाहिं अवसरहरु दिइयो तर संपत्ति सम्बन्धी समान हक चाहिं दिइएन भने, के यति एक कुरा चाहिं नदिंदा नै पनि महिलाहरु स्वतन्त्र हुने स्थिति पैदा हुँदैन र ?**

*-महिलाहरुलाई एक किसिमले पिछडिएको जाति वा उत्पीडित जाति भनेर हेर्ने चलन पनि छ । आधुनिक राज्य-व्यवस्थामा उत्पीडित जातिलाई कसरी अगाडि बढाउने भन्ने सवालमा तीन किसिमका सिद्धान्तहरु निस्किएका छन् । एउटाले भन्छ- अवसरको समानता दिने । दोस्रोले भन्छ- समान अवसर मात्र दिएर पुग्दैन, त्यसैले विशेष-अवसर दिनु पर्छ ; जस्तो आरक्षण दिने । पूँजीवादी व्यवस्थाभित्र यी दुबैलाई उदार-व्यवस्था भनिन्छ । तर यी दुबै धारणाका विरोधमा अर्को धारणा जन्मिएको छ । यो तेस्रो धारणाले भन्छ-उपलव्धीमा समानता दिनु पर्छ । अवसरको समानता (Equality of Opportunity) हैन, उपलव्धीकै समानता (Equality of Achievement)।*

*यो धारणा कसरी जन्मियो भने, कयौं देशहरुमा उत्पीडित जातिहरुको उत्थानको लागि समान अवसर वा विशेष अवसरको व्यवस्था गर्दा पनि कुनै प्रगति देखिएन । त्यसैले परिवर्तनकामीहरुले तर्क राखे कि- यो जुन समान वा विशेष अवसर दिइयो, त्यो वास्तवमा दिइएन वा दिएजस्तो मात्र भयो । त्यसकारण नै समान स्तरमा उपलव्धी प्राप्त भएन । उनीहरुले, त्यसैले, यो समान अवसर वा विशेष अवसर दिने भनिएको धारणाको जगमै शंका र प्रश्न उठाए । साँच्चिकै विशेष अवसर भएको भए त विशेष उपलव्धी पनि देखिनु पर्थ्यो । त्यसैले, उनीहरुले टुंगो लगाए, जुन विशेष अवसर दिइयो भनियो, वास्तवमा त्यस्तो दिइएको होइन रहेछ ।*

*जहाँसम्म शिक्षाको अवसरको कुरा छ, यो यहाँनेर महत्वपूर्ण छ ।*

*आधिजसो पश्चिमी देशहरुमा र फिलिपिन्स, केही हदसम्म थाइलैण्ड आदि पूर्वी देशहरुमै पनि हाइस्कूल पास गर्नेहरु मध्ये लोग्नेमानिसहरु भन्दा स्वास्नीमानिसहरु बढी छन् । तर कलेज स्तरमा पुगेपछि र त्यो भन्दा माथि भने स्वास्नीमानिसहरु ज्यादै कम हुँदै गएका छन् । हाइस्कूलसम्मको शिक्षा त अनिवार्य शिक्षा नै हो । यति मात्र शिक्षा पाउनु भनेको खासै शिक्षा पाएको नै ठहर्दैन । यो त न्यूनतम आधारभूत कुरा नै हो । यसभन्दा माथि मात्रै कसले कति वा कस्तो पढेको छ भन्ने कुराको अर्थ रहन्छ ।*

*हाम्रो स्थितिमा फिलिपिन्स, थाइलैण्डको स्तरसम्म महिलाहरुलाई शिक्षामा अवसर दिन नै हामीलाई कठीन छ । तर यत्ति गरेर मात्र पनि पर्याप्त छैन । किनभने, ती देशहरुमै पनि उत्तिकै शिक्षा पाएका लोग्नेमानिसहरुले उत्तिनै शिक्षा पाएका स्वास्नीमानिसहरुको भन्दा डेढीदेखि दोब्बरसम्म कमाउँछन् । काम पाउनेमै पनि पुरुषहरु डेढीदेखि दोब्बरसम्म हुन्छन् । काम पाउँदा पनि माथ्लो तहको काम लोग्नेमान्छेले र तल्लो तहको काम स्वास्नीमान्छेले पाउँछन् । उही तहमा पनि स्वास्नी मानिसको ज्याला कम हुन्छ ।*

*त्यसकारण, शिक्षाको अवसर त महिलाहरुलाई हुनै पर्छ तर शिक्षाको अवसरले मात्र उनीहरुलाई पुरुष-सरह समान बनाउँछ भन्ने कुरा हैन । शिक्षाले समानता प्राप्तिका लागि मद्दत गर्छ तर यही मार्फत मात्र समानता प्राप्त हुन्न भन्ने छैन।*

*राजनीतिको क्षेत्रमा चाहिं, विश्वमा जुनसुकै व्यवस्थामा पनि अपवाद बाहेक स्वास्नीमानिसहरु राजनीतिको माथिल्लो तहमा पुग्न सकेका छैनन । समाजवादी देशहरुमा त देखिएनन् भने पूँजीवादी मुलुकहरुमा त झन कुरै भएन ।*

*यसकारण, हामीले कि भन्नु पर्‍यो राजनीतिमा श्रेष्ठ बन्ने गुण स्वास्नीमानिसमा छँदै छैन, हैन भने हामीले बुझ्नु पर्छ- महिलाहरुको हुर्काइ मै केही कमी छ, समाजले हुर्काउँदा नै पक्षपात गरेको छ ।*

*राजनीतिमा लाग्ने समान अवसर त दिनु पर्छ, तर अवसर दिँदैमा मात्र कसरी पुग्यो र, जबकि उनीहरुलाई त्यस योग्य हुने गरी हुर्काउन मै पक्षपात गरिन्छ भने ?*

*त्यसकारण, मैले जुन तेस्रो धारणाको कुरा गरें, यसले शिक्षा वा राजनीति वा यस्तै अन्य कुरामा समान अवसर मात्र हैन, विशेष अवसर नै दिए पनि पुग्दैन भन्ने कुरामा जोड दिन्छ । अवसर वा विशेष अवसर पाएर पनि उपलव्धी हासिल गर्न महिलाहरु असक्षम भएकाले उनीहरुले सकेनन् भन्ने कुरा हैन । महिलाहरुको दोष भयो भन्ने कुरा हैन । दोष त यो समान अवसर वा विशेष अवसरवाला धारणाकै हो ।*

*त्यसैले, बाधा दिने हरेक क्षेत्रमा व्यापक सामाजिक परिवर्तनको कुरा नगर्ने हो भने विशेष अवसर दिएर मात्रै पुग्दैन । उत्पीडितहरु वा महिलाहरुलाई अरु वा पुरुषभन्दा बढी घण्टा पढाएर, कम फि लिएर, थप ट्युसन पढाइदिएर, सहुलियत थपी दिनमा मात्र सीमित हुने हो भने महिलाहरुले यत्तिकै आधारमा विशेष उपलव्धी हासिल गर्न सक्छन् भन्नु यथार्थ-संगत छैन । समस्याको मूल जरो उनीहरुको घरको गरीवी हटाउनेतिर यो धारणाले ध्यान दिएन । त्यसैगरी सामाजिक रुपले अन्तरसम्बन्धित अरु पक्षहरुमा ध्यान दिएन ।*

*सामाजिक संरचनामा परिवर्तन गर्ने हो भने मात्र महिलाहरुले वा उत्पीडित जो कोहीले पनि विशेष अवसर स्वत: पाउँछन्, उपलव्धी पनि समान वा विशेष हुन्छ भन्ने विचार यो तेस्रो थरी धारणा राख्नेहरुले लिएका छन् । यस धारणा अनुसार काम भए मात्र महिलाहरुले समानता पाउँछन् ।*

**० यो तेस्रो थरी दृष्टिकोण अर्थात "उपलव्धीमा समानता" अनुसार काम भयो**

**भने समाजको रुप कस्तो हुन्छ ? पैत्रिक संपत्तिमा महिला-पुरुषबीच संपत्तिको बाँडफाँडको रुप चाहिं कस्तो हुन्छ ?**

*-पैत्रिक-संपत्तिमा पुरुषको सरह महिलाको पनि हक कायम हुनुपर्ने भन्ने खालको नै धारणा यस अन्तर्गत अगाडि सारिएको चाहिं मैले देखेको छैन । तर यसो होला नै पनि ।*

*मैले देखेको कुरा चाहिं के हो भने, मूलत: समाजका विभिन्न वर्गहरुको लागि बनाइएको धारणा यो तेस्रो धारणामा हो । तर लिंग सम्बन्धमा अर्थात महिला-पुरुषहरुको समानताको सम्बन्धमा पनि आशय वा आधारको रुपमा यो धारणा कायम हुन सक्तछ ।*

*यसले साधनको बाँडफाँड, घर परिवारको आय, रोजगारकि अवसर, कामको तह र स्थायित्वको पक्षमा पनि ध्यान दिन्छ । तत्कालै मात्र समान वा विशेष अवसर दिएर पुग्दैन, उसको अन्तर-सम्बन्धका सबै कुराहरुलाई उसको अनुकूल बनाइदिनु पर्छ । अनि मात्र समानता हासिल गर्न उनीहरुले सक्छन् । महिलाहरुलाई पनि यदि स्वतन्त्रता वा समानता दिने हो भने वा लिने हो भने यी सबै कुरामा उनीहरुलाई स्थिति अनुकूल हुने समाज-व्यवस्था बनाउनु पर्छ ।*

*यसका लागि संपत्ति वा अंश माथिको समान हकको कुरा आधारभूत र अति महत्वपूर्ण कुरा हो । यस क्षेत्रमा समानता हासिल भएपछि समानता प्राप्तीको अभियानमा जरो कुरा हल हुन्छ, अनि बाँकी समस्याहरुसँग लड्ने कुरा आउँछ । जसरी एउटा परिवार र अर्को परिवारको आर्थिक हैसियत समान नभइकन स्कूलमा ती परिवारका बच्चाहरुलाई समान बनाउन खोज्दैमा ती समान हुँदैनन्, त्यस्तै महिला र पुरुषहरुमा पनि दुबैका आर्थिक हैसियत चाहिं असमान राख्ने तर अरु कुरामा चाहिं समानता कायम गर्ने भन्ने हो भने- त्यो सम्भव छैन ।*

**० आर्थिक हैसियतमा समानतायुक्त महिला-स्वतन्त्रता वा महिला-मुक्तिको स्थिति प्राप्त गर्नु भनेको त्यसोभए सम्पूर्ण सामाजिक संरचनाकै परिवर्तनसँग जोडिएको छ भन्ने तपाईको मान्यता रह्यो । त्यसो भए त यो ठूलै परिवर्तनको कुरा पो भयो त ।**

*-वास्तविक रुपमा महिला पुरुष समानताको स्थिति प्राप्त गर्नु भनेको अहिलेसम्म हामीले देखेको परिवर्तनहरु मध्ये शायद सबैभन्दा ठूलो र महत्वपूर्ण परिवर्तन हुनेछ ।*

*समाजको आधारभूत इकाई घर-परिवार हो । यो इकाईमा जुन परिवारिक सम्बन्ध स्थापित भएको हुन्छ, स्त्री-पुरुषबीच अंशमा समानताको नीति लागू गर्ने हो भने यो परिवारिक सम्बन्धको हालको स्थापित स्वरुपमा पनि उलट-पुलट फेरबदल आउँछ । यो फेरबदल आउने शर्तमा पनि अगाडि बढेर महिलाहरुलाई समानता दिनुपर्छ भन्ने मान्यता समाजको हुनुपर्छ, सरकारको हुनुपर्छ । यो हदसम्म जान चाहने साहसी संसद वा सरकारहरु कमै मात्र हुन्छन् । त्यसबाट आउने नयाँ खाले वादविवादहरु टुंग्याउन ज्यादै कम मात्र अदालतहरु तयार हुन्छन् । तर उनीहरुमा यो तयारी त हुनै पर्छ, यदि यो जरुरी र महत्वपूर्ण परिवर्तन समाजमा ल्याउने हो भने ।*

**० परिवारको स्थापित स्वरुपमा उलटपुलट आउँछ, र पनि यसको लागि तयार नभई धर नभएको कुरा यहाँले गर्नु भयो । सामाजिक संबन्धका हिसाबले यो उलटपुलट कस्तो हुन्छ ?**



## शिक्षा र कामको छनौटमा रहेको भेदभावको मान्यता भताभुंग हुन पर्छ ।

*-अंश वा पैत्रिक संपत्तिमा पुरुषहरुको स्वामित्व हुने र संपत्तिमा उनीहरुको नै हैकम चल्ने परिपाटी मुताबिक अहिलेको हाम्रो सामाजिक परिवारिक संबन्धको स्वरुप तयार भएको छ । यसको सट्टा जब हामी संपत्तिमा छोरा र छोरी वा महिला-पुरुषमा समान हक लागू गर्छौं, यो खाले पारिवारिक सम्बन्धको स्वरुपमा ठूलो परिवर्तन आउँनेछ ।*

*यो एउटा उथल-पुथलकारी वा व्यापक प्रभावपूर्ण परिवर्तन हुनेछ । लोग्ने-स्वास्नीको बीचको संबन्धको स्वरुप हालको जस्तो लोग्नेको हैकममुनि स्वास्नी रहने खालको रहने छैन । छोरीको हैसियत घरमा उँचो हुनेछ । लोग्ने मानिसको प्रभुत्वमाथि आधारित रीतिरिवाज वा मानसम्मानका परम्पराहरुमा परिवर्तन हुन थाल्नेछ । शायद, समान हक पाउने छोरी हुनाले उसको विवाहमा दाइजो-प्रथा रोकिएला । सम्पत्तिकी हकदार छोरीको श्रीमान अर्थात जुवाईप्रतिको मानसम्मानमा आजको संपत्तिमा हक नभएको अवस्थाकी छोरीको स्थितिमा भन्दा निश्चितै रुपले फरक आउला । अंश पाउने दाजु-भाईहरु र अंश नपाउने दिदी-बहिनीहरुका बीच हुने तिहारको भाइ-टीकाको भावनात्मक स्वरुप नै बदलिएला वा त्यसको महत्व कम होला । यो त उदाहरण मात्र हो । यस्ता अन्तरसम्बन्धित थुप्रै परिवर्तन हुनेछन् ।*

**० यस्तो ठूलो परिवर्तनबाट गुज्रिनु पर्ने रहेछ । यो परिवर्तनबाट नगुज्रिए हुन्न ?**

*-त्यो त तपाईको, आम-महिलाहरुको, समाजको वा सरकारको इच्छाको कुरा हो । नारी-पुरुषका वीच वास्तविक समानता प्राप्त गर्ने दिशामा अघि बढ्ने हो भने यो परिवर्तनको प्रकृयाबाट गुज्रिनु अनिवार्य नै छ । हैन भने त जे गरे पनि भयो ।*

**० अहिले नै यो परिवर्तन लागू गरीहाल्न नेपालमा संभव छ त ?**

*-यसको लागि अहिले नै वस्तुगत स्थिति तयार भैसकेको छ भन्ने कुरा म मान्दिन ।*

*अहिले हामी नाराको रुपमा मात्र वा हाम्रो हुनु पर्ने लक्ष्यको रुपमा मात्र यो अंश-समानताको कुरालाई अगाडि बढाइरहेका छौं । यसका निम्ति थुप्रै कठीनाइहरु छन् । यी सबै कुरामा समाजलाई सचेत गराउने क्रम भने निश्चय नै चालू गर्नु पर्छ । अहिलेकै सामाजिक-आर्थिक-राजनैतिक व्यवस्था अन्तर्गत यो परिवर्तन होला भन्ने मैले देखेको छैन ।*

**० त्यसो भए अर्को सामाजिक-आर्थिक-राजनैतिक व्यवस्था जरुरी भयो । यसको स्वरुप कस्तो हुनुपर्छ ?**

*-यसका लागि व्यापक रुपले सचेत अभियान चलाउनु पर्छ । महिलाहरुको सचेत प्रयत्नको यसका लागि महत्वपूर्ण भूमिका हुनेछ । अहिलेको जस्तो संसदमा अनिवार्य ५ प्रतिशत महिलाहरु राखेर र यो अनिवार्य प्रतिशत को सीमाना कुनै पनि पार्टीले ननाघेर चलाइएको व्यवस्थामा यो संभव छैन ।*

*साथै हामीकहाँको जस्तो व्यवस्था नारीलाई अगाडि बढाउने खालको नै छैन । ५० प्रतिशत नारीहरुलाई ५ प्रतिशत सिटमा उठाउने कुरा यहाँ हुँदैछ । साथै महिलाहरु संगठित हुन पनि वर्ग, क्षेत्र, जात आदिका व्यवधानहरु छन् ।*

**० समाजवादी मुलुकहरुले सामाजिक-आर्थिक-राजनैतिक क्षेत्रमा आमूल परिवर्तन गरी संपत्तिमा समान हकको स्थिति हासिल गर्न सकेको उदाहरण त इतिहासले दिइसकेको छ । आर्थिक लगायतका विभिन्न पक्षमा उनीहरु समान भए र अब संस्कारको क्षेत्रमा वा संस्कृतिको क्षेत्रमा बाँकी बसेको पुरुष-प्रभुत्व विरुद्ध उनीहरु लड्दै थिए । यसबारे तपाईको धारणा के छ ?**

*-निश्चितै रुपले समाजवादले धेरै हदसम्म यो समस्याको हल गऱ्यो । नारीहरुको जुन स्तर त्यहाँ उठ्यो, त्यसको जग थियो- त्यहाँ संपत्तिमा व्यक्तिगत स्वामित्वको उन्मूलन हुनु वा व्यत्तिगत संपत्ति सीमित गर्ने व्यापक नियन्त्रण हुने सामूहिकीकरण । राज्यले लिंगभेद गरेन, राज्यले नारी-पुरुषलाई संपत्ति र सुविधा समान रुपले दियो । अहिले नै भनौंन- क्यूबामा महिलाहरुको स्तर साह्रै राम्रो छ ।*

*सोभियतसंघ आदि समाजवादी मुलुकहरुले सांस्कृतिक रुपले पुरुष-प्रभुत्वको बाँकी बसेको अवशेषलाई खतम गर्ने अभियान राम्ररी चलाएनन वा यसको लागि समय नै पाएनन, समय नपुग्दै समजवादी व्यवस्था ढलीहाल्यो ।*

*यसमा प्रमुख कुरा थियो- परिवारको संरचनाको सवाल ।*

**० परिवारको संरचनाको सवाल भन्नाले ?**

*-समाजवाद लागू भएपछि परिवारको संरचना पनि समाजवादी बनाइनु पर्थ्यो । एकात्मक-परिवार प्रणाली (लोग्ने-स्वास्नी र उनीहरुका अविवाहित सन्तानवाला परिवारको प्रणाली) नै त्यहाँ कायम गरियो, जुन प्रणाली पूँजीवादले आफू अनुकूल हुने गरी पैदा गरेको प्रणाली थियो । यो संरचना आफै नारी-मुक्तिको लागि अनुदार छ । त्यसैले परिवारले नयाँ तरीकाले सोच्न सकेन भन्ने कुरा मात्रै हैन, परिवारको संरचना नै पनि प्रतिकूल थियो, यो बदलिनु पर्थ्यो । यो पूँजीवादी ढाँचाको परिवारको बनौटलाई एकैपल्ट हैन, विस्तारै र सचेत ढंगले भत्काउँदै जानु पर्थ्यो र समाजवादी प्रकारको परिवारको जग पनि खडा गर्दै जानु पर्थ्यो । यतातिर समाजवादी मुलुकहरु लागेनन् र लाग्न पनि पाएनन् । शीत-युद्धसँग संबन्धित कामहरु गर्दै र*

## हालको स्थिति हेर्दा त पार्टीहरुले नारी-समानता नचाहेको देखिन्छ ।

विश्वपूँजीवादसंग जुद्धै उनीहरुको समय बित्यो । यति मात्रै हैन, पूँजीवादी संस्कृतिका अनेकौं कुराहरु यी समाजवादी देशहरुले भित्र्याए पनि, यो भित्र्याउँदा आफैंबीच द्वन्द्व उत्पन्न भयो- यसले पूँजीवादी प्रकारको परिवारिक संरचनालाई नै थप बल पुऱ्यायो । त्यसकारण, के भन्न सकिन्छ भने, पारिवारिक तहसम्म समाजवाद लागू गर्न समाजवादी मुलुकहरुले सकेनन् ।

**० यो महिला-पुरुष समान स्तरमा भएको समाज कस्तो हुनेछ ? त्यस को कुनै मोडेल स्वरुप बताउन सक्नु हुन्छ ?**

-यसमा, यो यस्तै हुन्छ भनेर सजिलै भन्न सकिन्न, तर यसका लागि जरुरी केही पूर्वाधारहरु वा पूर्व शर्तहरुको बारेमा भने केही चर्चा गर्न सकिन्छ ।

पहिलो महत्वपूर्ण शर्त हो- कि त व्यक्तिगत संपत्ति नै समाजमा हुनु हुन्न, समाजवादमा जस्तै वा व्यक्तिगत संपत्ति हुने रहने हो भने त्यसको महिला र पुरुषबीच समान वितरण हुनुपर्छ- त्यसकारण, यो अनिवार्य रुपले समाजवादी नै हुनुपर्छ भनेर पनि म भन्दिन ।

अर्को कुरा बच्चा जन्माउने काम महिलाहरुको जिम्मेवारीमा पर्छ तर बच्चा हुर्काउने जिम्मा उचित समयपछि पुरुषहरुमा सार्नु पर्छ ।

यो हामीले नयाँ कुरा गर्न खोजेको भने हैन, हाम्रै समाजमा पनि बच्चा पाउने एउटी महिला र पाल्ने अर्की "धाई" को व्यवस्था गर्ने संपन्न राजाराण परिवारहरु त अहिले पनि छँदैछन् । यसका लागि बालकलाई खराब असर नगर्ने किसिमका हुर्काउने बैज्ञानिक पद्धति नै पनि निर्माण गर्न सकएिला ।

तेस्रो कुरा, स्वास्नीमानिसले के के मात्र पढ्नु पर्छ, के के काम मात्र गर्नु पर्छ भनी सीमा तोकिने कुराहरु भताभुंग हुनुपर्छ । कुनै पनि काम दुवै लिंगले गर्न सक्छन् भन्ने मान्यताले काम हुनुपर्छ । लोग्नेमान्छेले मात्रै गर्न सक्ने, वा गर्नु पर्ने भनिने गऱ्हौं कामहरु आदि पनि महिलाहरुले गर्न थाल्नु पर्छ. घरधन्दाको काम पुरुषहरुले पनि गर्नु पर्छ । सबै काम सबैलाई खुला राख्नु पर्छ ।

परिवारको बनौट चाहिं अहिलेको भन्दा ठूलो परिमाणको हुनुपर्छ भन्ने मेरो राय छ । ठूलो परिवार भन्नाले एकै ठाउँमा कमाउने, एकै ठाउँमा खाने । अहिलेको यो एकात्मक परिवार-प्रणालीको सट्टा यस्तो सामूहिक परिवार-प्रणाली हुनुपर्छ । यो प्रणाली पनि कुनै नयाँ कुरा चाहिं हैन । मानव-इतिहास र बिभिन्न जातिहरुमा प्रयोग भै आएकै प्रणाली हो । यो परिवार-प्रणालीमा कामको वैज्ञानिक बाँडफाँड भने हुनै पर्छ ।

**० हाम्रो हालको स्थितिमा संपत्तिमा समान अधिकार प्राप्तीको लागि तत्काल गरिनु पर्ने कुरा के हो ?**

-यसको लागि वास्तवमा ठूलो संघर्षको आवश्यकता हुन जान्छ भन्ने म ठान्दछु । महिलाहरुको समूहले नेतृत्व गरेर, यस पक्षमा रहेका लोग्नेमानिसहरुलाई पनि संमेट्दै उनीहरु अघि बढ्नु पर्छ । हाल महिलाहरुको संगठित बल कमजोर छ, त्यसैले जति हुन्छ, त्यति संगठित हुँदै, त्यसमा पुरुषहरुलाई पनि संगेट्दै यसतर्फ अघि बढ्नु पर्छ ।

यो एक कठीन काम हो । तुरुन्तै यो भै हाल्नेवाला छैन । यस दिशामा बढ्नका लागि प्रारंभिक जन-चेतना फैलाउने एवं यसमा सामाजिक स्वीकृति पैदा गर्ने काम र यसका व्यावहारिक कठीनाईहरु के के हुन्छन् र तिनलाई कसरी समाधान गर्न सकिन्छ भनी धारणा बनाउने काममा आज लाग्नु जरुरी छ । मलाई लाग्छ- हाल महिला-आन्दोलनमा लागेका अधिकांश महिला नेतृत्वलाई पनि यो पैत्रिक संपत्तिमा समान हक लागू गर्न र लागू भएपछि हुने व्यापक सामाजिक परिवर्तनबारे धारणा-स्पष्टता छैन ।

महिलाहरुका संगठनहरु सशक्त हुँदैगएपछि बल्ल बाहिरका महिला र पुरुषहरुलाई पनि यसले आफ्नो लक्षप्रति सहमत गराउने क्रम अघि बढ्छ ।

**० वामपन्थी पार्टीहरुले भनिरहेका छन् कि महिला-मुक्ति महिलाहरुको मुक्तिसंग मात्र हैन, तमाम श्रमजीवी शोषित-पीडित जनताको मुक्तिसंग गाँसिएको छ, त्यसैले यो सर्वहारा-वर्गको मुक्ति-आन्दोलनसंग जोडिनु पर्छ, अनि मात्र यो टुंगोमा पुग्न सक्छ । यसका लागि महिलाहरु यो राजनैतिक आन्दोलनमा पनि त जोडिनु पऱ्यो हैन ?**

-जोडिनु पर्ने त हो तर राजनैतिक पार्टीहरुले पनि त जोड्ने प्रयत्न र पहल गर्नु पऱ्यो नि अहिले हुर्नुस् त, राजनैतिक पार्टीहरुले के प्रयत्न गरेका छन् ? महिलाहरुलाई सक्रिय गराउन खोज्ने प्रवृत्ति उनीहरुमा देखापरेको छैन । जोडदार पहल त पार्टीहरुबाटै को आउनु पऱ्यो । हालको स्थिति देख्दा त पार्टीहरुले नारी-समानता नचाहेको भन्ने बुझिन्छ । चाहे यो काम कठीन छ भन्ने ठानेर यसो गरिएको होला, तर यसबाट बुझ्न चाहिं यही बुझिन्छ कि- तिनीहरु वास्तवमा नारी-स्वतन्त्रता चाहिरहेका छैनन् ।


**० यो स्थितिमा सक्रिय महिलाहरुले के गर्ने त?**

-पार्टीहरुले यसबारे गम्भीरतापूर्वक सोच्न थाल्नु पऱ्यो र सक्रिय महिलाहरुले पार्टीहरुलाई दवाव दिन थाल्नु पऱ्यो । आफूले सक्ने गतिविधिहरु गर्न थाल्नु पऱ्यो ।

**० महिला-स्वतन्त्रताको लागि हाल के के काम गर्नु जरुरी छ, यसबारे मूर्त रुपमा, केही किटानीका साथ, तपाईंको राय के छ ?**

-प्रचार-प्रसार गर्नु पर्छ । पुस्तक, पत्रिका तयार गरी वितरण गर्नु पर्छ । स्कूलको तहमा पनि पाठ्यक्रममै राखेर महिलाहरुको असमानताको स्थिति र समानताको उद्देश्य बुझाउने रचनाहरु पढाउन पनि सकिन्छ । पढाउनु पर्छ । हाम्रोभन्दा विकसित महिला-समाजहरुको दृष्टान्त दिएर बुझाउन पनि सकिन्छ ।

महिला संवन्धी सशक्त पत्र-पत्रिकाहरु निकाल्नु पर्छ । संचारका अन्य साधनहरुलाई पनि प्रयोग गर्नु पर्छ । शिक्षित र सचेत बनाउने कामहरुलाई प्राथमिकता दिनु पर्छ । बलात्कार जस्ता अपराध-विरोधी अभियानलाई देशव्यापी गर्नुपर्छ । प्रयास यस्तो हुनुपऱ्यो- जसले महिलाहरुको संगठनका लागि आधार तयार गरोस् ।



# रुसी कम्युनिष्ट आन्दोलनमा अहिले के भइरहेछ ?

## "अन्ततः क्रेमलिनमाथि रातो झण्डा फहराउनु नै हाम्रो लक्ष्य हो !"

का. भिक्टर त्युल्किन
सचिव, केन्द्रीय कमिटी
रसियन कम्युनिष्ट वर्कर्स पार्टी
(R.C.W.P)

रुसी संघ सहित सोभियत संघभित्रको वर्तमान स्थितिको विशिष्टता हो- हाम्रो मातृभूमिको स्वतन्त्रता र स्वाधीनताको एवं मजदूरहरुको राजनीतिक र आर्थिक अधिकारहरुको (विदेशी र स्वदेशी) प्रतिक्रियावादी शक्तिहरुद्वारा सयुक्त रुपले गरिँदै आइरहेको अतिक्रमण ।

राज्य-सत्तामाथि कब्जा गरिसकेपछि, आफैंले आफूलाई "प्रजातन्त्रबादी" भन्ने मानिसहरुले् धोका र घिनलाग्दो विश्वासघात गरेर सामाजिक-राजनीतिक प्रणालीलाई परिवर्तन गरे र घिनलाग्दो किसिमको पूंजीवादी तौर-तरीकाहरुको पुनर्स्थापना गरे । मजदूरहरुको प्रतिरोधलाई कमजोर गर्ने नियतले उनीहरुले जन-संचार माध्यमहरु मार्फत समाजमा विभाजन पैदा गरिदिएका छन् र झै-झगडा सृजना गरीदिएका छन् एवं मानिसहरुका, विशेषतः रुसी युवाहरुका मनोभावनाहरुलाई भ्रष्ट पार्दै छन् । ......

रुसी र सोभियत संघका सम्पूर्ण चीजहरुलाई घृणा गर्ने राष्ट्रवाद र पृथकतावादको दावानलको सर्वाधिक डरलाग्दो परिणाम अगाडि देखिंदैछ । सीमाहरुको पुनर्विभाजनलाई लिएर जातीय दंगा-फसाद स्थानीय युद्धको स्तरसम्ममा बढ्दै गइरहेका छन् र विशाल संख्यामा मानिसहरु त्यसको शीकार भैरहेका छन् तथा तिनीहरुको ठूलो विनाश भैरहेको छ ।

परन्तु, यी सबै चीजहरुको उद्देश्य नै थियो - यस्तो परिस्थिति पैदा गर्नु, जसको आधारमा तीन राष्ट्रपतिहरुले जनमत-संग्रहद्वारा अभिव्यक्त जनताहरुको इच्छाको विरुद्ध र प्रचलित संविधानको उल्लंघन गरेर बेलोवेज संरक्षित बनको निस्तब्धता र शून्यतामा लुकी - चोरी सोभियत संघको विध्वंशलाई जति सक्यो छिटो घोषणा गर्न सकियोस् । विखण्डन जारी छ र रुसी राज्यको अस्तित्व नै खतरामा परिसकेको छ ।

यस महान राष्ट्रको अर्थव्यवस्था पहिले एकीकृत राष्ट्रिय आर्थिक संरचना थियो । त्यो अहिले नयाँ सीमान्तहरुबाट विभाजित र टुक्रा-टुक्रा भइसकेको छ र काफी कमजोर भइसकेको छ । हालै मात्र येल्तसीन-गैदार प्रशासनको घोर अपराधिक नीतिहरुद्वारा यस अर्थव्यवस्थामा सबै भन्दा ठूलो आघात भएको छ ।

वित्तीय प्रणालीको अपांगपना र निस्कृयतालाई कृत्रिम रुपले तयार गरिएको छ । सरकारी संस्थान, उपक्रम, सामूहिक फार्महरु र राज्यका फार्महरुलाई विफल बनाइएको छ । र अब ती सबै पूर्वकालीन प्रबन्धक-क्याडरका प्रतिनिधि, अपराधी पूंजीपति र हरेक रंगका गुण्डा-बदमासहरुद्वारा कौडीको भाऊमा किनिंदै छन् ।

यी सबैका परिणामहरु हाम्रोसामु प्रकट हुन कुनै ढीलो भएन । १९९१ को तुलनामा उत्पादनको मात्रा उद्योगहरुमा १५-२०% र कृषिमा ३०-४०% कम भएको छ । बेसाहा भाऊमा १० गुना वृद्धि भयो र कुनै विशेष किसिमका सामग्रीहरुको दाममा त शैयौं गुना नै वृद्धि भएको छ ।

> "हाम्रो मंचका लक्ष्यहरुमा सोभियत सत्ताको पुनर्स्थापना, सोभियत संघको पुनर्बहाली, समाजवादको संरक्षण र निरन्तर विकास समाविष्ट छ ! "

उदाहरणको लागि- पहिले जुन पाउरोटीको भाऊ ०.१४ रुबल थियो, अब त्यो ९ रुबलमा, पहिले २ रुबलमैं पाईने मासु अब १०० रुबल, ०.४० रुबलमा पाईने दूध अब १२.०० रुबलमा, १ रुबलमा उपलब्ध चिनी अब ८० रुबलमा र १५० रुबलको सूट अब ३००० रुबल पर्ने भएको छ । सुरुङ्ग- रेल यात्राको भाऊ ०.०५ रुबलबाट १ रुबल र २५ रुबलको जुत्ताको भाऊ २५०० रुबलमा वृद्धि भएको छ ।

प्रस्तावित मूल्य- सूचकांक प्रणालीलाई उपेक्षा गर्दै त्यसलाई त्यागी नै दिइएको छ र तलबमा केवल ३ देखि ८ गुना वृद्धि भएको छ । यसरी जनसंख्याको ८०% प्रतिशत गरीवीको स्तर भन्दा पनि तल छ र ४०% मानिसहरु जैविक संरक्षणका सीमाहरुबाट पनि तल जीवन - गुजारा गरिरहेका छन् । वच्चाहरुका निःशुल्क सुविधाहरु- शिक्षा, स्वास्थ्य, आवास, मनोरंजन एवं सांस्कृतिक कृयाकलापहरु विस्तारै विस्तारै नष्ट गरिंदै छन् ।

बेरोजगारहरु, अनाथहरु एव आश्रय नभएका भोका - नांगा मानिसहरुको संख्यामा तीव्र रुपले बृद्धि हुँदैछ । मुनाफाखोरी, अपराध, भ्रष्टाचार, गैर-कानूनी कृयाकलापको बाढीले देशलाई आफ्नो चपेटामा लिएको छ । अधिकांश मानिसहरु निराश, स्तव्ध र आक्रोशित छन् ।

सामाजिक बेचैनी-असन्तुष्टिलाई रोक्नकालागि अधिकारीहरुले गरेका अनेकौं प्रयासका बावजूद यी चीजहरुमाथि ध्यान केन्द्रित गर्ने र शक्तिहरुलाई एकजूट गर्ने प्रक्रिया जारी छ । देशमा पूंजीवाद लागू गर्ने जन-विरोधी नीतिहरुको विरुद्ध मजदूरहरुको प्रतिरोध बढ्दै गइरहेको छ । जुन केन्द्रको चारैतिर समाजका मानवीय शक्तिहरु एकजूट भइरहेका छन्, त्यो केन्द्र हो- **रसियन कम्युनिष्ट वर्कर्स पार्टी** । यो केन्द्र सोभियत संघको कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लागेपछि निर्माण भएको हो । Russian Communist Worker's Party अर्थात **रशियन कम्युनिष्ट वर्कर्स पार्टी** को स्थापना २३-११-१९९१ मा भयो, जब येकातेरीनबर्गमा आयोजित मिटिंगमा यस पार्टीको स्थापना गर्ने उद्देश्यले ५२५ प्रतिनिधिहरुले एउटा प्रस्ताव पारित गरे । तर रुसको वर्तमानमा जुन राजनीतिक स्थिति छ, त्यसमा स्वाभाविक रुपले यस पार्टीको स्थापनाभन्दा धेरै समय अगाडि देखि नै यसको एउटा लामो अतीतको इतिहास रहेको छ ।

**रुसी कम्युनिष्ट श्रमिक पार्टी**को गठन संबन्धी सभाको माइन्यूटमै गत ३ दशकदेखि सोभियत संघको कम्युनिष्ट पार्टीको भित्री मामिलाको विशिष्टता दुई विरोधी रुझान - एक वैज्ञानिक

*१९९२ को अप्रिल महीनामा उत्तर कोरियाली राष्ट्रपति किम इल सुंगको ८० औं वर्षगांठ समारोहको अवसरमा त्यहांको राजधानी प्योंगयोंगमा रुसी **कम्युनिष्ट वर्कर्स** पार्टीको केन्द्रीय कमिटीका सचिव का. भिक्टर त्युल्किन र **अमेरिकी वर्कर्स वर्ल्ड पार्टीकी** अध्यक्षा का सैम मार्सिबीच महत्वपूर्ण भेटघाट भएको थियो । उक्त भेटघाट यस अर्थमा महत्वपूर्ण थियो- रुस र अमेरिकाका ती दुई कम्युनिष्ट नेताहरुले सोभियत संघ र अमेरिकाको राजनीतिक स्थितिमाथि गहन छलफल गरेका थिए ।*

*यसै छलफलबाट प्ररित भएर का.त्युल्किनले का.सैम मार्सिलाई पूर्व सोभियत संघको वर्तमान विकराल स्थिति, त्यसस्थिति विरुद्ध संघर्षरत आधा दर्जनभन्दा बढी कम्युनिष्ट पार्टीहरु मध्ये एउटा महत्वपूर्ण पार्टी **रुसी कम्युनिष्ट वर्कर्स पार्टी**को स्थिति, त्यसको संघर्ष र भावी लक्ष्यहरु उल्लिखित एउटा लेख **अमेरिकी वर्कर्स पार्टीको** पत्रिका **वर्कर्स वर्ल्ड** मा छपाउन पठाएका थिए ।*

*त्यही लेख यहाँ प्रस्तुत गरिन्छ [सह-सम्पादक]*



मार्क्सवादी-लेनिनवादी रुझान र दोस्रो अवसरवादी रुझान हो भन्ने तथ्य उल्लेखित छ ।

पेरेस्त्रोइका (पुनर्गठन) लागू हुने क्रम संग-संगै विस्तारै विस्तारै क्रियाशील तर मुश्किलले मात्रै देखिने यस प्रक्रियाले कम्युनिष्ट र कम्युनिष्ट विरोधी शक्तिहरुबीच सार्वजनिक मुठभेड र टकरावको रुप लियो । कम्युनिष्ट विरोधी गुट, जसको वाहकको रुपमा सरकारका उच्च पदासीन पार्टीका पदाधिकारिहरुको एक भाग अगाडि आयो, त्यसले नै पार्टीको नाममा सम्पूर्ण सरकारी नीति-निर्णयहरु लिई रहेको थियो । पार्टीको तल्लो भागमा कम्युनिष्टहरुले मुख्य रुपमा संघर्ष गरे । यसको उदाहरण हो १९८९ र १९९१ को **कम्युनिष्ट पहल आन्दोलन** (Communist Initiative Movements) र रुसका कम्युनिष्टहरुको यस आन्दोलनको सगठन निर्माण गर्ने बैठकहरु ।

सोभियत संघको कम्युनिष्ट पार्टीभित्र, **कम्युनिष्ट पहल- आन्दोलन** (C.I.M.)ले आफ्नो विचारलाई लामो समयदेखि उठाउँदै आइरहेको छ र पेरेस्त्रोइका (अर्थात् तात्कालीन व्यवस्थालाई बदल्ने प्रक्रिया) का विरुद्ध र गोर्वाचोभवादको विरुद्ध डटेर लडिरहेको छ ।

रुसी सोभियत- संघ समाजवादी गणतन्त्रको कम्युनिष्ट पार्टी गठन गर्ने उद्देश्यले कम्युनिष्ट पहल आन्दोलनले संघर्ष गरेको थियो । जब सोभियत संघको पार्टीको केन्द्रिय कमिटीको महासचिव पदका लागि चुनाव गराईएको थियो, तब गोर्वाचोभलाई तेएमुराज अबालियानीले विरोध गरेका थिए । २८ औं पार्टी महाधिवेशनमा (१२५९ प्रतिनिधिहरुद्वारा) अल्पसंख्यक प्रतिनिधिहरुको विचार दर्ता गरिएको थियो, जसमा व्यक्तिहरु र पार्टीलाई पूँजीवादद्वारा समाजवादलाई उखेलेर फ्यांक्नका लागि अप्नाइएका बाटाहरुको परिणति राष्ट्र र सोभियत-संघको पार्टी, दुवैको विनाश हुनेछ भन्ने चेतावनी दिइएको थियो ।

**यी भविष्यवाणीहरु सत्य ठहरिए । तर संग्राम जारी रह्यो । जब रुसी गणतन्त्रका राष्ट्रपति पदका लागि चुनाव भयो, तब कम्युनिष्ट, जस्तो कि-जनरल माकाशोव र प्रोफेसर सर्गेयेव पार्टी लाइनको विरोधमा कारवाही गर्ने लाइनलाई अपनाउनका लागि लडेका थिए । रुसी सोभियत संघ समाजवादी गणतन्त्र सर्वोच्च सोभियतको अध्यक्षको चुनावसंग संबन्धित बर्तमान काण्डको भण्डाफोर हुनासाथ रुसको जन-प्रतिनिधि यूरी स्लोबोद्किनले कम्युनिष्टहरुका तर्फबाट विरोध गरेका थिए ।**

पार्टीका सर्वोच्च अंगहरुमा यी राजनीतिक टकराव - मुठभेडहरुको खवर विभिन्न अखवारहरुमा छापिए । यी मुठभेड-टकरावहरुले मस्को, लेनिनग्राद, निझ्नी नोवगोरोद, नोवासिवर्सक र अन्य ३० शहरहरुमा मजदूर सभाहरु (Workers Councils) स्थापित गर्ने तथा **उज्यालो** (मोल्निया), **के गर्न सकिन्छ** (च्टो देलात), **विकल्पहरुको बारेमा** (नासा रोस्सिया), **श्रमिकहरुको आवाज** (गोलोस राबाचेगो) र मजदूर एवं कम्युनिष्ट समाचार-पत्रहरुको प्रकाशनको कष्टसाध्य कार्यलाई प्रोत्साहित गरे ।


मजदूरहरुको आन्दोलन, लेनिन संग्रहालय र लेनिन समाधिलाई बचाउन र रेड स्क्वायर र एरिना चोकमा जन-प्रदर्शनहरुको व्यापक कार्यको संगठनको दौरानमा यसले लडाईको अनुभव आर्जन गरेको छ ।

यसरी माथि उल्लिखित सूचनामा आधारित एउटा विचित्र तथ्यबाट के संकेत मिल्छ भने-अगस्त प्रतिक्रान्तिकारी सैनिक विद्रोहले सोभियत संघलाई र अवसरवादी कम्युनिष्ट पार्टीहरुलाई त कुल्चो नै दियो । सोभियत संघको कम्युनिष्ट पार्टीको एउटा गुट तितर-वितर भयो र त्यसको चरित्र गणतन्त्रवादीबाट समाजवादी प्रजातन्त्रवादी (सोशल डेमोक्रेट) भयो । र कम्युनिष्ट हिस्सा कडा र इस्पाती बनेर **रुसी कम्युनिष्ट श्रमिक पार्टी**को लाईनमा समाहित भयो ।

**रुसी कम्युनिष्ट श्रमिक पार्टी** आज रुसको सवैभन्दा पहिले दर्ता भएको कम्युनिष्ट पार्टी हो । यो सवै राजनीतिक पार्टीहरुमध्ये सवै भन्दा ठूलो पार्टी हो (जसको डेढलाख सदस्य रिकर्डमा छ) र यो सवैभन्दा धेरै सक्रिय र सरगर्मी भएको पार्टी हो ।

यस प्रकारले , रुसी समाजवादी जनवादी श्रमिक पार्टी (वोल्सेभिक्स), रुसी कम्युनिष्ट पार्टी (वोल्सेभिक्स), अल यूनियन कम्युनिष्ट पार्टी (वोल्सेभिक्स) र सोभियत संघको कम्युनिष्ट पार्टी (CPSU) संग लगातार सम्पर्कको फलस्वरुप निर्मित एउटा ताँती आज पनि **रुसी कम्युनिष्ट श्रमिक पार्टी**मा लागिरहेको छ । यस पार्टीको **वैचारिक आधार लेनिनवादी सिद्धान्त हो । यसमाथि** आज कागजमा आदेश मात्र दिंदैमा प्रतिवन्ध लगाउन सकिंदैन । तपाई एउटा आदेश वा घोषणाद्वारा यसलाई भंग गर्न सक्नु हुन्न । यो पार्टीले अहिले आफ्नो संगठनमा तीव्र रुपले वृद्धि गरिरहेको छ र आफ्ना ढाँचागत इकाईहरुको संगठनात्मक निर्माणको प्रक्रियाबाट यो गुज्रिरहेको छ ।

*"विश्व कम्युनिष्ट आन्दोलनको भविष्य हाम्रो संघर्षको नतिजामाथि नै मुख्य रुपमा निर्भर गर्दछ ।"*



**रुसी कम्युनिष्ट श्रमिक पार्टी**ले एउटा कार्यक्रम लागू गर्ने जिम्मा लिएको छ, जसको न्यूनतम पूर्वशर्त र जरुरत हो- वर्तमान जन-विरोधी गुटलाई सत्ताबाट उखेलेर फ्याक्नु र मजदूर-सभाहरु (Worker's Councils) का शक्तिहरु मार्फत मजदूरहरुको सत्ता-सोभियत सत्ता स्थापित गर्नु ।

**रुसी कम्युनिष्ट श्रमिक पार्टी** ने Working Russia Movement (कार्यरत श्रमिकहरुको रसियाली आन्दोलन) को केन्द्रविन्दु को रुपमा अगाडि बढिरहेको छ, जसले १८ मार्च र १मई १९९२मा मस्को-चोकमा साढे तीन लाख मानिसहरु जुटाएको थियो र यसका साथ साथै सवै रुसी शहरहरुमा र्‍यालीहरु पनि आयोजना गरेको थियो ।

**"मजदूरहरुलाई सत्ता-हस्तान्तरण"** लाई आफ्नो मूल राजनीतिक लक्ष्य निर्धारित गरेर पार्टीले अहिलेलाई फार्म, इन्टरप्राइजेज, कम्पनीहरु, उपक्रमहरु र शहरहरुमा मजदूर स्वायत्त-शासित काउन्सिलहरु स्थापित गरिरहेको छ । १९ अप्रिलमा निझ्नी नोवगोरोदमा **प्रथम अखिल रुसी श्रमिक महाधिवेशन** भयो र रुसका सवैभन्दा बढी, ३७ शहरहरुका प्रतिनिधिहरुको कार्यकारिणी कमिटीको चुनाव भयो । भनाइको अर्थ, सरकारको सत्ताको भावी ढांचागत इकाइहरुको निर्माण अहिले देखि नै यसले चलाउँदैछ ।

कृत्रिम रुपले होइन, वास्तविक रुपमा उत्पन्न अभूतपूर्व विरोध र हाम्रा नीतिहरुबाट उत्पन्न असली खतरालाई महशुस गरेर येल्तसिन-बुश प्रशासनले एउटा दमन-यन्त्र चालू गरिसकेको छ ।

२३ फरवरीको सोभियत सेना-दिवसमा र सोभियत संघको विरुद्ध नाजी आक्रमणको **शुरुवातको सूचक-दिवसका दिन-२२ जूनमा आयोजित सरकार-विरोधी फण्डाहरुका साथ मजदूर - प्रदर्शनीहरुमाथि ओमोन (ए.पी. का अनुसार गृह मन्त्रालयका दंगा प्रहरीहरु)ले ठूलो दमन गरे ।**

रुसी न्याय मन्त्रालयबाट पार्टीलाई चेतावनी मिलेको छ भने जन-प्रशासन अफिसले पनि श्रमिक काउन्सिलको कार्यकारिणी समितिलाई चेतावनी दिएको छ । मजदूरहरु र कम्युनिष्टहरुको प्रेसलाई आर्थिक हथकण्डाहरु प्रयोग गरेर गला घोट्ने काम जारी राखेको छ र सरकारी टिभी र रेडियोमा हाम्रो प्रसारणको सभावना (र हाम्रो देशमा त एक मात्र सरकारीतन्त्र मौजूद छ) लाई बिल्कूलै खत्तम गरिदिएको छ ।

सोभियत संघको कम्युनिष्ट पार्टीको भौतिक र वित्तीय संसाधनहरु पूरै जफत गरेर हडपने काम गरेको छ । तर यसले हामीलाई लड्नबाट कदापि रोक्न सक्दैन । **रुसी कम्युनिष्ट श्रमिक पार्टी**ले येल्तसिन र कैयौं अन्य स्थानीय राजनीतिज्ञहरुको राजिनामाको मागमा जनमत (Referendum) गराउनका लागि कानूनतः जरुरी १० लाख हस्ताक्षर संकलन गर्ने काम शुरु गर्नेछ ।

टिभि प्रसारणमा स्थान प्राप्त गर्ने उद्देश्यले बढी भन्दा बढी दवाव दिइदैछ । संगठनात्मक एकता धेरै मजवूत भएको छ, लडाईको अमूल्य अनुभव आर्जन गरिदैछ र हाम्रो संगठन र कार्यकर्ताहरुमा आत्म-विश्वास पैदा भइरहेको छ ।

बाँकी .. ४४ पृष्ठमा

# जर्जियामा स्टालिनको शालिक भत्काउन जनताले दिएन

## स्टालिनको शालिक, म्यूजियम र उहाँलाई माया गर्ने मानिसहरु बिद्यमान छन्



स्टालिनः मायाँ गर्ने जनताहरुको माझ

सोभियत संघको पीडादायक बिघटन र सोभियत संघ लगायत पूर्वी यूरोपीय देशका सत्ताहरुबाट "समाजवाद" को पतन भएपछि विश्वव्यापी रुपमै समाजवाद र समाजवादी बिचार मऱ्यो, पतन भयो भनी चिच्याई चिच्याई हिंडेको पूंजीवादी विश्व आज पूंजीवादका एक नम्बरका बिरोधी समाजवादी नेता का. स्टालिन अझै जर्जियाको गोरी शहरमा सगौरव उभिरहेको देखेर र जर्जियाली जनताको मन मस्तिष्कमा "प्रिय नेता"का रुपमा बाँचिरहेको देखेर आश्चर्यचकित र आतंकित भइरहेका छन् ।

जेहोस्, सोभियत संघको बिघटन र पूर्वी यूरोपबाट समाजवादको पतन भएपछि ती देशहरुमा तथाकथित प्रजातन्त्रवादीहरुद्वारा समाजवादी नेताहरुको शालिक भत्काउन-उखेल्न चलाइएको अभियानबाट प्रथम समाजवादी देश सोभियत संघका संस्थापक तथा सर्वहारावादी महान नेता लेनिनदेखि स्टालिन, जर्जिन्स्की आदि सबैका शालिकहरु नराम्ररी नष्ट-ध्वस्त समेत पारिए । यो मूर्ति-भंजनको अन्ध-अभियानबाट पनि निस्प्रभावित रही का. स्टालिनको शायद अन्तिम विशाल शालिक सम्पूर्ण तेज सहीत जर्जियामा ठडिरहको देख्दा प्रश्न उठ्छ- कसरी यो शालिक मात्र तथाकथित प्रजातन्त्रवादी येल्तसीन र शेभर्नादजेहरुको मूर्ति-भंजन अभियानबाट प्रभावित नभएको होला ?

पूर्व सोभियत संघको एक गणराज्य र वर्तमान स्वतन्त्र देश जर्जियाको गोरी शहरको मूल चोक मै, सिटी हल र नगरपालिकाको सामुन्ने नै ढलौटको ग्रेटकोट लगाएर शहरका सबैतिरबाट देखिने गरी उहाँकै नाममा बृक्षारोपण गरी ठूला ठूला पारिएका रुखहरुबाट घेरिएर, टल्किने सिंगमर्मरको भुईमाथि सर्वोच्च नायक झैं सगौरव उभिरहेको का. स्टालिनको शालिकलाई ध्वस्त गर्न नसक्नुको मूल कारण हो - गोरीवासी जनताको न्यायो माया ।

स्टालिनप्रतिको गोरीवासीहरुको न्यायो माया देखेर तर्सेका वर्तमान गोरी-नगरपालिकाका मेयर ओमार चुबिनिद्जे आफ्नो झ्याल अगाडिको स्टालिनको बिशाल शालिक हटाउने कि राख्ने भन्ने बिषयमा कुरा गर्नका लागि "यो समय अनुचित भएको" ठान्छन् । तापनि, स्वतन्त्र जर्जियाका प्रथम निर्वाचित वामपन्थी राष्ट्रपति गाम्सा खुर्दियालाई समेत सैनिक बलद्वारा सत्ताच्यूत् गर्न पछि नपर्ने, गोर्वाचोभ-येल्तसीनका मित्र, पूर्व बिदेशमन्त्री तथा वर्तमान जर्जियाली राष्ट्रपति एडवर्ड शेभर्नाद्जे जनताको मुकुण्डो लगाएर स्टालिनको शालिक भत्काउन कुनैपनि दिन नआउलान् भनी भन्न सकिंदैन । तर गोरीबासीहरुको स्टालिनप्रतिको माया र बिगतका कृयाकलापहरु हेर्दा त्यसको प्रतिशोधमा उनीहरु उत्रने निश्चित प्राय: छ ।

बिगतमा, गोरीवासीहरुले आफ्नै काखमा जन्मी, हुर्की संघर्ष गर्दै-संघर्षहरुको नेतृत्व गर्दा गर्दै का. लेनिन पछि सोभियत संघकै नेतृत्व गरेका का. स्टालिन अर्थात उनीहरुको प्रिय नेता "सोसो"को यस बिशाल शालिकमा कालो पोत्न समेत नदिएर स्टालिनका बिरोधी तथा संशोधनवादीहरु निकिता खुश्चोभ, ब्रेझनेभ तथा गोर्वाचेभका गद्धार आँखाहरुबाट बचाई राखेको तथ्य पनि यहाँ स्मरणीय छ ।

गोरीवासी जनताहरु अहिले पनि आफ्ना प्रिय नेता स्टालिन अर्थात जोसेफ भिसारियोनोभिच जुगासिभिलीलाई, उहाँलाई बालककालमा बोलाईने नाम "सोसो" बाटै माया व्यक्त गर्दछन् र पूंजीवादी तथा संशोधनवादीहरुद्वारा स्टालिनमाथि लगाइराखेका "तानाशाही", "हत्यारा" जस्ता आरोपहरुको वास्तै गर्दैनन्, र त भन्छन्-"सोसोलाई हामी मायाँ गर्छौं !"

सोसोलाई माया गर्ने ५८ वर्षीय बूढी आमै-नाजी जर्जिनाश्भिली एक जना मात्र होइनन् असंख्य छन् । ती असंख्य मानिस मध्ये अर्को एक २२ बर्षीय युवक टिमोर गोडर्जिश्भिली भन्छन्-

"म अहिले पनि स्तालिनलाई महान मानिसको रुपमा मान्छु । उहाँले केही गल्ती गरेकै भए पनि गल्ती भन्न गाह्रो छ, किनकि उहाँको वाध्यता थियो कि, के भन्न सकिन्छ र ?"

टिमोर जस्तै नयाँ स्थापित जर्जियाली सैनिक दस्ताका युवा सैनिकहरुका बन्दूकका नालहरु सफा गर्दै, ब्राण्डी र मीठो श्याम्पेनका चुस्कीहरु लिदै जर्जियाली शहरका होटल-होटलहरुमा स्टालिनकै वारेमा कुराकानी गर्ने क्रममा एक सैनिक भन्छन् - " महान मानिसहरुमा पनि केही कमजोरीहरु त हुन्छन् नै, अत: सोसोले पनि त्यस्ता गल्ती-कमजोरी पनि गर्नु भयो, जुन स्वाभाविक छ । तापनि म आफ्नो सानो छोरालाई भन्छु- उहाँ "हिरो" हुनुहुन्थ्यो ।"

हो, तर ती जर्जियाली सैनिकहरुले झै सबै जर्जियाली लगायत पूर्व सोभियत संघका सबै गणराज्यका केही जनताहरुले स्टालिनलाई आफ्नो "हिरो" नठान्न सक्छन्, किनकि पूंजीवादी तथा संशोधनवादी सोभियत नेताहरुले का. स्टालिनको बिरोधमा इतिहास खोतल्ने नाममा स्टालिनले १९२४ मा जर्जियामा मात्रै ५ हजार मानिस, १९३७ मा असंख्य बुद्धिजीविहरु र कम्तीमा सोभियत संघकै आधा जनतालाई मारेको आरोप लगाउँदै उहाँलाई हिटलरको समकक्षमा राख्ने दुस्प्रयास गरेका थिए, गरिरहेका छन र गर्ने छन् । यस दुस्प्रयासबाट प्रभावित रहेका जनताले स्टालिनलाई विरोध गर्नुमा जति स्वभाविकता छ, स्टालिनलाई बुझ्ने जनताले उहाँलाई आफ्नो हिरो ठान्नुमा पनि त्यतिकै स्वाभाविकता छ । र त गोरी शहरमै अवस्थित स्टालिन म्यूजियममा पहरा दिइरहेका बुढी आमैहरु मध्ये एक भन्छिन- "स्टालिनले युद्ध जित्नु भएको थियो, त्यसैले उहाँ महान मानिस हुनु हुन्थ्यो । " अर्की आमै भन्छिन-"उहाँ साँच्चैको जर्जियाली देशभक्त हुनुहुन्थ्यो ।"

प्रसंगवश स्टालिन म्यूजियमको अस्तित्व जर्जियामा रहेको तथ्य थाहा पाउँदा मानिसहरु आश्चर्य मान्छन् । तर गोरी शहरमा मात्रै होइन, जर्जियाको राजधानी त्बिब्लिसी मै पनि गोप्य स्टालिन-म्युजियमहरु विद्यमान छन् ।

गोरीमा रहेको स्टालिन-म्यूजियम खुश्चोभदेखि गोर्बाचोमसम्मका संशोधनबादी सोभियत्त नेतृत्वले आफ्ना विरोधी बिचारलाई दबाउने क्रममा स्टालिनका कृति र सरसामग्रीहरुलाई नष्ट गर्ने र लुकाउने गरेतापनि यो बचिराखेको एउटा महत्वपूर्ण र खुला-म्यूजियम हो । यो म्यूजियम त्यही दुई तले सानो घरमा राखिएको छ, जहाँ एक शताव्दी अगाडि स्टालिनका माता-पिताहरु एकातेरिन जिर्योर्जिम्ना र भिस्सारियन इभानोभिच जुगाश्भिलीले अर्को परिवारसंगै बसेर गरीब मजदूरको, सार्कीको जीवन यापन गर्नु भएको थियो । यहाँ सन् १८७९ को डिसेम्बर २१ तारिखमा सोसो (स्टालिन) जन्मनु भएको थियो । सार्कीको छोरा भएर पनि उहाँ पादरीहरुको स्कूलमा पढी चर्चको संगीत- मण्डलीमा बसी गीत गाउनु हुन्थ्यो, कविताहरु रचना गरी स्थानीय अखवारमा छपाउनु हुन्थ्यो, धर्मान्ध पादरीहरुको शास्त्र पढ्दा पढ्दै साम्यवादी बिचारबाट प्रभावित भई कलिलो उमेर मै क्रान्तिकारी जीवन यापन गर्न उहाँले स्कूल १८९४ मा छोड्नु भयो ।

हो, यही जिर्ण घरलाई सुधार गरी यस म्यूजियम बनाइराखिएको हो । यहाँ स्टालिनका रचनाहरु, तस्वीरहरु, वालकालदेखि प्राणत्याग गरेको बेलासम्मका संकलन-योग्य सम्पूर्ण सर-सामग्रीहरु संग्रहित छन् । जनसाधारणका लागि चार वर्ष अगाडि गोर्वाचोभद्वारा बन्द गरिएको यस म्यूजियमलाई पुन: गत एक वर्ष अगाडि शेभर्नादजे सरकारले पुनर्निमाणको निहुँ पापी पूरै बन्द गरेको थियो । गत माघ ७ गते, गोरीवासीहरुको चर्को दवावका कारणले रुसका नयाँ जारहरुको आलोचनाका बावजूद सो म्यूजियम खोल्नका लागि



जर्जियाली सरकार बाध्य भएको छ । विगतमा माथिल्लो मूल कोठा प्रदर्शनका लागि बन्द गरी त्यहाँ ताल्चा लगाइएको थियो, तापनि ती म्यूजियमका कर्मचारीहरुलाई अनुरोध गरेमा तिनीहरुले यात्रुहरुलाई खोलेर प्रदर्शन गर्ने काम गोप्य रुपमा जारी नै राखेका थिए । तल्लो कोठामा यद्यपि ५६ जना कर्मचारीहरु निरन्तर काम गरिरहेका छन् ।

"स्टालिनलाई कपोलकल्पित र भूठो तरीकाले होइन, यथार्थवादी ढंगले प्रस्तुत गरिनुपर्ने विचार राख्दै उक्त म्यूजियममा २५ वर्ष अगाडि देखि डाइरेक्टर भई काम गरिरहेकी नीना अमीराद्जीवी स्टालिन माथि जथाभावी आरोप लगाउनेहरुतिर ध्यानाकर्षित गर्दै भन्छिन्- "हामी स्टालिनका सामग्रीहरु जस्ताको तस्तै वस्तुवादी ढंगले प्रस्तुत गर्ने छौं ।"

"स्टालिनलाई केही गल्ती कमजोरीका बावजूद अझै महान मानिस" ठान्ने म्यूजियम-डाईरेक्टर नीना अमेरिकामा अनाम हत्यारा-गुण्डाहरुको समेत म्यूजियम राखिराखेको चर्चा गर्दै स्टालिन जस्ता लेनिन पछाडिका महान नेताको समेत म्यूजियम बन्द गरिएकोमा दुःखित थिइन् । म्यूजियम बन्द गरिएको बेला त्यहाँ कार्यरत कर्मचारीहरु आफ्ना फुर्सदका समयमा स्टालिनका गोरीमा बितेको बालककालका असंख्य कथाहरु सुन्दै सुनाउँदै गरेका देखिन्थे । स्टालिन सम्बन्धी अनुसन्धानकर्ता मेजिया नाओचाश्विलीका अनुसार किशोर सोसो गीत गाउन मन पराउनु हुन्थ्यो र उहाँको स्वर पनि मीठो र सुरिलो थियो । उहाँको अत्यन्त मन पर्ने गीत थियो- जर्जियाली क्लासिक गीत- "फूलाई ब्याक स्वालो" ।

यी सबका बाबजूद पनि, आफू बालक छँदा स्टालिनलाई माया गर्ने गोरीका मेयर ओमार, जस्ता मानिसहरु स्टालिनप्रतिको जनताको माया-ममतामा बिस्तारै कमी आइरहेको दाबी गरिरहेका छन् । तर सत्यता के हो भने, स्टालिनको मृत्युपश्चात सत्तासीन भएका संशोधनवादी ख्रुश्चोभ-ब्रेजनेभ, गोर्वाचोभ तथा येल्तसीनद्वारा सोभियत संघमा बिस्तारै लागू गर्दै डेढ वर्ष अगाडि देखि पूर्ण रुपमा लागू गरिएको "प्रजातन्त्र"को गुलियो विष पोतिएको पूंजीवाद खाएर मोहभंग भइरहेको सम्पूर्ण जंनता लेनिन र स्टालिनकै मुख हेरिरहेका छन् र समाजवादको पतन पश्चात भएका सबै जस्तो विशाल सडक-संघर्षहरुमा लेनिन र स्टालिनका विशालतम फोटोहरु लिंदै प्रदर्शन गर्न थालेका छन् । अझ कुनै वामपन्थीहरु त सोभियत संघको कम्युनिष्ट पार्टी प्रतिबन्धित भएपछि "स्टालिनवादी वामपन्थी समूह"का रुपमा संगठन खोल्दै समाजवादको पुनर्स्थापनाका लागि अन्य वामपन्थी समूहसित संयोजित भई संघर्षरत छन् । त्यसैले त हिटलरको नाजी सैनिकसंग लड्दै अपांग भएका सोभियत सैनिक अनातोली पाब्लोभिच टेरेजेभ भन्छन् - "तीन महिनाका लागि मात्रै हामीले स्टालिनलाई (ब्यूँझाएर) प्रयोग गर्न सकिन्थ्यो भने (देशका हालैका) यी सबै थोक ठीकठाक हुने थिए ।"


दृष्टि साप्ताहिक

अवश्य पढ्नुहोस् ।




# सोभियत संघको विघटनको पीडा

## (सोभियत संघको ताजा हालबारे पूर्व सोभियत संघबाट प्राप्त चिठी)

अत्यन्त दर्दनाक ढंगले सोभियत संघको अस्तित्व र समाजवादको अन्त भएको कारणले धेरैको विचारलाई नराम्ररी हल्लाईदिएको सन्दर्भमा मैले आफूलाई पनि एक पटक छामेर हेरें, नियालेर हेरें । आखिर किन आज सोभियत संघ र समाजवादको अन्त अपरिहार्य भयो ?

हुनत सबैलाई थाहा भएकै कुरा हो कि यहाँको सत्ता धेरै समय अगाडिदेखि नै नोकरशाहहरुको हातमा परिसकेको थियो र कम्युनिष्ट-विचार र समाजवाद त उनीहरुको जप्ने मन्त्र मात्र भै सकेको थियो । यस हिसाबले यहांको समाजवादको पतन भएको पनि सकारात्मक नै हो कि भन्ने लागेको छ, किनकि यसबाट मानिसहरुले सिक्छन्- आखिर सैद्धान्तिक दृष्टिकोण र सांचो व्यवहारिकताको शून्यतामा एक टुक्रा रातो कपडा फहराएर र मन्त्र जपेर समाजवादको सपना कति देख्न सकिन्छ ?

समाजवादी आर्थिक व्यवस्था एउटा औपचारिकतामा परिणत भैसकेको समयमा जनताहरु खिन्न र असन्तुष्ट हुनु स्वभाविक हो । यसरी समाजवादको नाममा सत्तासीन कम्युनिष्ट नेताहरुले आफूलाई ठग्दै आइरहेको देख्दादेख्दै उनीहरुद्वारा प्रस्तुत साम्यवादको सुन्दर चित्र हेर्दैमा कहां उनीहरुलाई विश्वास गर्न सकिन्छ र । जनताको यही अविश्वास, खिन्नता र असन्तुष्टि विस्फोट त भयो, तर आत्मघाती ।

यही आत्मघाती विस्फोटनको फलस्वरुप आज यति विघ्न विसंगति देखेर पनि केही जनताहरु चुपचाप छन्, किनकि 'समाजवाद' नामको पुरानो नोकरशाही व्यवस्थामा फर्कन उनीहरु चाहदैनन् र अगाडि झन अंध्यारो छ । यहां अहिले, पहिले नाम मात्रको भएपनि भएको सैद्धान्तिक धरातल पनि पूरै भत्किसकेको छ र नयाँ अचम्मको खिचडी तयार भैरहेको छ ।

जनताको अगाडि वर्तमान सत्ताको कुनै अस्तित्व र अर्थ नभएको महशूस हुन्छ । उनीहरुको अगाडि सडक-सडकमा थापिएका पसलका महंगो बजार-भाऊले चुनौति दिइरहेको देखिन्छ, जो हेर्दा हेर्दै आकाश छुने गरी माथि चढ्दै गइरहेको छ । युरोपीय सामानहरुले पूर्व-सोभियत संघका बजारका शोकेशहरुमा यति छिटो सजिएर उपभोक्ताहरुलाई आकर्षित गर्लान् भनेर सोच्नै नपाई बजार नै कब्जा गरी सकेका छन् । युरोप-अमेरिका र जापान जस्ता पूंजीवादी देशको बजारमा परिणत भैसकेको सोभियत संघका शहर शहरमा, पसल पसलमा, केन्द्र केन्द्रमा ९०% युवा-युवतीहरु यस्तै विदेशबाट निर्यात गरिएका लेदर जाकेट लाएर फेशन गरेर हिंडेका देखिन्छन् ।

बाहिर हेर्दा यस्तो देखिन्छ- यस परिवर्तनले गरीबी बढाएकै छैन कि । तर यो विपन्नताले बाहिरी रुपमा विस्फोटन नभएता पनि, भित्रभित्रै सोभियत जनताको वर्तमान र भविष्यलाई काट्न थालेको प्रष्टै देखिन्छ । स्पष्टै देखिने गरी यहां केही धूर्त, पहुंचवाला मानिसहरु व्यापार मार्फत लखपति, करोडपति र अरबपति समेत हुंदैछन् भने बहुसंख्यक जनताको स्थिति आज अन्त हुन्छ कि भरे नै अन्त हुन्छ भन्ने बिन्दुमा पुगेको छ । यस मध्ये पनि विशेषतः बुढा-बूढी यस सकटबाट मर्माहत भएका छन् । छोरा-छोरीहरुसंग छुट्टिएर बांच्नु पर्ने प्रणालीले गर्दा यी बूढा-बूढीहरुले सहाराविहीन भएर सडक-सडकमा हात पसारेर माग्नु पर्ने स्थिति आइसकेको दृश्य सडक-सडकमा देखिन्छ । उनीहरुको अगाडि अतीतका सुखद् संझनाहरु बाहेक भविष्यको कल्पना केही पनि बांकी रहेको देखिदैन । विदेशी विद्यार्थीहरु घरबाट ल्याइएका आलु मात्रै खाएर बांचीरहेको देख्दा अत्यन्तै दुःख लाग्छ ।

रोटीको भाऊ किन्नै नसकिने स्थितिमा वृद्धि भएपनि खान सकिरहेको यस स्थितिमा सरकारले सार्वजनिक क्षेत्रको लागानीलाई सम्पूर्णतः कटौती गर्ने क्रममा 'मरुभूमिमा पानी खन्याउने काम' जारी नै राखेको छ । तापनि पूंजीवादीकरणको परिणाम स्वरुप उत्पन्न भएका सामाजिक विसंगतिहरु, गरीबी, बेरोजगारी र अभाव चरम सीमामा पुग्न शुरु भैसकेको छ । वेश्यावृत्ति छिट्टै नै फ्रि हुनेछ , यतायातको धेरै खर्चमा धेरै वृद्धि नगरिएता पनि बिस्तारै त्यसलाई कडा र महंगो पार्न थालिएको छ । यसरी सम्पूर्ण पक्षको दिशालाई स्वतन्त्र प्रतिस्पर्धाका नाममा अगाडि बढाइएको वर्तमान स्थितिमा पैसाको हालहुकुम चल्ने निश्चित छ र पैसाको हालहुकुम विरोधी समाजवादीहरुको वर्तमान संघर्ष पनि झन् झन् तीव्र भैरहेकोले भविष्यमा पैसा वा समाजवाद कसले जित्ने हो ? - हेरिरहेको छु ।

*- शान्त महर्जन, युक्रेन*



आँखी-झ्याल

# विकसित पूँजीवादी मुलुकमा स्त्री-पुरुष समानता छ ?

## स्त्री-पुरुष बीच समानता मानव अधिकार भित्र पर्दैन ?

पूँजीवादी मुलुकहरु, खासगरी विकसित औद्योगिक राष्ट्रहरु, संसारभरी मानव-अधिकारको हल्ला मच्चाउँछन् । मानव-अधिकार उनीहरुको निम्ति कुनै पनि अविकसित मुलुकको बदनाम गर्ने हतियार बनेको छ । तर मानव-अधिकारको डंका पिट्ने यी मुलुकहरु आफैंमा मानव-अधिकारको स्थिति के छ - त्यो थाहा पाउने हो भने प्रष्ट हुन्छ - यी मुलुकहरु मानव-अधिकारको खालि स्वाङ मात्र रच्दैछन् ।

स्त्री र पुरुष बीच समानता मानव-अधिकारको एउटा महत्वपूर्ण पक्ष हो । जुन मुलुकमा स्त्रीहरु पुरुषसरह अवसर, पारिश्रमिक र अधिकार प्राप्त गर्दैनन्, त्यहाँ मानव अधिकार बहाली छ भन्नु फगत ढोंग मात्र हो । तर मानव-अधिकारको वकालत गर्ने विकसित औद्योगिक राष्ट्रहरुमा स्त्री पुरुष बीच समानताको स्थिति के छ त ? - त्यो हेर्ने हो भने त्यहाँ हामी स्त्री र पुरुष बीचको अवसर, पारिश्रमिक र अधिकारको मामलामा निकै ठूलो खाडल भेट्टाउँछौं ।

सबैभन्दा, पहिले जाऔं शिक्षा प्राप्त गर्ने अवसरको विषयमा । पुरुषले उच्च शिक्षा प्राप्त गर्ने अवसरलाई १०० मान्ने हो भने पोर्चुगलमा र जापानमा स्त्रीले उच्च शिक्षा प्राप्त गर्ने अवसर ७६ मात्र छ । अझ वैज्ञानिक र प्राविधिक विषयको अध्ययनको अवसरमा त झन ठूलो पक्षपात छ । ती विषयमा इटालीका महिलाहरुले प्राप्त गर्ने अध्ययनको अवसर ३५ मात्र छ । अष्ट्रियामा यो अवसर ३२ छ । क्यानाडा, नेदरलैण्ड र संयुक्त अधिराज्य (UK) मा त यो अझ २८ मात्र छ ।

कुनै पनि विकसित पूँजीवादी औद्योगिक राष्ट्रहरुमा स्त्रीहरुले समान कामको निम्ति समान ज्याला पाएका छैनन् । ती सबै मुलुकमा श्रमिक - महिलाहरुलाई पुरुषहरुको तुलनामा निकै कम ज्याला दिइन्छ । पुरुषको ज्यालालाई १०० मान्ने हो भने स्त्रीहरुले अष्ट्रेलियामा ८७ को अनुपातमा ज्याला पाउँछन् । क्यानाडामा उनीहरुले ६३ मात्र र विश्वको नामी पूँजीवादी मुलुक जापानमा ५२ मात्र र अमेरिकामा ५९ मात्र । संयुक्त अधिराज्यमा यो अनुपात ६६ मात्र छ, नेदरलैण्डमा ७७, फ्रान्समा ७५ अष्ट्रियामा ७८, न्यूजीलैण्डमा ७७, इटालीमा ८० र डेनमार्कमा ८४ मात्र ।

काम पाउनु मानिसको आधारभूत मानव-अधिकार हो तर खालि ज्यालामा मात्र होइन, रोजगारीको अवसरमा पनि विकसित पूँजीवादी मुलुकहरुमा स्त्रीहरुले असमानताको स्थिति भोगीरहेछन् । बेरोजगारीको खतरा ती मुलुकहरुमा सबै भन्दा बेसी स्त्रीहरुले नै भोगीरहेछन् । पुरुषहरुले भोग्ने बेरोजगारीको खतरालाई १०० मान्ने हो भने ती मुलुकहरुमा स्त्रीहरुले भोग्ने खतरा १४० छ । सबै औद्योगिक राष्ट्रहरुमा कूल श्रमिक-शक्तिमा महिलाहरुको सहभागिता एकदम थोरै छ । पुरुषको श्रम शक्तिमा सहभागितालाई १०० मान्ने हो भने जापानमा स्त्रीहरुको श्रम-शक्तिमा सहभागिता ६१ मात्र छ । स्विट्जरलैण्डमा ५८, नेदरलैण्डमा ५५ र आयरलैण्डमा ४१ मात्र छ ।

यी तथ्याङ्कहरुले अकाट्य रुपमा के देखाएका छन् भने, उन्नत पूँजीवादी देशहरुमा महिलाहरु र पुरुषहरु बीच व्यापक असमानता छ । ज्यालामा पनि, शिक्षा र रोजगारीको अवसरमा पनि / महिला-मुक्तिको एउटा महत्वपूर्ण र मुख्य शर्त समानता हो , विकासको निम्ति समान अवसर हो । उन्नत पूँजीवादी मुलुकहरु विश्वभरी प्रजातन्त्रको डंका पिटीरहेछन् । तर ती मुलुकहरुमै आधा जनसंख्याले प्रजातन्त्रको एउटा मुख्य तत्व समानता उपभोग गर्न पाईरहेका छैनन् । यो एउटा यस्तो विडम्बनापूर्ण अन्तर-विरोध हो, जसलाई हल गर्न त्यहाँका महिलाहरुले लगातार संघर्ष गर्दै आएका छन् । ≈ तथ्याङ्क स्रोत: UNDP, Human Development Report 1991.

# सोभियत संघमा महिलाहरुको स्थिति कस्तो थियो ?

## संशोधनवादले यति विकास गर्‍यो भने समाजवादले कति मात्र गर्ला ?

**समाजवादले महिलाहरुको समानता र स्वतन्त्रताको लागि के गर्छ र के गर्न सक्छ भन्ने कुरा विघटन अघिको सोभियत संघका महिलाहरुबारेको तथ्याङ्कले प्रष्ट पार्छ । सोभियत नेतृत्वले संशोधनवादी बाटो समात्दा समात्दै पनि १९८८ मा सोभियत संघमा महिलाहरुको स्थिति यस्तो थियो ।**

- कूल इन्जिनियरहरु मध्ये महिलाहरुको अनुपात ५८%
- कूल डाक्टरहरु मध्ये महिलाहरुको अनुपात ६८%
- कूल साधारण स्कूल-शिक्षक मध्ये महिलाहरुको अनुपात ७३%
- कूल वैज्ञानिकहरु, वैज्ञानिक कामदारहरु मध्ये महिलाहरुको अनुपात ४०%
- मेशिन निर्माण र रेडियो इंजिनीयरीङमा काम गर्ने कूल मानिस मध्ये महिलाहरुको अनुपात ६५ देखि ६७%
- काम गर्ने उमेरका कूल महिलाहरु मध्ये रोजगारीमा वा शिक्षामा उनीहरुको अनुपात ९२ %
- उच्च तथा विशिष्टता प्राप्त माध्यमिक शिक्षा प्राप्त गरेका विशेषज्ञहरु मध्ये महिलाहरुको अनुपात ६० %
- सर्वोच्च विधायिका सुप्रिम सोभियतका सम्पूर्ण जन प्रतिनिधिहरु मध्ये महिलाहरुको संख्या ४९२ अर्थात अनुपात ३३ % करीब
- देशका कूल अर्थशास्त्रीहरु मध्ये महिलाहरुको अनुपात दुई तिहाई करीब
- देशका कूल सांस्कृतिक कर्मीहरु मध्ये महिलाहरुको अनुपात तीन चौथाई करीब ≈

(तथ्याङ्क स्रोत: Socialism, Principle Practice Prospects . March, १९८८ मास्को, सोभियत संघ )



अन्तर्क्रिया

# समाजवादको पतन विचारधारामा भएका तोडमरोडहरुको फल हो !

## अमेरिकालाई ३०० वर्ष लागेको स्तर सोभियत संघले ३० वर्षमै हासिल गऱ्यो ।


– क. सीताराम यैंचुरी
पोलिटब्यूरो सदस्य भा.क.पा. (मार्क्सवादी)




**क. यैंचुरीसंग विस्तारमा कुराकानी**

**क. यैंचुरी, सोभियत संघ र पूर्वी यूरोपमा समाजवादी व्यवस्थाको पतनको जरो कारण, आधारभूत कारण के हो भन्ठान्नुहुन्छ ?**

*यो समाजवादी विचारधाराको, मार्क्सवादी लेनिनवादी चिन्तनको पतन होइन । यो समाजवादी व्यवस्थाको व्यवस्थापनको पतन हो ।*

*समाजवादी अर्थतन्त्र चलाउने र समाजवादी देश निर्माण गर्ने समस्या निकै विशाल र जटील समस्या हो । यो मानव-जातिको अहिलेसम्मको विकास-प्रक्रियाले नहिंडेको बाटो हो । समाजवाद कसरी निर्माण गर्ने ? यो कुराको कुनै पूर्व अनुभव र खाका थिएन । त्यसैले समाजवाद निर्माण गर्ने क्रममा केही गल्तीहरु भए । तिनै गल्तीले गर्दा केही तोडमरोडहरु भए । समाजवादको पतन समाजवाद निर्माण गर्ने प्रक्रियामा समाजवादी विचारधारामा भएका यिनै केही तोडमरोडहरुको परिणाम हो ।*

*समाजवाद निर्माण गर्ने प्रक्रियामा भएका ती गल्तीहरु के हुन् त ? पहिले हामी यही प्रश्नमा छलफल गरौं ।*

*हामी ठान्दछौं, त्यस्ता चार वटा व्यापक क्षेत्रहरु छन्, जसमा गंभीर गल्तीहरु भएका थिए ।*

*एउटा क्षेत्र हो, समाजवादमा राज्यको चरित्रबारे । समाजवादी राज्य श्रमिक-वर्गको राज्य हो । यो श्रमिक-वर्गद्वारा नेतृत्व गरिएको र वास्तवमा श्रमिक जन समुदायको राज्य हो । तर समाजवाद अभ्यास गर्ने क्रममा यो श्रमिक-वर्गको राज्यको सट्टामा, श्रमिक-वर्गको अगुवा दस्ताको राज्य, अर्थात कम्युनिष्ट पार्टीको राज्यमा परिणत हुन पुग्यो । काल-क्रममा यो कम्युनिष्ट पार्टीको पनि नेतृत्व मात्रको राज्य हुन पुग्यो । पूँजीवादी राज्यमा अल्पसंख्यकको बहुसंख्यकमाथि शासन हुन्छ । पूँजीवादको विपरीत समाजवाद बहुसंख्यकको अल्पसंख्यकमाथि शासन हुनु पर्ने । तर समाजवाद पनि अल्पसंख्यकको बहुसंख्यकमाथि शासनमा भर्न पुग्यो । समाजवादी राज्य संचालनको प्रक्रियामा यो एउटा गंभीर गल्ती थियो ।*

*यसको नतीजा भयो-जनतामा व्यापक असंतोष ।*


*गल्ती भएको दोश्रो क्षेत्र हो- समाजवादी-जनवादको अभ्यासको क्षेत्र । हाम्रो अहिले पनि विश्वास छ, समाजवादमा प्रजातन्त्र पूंजीवादमा भन्दा व्यापक र गहिरो हुन्छ । यसको तात्पर्य के हो भने, पूंजीवादमा जुन जनवाद हुन्छ, त्यो औपचारिक जनवाद हुन्छ । पूंजीवादमा तपाईसंग मन परेको माल किन्ने स्वतन्त्रता त हुन्छ, तर तपाईसित त्यो किन्ने क्षमता भने हुन्न । तपाईसित अधिकार त हुन्छ, तर तपाई त्यो प्रयोग गर्ने क्षमतामा हुनहुन्न । त्यसैले यो अधिकार फगत औपचारिकता मात्र हुन्छ । यसको विपरीत समाजवादमा तपाईसित अधिकार पनि हुन्छ र त्यो अभ्यास गर्ने क्षमता पनि । त्यसैले यो वास्तविक जनवाद हुन्छ र नै यो जनवाद गहिरो हुन्छ । समाजवादमा वेरोजगारी हट्छ । भोकभोकै पर्ने समस्या हल हुन्छ । नांगै कोही रहँदैन ।*

*तर समाजवाद यत्तिमै सीमित हुदैन । समाजवाद भनेको राज्यको संचालनमा बढी भन्दा बढी जनसंख्याको सहभागिता हो । निर्णय र नीति-निर्माण प्रक्रियामा व्यापकतम जनताको सामेलि हो । लेनिनले एकचोटि भन्नु भएको थियो- समाजवादमा एउटा भान्छे (कूक) पनि शासन चलाउन सक्षम हुन्छ । यसको मतलब के हो भने, समाजवादमा सर्व-साधारण जनता पनि राज्य संचालनको प्रक्रियामा सामेल हुन्छन् र यसो गर्न समर्थ हुन्छन् । समाजवादी जनवादको श्रेष्ठता भनेको नै यसमा निहित छ ।*

*तर वास्तविकता के भयो भने, सर्वसाधारण जनता राज्य संचालन प्रक्रियामा भन भन बढी सामेल हुनुको सट्टा उनीहरु यसबाट भन भन बढी टाढिंदै, अलगिंदै गए । त्यसैले, वेरोजगारीको समस्या, खानु वस्तुको समस्या, असाक्षरताको समस्या हल गर्न समर्थ हुंदा हुदै पनि समाजवादले जनतालाई यसप्रति प्रतिबद्धताको लागि उत्साहित पार्न सकेन, किनकि उनीहरुले राज्यको संचालनमा उनीहरु सहभागी नै भएनन् । यसले जनतामा व्यापक असंतोष थप्यो ।*

*गल्ती भएको तेश्रो क्षेत्र हो - समाजवादमा आर्थिक निर्माणको क्षेत्र । समाजवादी अर्थतन्त्र पूंजीवादी अर्थतन्त्रभन्दा निकै गतिशील र बलवान हुन्छ । संयुक्त राज्य अमेरिकालाई जुन स्तर हासिल गर्न ३०० वर्ष लाग्यो, सोभियत संघले त्यो स्तर ३० वर्षमै हासिल गऱ्यो । हिजोआज मानिसहरु समाजवादको पछौटेपनबारे कुरा गर्छन । तर उनीहरु के बिर्सन्छन भने, अन्तरिक्ष-प्रविधिको शुरुवात समाजवादले गरेको थियो, पूंजीवादले होइन । स्पुतनीक (रकेट) सबभन्दा पहिले सोभियत संघले छाडेको थियो, अमेरिकाले हैन । तर पछिल्लो चरणमा के भयो भने- त्यही समाजवाद, जसले त्यति ठूलो विज्ञान-प्रविधिमा उन्नति गऱ्यो, त्यसले त्यो उन्नतिलाई जनताको जीवन-स्तरको उन्नतिमा रुपान्तरित गर्न सकेन । जनताको दैनिक उपभोग्य वस्तुको उत्पादनको क्षेत्रमा, जनताको भलाइको क्षेत्रको उन्नतिको रुपमा यो वैज्ञानिक-प्राविधिक उन्नति रुपान्तरित भएन । सोभियत संघको धेरैजसो स्रोतहरु युद्धमा, अमेरिकासंगको हतियारको होडवाजीमा खर्च गरियो । केही स्रोत त तेस्रो विश्वमा अमेरिकी आक्रमण रोक्न खर्च भयो, जस्तो भियतनामको युद्धमा । यो गर्नु चाहिं जरुरी पनि थियो, किनकि यो विना अमेरिकी हस्तक्षेप र आक्रमण रोक्न संभव थिएन- जस्तो अहिले संभव भईराखेको छैन ।*

*तर यी वस्तुगत कारक-तत्व बाहेक त्यस्ता आत्मगत तत्व पनि थिए, जसमा गल्ती भएको थियो । समाजवादी आर्थिक निर्माणको मतलव के पनि हो भने - जसरी समाजवादी उत्पादक-शक्तिहरु बढ्छन, त्यसरी नै समाजवादी व्यवस्थापन प्रणाली पनि बदलिदै जान्छ । उदाहरणको लागि- सोभियत संघमा पहिले सबै क्षेत्रलाई खाद्यान्न उत्पादनको निम्ति प्रयोगमा ल्याएर उत्पादन बढाउनु संभव थियो । तर जब त्यस्तो खालि खालि क्षेत्र सकिन्छ, उत्पादन बढाउनका लागि एउटै उपाय बाँकी रहन्छ - त्यही क्षेत्रमा प्राविधिक क्रान्तिद्वारा उत्पादन बढाउनु ।*



## के समाजवादको मृत्यु भएको हो ?

सोभियत संघ र पूर्वी यूरोपका केही मुलुकमा समाजवादी व्यवस्था खतम भएपछि विश्वभरिका
विश्वभरि प्रश्न उठीरहेछ - यस्तो किन भयो ? यसबाट सिक्नु पर्ने पाठ के ? नेपाली कम्युनिष्टहरुको निम्ति
कम्युनिष्टहरु यस बारेमा गंभीर चिन्तन-मनन गर्न थालीरहेछन् । यही महशुस गरेर हामीले
पनि यो एउटा प्राथमिक महत्वको अध्ययन-छलफलको विषय हो । "के समाजवादको मृत्यु भएको हो ?"
मुल्याङ्कनको अंक १ मा प्रकाशित नीरब शेरचनको लेख व्यक्तित्वहरुको विचार प्रस्तुत गर्न
देखि नै यसबारे विश्वभरिका कम्युनिष्ट वा वामपन्थी नेतृ क. नीना एन्द्रिभाको विचार
लागीरहेका छौं । गतः अंकमा हामीले नयाँ रुसी कम्युनिष्ट यैंचुरीको विचार ।
प्रस्तुत गरेका थियौं । यस पटक प्रस्तुत छ- क. सीताराम सदस्य हुनुहुन्छ । नेकपा
क.सिताराम यैंचुरी भा.क.पा. (मार्क्सवादी) का पोलिटब्यूरो वेला हाम्रा प्रधान
(एमाले) को पाचौं राष्ट्रिय महाधिवेशनको सन्दर्भमा काठमाण्डु आउनु भएको लिइएको सो
संपादकले उहाँसित अन्तर्वार्ता लिनु भएको थियो । प्रस्तुत छ- अंग्रेजीमा
अन्तर्वार्ताको सम्पादित नेपाली अनुवाद - कार्यकारी सम्पादक ।

त्यसैले, आर्थिक व्यवस्थापनको विधि परिवर्तन गर्नु जरुरी हुन जान्छ । तर सोभियत संघमा यही परिवर्तन गरिएन । फलस्वरुप, त्यही समाजवाद, जसले पहिले ३० र ४० को दशकमा आश्चर्यजनक ढंगले कृषि उत्पादन बढायो, पछि त्यही समाजवादमा कृषि उत्पादन वृद्धि ठप्प भयो। यसको मतलव जनताको दैनिक उपभोगको निम्ति उपभोग्य वस्तु झन झन कम हुदै गयो । माथिका दुई गल्तीले जनतामा जुन असंतोषको रांको व्याप्त भएको थियो, त्यसमा आर्थिक व्यवस्थापन क्षेत्रमा भएको यो गल्तीले घ्यू थप्ने काम गऱ्यो । फलस्वरुप, जन-असंतोष अरु व्यापक र गहीरो भयो ।

यस पृष्ठभूमिमा गल्ती भएको चौथो क्षेत्र हो- विचारधाराको क्षेत्र । समाजवाद भनेको त्यो संक्रमणकालीन अवधि हो, जसमा विपरीत वर्गहरु बांकी रहन्छन् । यस अवधिमा ती वर्गहरु बांकी रहन्छन्, जो इतिहासलाई फेरि पूंजीवादको पुनर्स्थापनामा फकाउन चाहन्छन् । ती वर्गहरु पनि बांकी रहन्छन् जो इतिहासलाई साम्यवादी दिशामा डोऱ्याउन चाहन्छन् । त्यसैले यो अवधि निरन्तर वर्ग-संघर्षको अवधि हो । त्यस्तो वर्ग-संघर्ष, जुन निकै गंभीर र तीव्र हुन्छ । यस वर्ग-संघर्षको अवधिमा विचारधाराको सवालले धेरै महत्वपूर्ण भूमिका खेल्छ । तर हामी के देख्छौं भने, सोभियत संघको पछिल्लो चरणमा जब दोश्रो विश्व युद्ध सकिएको थियो, सोभियत संघको इज्जत संसारमा धेरै माथि थियो । यस अवधिमा साम्राज्यवाद विरुद्धको, पूंजीवाद विरुद्धको विचारधारात्मक संघर्ष तीव्र पार्न सकिन्थ्यो । तर यही अवधिमा सोभियत संघको नेतृत्वमा खुश्चोभको संशोधनवाद हावी भयो । यो समय साम्राज्यवाद र पूजीवाद विरुद्ध वर्ग संघर्ष तीव्र पार्न सकिने समय थियो । तर यही वेलामा वर्ग-संघर्षको सट्टा खुश्चोभको वर्ग-समन्वयको विचारधारा अगाडि आयो । खुश्चोभको संशोधनवादी भड्कावले यतिखेरै त्यो वर्ग-संघर्षलाई शिथिल पार्ने कार्य गऱ्यो । संसारमा यतिखेर शक्तिशाली कम्युनिष्ट-आन्दोलन हावी थियो । इरान, इराक, सुडान, इण्डोनेशिया सबै ठाउंमा कम्युनिष्ट-आन्दोलन शक्तिशाली थियो । तर वर्ग-समन्वयको नीतिले शक्तिशाली कम्युनिष्ट आन्दोलनलाई कमजोर पाऱ्यो । जुन-जुन ठाउंमा संशोधनवाद विरुद्ध संघर्ष चलाइयो, त्यहाँ मात्र कम्युनिष्ट-आन्दोलन बलियो र सफल भयो ।

यस प्रकार, समाजवादी मुलुकमा पूंजीवादको विरुद्धमा विचारधारात्मक क्षेत्रमा वर्ग-संघर्ष चलाउनुको सट्टामा पूंजीवादी सुधारहरु गरिए । पूंजीवादी सुधारको विचारधारा अगाडि ल्याइयो । पहिलेका ३ वटा गल्तीले गर्दा जनताले पनि समाजवादको सुधारमा ध्यान दिएनन् । समाजवादी व्यवस्था अन्तर्गत नै उनीहरुले पूंजीवादी उपायहरु खोजे । पोलैण्ड, हंगेरी, सबैतिर यस्तै भयो र पछि त सोभियत संघमा नै यस्तो भयो । पूंजीवादी उपायबाट समाजवादका समस्याहरु हल गर्न सक्ने कुरै थिएन । रोगको निदान पनि गलत भयो, ओखती पनि गलत पऱ्यो । परिणाम यो भयो कि- विरामी मऱ्यो । सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद मर्नुको मूल कारण यही थियो ।

यसरी यिनै चार मूल कारणहरुको गठजोडले सोभियत संघमा र पूर्वी यूरोपमा समाजवाद मऱ्यो ।

यस प्रक्रियामा गोर्वाचोभको भूमिकाबारे सही मूल्याङ्कन हुनु जरुरी छ । गोर्वाचोभले केही गल्ती भएको त महशूस गरे, तर गल्ती सच्याउन भनेर उनले जे गरे, तिनले समस्यालाई हल गर्नुको सट्टा विरामीको मृत्युको प्रक्रियालाई तीव्र पारे । गोर्वाचोभले देखे कि- केही समस्याहरु छन्, तर यी समस्याहरु किन पैदा भए, समस्याहरु थिए नै के, र कसरी समाजवादी ढाँचा अन्तर्गत ती समस्याहरु हल गर्ने ?- यी तिन वटै कुराहरु उनले बुझेनन् । त्यसैले उनको ग्लासनोष्ट र पेरेस्ट्रोइका समस्याको समाधानको सट्टामा प्रतिक्रान्तिको निम्ति वाहन-गाडी सरह भयो । गोर्वाचोभको बारेमा हाम्रो मूल्याङ्कन के छ भने, गोर्वाचोभ साम्राज्यवाद र संशोधनवादको अवैध संवन्धबाट पैदा भएको सन्तान हो ।

कतिपय मानिसहरु साम्राज्यवादले गर्दा समाजवाद विफल भयो भन्छन् । मलाई यस्तो लाग्दैन । साम्राज्यवादले त समाजवादलाई खत्तम पार्न पचासौं वर्षदेखि खोजेकै हो । तर हिटलर समेत यो काममा सफल भएनन् । जुन समाजवाद हिटलरको आक्रमणले समेत ढलेन त्यो आफ्नै भित्री कारणले सजिलै सित र विना ठूलो प्रयत्न नै ढल्यो । त्यसैले, मूल कारण त आन्तरिक कारण हो, समाजवादभित्रै भएका गल्तीहरु हो, जसको वर्णन मैले माथि गरी सकें ।

**यसबाट कम्युनिष्टहरुले सिक्नु पर्ने पाठ चांहि के हो ?**

पहिलो पाठ त के हो भने- कुनै पनि कम्युनिष्ट पार्टी गल्ती गर्नबाट अछुतो रहन सक्दैन । जसले काम गर्छ, उसले गल्ती गर्छ नै । गल्ती नै नहुनलाई त कामै नगर्नु पर्छ।त्यसैले मूल प्रश्न यो होइन कि समाजवादमा गल्तीहरु भए । गल्ती त हुन्छन् नै । त्यसमाथि समाजवाद त कहिल्यै नहिंडिएको बाटो हो । त्यसैले त्यसमा गल्ती हुनु अस्वाभाविक हैन । मूल प्रश्न त के हो भने- तपाईसित त्यो गल्ती ठम्याउने र सच्याउने क्षमता छ कि छैन ? समाजवादको भित्री तागत नै यही गल्ती ठम्याउने र सच्याउने क्षमता हो । तर संशोधनवाद हावी भए पछि यो क्षमता समाजवादमा रहेन । गल्ती हुदै गए, तर तिनलाई ठम्याउने र सच्याउने काम भएन । यसबाट, फलस्वरुप, समाजवाद ढलीछाड्यो । यस घटनाबाट हामीले सिक्नु पर्ने पाठ के हो भने - कम्युनिष्टहरुले आफ्नो कामको निरन्तर समीक्षा गर्नु पर्छ । गल्तीहरु के कस्ता भएका छन्, ठम्याउनु पर्छ र तुरुन्तै तिनलाई सच्याउन कदम चाल्नु पर्छ । यदि हामी हाम्रा कामहरुलाई निरन्तर रुपमा र होश पूर्वक हेर्दैनौं भने हामीले यो घटनाबाट केही सिक्ने छैनौं ।

दोश्रो महत्वपूर्ण पाठ त के हो भने- चाहे सत्तारुढ पार्टी होस् वा सत्ता वाहिरको, कुनै पनि कम्युनिष्ट जन-समुदायबाट अलग्गिएर बांच्न सक्दैन। जनताबाट अलग्गिने वित्तिकै कुनै पनि कम्युनिष्ट पार्टी नेतृत्वदायी हुनै सक्दैन । विफल भएका समाजवादी मुलुकमा के भयो भने - पार्टी नेतृत्व आफ्नै सदस्यहरुबाट अलग्गियो र पूरै पार्टी जन-समुदायबाट अलग्गियो । त्यसैले हामीले सिक्नु पर्ने दोश्रो महत्वपूर्ण पाठ के हो भने- पार्टीको जन-समुदायसित जीवन्त संबन्ध भई राख्नु पर्दछ । पार्टी जनतासित निरन्तर द्वन्दात्मक-अन्तर्क्रियामा हुनु पर्दछ; ता कि जन-समुदायबाट सिक्न सकियोस् र जनसमुदायलाई क्रान्तिको प्रक्रियामा साथै लैजान सकियोस् ।


तेस्रो पाठ के हो भने - मार्क्सवादलाई जडसूत्रको रुपमा बदल्नु हुदैन र जडसूत्रको विरोधको नाममा मार्क्सवादको आधारभूत सिद्धान्त पनि छोड्नु हुदैन । मार्क्सवादलाई सिर्जनात्मक र क्रान्तिकारी विज्ञानको रुपमा ग्रहण गर्नु पर्छ । नयाँ विकासको आधारमा यसलाई निरन्तर रुपमा विकास गर्नु पर्छ । समाजवाद विफल भएका मुलुकमा यही गरिएन । परिस्थिति विकसित भएर कता पुग्यो, तर त्यही अनुरुप मार्क्सवादलाई सिर्जनात्मक र क्रान्तिकारी विज्ञानको रुपमा विकसित गरिएन ।

**के केही देशको समाजवादी व्यवस्थाको पतनबाट पाठ सिक्ने क्रममा बहुदलीय प्रतिस्पर्धा नै निरंकुशतन्त्र र नोकरशाहीतन्त्रको सटीक उपचार गर्ने एक मात्र बाटो हुन सक्दछ, जसरी विश्वका केही कम्युनिष्ट समूहहरु अहिले सोच्न थालीरहेछन् ? तपाईको यस संवन्धमा के विचार छ ?**

बहुदलीय प्रतिस्पर्धा वा बहुदलीय व्यवस्था नोकरशाहीतन्त्रको विरुद्धमा कुनै ग्यारेण्टी हैन । ती पूंजीवादी मुलुकहरु, जहां जहां बहुदलीय व्यवस्था छ , त्यहां त्यहां सबैभन्दा चुत्थो नोकरशाहीतन्त्र हावी भएको देखिन्छ । बहुदलीय व्यवस्था प्रजातन्त्रको निम्ति पनि कुनै ग्यारेण्टी हैन । बहुदलीयता, त्यसैले आफैमा कुनै समाधान हैन । यो एक किसिमको रुप हो ।

समाजवाद अन्तर्गत बहुदलीयता भनेको के ? पार्टीहरु रहन्छन्, किनकि वर्गहरु छन् । त्यो समाज, जहां वर्गहरु रहन्नन्, त्यहां दलहरु कसरी रहन्छन् ?

समाजवादतिरको संक्रमणको अवधिका दलहरु रहन सक्छन्, किनकि त्यो अवधिमा वर्गहरु बाँकी रहन्छन् । तर यो संक्रमण अवधिमा पनि समाजवाद तब मात्र सफलीभूत हुन सक्छ, जब श्रमिक-वर्गको नेतृत्व रहन्छ र जनताको अत्याधिक



## बहुदलीय प्रतिस्पर्धा नोकरशाही तन्त्रको विरुद्धमा कुनै ग्यारेन्टी हैन ।

संख्याको सहभागिता रहन्छ, जब श्रमिक-वर्ग र किसानहरुको संश्रय रहन्छ । श्रमिक-वर्ग र किसानहरुको बीच संश्रय यो अवधिको सवैभन्दा महत्वपूर्ण तत्व हो किनकि हाम्रा दुवै मुलुकहरु - भारत र नेपालमा किसानहरुको अझ पनि वाहुल्य छ । त्यसैले मूल कुरा रुप हैन, सार-वस्तु हो ।

के तपाईहरुले क्रान्ति गर्नु भएको खण्डमा बहुदलीयता रहनु दिन हुन्छ ?

- यो प्रश्न भारतमा पनि वारंवार उठीरहेछ । हामीले के जवाफ दिने गरेका छौं भने, यो त्यो प्रश्न हो, जसको निर्णय हामी गर्न सक्दैनौं । यसको निर्णय तात्कालीन जनताले गर्नेछ । जनताको क्रान्तिमा कसले समर्थन गर्‍यो ? कसले जनताको क्रान्तिमा धोका दियो ? - यसको आधारमा नै उनीहरुले निर्णय गर्नेछन् । जसले जन-क्रान्तिमा धोका दियो, उसको लागि त्यहां कुनै ठाउं हुने छैन । जसले समर्थन गर्‍यो, उसको लागि अवश्य ठाउं हुनेछ । तर दलीयता एउटा वर्गको नेतृत्वमा हुनेछ । त्यहां दलीयता समाजवाद र क्रान्तिको प्रक्रियालाई मजवुत पार्नको लागि हुनु पर्छ, त्यसलाई कमजोर पार्न होइन । प्रतिक्रान्ति गर्न दिनको लागि वहुदलीयता हैन । कुनै पनि पूंजीवादी-राज्यले कम्युनिष्टहरुलाई क्रान्ति गर्ने अधिकार दिएको छैन । त्यसैले समाजवादी राज्यले पनि पूंजीवादीहरुलाई प्रतिक्रान्ति गर्ने अधिकार दिन सक्दैन ।

बहुलवाद, त्यसैले मतको हकमा हुनुपर्छ, समाजवादलाई झन अगाडि लानको लागि हुनुपर्छ । यस्तो खालको वहुलवाद जरुरी पनि छ, स्वस्थ पनि । यस्तो वहुलवाद विना समाज अघि बढ्न सक्दैन । तर यो पूंजीवादी समाजमा हिजोआज भए जस्तो वहुलवाद हुनुहुन्न, जुन पूंजीवादी शासनलाई सु दृढ गर्नको लागि सहायक हुन्छ । वहुलवाद बुर्जुवाहरुको लागि वर्ग-शासन कायम राख्ने औजार हो ।

नेपालकै कुरा गरौ, के यो वहुलवाद मार्फत कम्युनिष्टहरु सत्तामा आए भने वुर्जुवाहरुले उनीहरुलाई सत्तामा रहन दिन्छन् ? अहँ, मलाई त रहन देलान् भन्ने लाग्दैन । भारतैमा हेर्नुहोस्, कम्युनिष्टहरु त टाढै छाडी दिनु होस्, अन्य वुर्जुवा-पार्टीहरु सत्तामा आउन लागे भनेर इमरजेन्सी लागू गरियो, संसदीय बाटो छोडियो । त्यसैले वर्ग-शासनको औजारको रुपमा वहुलवाद, जहिले पनि वुर्जुवा शासनलाई मजवुत पर्ने उपाय हो ।

**त्यसो भए, निरंकुशतन्त्र र नोकरशाहीतन्त्रलाई खतम गर्ने कम्युनिष्ट-विकल्प के हो त ?**

त्यस्तो कम्युनिष्ट विकल्प त सोभियत व्यवस्था हो । सोभियत व्यवस्था भन्नाले मैले सोभियत-संघ भन्न लागेको होइन, जुन विघटित भयो । मैले सोभियतको अवधारणा भन्न लागेको हुँ, जुन सोभियत-व्यवस्था शुरु गर्दा राखिएको थियो ।

वहुदलीय व्यवस्थाको अहिलेसम्मको इतिहासले के देखाएको छ भने, यो व्यवस्थामा हरेक व्यक्ति कुनै न कुनै पार्टीमा हुन्छ नै भन्ने ग्यारेण्टी छैन । वास्तवमा त्यस्ता वहुसंख्यक मानिस हुन्छन्, जो कुनै पनि पार्टीमा हुदैनन् । त्यसैले वहुदलीय व्यवस्था भन्नाले राजनीतिक प्रक्रियामा संपूर्ण जनसंख्याको सहभागिता होइन, बरु यस व्यवस्थामा वहुसंख्यक जनता त राजनीतिक प्रक्रियाभन्दा बाहिरै हुन्छन् । कम्युनिष्ट-विकल्प के हो भने, प्रत्येक व्यक्तिलाई

**त्यसको कम्युनिष्ट विकल्प त सोभियत व्यवस्था हो ।**

निर्णय प्रक्रियामा, राजनीतिक प्रक्रियामा सामेल गर्नु । यो सोभियत-प्रणालीद्वारा संभव छ ।

यो कसरी त ?

तपाईको काम गर्ने थलोमा वा बस्तीमा सोभियतलाई संगठित गरिन्छ । त्यहाँ कामदार मानिसहरु र वेरोजगार मानिसहरु पनि निर्णय प्रक्रियामा सामेल हुन सक्छन् । सोभियतको यो सामूहिक अंग व्यक्तिहरुको, नाागरिकहरुको संकलन हो जुन, काम गर्ने थलोमा पनि हुन्छ, बस्ने थलोमा पनि । तपाई चाहे सत्तारुढ पार्टीको सदस्य हुनुहोस् या नहुनुहोस् सोभियतको सदस्य हुनुहुन्छ र खालि तपाईको जीवनको संवन्धमा मात्र होइन, राष्ट्रिय-जीवनको हरेक नीति निर्णयबारे त्यहां छलफल गरिन्छ । पार्टीले, सत्तारुढ पार्टीले सोभियतमा आफ्नो कुरा लाद्ने होइन, आफ्ना नीति र विचारबारे सोभियतका सदस्यहरुलाई बुझाउन सक्नु पर्दछ । यसरी त्यहां हरेक विषयमा छलफल गरिन्छ र नीति-निर्णय लिइन्छ र निर्णय प्रक्रियामा सवै व्यक्तिहरु सामेल हुन्छन् । निर्णय प्रक्रियामा प्रत्येक व्यक्तिलाई सामेल गर्नको निम्ति यो नै एक मात्र ग्यारेण्टी हो । पूंजीवादी वहुदलीय व्यवस्था भन्दा यो निकै उन्नत छ ।

सोभियतमा यसरी निर्णय प्रक्रियामा हरेक व्यक्तिलाई सामेल गर्नु पर्नेमा केही समाजवादी देशहरुमा के गरियो भने- पार्टीले, कम्युनिष्टहरुले सामूहिक बहसमा सामेल भएर आफ्ना कुरा बुझाउनुको सट्टामा, राज्यको संरचनालाई प्रयोग गरेर जनताको सट्टामा निर्णय गर्ने र निर्णय जनतामा पठाउने प्रक्रिया अप्नाइयो ।

उदाहरणको लागि- मैले पूर्वी- जर्मनीमा देखेको कुरा बताऊं ।

त्यहां पार्टीको पोलिट-व्यूरोले निर्णय लिंदोरहेछ । पोलिटव्यूरोको निर्णय हुनाले केन्द्रीय समितिले स्वीकार्नु पर्ने, केन्द्रिय समितिको निर्णयको रुपमा यो निर्णय सरकारले पनि स्वीकार्नु पर्ने र सरकारको निर्णयको रुपमा संपूर्ण जनताले स्वीकार्नु पर्ने । यस्तो हुंदो रहेछ । पोलिटव्यूरोको निर्णय त पार्टीका सदस्यहरुको लागि मात्र प्रभावकारी हुनुपर्ने, गैर-पार्टी सदस्यहरुको लागि त होइन । अनि पार्टी सदस्यहरुले गैर-पार्टी सदस्यहरुलाई त्यो निर्णयबारे संझाई बुझाई र संवादद्वारा सहमत भएको खण्डमा मात्र लागू गर्ने स्थिति हुन पर्ने । यसको सट्टामा त्यहां पार्टीको पोलिटव्यूरोको निर्णय सरकारी यन्त्र प्रयोग गरेर जनतामाथि लाद्ने स्थिति रह्यो । फरक यसैमा पर्न गयो ।

अहिले पूंजीवादीहरु विश्वभरी के हल्ला गर्दैछन् भने-जनताको सहभागिताको लागि वहुदलीय व्यवस्था नै सर्वश्रेष्ठ व्यवस्था हो । उनीहरुलाई हाम्रो उत्तर के हो भने- वहुदलीय व्यवस्था वहुसंख्यक जनताको राजनीतिमा सहभागिताको लागि सर्वश्रेष्ठ व्यवस्था होइन । किनकि, यस व्यवस्थामा पहिलो कुरो त बहुसंख्यक जनताहरु कुनै पनि पार्टीका सदस्य हुदैनन् र राजनीतिक प्रकृयामा सामेल नै हुदैनन् ।

दोश्रो कुरो, यस व्यवस्थामा निर्णय प्रक्रियामा वहुसंख्यक जनताहरु सामेल नै हुदैनन । निर्णय प्रक्रियामा वहुसंख्यक जनताको सहभागिता सुनिश्चित गर्नको लागि त सवैभन्दा बेश उपाय उनीहरुलाई सामूहिक अंगहरुमा सामेल गराउनु हो, चाहे उनीहरु जहाँ हुन् । र हरेक नीति-निर्णयमा उनीहरुलाई छलफल र बहसमा उतार्नु र उनीहरुको मत लिनु हो । नोकरशाहीतन्त्रलाई खतम गर्न यही नै एक मात्र ग्यारेण्टी हो । यही सवालमा समाजवादी मुलुकहरुमा गल्ती हुन गएको हो । त्यहां जनताको सहभागितामा नीति-निर्णयको सट्टामा प्रशासन र नोकरशाहीतन्त्रद्वारा जनतामाथि निर्णय लाद्ने प्रक्रिया अप्नाइयो । त्यहां जनतालाई संझाइ बुझाइद्वारा सहमत गराउने प्रक्रियाको सट्टामा राज्यले हरेक कुरामा हुकुम चलाउने (Dictect गर्ने) प्रक्रिया अप्नाइयो ।

**तर वहुदलीयता भयो भने मात्र विचारहरुको द्वन्द हुन्छ, जसरी हरेक वस्तुमा द्वन्द सार्वभौम नियम हो, त्यसरी नै समाजमा पनि विचारहरुको द्वन्दको लागि वहुदलीयता सार्वभौम उपाय हो भन्ने विचार हिजोआज चर्चामा छ नि, त्यसमा तपाई के भन्नुहुन्छ ?**

द्वन्द भनेको अन्तर्क्रिया हो, द्वन्दात्मक अन्तर्क्रिया । अन्तर्क्रियाको लागि दुई पक्ष चाहिन्छ, आवश्यक छैन कि- दुई दल नै चाहिन्छ । दुई पक्षमा व्यक्तिहरु पनि हुन सक्छन्, व्यक्तिका समूहहरु पनि हुन सक्छन् र दलहरु पनि हुन सक्छन । द्वन्द सार्वभौम रुपमा सवभन्दा राम्ररी त्यहाँ हुन सक्छ, जहां हरेक व्यक्ति नीति-निर्णय प्रक्रियामा सामेल हुन्छ, छलफल र वहसमा सामेल हुन्छ । यस्तो द्वन्द त सामूहिकहरुमा नै, सोभियतहरुमा नै हुन सक्छ, जसको वर्णन मैले माथि गरीसकें ।

सोभियतहरुमा हरेक व्यक्तिले कुनै पनि प्रस्तावमाथि प्रतिक्रिया जनाउने र विचार द्वन्द गर्ने मौका पाउंछ । के ठीक छ, के ठीक छैन भन्ने बारे आफ्नो राय दिने मौका पाउँछ । राजनीतिमा हरेक व्यक्तिने सामेल हुने मौका पाउंछ । तर वहुदलीय व्यवस्थाले हरेक व्यक्तिलाई सहभागिताको यो मौका नै दिदैन । त्यहां मानिसलाई भोट दिने अधिकार हुन्छ । तर नीति-निर्णयहरुमा उनीहरुको राय के, विचार के, सोधिदैन र उनीहरु यसमा अन्तर्क्रिया नै गर्न पाउदैनन् । अनि द्वन्द कहां भयो ? संसारमा कुन मुलुक छ, जहां वहुदलीय व्यवस्थामा जनताहरु राज्यको नीति-निर्णयका वहसमा भाग लिन्छन्, विचार-द्वन्द गर्छन् ? त्यहां भोट त उनीहरु दिन्छन् तर नीति-निर्णयमा उनीहरुको द्वन्दात्मक अन्तर्क्रिया खै ? त्यहां द्वन्दात्मक अन्तर्क्रिया बाहेक अरु नै कुराको आधारमा, राजनीति बाहेक अरु नै कुराको आधारमा उनीहरु भोट दिन्छन् । त्यो अरु नै कुरा मध्ये पैसाको ताकत, लठैतको ताकत (Money Power, Mussclc Power) ले मूल रुपमा काम गर्छ । त्यसैले वहुदलीय व्यवस्थामा, जहा राजनीतिमा वहुसंख्यक जनताको सहभागिता नै हुदैन, जहां उनीहरु अरु नीतिहरु बारे नै राम्ररी थाहा नै नपाइकन, वहस गर्न नै नपाईकन मतदान गर्न जान्छन्, त्यहां द्वन्द कसरी हुन्छ ? त्यसैले द्वन्दात्मक विचार-अन्तर्क्रियाको लागि वहुदलीय व्यवस्था उपयुक्त व्यवस्था होइन र वहुदलीय व्यवस्था हुने बित्तिकै स्वत: द्वन्द हुन्छ, यो कुरा होइन ।

चन्द्र देव नेपाली

# नेपालका हामी वामपन्थीहरु पनि समाजवादलाई ढाल्दैछौं !

गत पुस २८ गते चार वामपन्थी पार्टीहरुद्वारा टनकपुर संबन्धमा कांग्रेसी सरकारले गरेको राष्ट्रघात विरोधी संघर्ष अन्तरगत रहेको जिल्लाहरुमा सि.डि.ओ. अफिस मार्फत सरकारलाई विराध-पत्र दिने कार्यक्रमका सिलसिलामा काठमाण्डौंमा जुन जुलूस सि.डि.ओ. कार्यालयतिर गयो, त्यो अपेक्षा गरिएभन्दा निकै सानो थियो ।

जन-आन्दोलन २०४६ पछाडि संविधान निर्माणको बेला दरबारले गरेको षडयन्त्रका विरुद्ध वामपन्थीहरुले संयुक्त रुपमा गरेको कार्यक्रम पनि सानो भएको थियो । जन-आन्दोलनको उभार सेलाई नसकेको कारणले निश्चय नै उक्त कार्यक्रम हालको कार्यक्रम भन्दा दर्जनौं गुना ठूलो थियो नै, र पनि यो त्यतिखेरको परिस्थितिमा अपेक्षा गरिएभन्दा कम सहभागितायुक्त थियो ।

गाउँ-टोलहरुमा पनि हामी पाउने गर्छौं, कुनै राजनैतिक कार्यक्रम वा समाजसेवाको काम नै पनि धेरैको संयुक्त सहभागितामा आयोजना गरिएको छ भने त्यो कार्यक्रममा सहभागिता कम हुने हुन्छ । कार्यक्रम पनि फितलो हुने हुन्छ ।

क्याम्पसहरुमा **अखिल पाँचौं** र **अखिल छैठौं** आदि विद्यार्थी संगठनहरु मिलेर गरिएको कार्यक्रम प्राय: नाम मात्रको हुने हुन्छ ।

दुई वा दुई भन्दा बढी प्रगतिशील सांस्कृतिक समूहहरुको संयुक्त-सांस्कृतिक कार्यक्रम छ भने त्यसमा कला-क्षेत्रमा कलाकारहरुको सक्रियता पनि कम र सहयोगीहरुको व्यवस्थापन र दर्शकहरु जम्मा गर्ने कामको सक्रियतामा पनि कमी भएको हुने हुन्छ ।

तर यसको ठीक उल्टो, के कुरा व्यवहारको अनुभवको आधारमा भन्न सकिन्छ भने- यदि गत पुस २८ गतेको त्यो सि.डि.ओ. कार्यालय जाने जुलूस एउटै मात्र वामपन्थी पार्टीको भएको भए, निश्चित रुपले त्यो यो भन्दा निकै ठूलो र व्यवस्थित हुन्थ्यो । संविधान निर्माणको समयमा दरबारिया षडयन्त्रको विरुद्ध वामपन्थी पार्टीहरुले अलग अलग गरेको छुट्टाछुट्टै कार्यक्रमहरु बरु उक्त संयुक्त-कार्यक्रम भन्दा निकै ठूला थिए । अघिल्लो दिन एउटै मात्र पार्टीले गरेको जुलूस एक किलोमिटर लामो हुने, भोलिपल्ट ६-७ पार्टीहरुले मिलेर गरेको जुलूस आधा किलोमिटर लामो पनि नहुने ।

यसै गरी माथि उदाहरण दिइएको गाउँ-टोल, क्याम्पस वा सांस्कृतिक कार्यक्रमका मंचहरुमा पनि यस्तै हुने गरेको छ । एउटै मात्र कुनै पक्ष वा टोलीले गरेको कार्यक्रम ज्यादा भीडभाडयुक्त र ज्यादा व्यवस्थित हुने गरेका उदाहरणहरु हामी प्रसस्तै देख्न सक्दछौं । जब सामूहिक वा साझा वा संयुक्त कार्यक्रम हुन्छ तब यस्तो भने हुने गर्दैन ।

हामीभित्र रहेको यो प्रवृत्तिलाई हेरेर एउटा तीतो तर सत्य कुरा भन्न सकिन्छ- यसरी नेपालका हामी वामपन्थीहरु पनि समाजवादलाई ढाल्ने काम गर्दैछौं ।

रुस र पूर्वी युरोपमा समाजवाद ढल्यो । यसको अर्थ हो- त्यहां पूँजीवादी व्यक्तिवादले टाउको उठायो । त्यहाँ व्यक्तिको स्वार्थलाई समाजको स्वार्थ वा सामूहिक स्वार्थको मातहतमा राख्ने प्रक्रियामा सुस्ती आयो वा यसका लागि ठीक तरीका अप्नाइएन । त्यसैले त्यहां समाजवाद ढल्यो ।

समाजवाद भन्नु आर्थिक, राजनैतिक र सांस्कृतिक तीनै क्षेत्रमा समाजमा सामूहिकताको दिशातर्फ अगाडि बढ्नुको नाम हो । वैज्ञानिक पद्धति अप्नाएर क्रमश: यस दिशातर्फ अगाडि बढ्ने क्रममा बाटोमा अवरोधका रुपमा आइपर्ने प्रतिकृयावादी राज्य-सत्ताहरुलाई उखेलेर फ्याल्नु पर्ने जरुरी हुन्छ । क्रान्तिकारीहरुको काम प्रतिकृयावादीहरुको सत्ताप्रति बेकारमा दुश्मनी गर्नु होइन । उनीहरु त्यस खाले सत्ताको विरुद्ध उभिनुको कारण हो - त्यस खाले सत्ताले मूलत: न्याय, प्रगति र सामूहिकतामा आधारित त्यस समाज-व्यवस्थामा पुग्न जनतालाई छेक्न आउनु । क्रान्तिद्वारा त्यस्ता आवरोधक राज्य-सत्ताहरुलाई उखेलेर फाल्ने काम यसै कारण गरिन्छ । यसपछि पनि निरन्तर सचेत मानवीय प्रयत्नहरु चालू गरेर समाजवादको बाटोलाई निरन्तरता दिइन्छ । आजसम्मको मानवीय खोजले भेटेसम्मको सर्वोच्च समाज भनेको वैज्ञानिक साम्यवादी समाज हो, जसमा मानिस आफ्ना न्यूनतम नितान्त व्यक्तिगतपना र बांकी सबै सामूहिकता बोकेर बाँच्ने छ । अर्थतन्त्र, राजनीति र सांस्कृतिक पक्षमा यो विस्तारित सामूहिकताले अब मान्छेलाई मानव-मात्रका लागि नयां नयां विकास र संभावनाका ढोकाहरु खोल्ने काममा प्रेरित गर्नेछ । मान्छेले मान्छेलाई दिने दु:खहरु घटेर र हटेर, अब मानिस आफूलाई दु:ख दिने प्राकृतिक अवरोधहरुसंग सामूहिक रुपले जुध्न थाल्ने छ ।

तर यसरी समाजलाई यो स्तरसम्म उकास्ने लक्ष बोकेका हाम्रा यी पार्टी, शक्ति वा व्यक्तिहरु यो सामूहिकतालाई किन महत्व दिइरहेका छैनन्, जुन सामूहिकताको विकास उनीहरुको क्रान्तिको पनि उद्देश्य हो ? किन त्यो सामूहिकतामा उनीहरुको रुचि कम छ वा किन यसमा उनीहरु कुनै रस वा आकर्षण देख्दैनन् ?

संयुक्त जुलुस, सभा, कार्यक्रमहरुले कम महत्व पाउनुका पछाडि यही "किन?" ले काम गरेको छ ।

तपाई हामी आफूले सामूहिकतालाई महत्व दिंदैनौं भने के तपाई-हामीले आम जनतालाई त्यो सामूहिकता- प्राप्तिको लागि गरिने राजनीतिमा वा क्रान्तिमा आव्हान गर्ने नैतिक अधिकार रहन्छ ? - यो अत्यन्त ठूलो प्रश्न हाम्रासामु तेर्सिएको छ ।

हामी नेपालमा पनि समाजवादको स्थापनाको निम्ति कार्यरत छौं, त्यो यस कारणले कि समाजवाद नै व्यक्तिको लागि सर्वश्रेष्ठ व्यवस्था हो । किनकि, यो व्यवस्थामा एउटा व्यक्तिको हितको खातिर अर्को व्यक्तिको र समाजको हितलाई कुल्चिइदैन । समाजको हित र व्यक्तिको हित-यस व्यवस्थामा नै एकाकार हुन्छन् । जुन कुराले समाजलाई फाइदा गर्छ, प्रगतितिर लैजान्छ त्यसैमा व्यक्तिको पनि हित हुन्छ । समाजले व्यक्तिलाई उसको विकासको निम्ति संपूर्ण अवसर जुटाउँछ । र व्यक्तिले पनि समाजको हितलाई सर्बोपरि ठानेर काम गर्छ । त्यसैले समाजवाद व्यक्तिवादबाट मुक्त सामूहिकतावाद र मानवतावाद हो ।

तर वास्तवमा आफ्नो सीमित पार्टी, गुट वा समूहको प्रतिष्ठा वा जस-अपजस जोडिएमा मात्र व्यापक र व्यवस्थित काम गर्नु, नत्र नगर्नु पनि व्यक्तिवादकै उपज हो । यो सामूहिक व्यक्तिवाद (Collective Individualism) हो । आफ्नो मात्र अस्तित्व-प्रदर्शन वा शक्ति - प्रदर्शन गरी धाकधक्कू लगाउनमा वा "हामी पनि केही त छौं नि !" भन्ने देखाउनमा चाहिं बढी रुचि, तर सामूहिक रुपले सबैसंग मिलेर कुनै खास समस्या समाधान नै गर्नेमा चाहिं काम रुची ।

यो आफ्नो समूहको कार्यक्रममा मात्र ध्यान दिने प्रवृत्तिले के(?)लाई भन्दा बढी कसले(?) लाई बढी महत्व दिन्छ । यस प्रवृत्तिको जरो व्यक्तिवाद नै हो, सामूहिक व्यक्तिवाद । आफ्नो फाइदाको काम भयो भने ध्यान दिएर काम गर्ने, समाजको र सामूहिक फाइदाको कुरा भयो भने ध्यान दिएर काम नगर्ने ।

यो पूंजीवादी व्यक्तिवादको उदांगो उदाहरण हो, जो हामीभित्र रहेछ र जसका विरुद्ध हामी आफैं सचेत भएर लड्नु जरुरी छ ।

यदि हामीले ल्याउने समाजवादमा पनि मानिसहरुमा यो प्रवृति हावी भयो भने, परिणाम के हुनेछ ? संपूर्ण सामूहिक कार्यहरु, सामूहिक उद्यम-व्यवसायहरु, सामाजिक हितका कार्यक्रमहरु असफल हुनेछन्, ढल्नेछन् । तर व्यक्तिको निजी कार्य, उद्यम-व्यवसाय भने फस्टाउने छ ।

अनि के यो प्रवृत्तिले समाजवाद बाँकी बस्छ ? के यो प्रवृत्तिले फेरि पनि घुमीफिरी

बाँकी २७ पृष्ठमा

**संयुक्त सभा-जुलूस किन फितलो ?**
**दुई "आखिल" को साझा कार्यक्रम किन कमजोर ?**
**दुई "कला-टोली"को संयुक्त कार्यक्रममा तयारी किन कमजोर ?**



-प्रज्ञानरत्न

# कुन कुरालाई प्रगतिशील भन्ने, कुनलाई प्रतिगामी ?

"गएको जन-आन्दोलतबाट आएको बहुदलीय व्यवस्था प्रतिगामी थियो किनकी त्यो साम्राज्यवादको समर्थनबाट आएको थियो ।"

"बुद्ध प्रतिक्रियावादी हुन् किनकि उनले समाजवाद बुझेनन् ।"

यी र यस्ता विचारहरु हामी यत्रतत्र सुन्न पाउँछौं । कुन कुरालाई प्रगतिशील भन्ने, कुनलाई प्रतिगामी ? यस मामलामा केही गंजागोल पैदा भएको छ ।

कुनै पनि कुरा आफैंमा प्रगतिशील वा सही हुँदैन । एउटा निश्चित सन्दर्भ र सम्बन्धमा मात्र कुनै पनि कुरा प्रगतिशील वा अप्रगतिशील, सही वा गलत हुने गर्छ ।

तर हामी कहाँ फुट्टा रुपमा कुनै पनि कुरालाई सही वा गलत भन्ने, प्रगतिशील वा प्रतिगामी भन्ने व्यापक प्रचलन छ । समय र परिस्थिति भन्दा अलग्गै, सन्दर्भमा भन्दा अलग्गै कुनै पनि कुरालाई प्रगतिशील वा प्रतिगामी, सही वा गलत ठहऱ्याउने चिन्तन प्रणाली एउटा आम-रोगको रुपमा हाम्रो आन्दोलनमा विद्यमान छ ।

गएको जन-आन्दोलतबाट आएको बहुदलीय व्यवस्थालाई प्रगतिशील भन्ने कि प्रतिमामी भन्ने ?

एउटा निश्चित सन्दर्भ र संबन्धबाट कटाएर तत्कालीन समय र परिस्थितिबाट अलग्याएर यसको सही मूल्याङ्कन हुन सक्दैन । भविष्यको कुनै उन्नत लक्ष्यसंग तुलना गरेर, समाजवाद र साम्यवादसंग तुलना गरेर, विगत जन-आन्दोलनको उपलब्धीको मूल्याङ्कन गर्नु सरासर गलत र अवैज्ञानिक हुन्छ । यसको सही र वैज्ञानिक मूल्याङ्कन गर्नको लागि त कुन समय र परिस्थितिको सदर्भ बहुदल आएको थियो? त्यो आउनु भन्दा अगाडिको यहाँको व्यवस्था के थियो, सन्दर्भमा के थियो ? त्यो आउनाले जम्माजम्मीमा समाज अगाडि गयो कि पछाडि ? उज्यालोतिर गयो कि अँध्यारोतिर यसको कुराको निरुपण गर्नु पर्ने हुन्छ ।

कुनै पनि वर्तमान "प्रगति" भयो कि "अवनति", यो कुरा भविष्यसंग तुलना गरेर छुट्टिन सक्दैन । त्यसको विगतसंग तुलना गरेर मात्र यसको सही छिनोफानो हुन सक्छ, किनकि समयको त एउटै मात्र आयाम हुन्छ । समय जहिले पनि अघिल्तिर र विगतबाट वर्तमानतिर, वर्तमानबाट भविष्यतिर अघि बढीरहेको हुन्छ ।

यो जग-जाहेर छ, नेपालमा जन-आन्दोलन अघि सामन्तवादी निरंकुश राजतन्त्र थियो । जनअधिकार अत्यन्त सीमित थियो । सम्पूर्ण अधिकार राजामा केन्द्रित थियो । बहुदल अगाडिको बिगत यही थियो । यही समय र परिस्थितिको सन्दर्भमा नेपालमा "बहुदलको निम्ति"जन-आन्दोलन भएको थियो । बहुदलको प्राप्तिले नेपाली राज्यलाई सामन्तवादी निरंकुश राजतन्त्रबाट पूंजीवादी संसदीय प्रजातन्त्रमा रुपान्तरित गरेको थियो । त्यसले "राजाको हातमा संपूर्ण अधिकार" लाई "संसदको बहुमतको हातमा संपूर्ण अधिकार" मा बदलेको थियो । त्यसैले, बहुदलीय व्यवस्था प्रगतिशील भयो कि प्रतिगामी भयो- यसको निक्यौंल सामन्ती निरंकुश राजतन्त्रको सन्दर्भमा पूँजीवादी संसदीय प्रजातन्त्र आउनु जम्माजम्मीमा प्रगतिशील कदम हुन्छ कि प्रतिगामी ? .......- यसको आधारमा गर्नु पर्ने हुन्छ । बहुदलीय व्यवस्थाको विगतको सापेक्षतामा अर्थात पंचायती व्यवस्थाको सापेक्षतामा यसको मूल्याङ्कन गर्नु पर्ने हुन्छ ।

सामन्ती निरंकुश राजतन्त्रको ठाउँमा पूँजीवादी संसदीय व्यवस्था आउनु भनेको मानव समाजको विकासको हिसावले एउटा फड्को हो । यो एक कदम प्रगति हो । यस कदमद्वारा नेपाली समाज एक कदम अगाडि बढेको छ , पछि हटेको छैन । केही उज्यालोतिर अघि बढेकोछ, अँधेरोतिर होइन । यसको विगत सँगको यही तुलनाको आधारमा, तत्कालीन समय र परिस्थितिसंगको, सन्दर्भसंगको तुलनाको आधारमा, बहुदलीय व्यवस्था जम्माजम्मीमा एउटा प्रगतिशील पाइला थियो । प्रतिगामी होइन ।

खालि बहुदलीय व्यवस्थाको सन्दर्भमा मात्र होइन, कुनै पनि कुराको प्रगतिशीलताको सन्दर्भमा यो पद्धति लागू गर्नु पर्छ । कुनै पनि कुराको प्रगतिशीलताको सवाल आउने वित्तिकै हाम्रो प्रश्न हुनु पर्छ - के को सन्दर्भमा ? कुन कुरासंगको सम्बन्ध र तुलनामा ? कुन समय र परिस्थितिसंगको सम्बन्धमा वा सापेक्षतामा ?

यदि त्यो कुराले तत्कालीन समय र परिस्थितिको सन्दर्भमा र तुलनामा मानव समाजलाई, जम्माजम्मीमा, अघि लैजाने, उज्यालोतिर लैजाने काम गरेको छ भने त्यो कुरा प्रगतिशील हो । पछिल्तिर लैजाने, अँधेरोतिर धकेल्ने काम गरेको छ भने त्यो अप्रगतिशील वा प्रतिगामी हो । हामीले हरेक कुरालाई जे छ र जे थियो, त्यसको सन्दर्भमा नै तुलना गरेर हेर्नु पर्छ किनकि जे छ वा जे थियो, त्यो नै त ठोस आधार हो, जसको आधारमा कुनै कुराको सही तुलना हुन सक्छ । बिना आधार कुनै पनि कुराको निरपेक्ष तुलना हुनै सक्दैन ।

यो सबाल कुनै कुरालाई लामो भन्ने कि छोटो भन्ने भने जस्तै सवाल हो । मेरो हातमा १२ इञ्चको एउटा फुट-स्केल छ । त्यो लामो हो कि छोटो हो ? के बिना कुनै सन्दर्भ र संबन्ध, त्यसलाई लामो वा छोटो ठहऱ्याउन सकिन्छ ? तुलना गर्नको लागि अर्को केही कुरा हुनु पऱ्यो , अनि त त्यो लामो हो कि छोटे हो भनी सही निक्यौंल निकाल्न सकिन्छ । अर्को १८ इञ्चको फुट-स्केल छ भने त्यसको सम्बन्ध र सन्दर्भमा भन्न सकिन्छ- त्यो छोटो हो तर अर्को ६ इञ्चको फुट स्केल छ भने त्यही १२ इन्चको फूट-स्केल पनि लामो ठहरिन सक्छ । त्यसैले १२ इन्चको फुट स्केल लामो हो कि छोटो, त्यसको सही मूल्याङ्कन गर्नको लागि हाम्रो प्रश्न हुनु पर्छ - के को तुलनामा ? कुन कुराको सन्दर्भमा र संबन्धमा ? कुन अर्को वस्तुको सापेक्षतामा, जुन तुलनाको लागि अस्तित्वमा छ ? अन्यथा १२ इञ्चको फुट-स्केललाई न छोटो भन्न सकिन्छ न लामो नै ।

बयल-गाडालाई प्रगतिशील बाहन भन्ने कि पछौटे बाहन ? यो पनि यस्तै प्रश्न हो । जतिखेर मानव समाज हिड्नु, दौड्नु, सिवाय अरु उपायले आफ्नो काम छिटो संपन्न गर्न सक्दैनथ्यो, त्यस समय र परिस्थितिको सन्दर्भ र संबन्धमा बयलगाडा पनि एउटा प्रगतिशील कदम थियो । यसले मानव समाजको धेरै समय बचाएको थियो । यो प्रगतिको फड्को थियो । बयलगाडाकै अनुभवको जगमा मानब समाजले बग्गी बनाउन सिकेको थियो र बग्गीबाट मोटर । तर मानव समाज मोटर, जेट र रकेटको युगमा आईसकेपछि के बग्गी र बयलगाडा अब पनि प्रगतिशील बाहन हुन सक्छन् ? के कसैले अहिले बडो मेहेनतले छिटो कुद्ने बयलगाडा फेरि बनाउँछ भने त्यो प्रगतिशील कदम हुन सक्छ ? यो स्थितिमा त्यही बयलगाडाको निर्माण एउटा पछौटे कार्य ठहरिन्छ ।

यसरी कुनै पनि कुरा प्रगतिशील हुन्छ पनि, हुन्न पनि । त्यस्तै कुनै पनि कुरा प्रतिगामी हुन्छ पनि, हुन्न पनि । जुन कुरा एउटा सन्दर्भमा प्रगतिशील हुन सक्छ, त्यो अर्को सन्दर्भमा प्रतिगामी हुन् सक्छ । जुन कुरा एउटा निश्चित समय र परिस्थितिसितको सन्दर्भमा प्रतिगामी हुन्छ , त्यो अर्को सन्दर्भमा प्रगतिशील हुन सक्छ । निरंकुश राजतन्त्रबाट पूँजीवादी प्रजातन्त्रमा फड्को मार्नु प्रगतिशील कदम हो । तर समाजवादबाट फेरि पूँजीवादी प्रजातन्त्रमा फड्को मार्नु भने प्रतिगामी कदम हो । त्यसैले पूँजीवादी प्रजातन्त्र प्रगतिशील कि प्रतिगामी व्यवस्था ?- त्यसको मूल्याङ्कन फुट्टो रुपमा हुन सक्दैन । अस्तित्वमा रहेको कुनै अर्को व्यवस्थासितको सन्दर्भमा मात्र, त्यो सितको तुलनामा मात्र, त्यो प्रगतिशील कि प्रतिगामी- त्यसको सही मूल्याङ्कन हुन सक्छ ।

अहिले नेपालमा बहुदलीय पूँजीवादी संसदीय व्यवस्था अस्तित्वमा छ । क्रान्तिद्वारा हामी

**गत जनआन्दोलनबाट प्राप्त बहुदलीय व्यवस्था प्रतिगामी कि प्रगतिशील ?**

**गौतम-बुद्ध प्रतिगामी कि प्रगतिशील ?**



# बुद्धको समयमा खालि राजाको छोरा भएर मार्क्स स्वयं लुम्बिनीमा जन्मनु भएको भए के उहाँले

# समाजवादी सिद्धान्त प्रतिपादन गर्न सक्नु हुन्थ्यो ?.



फेरि पनि बहुदलीय पूँजीवादी संसदीय व्यवस्था नै ल्याउँछौं भने त्यो समाजको निम्ति प्रगति हुन्छ कि हुन्न ? - त्यो प्रगतिशील व्यवस्था हुन्छ कि हुन्न ? यो पनि एउटा त्यस्तै प्रश्न हो । ध्यानपूर्वक विचार गरेमा जो सुकैले पनि यसको सही उत्तर प्राप्त गर्न सक्छ ।

जन-आन्दोलन पछिको बहुदलीय व्यवस्थालाई प्रतिगामी भन्ने चिन्तन र वा बहुदलीय संसदीय व्यवस्था अस्तित्वमा हुँदाहुँदै फेरि क्रान्तिद्वारा बहुदलीय संसदीय व्यवस्था नै ल्याउने भन्ने चिन्तन दुबैको स्रोत एउटै हो - दुबैले वस्तुलाई निरपेक्ष तुलनाको आधारमा, बिना सन्दर्भ र संम्बन्ध, समय र परिस्थिबाट अलग थलग गरेर हरेका छन् । र दुवैले पहिले के छ वा के थियो भन्ने कुरासित कुनै सम्बन्ध र सरोकार नै नराखी पछिल्लो कुरालाई प्रगतिशील वा प्रतिगामी भन्ने काम गरेका छन् । निरपेक्ष तुलनाको यो विधि, समय र परिस्थिति भन्दा अलग, बिना कुनै सन्दर्भ र सम्बन्ध वस्तुलाई हेर्ने - विश्लेषण गर्ने यो पद्धति अवैज्ञानिक छ । यसले कुनै पनि वस्तुबारे सही धारणा बनाउन मद्दत गर्दैन । यसले हामीलाई मन-गढन्त चिन्तनतिर, मनपरी धारणा बनाउने दिशातिर, मनोगतवादी चिन्तनतिर डोऱ्याउँछ ।

वैज्ञानिक चिन्तन पद्धति भनेको हरेक वस्तुलाई अलग थलग रुपमा होइन, अरु वस्तुसितको अन्तर्सम्बन्धमा हेर्नु हो । समय र परिस्थितिबाट अलग्याएर होइन, तत्कालीन समय र परिस्थितिसितको सम्बन्धमा हेर्नु । सन्दर्भबाट अलग्ग होइन, हमेशा सन्दर्भसित जोडेर हेर्नु । कुनै पनि वस्तुलाई समय र परिस्थितिबाट अलग्याएर हेर्नु, सन्दर्भबाट अलग्गै हेर्नु अवैज्ञानिक चिन्तन हो, मनोगतवादी चिन्तन हो ।

यस्तो किन त ?

किनभने, संसारमा कुनै पनि वस्तु अलग-थलग छैनन् । संसारका सारा वस्तुहरु अन्तर संबन्धित, अर्थात एक अर्कामा जोडिएका छन् । एउटा वस्तुमा अलिकता परिवर्तन होस्, सारा वस्तुमा परिवर्तन आउँछ । एउटा रुख मात्र काट्नुहोस्, सारा वातावरणमा त्यसले केही न केही असर पार्छ, परिवर्तन ल्याउँछ ।

वस्तुहरु गतिशील छन् । तर ती शून्यमा गतिशील हुँदैनन् । अरु वस्तुसितको द्वन्द्व र सम्बन्धमा नै ती गतिशील हुन्छन् । समय र परिस्थितिसितको सम्बन्धमा नै ती गतिशील हुन्छन् । एउटा मान्छे प्रकृति र समाजसितको निरन्तर अन्तरसम्बन्धमा नै बदलीरहेको हुन्छ । समाज र प्रकृतिसितको संबन्ध र द्वन्द्वमा नै ऊ बाँचीरहेको हुन्छ- काम गरीरहेको र परिवर्तित भईरहेको हुन्छ । र उसका काम र व्यवहारले समाज र प्रकृतिलाई पनि बदल्न मद्दत गरिरहेको हुन्छ - चाहे त्यो प्रगतिको दिशामा होस् वा अवनतिको दिशामा । प्रगति र अवनति भनेका, प्रगतिशील र प्रतिगामी भनेका तुलनात्मक अर्थात सापेक्षिक शब्दहरु हुन् । कुनै व्यक्ति वा समूह वा शक्तिको कामले र व्यवहारले प्रकृति र समाजलाई पाहिलेभन्दा अगाडितिर लग्यो, उज्यालोतिर लग्यो, उकालोतिर लग्यो भने हामी त्यसलाई प्रगति भयो, प्रगतिशील कदम भयो भन्दछौं । पहिले भन्दा "पछिल्तिर" लग्यो, झन् अन्धकारतिर लग्यो, ओरालोतिर लग्यो भने हामी त्यसलाई अवनति भयो, प्रतिगामी भयो भन्छौं । कुनै कुरालाई प्रगति भन्ने कि अवनति भन्ने, प्रगतिशील भन्ने कि प्रतिगामी भन्ने, यो हाम्रो इच्छामा र मनमा भर पर्दैन । त्यो हाम्रो इच्छा र मनभन्दा बाहिर स्वतन्त्र रुपमा जे अस्तित्वमा छ, जे वस्तु-जगतमा छ, त्यो संगको तुलनामा सापेक्षतामा, सम्बन्धमा भर पर्दछ । हामी हाम्रो इच्छा र मनमा मात्र आधारित भएर कुनै पनि वस्तुको मूल्याङ्कन गर्छौं भने त्यो मनोगतवादी चिन्तन, अर्थात मनमा आधारित चिन्तन हुन्छ । अनि मनमा आधारित चिन्तन वस्तुसम्मत र वैज्ञानिक त हुनै सक्दैन किनकि वस्तुहरु त हाम्रो मन वा इच्छाभन्दा बाहिर छन् र स्वतन्त्र अस्तित्वमा छन् ।

बुद्धको मूल्याङ्कन गर्ने सवालमा पनि समस्या यही नै हो । बुद्धका विचारहरु प्रगतिशील कि प्रतिगामी ? बुद्धत्व बाँचेको, बुद्धले चल-खेल गरेको र सिद्धार्थले बुद्ध प्राप्त गरेको त्यतिखेरको समय र परिस्थिति, त्यतिखेरको समाजको विचारको सन्दर्भ र सम्बन्ध थाहा पायौं भने मात्र हामी बुद्धका विचारहरुको सही र वैज्ञानिक मूल्याङ्कन गर्न सक्छौं । त्यो प्रगतिशील थियो कि प्रतिगामी थियो भन्न सक्छौं । तात्कालीन समय र परिस्थितिबाट अलग्याएर, तात्कालीन समाजको सन्दर्भ र सम्बन्धबाट अलग्याएर बुद्धको विचारबारे धारणा बनाउनु भनेको फेरि पनि मनगढन्त, मनोगतवादी धारणा बनाउनु हो । यस्तो गर्नु गलत र अवैज्ञानिक त हुन्छ नै । यो सरासर अन्यायपूर्ण पनि हुन्छ ।

हेगेलले द्वन्द्ववादको र फायरवाखले भौतिकवादको जग नहालेको भए मार्क्सले द्वन्द्वात्मक भौतिकवादको विकास गर्न सक्नु हुने थिएन । मार्क्सको समय हेगेल र फायरवाखले गरेको कसरत गर्दै बित्यो । त्यसैले मार्क्सवाद जन्मनुमा हेगेल र फायरवाखले हालेको वैचारिक जगको पनि अहं भूमिका छ । उन्नत दर्शनको विकासको निम्ति कुनै आधार नै नभएको बुद्धको समयमा खालि राजाको छोरा भएर मार्क्स स्वयम लुम्बिनीमा जन्मनु भएको भए के उहाँ समाजवादी सिद्धान्त प्रतिपादन गर्न सक्नु हुन्थ्यो ? के उहाँले हेगेल र फायरवाखको दर्शनलाई द्वन्द्व-संश्लेषण गरेर द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त विकास गर्न सक्नु हुन्थ्यो ? के उहाँले "पूँजी" ग्रन्थ लेख्न सक्नु हुन्थ्यो ?- कदापि सक्नु हुने थिएन ।

त्यसैले बुद्धका विचारहरुको मूल्याङ्कन गर्दा पनि आज भन्दा २५०० वर्ष अगाडिको त्यतिखेरको गाउँले, आज्ञानताले जर्जर, इश्वरवाद र पुरोहितवादले हाहाकार मच्चाएको पृष्ठभूमि, सन्दर्भ, समय र परिस्थिति भुल्नु हुँदैन । त्यस समय र परिस्थितिमा पनि पुरोहितवादको विरुद्ध विद्रोह गर्नु र आवाज उठाउनु, संसारमा ईश्वर भन्ने कुरा छैन भनेर खुलेआम घोषणा गर्नु, संसारमा हरेक कुरा परिवर्तनशील छ, नाशवान छ, भनेर हरेक वस्तुको द्वन्द्वात्मक व्याख्या गर्नु, प्रत्येक वस्तुलाई जस्तो छ त्यस्तै थाहा पाउनु पर्छ, "यथाभूत तथा ज्ञान दर्शन" भनेर वस्तुको भौतिकवादी व्याख्या गर्नु, यी कुरा जम्मा जम्मीमा प्रगतिशील हुन् कि प्रतिगामी ? प्रत्येकले छुट्याउन सक्ने कुरा हो ।

हो, बुद्ध पनि त्यतिखेरको समय र परिस्थितिले लादेको सीमा भन्दा बाहिर जान सक्नु हुन्नथ्यो र सक्नु भएन । अहिलेको मापदण्डबाट हेर्दा उहाँका विचारहरुमा पनि अपूर्णता र खोट देखिन्छन, देखिन सक्छन् । तर भविष्यको मापदण्डबाट हेर्दा के मार्क्स, एँगेल्स, लेनिनमा चाहिं अपूर्णता र खोट नदेखिएलान् ? र के त्यो कुनै पनि कुराको मूल्याङ्कन गर्ने सही पद्धति हो ?

त्यसैले, वस्तुहरुलाई भविष्यको मापदण्डको आधारमा त्यसको वैज्ञानिक मूल्याङ्कन गर्न संभव छैन । कुनै पनि व्यक्ति वा वस्तुहरुलाई मूल्याङ्कन गर्दा त्यसलाई ऐतिहासिक विकासको क्रमिकतामा र सन्दर्भमा मूल्याङ्कन गर्नु पर्छ । प्रगतिशीलता र प्रतिगामिताको मूल्याङ्कन पनि कुनै पनि वस्तुको ऐतिहासिक सन्दर्भ र ऐतिहासिक विकासको क्रमिकतामा नै गर्नु पर्छ । मानव-समाजको ऐतिहासिक विकासको क्रमिकतामा र सन्दर्भमा भालाबाट धनुवाणमा अघि बढ्नु प्रगति हो, धनुवाणबाट बन्दूक, तोप र मिसाइलमा अघि बढ्नु प्रगति हो । तर मिसाइलबाट फेरि भालामा फर्किनु प्रगति होइन, अवनति हो । यो प्रतिगामी पाइला हो ।

ऐतिहासिक सन्दर्भमा हेर्नु खालि वस्तुमा मात्र हैन, हरेक घटनामा पनि जरुरी छ । प्रत्येक घटनालाई पनि हामीले समय र परिस्थितिसितको सम्बन्ध र सन्दर्भमा हेर्नु जरुरी छ । मानिस मार्नु प्रगतीशील कि प्रतिगामी कदम हो ? समय र परिस्थितिबाट अलग थलग रुपमा हेर्ने हो भने जो सुकैले पनि यसलाई प्रतिगामी कदम भन्न सक्छ । तर प्रश्न उठ्छ- यदि एउटी महिलालाई एउटा नराधमले बलात्कार गर्ने प्रयत्न गरेको रहेछ र आत्म-रक्षाको लागि प्रयत्न गर्दा उनले त्यस मानिसलाई मारिन् भने नि ? यदि एउटा चुसाहाले थुप्रै चुसिएका मानिसहरुले न्यायको निम्ति संघर्ष गर्दा हिंसा प्रयोग गऱ्यो भने प्रत्युत्तरमा चुसिएका मानिसहरुले आफ्नो रक्षाको लागि प्रतिहिंसा गर्ने दौरानमा त्यो चुसाहा मारियो भने नि ?- त्यसैले मानिस मार्नु ठीक कि बेठीक, प्रगतिशील कि प्रतिगामी कार्य ? भन्ने प्रश्न आफैंमा हरेक घटनालाई समय र परिस्थितिबाट, सन्दर्भबाट अलग्याएर हेर्ने दृष्टिकोणबाट निर्देशित छ । कुनै एउटै घटना सही पनि हुन सक्छ, गलत पनि, न्यायपूर्ण पनि हुन सक्छ, अन्यायपूर्ण पनि, प्रगतिशील पनि हुन सक्छ, प्रतिगामी पनि । यो घटनामा भर पर्दैन । यो कुरा घटनाको समय र स्थितिमा भर पर्छ, सन्दर्भ र पृष्ठभूमिमा भर पर्छ । यो यसको ऐतिहासिकतामा भर पर्छ ।

प्रत्येक वस्तुलाई र घटनालाई अरु वस्तुसितको सम्बन्धमा हेर्न खोज्नु समय, र परिस्थितिसितको अन्तरसम्बन्धमा हेर्न खोज्नु, ऐतिहासिक सन्दर्भमा हेर्न खोज्नु, ऐतिहासिक क्रमिकतामा हेर्न खोज्नु दर्शनको भाषामा द्वन्द्वात्मक चिन्तन प्रणाली हो । बाँकी ५४ पृष्ठमा

# नेपालीमा बनेको एउटा "हिन्दी फिल्म"
# युगदेखि युगसम्म



"प्रेम र बिछोड, आँसु र हाँसो, रहस्य र रोमाञ्च एवं सुमधुर गीत र नृत्यहरुले भरिएको । सपरिवार अवश्य हेर्नुहोस् ।"

आम-हिन्दी फिल्महरुको प्रचार-प्रसार र विज्ञापनहरुमा यो माथिको व्यहोरा कुनै न कुनै रुपमा परेकै हुन्छ ।

यो व्यहोरामा आम-हिन्दी फिल्महरुका करीब करीब सबै मसलाहरुको परिचय संगेटिएको छ ।

वास्तविकतासंग मेल नखाने सस्तो -प्रेम प्रसंग, त्यसै प्रेम-प्रसंगका विरुद्ध त्यस्तै अवास्तविक बाधा-विरोधका कारण विछोड । बस! - प्रेम र विछोडवाला मसला तयार ।

त्यही विछोडले भारेको आंसु अनि नायक - नायिकाबीचको भेट, गीत र नृत्यहरुको हांसो । यो हांसोवाला मसलामा स्वाद थप्ने काम जोकरले पनि गर्छ, जसलाई शुरुदेखि नै संभवत: नायक-नायिका वा खलनायक-खलनायिकाको साथ लगाइएको हुन्छ । बेला बेलामा उट्पट्यांग कुराहरु गरेर ऊ दर्शकहरुलाई एक छिन हँसाउने कोशीस गर्छ ।

बेतुक-घटनाहरुद्वारा रहस्यको सृजना र ठूलो "ढिस्यूँ ढिस्यूँ" युक्त मारमुंग्रीद्वारा रोमाञ्चको सृजना । छाडा र स्तरहीन गीतहरु र उत्ताउला नृत्यहरुले पनि यो रोमाञ्चको पक्षलाई साथ दिएका हुन्छन् ।

आम-हिन्दी फिल्ममा प्राय: उस्तै उस्तै घटनाहरु हुन्छन् । एउटा घटना घटेपछि अब के हुन्छ भन्ने कुरा दर्शकले पहिल्यै अनुमान गर्न सक्छ ।

नायिकालाई कुनै आपत आइलाग्छ, अपरिचित नायकले ठूलो बहादुरी र दायित्व-बोधका साथ नायिकाको आपत टारेपछि उनीहरुको परिचय र प्रेम एकैसाथ शुरु हुन्छ र फिल्म शुरु भएको करीब ३०-४० मिनेट भित्रमा उनीहरुले दुई तीन वटा प्रेम-गीतहरु गाईसक्छन् । सडक-बजार, वन, बगैंचा, झर्ना आदिमा जतातते यी प्रेम-गीतहरु गाउँदै, उफ्रँदै नायक- नायिकाहरु हिड्छन् । कतै मेला-पातमा व्यस्त खेतालाहरु वा मजदूरहरु भेट भए भने विना-शर्त उनीहरुले यी नायक-नायिकाको गीतमा एक दुई हरफ गाना वा छोटो स्वर-लहरी थपीदिन्छन् । मानौं सारा संसार नै यी सडक सडकमा गीत गाउँदै हिड्ने नायक-नायिकाहरुको तालमा ताल मिलाइरहेको छ ।

यी प्रेम-गीतहरु नायक-नायिकाहरुलाई फिल्मको मूल घटनामै जोडेर गाउन लगाउँदा प्रसंग नमिल्ने भएमा सपनामा वा कल्पनामा गाएको देखाइदिन निर्देशकहरु बडो सिपालु हुन्छन् । त्यसैले एउटै गीतको एक टुक्रा शहरको पार्कमा किशोर कुमारको स्वरमा नायकले गाइरहेको हुन्छ भने, त्यही गीतको अर्को टुक्रा गाउँको चियाबारीमा लता-मंगेशकरको स्वरमा नायिकाले गाइरहेकी हुन्छे ।

त्यसपछि आउँछ समाज वा घर-परिवार, जसले नायक-नायिकाको प्रेमलाई स्वीकृति दिँदैन ।

यसैबीच, केही मोटा, मुडुला, लफंगा-पहलवानहरुसहित प्रकट हुन्छ- खलनायक । बस्, अब के चाहियो ? अब आउँछ फिल्ममा रौनक ।

सारा लफंगाहरुको बीचमा खलनायक प्रतिज्ञा गर्छ कि ऊ कुनै हालतमा पनि नायिकालाई छोड्ने छैन, चाहे त्यो धर्ति नै चकनाचूर किन नहोस् । यसपछि शुरु हुन्छ-खलनायकले नायकको हातबाट कुटाइ खाने क्रम ।

उसले एक चौथाई कुटाइ त फिल्मको 'हाफ ट्याम' भन्दा अगाडि नै खान्छ, बाँकी तीन चौथाई कुटाइ चाहिं फिल्म सकिनुभन्दा करीव १० मिनेट अघिको समयतिरको लागि बांकी राखिएको हुन्छ । सारा - मुडुला टाउके लफंगाहरुले नायकको हातबाट यति कुटाइ खान्छन कि अन्तमा त नायकको हात उठेको देखेर वा खुट्टा बजेको सुनेर मात्रै पनि उनीहरुको भागाभाग हुन्छ ।

फिल्मको पछिल्लो १० मिनेट चाहिं नायक नायिकाको मिलन, विवाह वा पार्टी अथवा आत्म हत्या अथवा मृत्युको दृश्यको लागि छुट्याइएको हुन्छ ।

यसरी एउटा आम-हिन्दी फिल्म सकिन्छ ।

केही हप्तापछि प्रचार-बाजीको रुप केही बदलिन्छ - "लाखौं दर्शकहरुले मन पराएको, सिल्वर-जुब्ली मनाएको फिल्म ! सपरिवार अवश्य हेर्नहोस् ।"

यही आम-हिन्दी फिल्मकै कोटीमा नेपाली फिल्महरु बनाएर पैसा बटुल्ने होड-बाजी नेपालमा पनि शुरु भएको छ । यसकै एउटा सिलसिलाका रुपमा लिन सकिन्छ फिल्म - "युगदेखि युगसम्मलाई ।

हालै मात्र काठमाण्डौंका केही हलहरुमा एकसाथ चलेको यस फिल्मी "युगदेखि युगसम्म" प्राय: सबै व्यावसायिक फिल्म मसलाहरुले भरिएको छ ।

धनाढ्य बाबुकी एक्ली छोरी **कंचन** र उसका साथीहरुलाई एउटा सानो स्कूलकी संचालिकाको छोरो **आशिषले** गुण्डाहरुबाट बचाएपछि अगाडि बढ्ने यो फिल्ममा अर्को कुनै दिन गाडी बिग्रेर नायिका **कंचन** र उसका साथीहरु बास बस्न गएको ठाउ नायक **आशिषकै** घर पो रहेछ ।

बस् ! यसरी फिल्म अब माथि उल्लेखित बजारिया हिन्दी फिल्मको बाटोमा अघि बढ्छ । त्यसैले , कसैले यसलाई नेपालीमा बनेको आम-हिन्दी फिल्म भन्छ भने त्यो अनुचित ठहर्दैन । यो फिल्म एउटै कारणले मात्र हिन्दी फिल्म होइन, त्यो कारण हो - यसमा नेपाली भाषाको प्रयोग गरिएको छ ।

बाबुको साथीको छोरो **कुबेर** (खल-नायक)लाई नायिका **कंचन** शुरुदेखि नै एउटा सामान्य शिष्टाचार पनि दर्शाउँदिन, किनभने नायिकालाई थाहा छ - ऊ खल-नायक हो । खल-नायकको बाबु आफ्नो बाबुको साथी हुन्छ । उसंग पनि ऊ त्यस्तै रुखो व्यवहार गर्छे । यसको बदलामा खल-नायक मात्रै के कम । उसलाई थाहा छ - "फूल टिप्नु भन्दा पहिले काँडा पन्छाउनु पर्छ ।"

त्यसैले आफ्ना बाबु आमा र नायिकाको बाबुसमेतलाई आफ्नो पक्षमा तान्दै ऊ नायक रुपी काँडा पन्छाउने अभियानमा लाग्छ । नायक र नायिका मरीहत्ते गरेर एकले अर्कोलाई नछोडने गरी एक भैसकेका गीतका टुक्राहरु वनको एकान्तमा सुन्दासुन्दै र देख्दा देख्दै पनि खलनायक अझै पछि पछि लागीरहन्छ, किनभने निर्देशकलाई थाहा छ - यसो गरेमा मात्र फिल्मलाई तीव्र -क्लाइमेक्स मा पुऱ्याउन सजिलो पर्छ ।

नायिकाको बाबु र नायककी आमाको बीचको पुरानो दुश्मनी पनि यसमा जोडिन्छ । यो यसकारण जोडिन्छ कि यो जोडाइले फिल्मलाई थप केही विविधता प्रदान गर्दछ । टकराब अरु घनीभूत हुन्छ । आखिर पर्याप्त गीतहरु गाएर र पर्याप्त मारमुंग्री सकेर चन्द्र-सूर्य रहुञ्जेलसम्म नअलग्गिने "सानदार फिल्मी प्रतिज्ञा" गर्दै नायक-नायिकाहरु डाँडाबाट खसेर मर्छन । यसरी एउटा "अमर प्रेम-गाथा" सकिन्छ । निर्माता र निर्देशकहरुको व्यवसायमा एउटा ईटा थपिन्छ ।

फिल्मलाई जबरजस्ती बिकाऊ बनाउन यसमा अनावश्यक शरीर-प्रदर्शनलाई थप मसलाको रुपमा प्रयोग गरिएको छ । नायक र जोकरले खोलामा नुहाएको दृश्य, नायकको खुकुलो पोशक, अनावश्यक रुपमा सर्ट फुकाल्ने काम आदि बाहेक एक ठाउँमा त ड्राइभर रामबहादुरलाई पनि यसरी नै प्रस्तुत गर्ने जमर्को निर्देशकले गरेका छन् । बिग्रको गाडी बनेको खबर लिएर नायिका र उसका साथी कहां जाँदा र फर्कदा ड्राइभरले कमिज हातमा लिइरहेको हुन्छ, लगाउँदैन ।

आम-हिन्दी फिल्ममा जस्तै यस फिल्ममा पनि प्रेमले अमीर-गरीब भन्दैन भन्ने झुठो सन्देश दिन खोजिएको छ । नायिका धनाढ्य परिवारकी र नायक गरीब परिवारको देखाउन खोजिएको छ तर यसमा त्यति तालमेल मिलाउन भने निर्देशकले सकेका छैनन । नसुहाउने किसिमले दाउरा बोक्ने, काट्ने काम गर्ने नायक अर्को दृश्यमा त कुनै स्तरीय रेष्टुरामा पो पुगीरहेको हुन्छ !

समाजरुपी जेलबाट भागेर आएको दावी गर्ने नायक नायिकाहरु बडो अस्वाभाविक रुपले भाग्छन् । भाग्दाभाग्दै आफू कस्ती देखिन्छु भनी नायकलाई प्रश्न गर्न पनि नायिकाले भ्याउंछे ।

आम जनताको दिमागमा कल्पनाका अग्ला अग्ला महलहरु खडा गरी समाजको यथार्थसंग नजोडिएको कोरा सपना बाँड्ने काम यस फिल्मले गरेको छ । कतिपय नाटकीय र विल्कूल अवास्तविक घटनालाई पनि बास्तविक जस्तै देखिने गरी प्रस्तुत गर्ने यस्ता खाले फिल्महरुबाट बौद्धिक-सामाजिक चेतना कमजोर भएका सर्व-साधारण जनताहरुले केही सस्तो मनोरंजन त लिन्छन नै । साथ साथमा समाजमा रहेका मुठ्ठीभर धनाढ्यहरुको पक्षमा कायम गरिएका सामाजिक मूल्य र मान्यताहरु बोकेर उनीहरु घर फर्कन्छन् । अवास्तविक र उत्ताउलो प्रेम-प्रसंगलाई सामूहिक आत्म-हत्यामा अन्त्य गरेर यस फिल्मले दर्शकहरुमा भावुकतापूर्ण पलायनको गैर जिम्मेवारीपूर्ण सन्देश पनि दिएको छ ।

*हरिगोविन्द लुईंटेल*

- डी. आर. पोखरेल

# सत्याग्रह र मूढाग्रह

यहाँ सत्याग्रह भनेर जे भन्न लागिएको छ, त्यो नेपाली काँग्रेसले बेला बेलामा भन्ने गरेको सत्याग्रहको अर्थमा भन्न लागिएको होइन । बरु अलि व्यापक अर्थमा, सच्चाइ पालनाको अर्थमा, सत्यप्रतिको आग्रहको अर्थमा भन्न खोजिएको छ । समाजमा विभिन्न तह, स्तर र वर्गका मानिसहरु छन् । तिनीहरु मध्ये जसले जे भन्छ, त्यही नै सच्चाइ हुँदैन । सच्चाइको छुट्टै लाइन छ । भन्नको लागि त विभिन्न तह र स्तरका मानिसहरु आ-आफ्ना कुरा भन्छन् । आ-आफ्ना ढंगले कुनै कुरालाई सत्य देख्छन् । विभिन्न मत, आग्रह र संस्कारको युग्रोमुनि सच्चाइ छिपेको हुन्छ र त्यसलाई उधिनेर फोहोरको डुङ्गुर नपन्छाई सच्चाइको तह भेट्न नसकिने हुनाले प्राय: सत्याग्रहको बाटो छोडिने र मूढाग्रहलाई अप्नाउने गरिएको पाइन्छ । मूढाग्रह-सहज ढंगले, रमाइलो ढंगले ग्रहण गर्न सकिने हुन्छ । किनभने, यसमा पुर्खा-पुर्खा देखिका बानी -व्यहोरा, रुचि-संस्कार कुँदिएर आएको हुन्छ । यसमा परम्परा एवं सांस्कृतिक विराशतहरु मुछिए का हुन्छन्, जसले गर्दा नै मूढाग्रह प्रिय हुन्छ, सहज हुन्छ र रमाइलो हुन्छ । यसो भएकाले प्राय: मानिसहरु यसकै चंगुलमा फँस्न पुग्छन् ।

भनिन्छ के भने, मानिसहरु जुनसुकै पेशाका भए पनि, जुनसुकै वर्ग, तह र स्तरका भएपनि ती आफ्नो निजी अस्तित्व-बोधले किचिएका हुन्छन् । तिनले भन्ने कुराहरु तिनका आफ्नै विशेष कुराहरु हुन्छन् । निजी गाना वा वेदनाहरु हुन्छन् । तिनले आफ्नै पक्षको, आफ्नै वर्गको, आफ्नै अस्तित्वको रक्षार्थ गानाहरु गाउँछन् वा वेदनाहरु प्रकट गर्छन् । तिनले आफ्नो पक्षपोषण गर्दछन् । तिनले पक्षमा तर्क गर्छन् ,सिद्धान्त बनाउँछन्, र वकालत गर्दछन् । तिनले आफ्नो मतको पक्ष लिन्छन् । त्यो मत जतिसुकै असत्य भए पनि तिनीहरु समाजको लागि जत्तिसुकै अमंगलकारी भए पनि तिनीहरु आफ्नै मतमा अडेका हुन्छन् । अरुको मत सुन्ने धैर्य हुँदैन । मानव जातिको इतिहासमा यस्ता थुप्रै उदाहरणहरु पाइन्छन् । धेरै टाढा किन जाऊँ- भारतको बराबरी मस्जीद-मन्दिर विवाद नै हाम्रा लागि काफी छ । त्यहाँ पृथक मतको, पृथक आग्रह र संस्कारको झगडा छ । त्यहाँ मतान्धता छ, धार्मिक उन्माद छ । मूढाग्रह छ ।

निजी स्वार्थलाई धूरी बनाउने हुनाले मूढाग्रह यति अन्ध, क्षुद्र र असहिष्णु हुन्छ कि आफ्नो मतको मात्र पक्षपोषण गरेर त्यसलाई संतोष हुँदैन, त्यो सत्याग्रहप्रति नै आक्रमक भईदिन्छ । हामीले सुनेका छौं कि विभिन्न युगहरुमा त्यस युग-विशेषका सन्याग्रहीप्रति त्यतिखेरको मूढाग्रही समाज असहिष्णु बनेको थियो । चाहे त्यो इशा मशिहको फाँसी होस् वा ब्रुनोलाई ज्यूँदै जलाइएको घटना होस् वा सुकरातले विष पिउनु पर्ने परिस्थिति होस् वा पृथ्वी घुम्छ भन्दा हजार चोट खानु परेको ग्यालिलिओको अवस्था होस् । यी सबै मूढाग्रहीहरुले सत्याग्रहीहरु-प्रति गरेका आक्रमणका उदाहरणहरु हुन् ।

तर मुढाग्रहमा केवल मत मात्र हुन्छ भन्ने पनि होइन । असत्य आग्रह मात्र हुन्छ भन्ने पनि होइन । त्यसमा सत्यपनि हुन्छ, सत्यको अंश पनि घुलमिल भएको हुन्छ । मूढाग्रह बन्छ नै सत्य र असत्यको मिश्रणबाट । त्यसैले त्यो सत्य जस्तो लाग्ने हुन्छ । त्यसले भ्रन्ति पैदा गर्छ । मुढाग्रहमा असत्य मात्र हुने थियो भने त्यो त्यति हानिकारक हुने थिएन किनकि त्यो सजिलै चिनिन्थ्यो । तर त्यो दुबैको मिश्रण भएकोले त्यो मित्थ्याचार हुन्छ । बाहिरबाट हेर्दा त्यो सत्य झैं देखिन्छ, त्यो आर्कषक देखिन्छ । तर त्यो सत्य हुँदैन । युगौंको सैस्कारले मानिसलाई झूठमा जीउन मजा पनि लाग्छ क्यार । मूढाग्रहमै मानिस रमाएको देखिन्छ ।

मूढाग्रह झूठको जगमा उभिएको हुनाले यो अन्धता, स्वार्थ र दंभले भरिएको हुन्छ । यसले मानिसलाई एकोहोरो, पक्षपाती, स्वार्थी र दंभी बनाउँछ ।

आफ्नै पक्षको, आफ्नै नाताको, आफ्नै हूल- विशेषको वकालत गर्ने र त्यो जस्तो सुकै निम्न कोटीको भए पनि त्यसलाई चेप्ने जुन रोग आज सर्वत्र फैलिएको छ, त्यो नै मूढाग्रहको बीउ हो । त्यसले सत्य प्राप्तिमा बाधा मात्र उत्पन्न गर्ने नभई मूढाग्रहलाई जीउँदो-जाग्दो पनि बनाएको छ । वास्तवमा भन्ने हो भने सत्याग्रह साहस, धैर्य र ज्ञान, इमानको फल हो । मानिस भित्र देखि नै विद्रोही नभै, भित्र देखि नै अपक्षपाती नभई सत्याग्रही हुनै सक्तैन । सत्याग्रहमा सच्चाइको, इमानको, ज्ञानको निस्वार्थताको र समताभावको आवश्यकता हुन्छ । त्यसैले नै यसलाई दुर्लभ, जटील र असाध्य वस्तु जस्तो बनाई दिएको छ तर यो असाध्य वस्तु भने होइन । स्वार्थ, दंभ कायरता र ढोंगबाट मुक्त हुन सचेत र सतत संघर्ष गर्ने जो कोही पनि सत्याग्रही हुन सक्छ ।

जहाँसम्म मूढाग्रहको चारित्र छ, यो स्वार्थमा अडिएको, अन्धता र दंभले भरिएको, औपचारिकता र सतही चलाखीले भरिएको, काम चलाउ खालको हुन्छ । यसकारण पनि मानिसहरुलाई यतातिर बढ्न सहज लाग्ने र रमाइलो लाग्ने हुन्छ ।

माथि नै भनियो कि आग्रह संस्कारद्वारा निर्मित हुने हुन्छ । हामीलाई थाहै छ -संस्कार वातावरण-विशेषको देन हो । एउटा विशेष-वातावरणमा एउटा विशेष-संस्कार पाइने कुरालाई देश-काल सापेक्ष कुरो मान्ने हो भने आग्रह-विशेष पनि सापेक्षिक विशेषता भएको कुरो नै हो । किनभने, सत्याग्रह भनौं वा मूढाग्रह भनौं, त्यहाँ आग्रह त छ नै । त्यहाँ मत वा विचार त छ नै । मत वा विचार त्यसै बन्ने कुरो होइन । यो सामाजिक चेतनाको जगमा उठेको हुनालें यसमा वातावरण र मानवीय विशेष सचेतता एवं प्रयत्न समेतको भूमिका हुन्छ । प्रयत्नद्वारा नराम्रोलाई विस्तारै राम्रोतिर उन्मुख गराउन संभव छ । आग्रह-विशेषलाई पनि यदि त्यो समाजको लागि अमंगलकारी छ भने त्यसलाई मंगलमय बनाउन संभव हुन्छ । यदि रुढी-मान्यतामा आधारित एकपक्षीय, स्वार्थी र सतही विचारहरुलाई अनुमोदन नगरी यसको विरुद्धमा पाइला चाल्दै जाने हो भने स्वार्थबाट निस्वार्थतिर र रुढीबाट विज्ञानतिर, सतहबाट गहिराइतिर र एक पक्षीयतातिरबाट समग्रतातिर जान असंभव छैन । यो संघर्ष नगर्ने हो भने सत्याग्रही बन्न संभव छैन ।

व्यवहारिक जीवनमा थोरैलाई मात्र लाग्ला कि, म कतै मूढाग्रही पो भएँ कि । नत्र भने प्राय: आफूलाई मूढाग्रही भए जस्तो कसैलाई लाग्दैन । ती सबै ढुक्कसंग रहेका हुन्छन् । तिनले आफूलाई सत्याग्रही नै ठानीरहेका हुन्छन् । तिनले आफ्ना आग्रहहरु भन्दा बाहेक कुनै सच्चाइ होला भन्ने कल्पनासम्म गर्न सक्तैनन् । प्राय: सबै पक्षका, सबै तह, स्तर, वर्गका मानिसहरुलाई आफू र आफ्नो पक्ष वा समूह-विशेषका कुराहरु नै परम-सत्य लागेका हुन्छन् । हामीले देखे सुनेका छौं - समाजमा कति धेरै मत र आग्रहहरुमा समूह-विशेषहरु छन् । कोही धर्मको नाममा, कोही राजनीतिको नाममा कोही सामाजिकताको नाममा विभाजित छन्, तिनै विभाजनहरुमा पनि पुन: अन्य उपविभाजनहरु छन् ।

धर्मका साम्प्रदाय र अखडाहरु गनी साध्य छैनन् । त्यसै गरी अन्य पक्षहरु पनि विभिन्न साम्प्रदाय, गुट-अखाडाहरुमा विभाजित भएका छन्,ती सबले सत्यलाई बजारीया वस्तु बनाएका छन् । सत्यलाई आ-आफ्ना विशेष- आग्रहद्वारा परिभाषित गरेका छन् । तिनले सत्यलाई बेकम्मा वस्तु जस्तो बनाएका छन् । यी सबै चल्तीका काम कार्यवाहीहरुद्वारा- विभिन्न मत-आग्रह र संहिताहरुद्वारा साच्चाइ प्रकट हुन सक्तैन । धर्म, राजनीति, दर्शन, जाति, भूगोल यी कुनैका पनि एकपक्षीय संहिताद्वारा सच्चाइ प्रकट हुन सक्तैन । किनभने, यिनले केवल कुनै क्षेत्र, शास्त्र, कुनै पक्ष विशेषको मात्र पोषण गर्ने गर्दछन् ।, त्यहाँ सत्यको अंश त हुन्छ तर त्यो वास्तविक वा वस्तुगत भने हुँदैन । ती आफ्नै पक्षमा, आफ्नै-समूह विशेषका स्वार्थमा यति धेरै लिप्त हुन्छन् कि तिनलाई पत्तै हुँदैन कि तिनका ती विशेष-पक्ष, संहिता, वा संस्कार भन्दा अलग्गै पनि सत्य विराजमान हुने संभावना हुन्छ भन्ने कुरा ।

मूढाग्रहबाट मुक्त हुन त आफैंप्रति आफ्नो आलोचक दृष्टि चाहिन्छ । कतै आफैंमा त मूढाग्रह छैन ? कतै आफैंमा सत्य प्रतिको आग्रह भन्दा बेसी स्वार्थ-प्रतिको आग्रह त हावी छैन ? यो आफैंले आफैंप्रति होशपूर्वक हेर्ने गरेमा मात्र मूढाग्रहबाट मुक्त हुने यात्रा शुरु गर्न सकिन्छ । आफ्ना दोष र कमजोरीप्रति हामी बेहोश छौं भने, हामी आत्म-आलोचक छैनौं भने, हामीसित आफैले आफैंलाई हेर्ने आलोचनात्मक दृष्टि छैन भने अन्धताबाट, मूढाग्रहबाट मुक्त हुने कुनै बाटो छैन ।

≈

मूढाग्रह बन्छ नै सत्य र असत्यको मिश्रणबाट । त्यसैले त्यो सत्य जस्तो लाग्ने हुन्छ । त्यसले भ्रन्ति पैदा गर्छ । मूढाग्रहमा असत्य मात्र हुने थियो भने त्यो त्यति हानिकारक हुने थिएन किनकि त्यो सजिलै चिनिन्थ्यो । तर त्यो दुबैको मिश्रण भएकोले त्यो मिथ्याचार हुन्छ ।



विश्व-बुद्धिचाल च्याम्पियनसीपको इतिहास

# बुद्धिचाल खेल मात्र होइन उदात्त कला पनि हो ।

## विश्व-बुद्धिचाल च्याम्पियन गारी कास्पारोवको कलमबाट

बुद्धिचालको वास्तविक इतिहास त्यस्तै एक सय वर्ष पहिलेदेखि मात्र शुरु भएको हो । मलाई लाग्छ- विश्व-च्याम्पियनसिप, जसको सृजनात्मकताले बुद्धिचाललाई सधैं नयाँ प्रेरणा दिएको छ, यस इतिहासमा कोसे-ढुंगा थियो ।

मार्च, १९८६ मा विश्व-च्याम्पियनको पदवीकोलागि प्रतियोगिताहरुको आयोजना गर्ने परम्पराको शुरुवातको सय वर्ष पूरा भयो । म त भन्छु - यस खेलमा व्यवस्थितपना त्यस पछि मात्रै आउन थालेको हो । त्यो भन्दा पहिले सबै कुरा अव्यवस्थित थियो : कुनै सुनिश्चित नियम र तौलने तराजू थिएन, हरेक व्यक्ति आफ्नो मनपरी खेल्थ्यो, आफ्ना चालहरु मात गर्न दिन्थे, हरेक राम्रा खेलहरु "सदावहार" र "अमर" भनिन्थे र त्यसको तारीफको कुनै अन्त नै देखिदैनथ्यो । अर्कोतिर, खेललाई संझने-बुझ्ने स्तर आजको तुलनामा अत्यन्त तल थियो ।

त्यस्तो स्थितिमा स्वाभाविक छ - पहिलो पटक जुन व्यक्तिले बुद्धिचाल खेललाई धेरै वा थोरै तर्कसम्मत सिद्धान्त बनाए, उनै व्यक्ति विल्हेम स्टाइनिट्ज आफ्ना प्रतिद्वन्दीहरुलाई हराएर विश्व-च्याम्पियन पनि बने । उनको सिद्धान्तले बुद्धिचालका लागि पाठको काम गर्‍यो, तर उच्च-गणित धेरै टाढाको कुरो थियो ।

अर्का च्याम्पियन, एमानुयल लैस्करले हामीलाई नयाँ प्रकारको बुद्धिचाल देखाए र खेलका नयाँ नियमहरु उद्घाटन गरे । उनको बुद्धिचाल युद्ध थियो, दिमागहरुको टक्कर थियो । बुद्धिचालका नियमहरुलाई अरुहरुको तुलनामा ज्यादै गहिराईपूर्वक संझेको बुझेको कारणले नै लैस्कर २७ वर्षसम्म विश्व-च्याम्पियन भईरहे । स्मरण रहोस्, उनले दर्शन-शास्त्र र गणितमा डाक्टरेट पनि गरेका थिए ।

लैस्कर पछि होसे राऊल कपाब्लांका आए मानिसहरु उनलाई मानिस होइन, मेशीन भन्थे, जसले लगभग गल्ती भनेको गर्दै गर्दैन, र कम भन्दा कम साधनहरुबाट बढी भन्दा बढी परिणाम निकाल्थे । कपालांका सिंहासनमा ६ वर्षसम्म बसे ।

उनका उत्तराधिकारी महान रुसी खेलाडी अलेक्जान्डर अल्योखिन थिए । उनले बुद्धिचाललाई अझ माथिल्लो स्तरसम्म पुऱ्याए । त्यसबाट थाहा भयो- बुद्धिचालमा कल्पना, अन्तरबोध र साहसिकतासंग सामना हुँदा अत्यधिक हिसाब किताबमा आधारित शुद्ध मेशीन जस्तो उपागम पूर्णतः अपर्याप्त छ ।

त्यसपछि मैक्स एइवेले देखाए -अल्योखिन जस्ता प्रतिभाशाली खेलाडीलाई पनि हराउन सकिन्छ ..........।

१९२४ मा अन्तर्राष्ट्रिय बुद्धिचाल फेडरेशन (फीडे) को स्थापना भयो र यसरी यस खेललाई एउटा केन्द्रीकृत संगठनात्मक आधार मिल्यो । सोभियत संघ उक्त फेडरेशनमा १९४७ मा सहभागी भयो । शायद त्यसबेला हामी बुद्धिचाल खेलका सर्वमान्य नेता थिएनौं, तर आफ्नो सशक्त बुद्धिचाल - परम्परा र मिखाइल बोटविन्निक तथा अन्य उत्कृष्ट ग्रायण्ड मास्टरहरु मार्फत् हामीले आफ्नो अस्तित्व प्रदर्शन गरीसकेका थियौं ।

१९४८ मा च्याम्पियनशीप म्याच र अर्हता प्रतियोगिताहरुको सुस्पष्ट नियम र प्रक्रियाहरु निर्धारित गरियो । २७ वर्ष पछि यी नियमहरु र प्रक्रियाहरुमा ठूलो परिवर्तन ल्याइयो, तर समयले देखायो - यसबाट जुन प्राप्ति भयो, त्यो कुनै विवेक-संगत विकल्प थिएन । च्याम्पियनसिपमा वास्तविक रुपमा के हुनु पर्दछ, पहिलो पटक यसले बढी सही समझको नीकट पुऱ्याईदियो ।

४० को दशकको अन्तमा एउटा नयाँ घटना घट्यो, जसको बुद्धिचालमा ठूलो असर पऱ्यो । कुरो के हो भने, तबसम्म एकातिर च्याम्पियन र तिनका प्रतिद्वन्दीहरु र अर्कोतिर विशाल बहुसंख्यक खेलाडीहरुको बीच धेरै ठूलो खाडल थियो । अर्को शब्दमा, प्रतियोगिता कुनै ठूलो र प्रचण्ड खालको हुँदैनथ्यो । तर जब सोभियत-बुद्धिचाल खेलाडीहरु मंचमा आए, जो एउटा प्रवल संगठित शक्ति थिए, तब प्रतियोगिता अधिक तीव्र बन्न गयो र पहिले एक- अर्काबाट अलग अलग रहने उपरोक्त दुई थरिका बीच (च्याम्पियन र युवा खेलाडीहरुबीच) अन्तर्क्रिया बढ्न थाल्यो ।

हाल विशिष्ट वर्गहरु र अधिकांश खेलाडीहरुका बीचको खाडल उत्तरोत्तर घट्दै जाँदैछ । यसको पहिलो कारण त बुद्धिचालको बारेमा काफी धेरै साहित्य उपलब्ध हुनु हो भने दोस्रो अति महत्वपूर्ण कारण हो- त्यस्ता धेरै प्रतियोगिताहरु आयोजित हुनु, जसमा युवा खेलाडीहरु कुनै ग्रायण्ड मास्टरको विरुद्ध खेलेर अनुभव कमाउन सक्छन् ।

यसरी हाम्रो सोभियत-बुद्धिचाल स्कूलको बोलवालाको युग शुरु भयो, जब विश्व च्याम्पियनको पदवी क्रमशः मिखाइल बोटविन्निक, वसीली स्मीस्लोव, मिखाइल ताल, तीग्रान पेत्रोस्यान र बोरिस स्पास्कीहरुले जिते । उनीहरुमध्ये हरेकले बुद्धिचाल खेलमा आफ्ना निजी योगदानहरु दिए । बोटविन्निकको योगदान वस्तुतः वैज्ञानिक उपागम थियो, अब थाहा भयो कि बाजीको बीचमै पनि ती अवसरहरुको पूर्व-अनुमान लगाउन सकिन्छ, जसको त्यस जमानामा कुनै कल्पनासम्म गर्न सकिदैनथ्यो, र प्रतिद्वन्दीको खेलको शुरुवातलाई र त्यसको शुरुवातको सिद्धान्तको मुटुमै पनि गडबडी पैदा गर्न सकिन्छ । खेलको अन्तिम भागमाथि स्मीस्लोवको मजबूत पकड थियो र उनी आफ्ना चालहरु "सूक्ष्मतापूर्वक" चाल्थे । अर्को शब्दमा, उनी उत्कृष्ट कोटीका स्थान- आश्रित खेल प्रदर्शन गर्दथे । तालले के देखाए भने, बुद्धिचाल भन्ने कुरा एउटा खेल मात्र होइन, बरु त्यो आफ्नो सौन्दर्यात्मक नियमहरुबाट शासित एउटा उदात्त कला पनि हो । पेत्रोस्यानकै कारणले त्यस चीजको बीऊ पैदा भयो, जसलाई म स्वस्थ व्यवहारिकता भन्न सक्छु, खेल, प्रतियोगिता या म्याचको उद्देश्य अझ स्पष्ट भयो र खेलाडीले त्यसलाई प्राप्त गर्नकालागि अझ प्रभावकारी ढंगले प्रयास गर्न सक्थे । यस प्रवृत्तिको एउटा राम्रो उदाहरण स्पास्की थिए, जसलाई बुद्धिचालका पहिला सच्चा सर्वतोमुखी खेलाडी मानिन्छ । मलाई लाग्छ, १९६९ पेत्रोस्यान - स्पास्की प्रतियोगितामा "पुरानो बुद्धिचाल" अन्तिम पटक खेलिएको थियो । पुरानो भन्नुको मेरो अर्थ, त्यसलाई हेय दृष्टिले हेर्नु होइन, साच्चै पुरानो बुद्धिचालले अपार ऊर्जा एकत्रित गरिसकेको थियो , जुन छचल्किनु नै पर्थ्यो ।

संक्षेपमा, ती पाँच सोभियत च्याम्पियनहरुको विचार, ज्ञान, सैद्धान्तिक योगदान र व्यवहारिक अनुभव मिलाएर एउटा त्यस्तो विशाल परिमाणात्मक रिजर्भको निर्माण हुन्थ्यो, जसलाई कुनै पनि क्षण बुद्धिचालको खेलमा गुणात्मक परिवर्तन ल्याउनु थियो र आफ्नो नयाँ मुर्त रुप पाउनु थियो । अर्का विश्व च्याम्पियन बबी फिशरलाई म त्यस्तै मुर्त रुप र सोभियत बुद्धिचाल परम्पराका उत्तराधिकारी मान्दछु, चाहे यो भन्नु जति नै विरोधाभासपूर्ण किन नहोस् । एउटा खेलाडीको नाताले उनी हाम्रो बुद्धिचालको स्कूलद्वारा राखिएका आधारहरुबाटै अगाडि बढ्दै ठूलो भएका थिए । मेरो दृष्टिमा आधुनिक बुद्धिचाल फिशरबाटै शुरु हुन्छ । उनी आफ्नो खेललाई ८० को दशकको स्तर माथि संझन्थे र यो चीज आज बिल्कूलै स्पष्ट भइसकेको छ । फिशरको विजयको बेला सारा विश्वमा बुद्धिचालमाथिको रुचिमा काफी वृद्धि भयो । एउटा अनौठो किसिमको उथलपुथल शुरु भयो र जुन खेल आजसम्म सँधै पृष्ठभूमिमै रहेको थियो, त्यसमाथि ध्यान केन्द्रित भयो ।

फिशरको बुद्धिचालको संसार छोडाइको बारेमा कुनै टिप्पणी उसैले मात्र गर्न सक्छ, जो त्यस खेलको प्रत्यक्षदर्शी रहीसकेको हुन्छ । म त केवल अपशोच मात्र व्यक्त गर्न सक्छु कि विश्व पदवीको जुन म्याचमा उनले आफ्नो विश्व च्याम्पियन पदवीको प्रतिरक्षा गर्नु थियो, त्यो म्याच हुँदै भएन, किनकि सर्वोत्तम खेलाडीहरुको टक्कर मै बुद्धिचाल आफ्नो पराकाष्ठामा, आफ्नो विकासको सर्वोच्च बिन्दुमा पुग्दछ । त्यस्ता म्याचहरुमा सँधै सँधै →

*हालै स्पेनको सान लोरेन्जामा भएको विश्व बुद्धिचाल क्याण्डिडेट्स प्रतियोगितामा जान टिम्मनलाई हराएको निगेल शर्ट र वर्तमान विश्व च्याम्पियन गारी कास्पारेव बीच यही अगस्टमा प्रतिस्पर्धा हुँदैछ । यसै सन्दर्भमा कास्पारोव यो लेखले पाठकहरुको लागि बुद्धिचाल खेलको ऐतिहासिक सन्दर्भ पहिल्याउन मद्दत पुग्ने देखिएको, सो यहां प्रस्तुत गरिएको छ । -सं*



# युवाहरुलाई खेलकूदमा तान्दा के कुरामा ध्यान दिनुपर्छ ?

**- का. मिखाइल कालिनिन**

**लेनिन-स्टालिन कालका एक प्रमुख सोभियत नेता का. कालिनिनले खेलकूदको बारेमा व्यक्त गर्नु भएको विचार यहाँ प्रस्तुत गरिएको छ। सोभियत संघका तरुणहरुको संघको सन्दर्भमा व्यक्त भएको यस विचारबाट नेपालका खेल प्रेमी प्रतिशील तरुणहरुलाई पनि खेलबारे धारणा बनाउन मद्दत पग्नेछ - सं।**

*यहाँ कोम्सोमोल (तरुण कम्युनिष्ट संघ) को क्रियाकलापको ज्यादै महत्वपूर्ण क्षेत्र रहेको शारीरिक व्यायामतर्फ ध्यान आकर्षित गरिनु पर्छ। खेलकूद एउटा राम्रो कुरो हो, यसले तपाईहरुको स्वास्थ्य बनाउनेछ। तर, त्यसो भएपनि, यो सहायक कुरो मात्र हो, र यसलाई आफैंमा साध्य बनाउनु ठीक छैन, रिकर्ड - तोड्ने कुरो बनाउनु ठीक छैन। हामी के चाहन्छौं भने मानिसहरुले हर-रुपबाट विकास गरुन्। हामी के चाहन्छौं भने, तिनीहरु दौडून र पौडी खेल्न राम्ररी जानून, छिटो र शालीन ढंगबाट हिंड्न सकून् र तिनीहरुका हरेक अंग स्वस्थ रहून्- एकै शब्दमा भन्ने हो भने, हामी के चाहन्छौं भने, तिनीहरु सामान्य र स्वस्थ रहून्, श्रम र प्रतिरक्षाको लागि तयार रहून्। हामी तिनहरुका मानसिक गुणहरुको समानान्तर विकासका साथै तिनीहरुका शारीरिक गुणहरुको विकास भएको हेर्न चाहन्छौं।*

*कामरेड भरोशिलोभ र म आफैं केही सैनिक विद्यालयहरु निरीक्षण गर्न गएको बेलामा उहाँले उक्त कुरातर्फ विशेष ध्यान आकर्षित गर्नु भयो। उहाँले के भन्नु भयो भने, हामीले रिकर्ड तोड्ने कुरोलाई पन्छाउनु पर्छ र **खेलको लागि खेलमा लाग्नु हुन्न,** खेललाई कम्युनिष्ट शिक्षाका सामान्य समस्याहरुको अधीनस्थ पार्नु पर्छ। किनभने, हामीले मात्र- खेलाडीलाई विकसित र प्रशिक्षित गरिरहेका छैनौं, बरु सोभियत राज्य-निर्माणमा लागेका नागरिकहरुलाई विकसित र प्रशिक्षित गरिरहेका छौं। हामी त्यस्ता मानिसहरुलाई विकसित र प्रशिक्षित गर्दैछौं, जोसित बलियो पाखुरा र असल पाचन-क्रिया मात्र होइन, बरु मुख्य रुपमा फराकिलो राजनीतिक दृष्टिकोण र संगठनात्मक सामर्थ्य पनि हुन्छन्। त्यसैले, लाखौं लाख नयाँ श्रमजीवि युवाहरुलाई शारीरिक व्यायाम-आन्दोलनमा तान्दाखेरि र हाम्रो मुलुकमा खेलकूदलाई उच्चस्तरमा उठाउँदाखेरि कोम्सोमोलले कुन कुरो सुनिश्चित पर्नु पर्छ भने-हाम्रा खेलाडीहरुमा राजनीतिक सवाल र सार्वजनिक मामिलामा स्पष्ट विचार होओस्।* ◘

*(हर तरीकाले आफूलाई विकसित गर! नीप्रोपेट्रोवस्कमा युवा कम्युनिष्ट लीग संगठनका नेतृत्वकारी सदस्यहरुको सम्मेलनमा दिइएको भाषणबाट। अनुवाद : संजीवदास श्रेष्ठ / कम्युनिष्ट शिक्षाको बारेमा पुस्तकबाट)*

---

२१ पृष्ठको बाँकी

पूंजीवादकै हालीमुहाली हुँदैन ? के यस प्रवृतिले समाजवाद ढल्दैन ?

समाजवादीहरुको सामूहिकताप्रतिको यो रबैया समाजबादको पक्षमा छ भनेर कसरी भन्ने ? समाजवादलाई यसरी हामी आफैंले ढाल्दैछौं भन्ने कुरा टड्कारो हुन आउँछ। हाम्रो सन्दर्भमा **ख्रुस्चोभहरु वा गोर्बाचोभ-एल्त्सिनहरु** यो प्रवृत्तिको रुपमा हामीभित्रै जन्मीरहेछन्। मुखले समाजवाद -'जिन्दावाद' भनेपनि व्यवहारले हामी समाजवाद-'मुर्दावाद' गर्दैछौं।

यस्तो प्रवृत्ति हामीमा रहीरहने हो भने हाम्रो अगुवाइमा क्रान्ति भएछ नै भने पनि हामीले समाजलाई समाजवादको बाटोमा अग्रसर गराउन सक्ने छैनौं। किनभने, जसमा आफूभित्र मूल रुपमा व्यक्तिवादी संस्कृति नै हावी रहेको छ, उसले त ढीलो या चाँडो, समाजलाई व्यक्तिवादको प्रभुत्वकै खाडलमा जाक्न लैजानेछ। अहिले क्रान्तिको तयारीको शुरु अवस्थादेखि नै हामी यस दिशामा उन्मूख नहुने हो भने सत्ता प्राप्त भएपछि एकाएक यो समाजवादी प्रवृत्ति हामीमा पैदा हुने र विकास हुने कुरा होइन। साथै, एउटा अर्को महत्वपूर्ण कुरा, समाजवादप्रतिको आस्था हाम्रो वर्तमान व्यवहारमा नहुने हो र नदेखिने हो भने आम-जनता हामीतिर आकर्षित नै किन हुन्छ ? त्यसैले, यो सचेत मानवीय प्रयत्नद्वारा तत्कालैदेखि थाल्नु पर्ने एउटा महत्वपूर्ण अभियान हो।

यसतर्फ नेपालका वामपन्थी पार्टीहरु, पार्टी-नेतृत्वहरु र कार्यकर्ताहरु एवं तमाम शुभेच्छुकहरु कति सचेत छन् ? - यो अहं महत्वको सवाल हो। ≈

---

अपरिमित मूल्यांवान जानकारी प्राप्त हुन्छ। जब ७० को दशकको आरम्भमा अनातोली कार्पोवको रुपमा फिशरका एक योग्य प्रतिद्वन्दी प्रकट भए, तब स्पष्ट भयो - उनको म्याचले देखाउने छ कि बुद्धिचाल अब कुन दिशामा अगाडि बढ्नेछ।

तर कार्पोव एक्लो भए, किनकि मेरो विश्वास अनुसार उनीसमानका एक मात्र खेलाडी फिशर नै मैदानमा आएनन्। कार्पोबले अब सबै स्तरहरुमा आफ्ना प्रतिद्वन्दीहरुलाई हराउन थाले यहाँसम्म कि कोर्चनोइसँग खेलेका उच्चतम स्तरका बुद्धिचाल भन्न नसकिने दुई खेलहरुमा पहिलो टक्करमै अगाडि आएका कठिनाइहरुका बाबजुद कार्पोवले श्रेष्ठता हासिल गरेका थिए।

यस बाहेक पिंढीहरुको सिलसिला टुट्यो र केही समयसम्म कार्पोवका अधिकांश प्रतिद्वन्दीहरु आयुमा उनीभन्दा ठूला थिए। यस हिसाबले मेरो पिंढी धेरै भाग्यवान छ। आज मेरो आयु श्रेणीमा च्याम्पियन पदका दावेदारहरु हुन्- २२ वर्षीय सोकोलोभ र २५ वर्षीय युसुपोव। अर्को शब्दमा, हामी "काँधमा काँध मिलाई" अगाडि बढ्दै छौं।

(आजको नायकबाट साभार: अनुदित)

कुमार लामा


---





## मूल्यांकनको सूचना

- मूल्यांकन विचार-अन्तर्क्रियामुखी पत्रिका हुनाले संपादक मण्डलको सामूहिक प्रतिकृयादेखि बाहेक यसमा प्रकाशित सबै लेख-रचनाप्रति संवन्धित लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ। संपादक-मण्डलको विचारउपर पनि विचार-अन्तर्क्रियालाई स्वागत गरिने छ।
- मूल्यांकनका लागि सल्लाह-सुझाव, प्रतिकृया एवं लेख-रचनाहरू पठाउनु हुन समस्त वौद्धिक व्यक्ति व्यक्तित्वहरूसँग हामी हार्दिक अनुरोध पर्दछौ।
- हल्का र आधारहीन प्रचारबाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार-आदान-प्रदान मूल्यांकनको अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूका स्रोतहरू खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं।
- अस्वीकृत लेख रचनाहरू फिर्ता गर्न प्रायः संभव नहुने हुनाले प्रतिलिपि आफूसँग राख्न नभुल्नु होला। लेख-रचनाको सामान्य संपादनको अधिकार सपादक मण्डललाई रहने छ। तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ।
- बैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषा प्रयोग होस् भनी लेखक, विचारकहरूसँग विशेष अनुरोध गर्दछौं।




# ताराबाजी लै लै



कविता

-आहुति

नेपाली प्रगतिशील साहित्य सृजनामा सकिय युवा कवि आहुतिको कविता-संग्रह "तपश्वीका -गीतहरु" हालै प्रकाशित भएको छ । यस संग्रहमा "ताराबाजी लै लै !" शीर्षकको उहाँको चर्चित कविता पनि संग्रहित छ । अत्यन्त सरल शैलीमा वर्ग वोधलाई उद्घाटित गर्ने यो कवितालाई यस पटक हामीले पाठकसामु प्रस्तुत गरेका छौं । "मूल्यांकन" ।

*ताराबाजी लै लै / मामा आए घोडा*
*माइजू आइन् डोली / पापा ल्याइन् सोली*
*बुबुमाम सुप्रुक्क .............।*
*ताराबाजी लै लै .............।*

*नसुनाऊ नानी लय हालेर यो गीत*
*तिमी गरीब छौ, छाप्रोमा जन्मेका छौ*
*ठूला महलमा बस्नेका मामा-माइजूहरु*
*घोडा चढेर आउँछन् / डोली चढेर आउँछन्*
*कसले सिकायो तिमीलाई यो झूटो गीत ?*
*कसले गाउन लगायो धनीहरुको गीत ?*
*तिमी त गरीबको छातीको हीरा*
*हुनेखानेले भन्छन् "नालीको कीरा"*
*मेरो राजा !*
*तिमीलाई सुहाउँदैन यो गीत*
*मेरो प्यारो राजा !*
*तिमी त फोहोरमा लुटपुटिएका छौ*
*भोकाएका छौ*
*नगाऊ यो अघाएकाहरुको गीत*
*धौले-घरलाई सुहाउने गीत ।*

*तिम्रो मामा गधा झैं जोतिन्छ भारी बोकेर*
*नभेटेर कतै जिन्दगानीको सियाँल*
*घोडा झैं सुखको खोजीमा दौडिरहन्छ*
*कहाँ पाउँनु उसले घोडा चढेर डुल्न ?*
*झन् तिमीले "मामा आए घोडा" भन्दा*
*तिम्रो मामाको मन कसरी दुख्ला ?*
*तिम्रो मामाको अपमान गर्छ यो गीत*
*नगाऊ नानी यो झूटो गीत*
*अघाएकाहरुको गीत / धनीहरुको गीत ।*

*कहाँ तिम्रो माइजू डोलीमा आउनु ?*
*माइजू सुत्केरी हुँदा*
*ओखती नपाउँदा / एक गाँस तातो भात पनि खान*
*नपाउँदा*

*सुत्केरीको पाँच दिनमैं डाउराको भारी बोक्नु पर्दा*
*बेला बेलामा शरीरबाट रगत बग्छ*
*पानीको गाग्रो उचाल्दा खुट्टा थर्मराउँछ*
*रातो-पीरो छैन अनुहार पनि, रगत नभए झैं*
*पहेलो छ*
*पापा सोलीमा ल्याउन कहाँ सक्नु ?*
*कहाँ पाउनु डोलीमा चढेर डुल्न ?*
*झन् तिमीले माइजू आइन् डोली भन्दा*
*गीतले माइजूको कलेजोमा घोच्ला*
*माइजूको मन कति रोला ?*
*तिम्री माइजूको अपमान गर्छ यो गीत*
*नगाऊ मेरो नानी नानी यो झूटो गीत*
*अघाएकाहरुको गीत / धौले-घरलाई सुहाउने गीत ।*

*तिमी छाप्रो जन्मिएका छौ / हुर्किने छौ धूलोमा*
*म तिमीलाई बल गरेर दशैंमा मासु ख्वांउन खोजौंला*
*बिरामी पर्दा औषधी ख्वाउन सके*
*म आफूलाई धन्य ठान्ने छु-*
*म सकेको गरौंला तिमीलाई मेरो नानी ।*
*तर आमाको काखमा बसेर / ताली ठोकेर*
*"बुबुमाम सुप्रुक्क" भनेर*
*मेरो यो गरीबीले चाउरिएको मुटुमा नघोच*
*तिमीले ताली बजाउँदा*
*यो छाप्रोको खिल्ली उडाए झैं लाग्छ*
*यो झूटो गीत / धौले-घरको गीत /*
*अघाएकाहरुको गीत*
*किन गाउँनु हामी भोकाएकाहरुले ?*
*किन गाउनु हामी गरीबहरुले ?*

# मजदूरी र श्रमको क्षेत्रमा नेपाली महिलाहरुको स्थिति कति राम्रो ?

* नेपालका कूल ९३५९ कारखानामा काम गर्ने मजदूरहरु मध्ये कूल महिला मजदूरहरु (२३,५४१) को अनुपात (१९८६।८७) को औद्योगिक गणना अनुसार, १७.६१ प्रतिशत

* नेपालमा प्रत्यक्ष रुपले आर्थिक उपार्जन गर्ने श्रमिक महिलाहरुको संख्या २,२२,४८८ छ । कूल जनसंख्यामा यसको अनुपात (सन् १९८१ को जन-गणना अनुसार) ३.० प्रतिशत

* नेपालमा प्रत्यक्ष रुपले आर्थिक उपार्जन गर्ने श्रमिक महिलाहरु मध्ये कृषिमा संलग्न महिलाहरुको अनुपात ९१.५ प्रतिशत (१९८१ को जन-गणना अनुसार)

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

* नेपालमा ५ देखि ९ वर्षका केटीहरु दिनको ३ घण्टा ३९ मिनेट काम गर्छन्, जबकि त्यही उमेरका केटाहरु २ घण्टा ३३ मिनेट मात्र काम गर्छन् ।

* नेपालमा १० देखि १४ वर्षका केटीहरु दिनहुँ ७.३१ घण्टा काम गर्छन्, जबकि त्यही उमेरका केटाहरु ४.८३ घण्टा मात्र काम गर्छन् ।

* नेपालमा १५ वर्षदेखि माथिका महिलाहरु दिनको १०.८१ घण्टा काम गर्छन जबकि त्यही उमेरका पुरुषहरु ७.४६ घण्टा मात्र काम गर्छन् ।

* नेपालमा घर-धन्दामा पुरुषहरुले १४ प्रतिशत श्रम योगदान गर्दछ जबकि महिलाहरुले ८६ प्रतिशत ।

* कूल घरेलु-आयमा एउटा पुरुष-श्रमिकले भन्दा महिला-श्रमिकले १५ प्रतिशत बेसी योगदान गर्छिन् । तर ज्याला र तलब आउने काममा र बजारको किनबेचमा एउटी श्रमिक-महिलाले श्रमिक-पुरुषले भन्दा ७३ प्रतिशत कम आम्दानी गर्छिन् ।

* खेतीमा लगाइने कूल समयमध्ये ५५ प्रतिशत समय महिलाहरुले लगाउँछन् ।

स्रोत : UNICEF, 1986 र मीना आचार्य तथा मीन बैनेट CEDA, 1981.

# यो ब्रम्हाण्ड कत्रो र कस्तो छ ?

रामरिझन यादव



**प्रा**चीन कालदेखि नै मानवले ब्रम्हाण्डको बारेमा जानकारी हासिल गर्ने प्रयास गर्दै आईरहेको छ। तर विज्ञानमूलक ज्ञानको अभावमा ती कुराहरुको बारेमा समुचित ज्ञान हासिल हुन सकेको थिएन । यता विज्ञानको विकासले ती सारा कुराहरुलाई तथ्यगत र वस्तुगत ढंगले सुल्झाउनमा मद्दत पुऱ्याएको छ । सायद त्यसैले होला आज विज्ञानको विकास दिन दुई गुना रात चौगुनाको दरले भई रहेको छ भने विज्ञानलाई चुनौति दिने विचारधाराहरुको अवसान हुन थालेको छ ।

आध्यात्मवादीहरुले मानून या नमानून, विश्वको प्रत्येक वस्तु, चाहे त्यो एउटा सानो टुक्रा होस वा विशाल पहाड, अत्यन्तै साना-साना कणहरु मिलेर बनेका हुन्छन्, जसलाई अणु (molecule) भनिन्छ । यसलाई नाप्न वा तौल्न कुनै सेन्टीमिटर वा ग्राम जस्तो इकाईबाट सम्भव छैन । तसर्थ यसलाई नाप्न आर्मस्ट्रङ जस्तो इकाई चाहिन्छ, जो एक सेन्टीमिटरको दश करोड भाग हुन्छ ।

एउटा सानो कुरा, जसलाई मुश्किलले समात्न सकिन्छ, यो करोडौं करोड अणुहरु मिलेर बनेका हुन्छ । बेग्ला बेग्लै प्रकार, भार तथा आकारका ती अणुहरुले विभिन्न प्रकारका वस्तुहरुको रचना गर्छन् । त्यसैले कुनै वस्तु ठोस, कुनै तरल तथा कुनै ग्यॉसको रुपमा पाइन्छन् ।

यति सानो अणु पनि अत्यन्तै साना-साना कुराहरु मिलेर बनेको हुन्छ, जसलाई परमाणु (atom)भनिन्छ । दुई वटा परमाणुदेखि लिएर लाखौं करोडौं परमाणुहरु मिलेर अणु बन्दछ । अणुको निर्माणमा समान तथा असमान प्रकारका परमाणुहरु सहभागी हुन्छन् । आज करीव एक सय छ (१०६) प्रकारका परमाणुहरुकोबारेमा समुचित ज्ञान हासिल गर्न सकिएको छ, जसले विभिन्न तत्वहरुको प्रतिनिधित्व गरेका छन् । उदाहरणका लागि - हाईड्रोजन, अक्सिजन, फलाम । हाइड्रोजनको दुई वटा तथा अक्सिजनको एउटा परमाणुको संयोगबाट पानी $H_2O$ को निर्माण हुन्छ । त्यस्तै प्रकारका परमाणुहरु मिलेर विभिन्न प्रकारका पदार्थहरु बन्दछन् । कोईला र हिरा बेग्ला-बेग्लै गुण भएका पदार्थ भएपनि यी दुवै पदार्थ कार्वन परमाणुबाट बनेका हुन् ।

प्रत्येक पदार्थ गतिशील हुन्छ भन्ने कुरामा धेरैलाई विश्वास नहुन सक्छ । तर यो सांचो हो । प्रत्येक वस्तु साना साना अणुहरु मिलेर बने जस्तै प्रत्येक अणुमा दुईदेखि लाखौं-करोडौं परमाणु हुन्छन् । प्रत्येक परमाणुभित्र पनि विभिन्न प्रकारका कुराहरु पाईन्छन, जसलाई प्रोटोन, न्युट्रोन तथा ईलेक्ट्रोन भनिन्छ । आवेशहीन न्युट्रोन तथा धनात्मक प्रोटोन मिलेर परमाणुको केन्द्रको निर्माण भएको हुन्छ । यसका चारैतर्फ ऋणात्मक कणहरु इलेक्ट्रोन (negative Charged electron) ले परिक्रमा गरी रहेको हुन्छ । यो इलेक्ट्रोन केन्द्रको वरिपरि घुमीरहेको हुन्छ ।

इलेक्ट्रोन, प्रोटोन तथा न्युट्रोनको संख्या पनि सीमित हुन्छ । परमाणुको केन्द्रमा अपार उर्जाको भण्डार हुन्छ, जसको विष्फोटनबाट संसार नष्ट हुन सक्छ । जापानको हिरोसिमा र नागाशाकीमा खसाइएको परमाणु बमको सम्झनाले अहिले पनि विश्वलाई सम्वेदनशील बनाएको छ । साथै, आज कैयौं विकसित राष्ट्रहरुले आफ्नो परमाणु भट्टी (Atomic reactor) बाट उर्जा उत्पादन गरी विकास र निर्माणका विभिन्न कामहरु गरिरहेका छन् ।

वायुमण्डल र अन्तरिक्षमा पनि कणहरु स्वतन्त्र रुपले घुमीरहेका हुन्छन् । यस्ता कणहरु मध्ये कुनै कण ठूला हुन्छन् भने कुनै कण साना । हावाको परमाणुसंग ठोकिएपछि यी कणहरु साना-साना टुक्रामा विभाजित हुन्छन्, जसलाई न्यूट्रिनो (Neutrino) भनिन्छ । न्यूट्रिनो आवेशहीन कण हो, जो इलेक्ट्रोन भन्दा पनि सानो हुन्छ । इलेक्ट्रोनको प्रति-कणलाई पोजिट्रोन् भनिन्छ ।

यसरी कण सानो भन्दा सानो हुँदै गईरहने क्रम कहिलेसम्म जारी रहने हो भन्ने कुरा अहिलेसम्म बैज्ञानिकहरुका लागि खोजको विषय भएको छ । हालसम्म प्राप्त जानकारी अनुसार यो क्रम विश्वको सबैभन्दा छोटो कण क्वार्कमा आएर अडेको छ । क्वार्कको सम्बन्धमा विस्तृत जानकारी हासिल हुन नसके पनि दश करोड अर्व प्रोट्रोन न्युट्रिनोको वीचमा एउटा क्वार्क हुन्छ ।

यस प्रकार ब्रम्हाण्ड सानासाना कणहरु मिलेर बनेको छ । हालसम्म जे-जति अध्ययन, अनुसन्धान गरिएको छ, त्यसअनुसार खरवौं ताराहरु मिलेर यो ब्रम्हाण्डको रचना भएको छ । सूर्य पनि एउटा तारा नै हो, जसलाई करीव दुई हजार ग्रहहरुले परिक्रमा गर्छन् । यस मध्ये बुध (Mercury) ,शुक्र (Venus), पृथ्वी (Earth) , मंगल (Mars), बृहस्पति (Jupiter), शनि (Staturn), अरुण (Uranus), वरुण (Neptune), र यम (Pluto), गरी नौ वटा ग्रहहरु प्रमुख रहेका छन् । यी नौ वटा ग्रहहरु मध्ये पृथ्वी बाहेक अन्य कुनै पनि ठाउंमा जीवन छैन । सबै भन्दा ठूलो ग्रह वृहष्पति पृथ्वीभन्दा १३१२ गुणा ठूलो छ भने दोस्रो ठूलो ग्रह शनि ७०० गुना ठूलो छ । यहांसम्म कि, अरुण पनि पृथ्वीभन्दा ६४ गुना ठूलो छ । वरुण ४७ गुना ठूलो छ । यी सबै ग्रहहरु आफ्नो कक्षमा सूर्यलाई परिक्रमा गरिरहेका हुन्छन् । सबैभन्दा नजीक रहेको ग्रह बुधलाई सूर्यको परिक्रमा गर्न ८८ दिन मात्र लाग्छ भने शुक्रलाई २२५ दिन, पृथ्वीलाई ३६५ दिन, मंगललाई ६८७ दिन, वृहष्पतिलाई १२ वर्ष, शनिलाई २९ वर्ष, अरुणलाई ८४ वर्ष, वरुणलाई १६५ वर्ष तथा यमलाई २४८ वर्ष लाग्छ । जुन ग्रह सूर्यभन्दा जति नजीक छ त्यसलाई सूर्यको परिक्रमा गर्न त्यत्तिकै कम समय लाग्छ । यम सूर्यभन्दा छ अर्व कि.मि. टाढा छ, जबकि पृथ्वी १५ करोड कि.मि. मात्र टाढा रहेको छ । त्यसैले सूर्यको प्रकाश पृथ्वीमा आउन ८ मिनेट समय मात्र लाग्छ भने यमको प्रकाश पृथ्वीमा आउन कैयौं वर्ष लाग्छ ।

यसबाहेक प्रत्येक ग्रहहरुका उपग्रहहरु छन्, जसले ग्रहहरुलाई परिक्रमा गरिरहेका हुन्छन् । पृथ्वीको पनि एउटा उपग्रह छ, जसलाई चन्द्रमा भनिन्छ । चन्द्रमा पृथ्वीभन्दा अत्यन्त नजीक छ र यसले पृथ्वीलाई परिक्रमा गरिरहेको छ । चन्द्रमासंग रहेको प्रकाश उसको आफ्नो हैन, उसले त्यो प्रकाश सूर्यबाट लिएको हो । सबै ग्रहका उपग्रहहरुको संख्या ४३ रहेको छ । यिनै ग्रह र उपग्रहहरु मिलेर सौर्य-मण्डल (Solar System) को निर्माण भएको छ । सौर्य परिवार भित्र अत्यन्तै साना साना हजारौं ग्रह, पुच्छ्रे तारा तथा उल्काहरु रहेका हुन्छन् ।

धुम्रकेतु वा पुच्छ्रेतारा (Comets) वायव्य (ग्यास) पदार्थ हो र यसको लामो पुच्छर हुन्छ । यसको पुच्छरबाट नै उल्काको निर्माण हुन्छ, जो पृथ्वीको गुरुत्वाकर्षण क्षेत्रभित्र परेपछि घर्षणले गर्दा जलेको देखिन्छ । धुम्रकेतुले सूर्यलाई वृत्ताकार रुपमा परिक्रमा गर्छ र यसको अवधि अत्यन्तै लामो हुन्छ । हेलिको पुच्छ्रे ताराले ८६ वर्षमा सूर्यको एक पटक परिक्रमा गर्छ भने हालसालै खगोलशास्त्रीहरुले स्वीफ्ट-टटल नाम गरेको पुच्छ्रे ताराको सम्बन्धमा भविष्यवाणी गरेर सबैलाई आश्चर्यचकित तुल्याएका छन् ।

यस बाहेक अरवौं-खरवौं ताराहरु आकाशमा देखिन्छन । यी ताराहरुको बारेमा अहिले पनि समुचित ज्ञान हासिल गर्न सकिएको छैन । तर पनि जे-जति जानकारी प्राप्त गर्न सकिएको छ, त्यसअनुसार यी ताराहरु ग्यास र धूलोकणबाट बनेका छन् । गुरुत्वाकर्षणको कारण यसको संकुचनले तपमान बढाउँछ र भित्रको हाईड्रोजन जल्न थाल्दछ । यही यसको चम्किलोपनको कारण पनि हो । जब हाईड्रोजन ग्यास सम्पूर्ण रुपले जल्छ अनि तारा विभिन्न टुक्रामा विभाजित हुन्छ । जसलाई नोवा तथा सुपर नोवा भनिन्छ । यी प्रकृयाहरु आकाशमा निरन्तर भईरहेका हुन्छन् । नोवा ताराको चमक अत्यन्तै तेजिलो हुन्छ । सन् १५७२ मा शमिष्ठा तारा समूहको एउटा तारा यति तेजिलो गरी चम्कियो कि दिउँसोको उज्यालोमा पनि स्पष्ट रुपले यो तारा देखिएको थियो ।

**आध्यात्मवादीहरुले मानून् या नमानून् विश्वको प्रत्येक वस्तु अत्यन्तै साना-साना कणहरु मिलेर बनेको हुन्छ ।**

कतिपय ताराहरु सूर्यभन्दा निकै ठूला छन् । जेष्ठ नामक एउटा तारामा सूर्य जस्ता ४५० ताराहरु अटाउन सक्छन् । यी ताराहरु समान रुपले वितरित हुनु भन्दा समूहमा देखिन्छन्, जसलाई आकाशगंगा (the milkyway) भनिन्छ । आकाशगंगामा १० हजार करोड ताराहरु रहेका हुन्छन् ।

आकाशगंगा ब्रम्हाण्ड (Universe) को एउटा अंश मात्र हो । ब्रम्हाण्डको विशालतम रुपबारे यसबाट सहजै अनुमान गर्न सकिन्छ कि केही ताराहरुको प्रकाश पृथ्वीमा पुग्न सैंकडौ हजारौं प्रकाश वर्ष (Light year) लाग्छ । उल्लेखनीय छ, प्रकाशको गति प्रति सेकेन्ड ३ लाख किलो मिटर हुन्छ अर्थात एक प्रकाश वर्षमा प्रकाशले ९५०००००००००००, कि.मि. दूरी पार गर्छ । सूर्य बाहेक निकटतम ताराको प्रकाश पृथ्वीमा आउन ४ वर्ष लाग्छ भन्ने कुराबाट पनि ब्रम्हाण्डको विशालतम रुपलाई अनुभव गर्न सकिन्छ । जहांसम्म सूर्य र चन्द्रमाको प्रश्न छ, सूर्यको प्रकाश ८ मिनेटमा तथा चन्द्रमाको प्रकाश एक सेकेन्डमा पृथ्वीमा आइपुग्छ ।

ब्रम्हाण्डमा रहेका यी ग्रह, उपग्रह, तारा, धुम्रकेतु, उल्का लगायत अन्य **कैयौं** बस्तुहरु प्रकृतिका अमूल्य देनहरु हुन् । आज सूर्य नभएको भए पृथ्वीमा जीवन सम्भव हुने थिएन भने अन्य ग्रहहरुको उत्पत्ति समेत नहुने विश्वास **बैज्ञानिकहरुको रहेको छ** । प्राचीन काल देखिनै यी बस्तुहरुको बारेमा विभिन्न प्रकारका भ्रान्ति, अड्कलबाजी तथा दन्त्य-कथाहरु हाम्रो समाजमा प्रचलित छन्। अहिले पनि मानिसहरु कैयौं ग्रहहरुलाई शुभ र अशुभको रुपमा मान्दछन् । तर यता विज्ञानको चमत्कारिक खोजले ती सारा दिग्भ्रान्ति तथा अडकलबाजी कुराहरुलाई खोक्रो सावित गर्दै वस्तुगत र तथ्यगत प्रमाणहरु जुटाउन थालेका छन् । बैज्ञानिकहरुले हालसम्म गरेका खोजहरूमा उसले निर्माण गरेको कृत्रिम उपग्रह (Artificial Satellite) ले अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । विकसित राष्ट्रहरुदेखि केही विकासशील राष्ट्रहरुले जे जति उपग्रहहरु आकाशमा छोडेका छन्, तिनले संसारमा मानव जीवनलाई अत्यन्तै सजिलो बनाईदिएका छन् भने कैयौं यस्ता अन्तरिक्ष यानहरु अहिले पनि विभिन्न ग्रह उपग्रहको बारेमा समुचित ज्ञान हासिल गर्न पठाइएका छन् ।

रुस र अमेरिकाले चन्द्रमामा खुट्टा टेकेपछि अन्तरिक्षको यात्रा शुरु भएको आज कैयौं वर्ष पश्चात यी दुवै देश लगायत अन्य कैयौं देशहरुले अकाशीय पिण्डहरुको बारेमा अत्यन्तै रुचिका साथ अध्ययन, अनुसन्धान र अन्वेषण गर्न आफ्ना अन्तरिक्ष यानहरु पठाईरहेका छन् । शुक्र ग्रह, मंगल ग्रह तथा शनि ग्रह समेतमा यानहरुको पदार्पणले गर्दा आज ती ग्रहहरुका विभिन्न कुराहरुको जानकारी हासिल हुन सकेको छ । ग्यासै ग्यासले भरिएका र कुनै पनि ठाउँमा जीवन सम्भव नभएका यी ग्रहहरु पृथ्वीभन्दा ठूला भएपनि यिनको बारेमा तथ्यगत जानकारीले, सम्पूर्ण विश्वको ध्यान आकर्षित गरेको छ । अन्तरिक्षमा स्थापित उपग्रहहरुले संचार क्षेत्रमा क्रान्ति ल्याएको छ । शक्तिशाली राष्ट्रहरुले त भू-उपग्रहहरुमा जासुसी-यन्त्रहरु पनि जडान गरेका छन् ।

यस प्रकार, यत्रो ठूलो र विशालतम ब्रम्हाण्ड (Universe) मा एक मात्र पृथ्वी एउटा यस्तो ग्रह हो, जहां जीवन सम्भव हुन सकेको छ । पृथ्वीमा बढ्दो जनसंख्या र घट्दो प्राकृतिक सम्पदाले यहां पनि कतिपय अर्थमा जीवनलाई अनुपयुक्त बनाउदै गइरहेको छ । त्यसैले बैज्ञानिकहरुले अन्तरिक्ष लगायत अन्य ग्रहहरुमा जीवनलाई सम्भव बनाउन के कस्तो उपाय अप्नाउनु पर्ला भन्ने सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अन्वेषण गरिरहेको बुझिएको छ ।

**रामरिझन यादव**: विज्ञानविद् तथा पत्रकार, विराटनगर

# हजार गुना स्मरण-शक्ति बेशी भएको प्रविधि विकास



*टोकियो, जापान,*

*जापानको हिताची कर्पोरेशनले हाल प्रयोगमा आइरहेको प्रविधिमा प्राप्त स्मरण क्षमता भन्दा एक हजार गुना बढी स्मरण-शक्ति भएको एउटा नयाँ कम्प्युटर प्रविधि विकास गरेको कुरा उक्त कर्पोरेशनले जनाएको छ ।*

*उक्त कम्पनीका अनुसार सिलिकनबाट बनेको यो विश्वकै पहिलो प्रविधि हो । उक्त प्रविधिले कोठाको सामान्य तापक्रममा सिलिकनमा २० नानोमिटर थोप्लाहरु स्वचालित तवरले दिन सक्छ । एक नानो मिटर भनेको एक मिटरको एक अरबौं भाग हो ।*

*समाचार श्रोत: AP*



# सन्तोष पन्तको टेलिफिल्म कस्तो लाग्यो ?

गत पुसमा तीन श्रृंखलामा नेपाल टि.भी.द्वारा प्रस्तुत सन्तोष पन्तको टेलिफिल्म "कस्तो लाग्यो ?" दर्शकहरुमा एउटा उल्लेखनीय छाप छोड्न सफल भयो । मूलत: अमेरिकाबाट फर्केको बूढो व्यक्तिको रुपमा सन्तोष पन्त स्वयमको अभिनयले दर्शकहरुमा चाख पैदा गर्दै गएर अन्तमा यसले ती जिज्ञासु दर्शकहरुलाई श्रमलाई सम्मान गर्ने सन्देश दियो र यो सकियो ।

अमेरिकामै हुर्किएको नाति राकेश बिहे गर्न नेपाल आएको तर उसलाई अत्याधुनिक र संपन्न केटीहरु खोजीदिदा तिनीहरु कुनैलाई पनि उसले मन पराएन । नेपालका आफूलाई आधुनिक ठान्ने संपन्न शिक्षित युवतीहरुमा छाएको संपत्ति र घरानाको धाक र फेसन, परिश्रम गर्नु वा काम गर्नुलाई हेलाँ गर्ने प्रवृत्ति उसलाई पटक्कै मन परेन । असल स्वभाव, असल बानी-व्यहोरा र मिहेनती प्रवृत्ति नै व्यक्तिमा रहेका प्रशंसनीय गुणहरु हुन । यही कारण ठूला ठूला घरका केटीहरुको प्रस्तावलाई लत्याएर उसले घरमा काम गर्ने केटी **पार्वती**सग विवाह गर्‍यो र ऊ अमेरिका फर्कियो ।

बाहिरी तड्क-भड्क र आधुनिकताका नाममा मनमा पालिने अहंकार एवं व्यवहारमा प्रयोग गरिने नखराहरुलाई नै ठूलो कुरा मान्ने प्रवृत्ति हाम्रो समाजमा फैलिइरहेको छ । यो प्रवृत्ति सामन्तवादी हैकमवादको अवशेषको रुपमा र पूँजीलाई नै सर्वोपरी मान्ने पूजीवादी प्रणालीको एउटा मान्यताको रुपमा जन्मिएको हो । मानवीय गुणहरु र आदर्शहरुलाई लत्याएर यो मान्यताले समाजमा विलासिता र पाखण्ड जन्माइरहेको छ । शिक्षित र आधुनिक मानिने हाम्रो सामाजिक जन-जीवनमा रहेको जीवन-शैली संबन्धी यो चालू-घटिया धारका विरुद्ध यस टेलिफिल्म "कस्तो लाग्यो" ? ले एउटा विपरीत उन्नत-धार खडा गर्न खोजेको छ ।

सन्तोष पन्तद्वारा अभिनित हजुर बा पात्रले आफू केही महीना अमेरिका बसेको कुराको जुन धाक धक्कू लगाउँछ, त्यसले हाम्रो समाजका धाकी व्यक्तिहरुको राम्रो परिचय दिन्छ । विदेशलाई अत्यन्त ठूलो र राम्रो ठान्ने तर आफूभित्र ठूलोपना र राम्रोपनाको विकास गर्नेतर्फ असचेत मध्यम, निम्न-मध्यम वर्गीय हीनता-बोधलाई पनि यसले प्रष्ट्याउने काम गरेको छ ।

विदेशको धाकधक्कूमा बढी विश्वास गर्ने बूढाले आफ्नो नातिले घरकी कामदार केटीसंग बिहे गर्न राखेको प्रस्तावलाई त्यति सहजै स्वीकारेको प्रसंगले चाहिं फिल्मको विषय वस्तुलाई केही विरोधाभाषपूर्ण बनाएको छ ।

संसारमा जाति भनेका दुई वटा मात्र हुन्छन - स्त्री जाति र पुरुष जाति, भन्दै जात-भातको रुढीवादी मान्यता विरुद्ध यस फिल्मले जाति भन्दा ठूलो कुरा मानिसमा रहेको गुण हो भन्ने सन्देश पनि दिएको छ ।

अभिनयका हिसावले पनि यस फिल्ममा स्तरीयता कायम भएको छ । सन्तोष पन्त, नायक हुने दिनेश डि.सि., हजुरआमा हुने सविता गुरुङ र पार्वती हुने राधिका खड्काको अभिनय उल्लेखनीय छ ।

विवाहको बेलामा घरकी बुढीको चटारो र अस्तव्यस्तताको जुन झलक यसमा प्रस्तुत भएको छ, त्यसलाई आम-नेपालीहरुको घरघरमा घट्ने परिघटनाको राम्रो चित्रणको रुपमा लिन सकिन्छ ।

जन-आन्दोलन थालनीको तीन वर्ष पुगेको उपलक्ष्यमा -डि. खनाल-

# नेपालको अर्थतन्त्रको वर्तमान दिशा कता ?

२०४६ मा कांग्रस र संयुक्त वाम-मोर्चाले निरंकुश पंचायती व्यवस्थाका विरुद्ध संयुक्त-जन आन्दोलन शुरु गरेको यही फागुन ७ गते ३ वर्ष पुरा भयो । जन-आन्दोलनमा त्यत्रो त्याग-वलिदान गरेको जनताले हाल सम्म आर्थिक क्षेत्रमा के पायो ? - यो तीन वर्षे छोटो कालमा धेरै राम्रा कामहरु हुन नसके पनि "राम्रा कामहरु हुने" शुरुवातको लक्षण त देखिनु पर्ने हो नि ।

के आम-जनताको यो आकांक्षा अनुरुप यहाँ काम भईरहेकोछ ?

समग्र देशको अर्थ-तन्त्र कता जाँदै छ ?

यसै सान्दर्भिक प्रश्नमा प्रस्तुत छ, अर्थविद् श्री डी. खनालको मूल्यांकन र निष्कर्ष - सं

## पंचायतकालीन अर्थ-तन्त्र

प्रतिगामी तत्वहरुले जे प्रचार गरेपनि यो सत्य छ कि पंचायतको तीस वर्षे शासन नै देशलाई अधोगतितिर लैजान, नेपाललाई विश्वको सबभन्दा गरीब राष्ट्रको अग्रपंक्तिमा पुऱ्याउन, नेपाली जनताको अधिकांश हिस्सालाई गरीवीमा धकेल्न, मंहगी, भ्रष्टाचार कमिशननन्त्रलाई प्रोत्साहित गर्दै दलाल-नोकरशाही पूंजीवादको व्यापक विस्तार गर्न र विकासका गतिविधि सीमित क्षेत्रमा केन्द्रित गर्दै विकासको प्रवाहबाट गाउँ-बस्ती, निम्न र स्थिर आय भएका जनतालाई अलग्याउन जिम्मेवार छ ।

अझ जनमत-संग्रहपछि अल्प-आयुको भयले पंचेहरुले ब्रम्हलूटको स्थितिलाई थप विस्तार गरे । आर्थिक स्थायित्व र आर्थिक समायोजन जस्ता कार्यक्रमभित्रका शर्तहरुको आधारमा अर्थतन्त्रमा विभिन्न नीतिहरु थोपर्दै अर्थतन्त्रको पर-निर्भरता बढाउनेमा यिनीहरु नै प्रमुख रुपमा उत्तरदायी छन् । सरकारी खर्च, राजस्व, कर, मौद्रिक विनियम तथा वाणिज्य र व्यापार नीतिमा पटक पटक परिवर्तन गर्दै पंचायतका नाइकेहरु तथा दलाल नोकरशाहहरुलाई नै फाइदा पुग्ने किसिमबाट नीति-निर्णयहरु अवलम्वन भएको कुराको ताजा स्मरण अहिले पनि छ ।

मुद्राकोष र विश्व-बैंकको समायोजन-कार्यक्रमसंगै १९८५/८६ मा नेपालमा मुद्रा-अवमूल्यनको शुरुवात भयो । वास्तवमा नेपालमा मूल्य-स्थितिको चाप त्यति बेलाबाटै शुरु भएको हो । समायोजन-ऋण लिने र जस्तोसुकै ठाउँमा पनि ती संस्थाको स्वीकृतिमा खर्च गर्न पाउने व्यवस्थाले गर्दा पंचायत ढल्ने ताकसम्म नेपालको ऋण राष्ट्रिय उत्पादनको अनुपातमा करीव ५३ प्रतिशतमा पुग्यो । अझ निरपेक्ष गरीवीमा बाँच्ने जनसंख्याको अनुपात १९८४/८५ को करीव ४३ प्रतिशतबाट १९८९/९०मा ७१ प्रतिशतमा पुग्यो । ब्रम्हलूटको स्थिति र दलाल नोकरशाही तन्त्रलाई अर्थतन्त्रमा संस्थागत गरिएको हुनाले बजेट-प्रक्रिया पनि कुनै मापदण्ड विना नै अघि बढाइए । फलस्वरुप, १९७४/७५ मा सरकारी बचत करीव रु. १० लाख भएकोमा सरकारको नकारात्मक बचत १९८९/९० मा पुग्दा करीव रु. ३ अरब भन्दा बढी भएको कुरा उपलब्ध तथ्यांकबाट थाहा हुन्छ ।

खर्चको आधार बढाउँदै लगिए पनि चुहावट, कमिशन तथा दलाल नोकरशाहीतन्त्र संस्थागत र सर्वशक्तिवान भएकोले प्रतिफल जनताले पाउन सकेनन । गाउँ-बस्तीहरु उपेक्षित रहे । गरीवीले व्यापकता लियो । दलाल नोकरशाहीतन्त्रको बोलवालाकै कारण सुविधायुक्त क्षेत्र र कमिशनमुखी परियोजनाले नै प्राथमिकता पाए । राज्य-संचालनमा शासक-बर्गलाई सामन्त र दलाल नोकरशाही वर्गको समर्थन र सहयोग जरुरी भएकाले गाउँका सामन्त वर्ग र शहरका दलाल नोकरशाहहरुलाई करको दायरामा नपारी यिनीहरुलाई विशेष छुट दिइयो । जमीनमा प्रगतिशील कर नलगाउनुको र जडान-उद्योगहरुलाई पनि कर छुट दिनुको मूल कारण यही थियो ।

पंचायतको पछिल्लो कालमा शासक-वर्गको पश्चिमा-पूंजीवादसंग सांठगाठ बढ्दै थियो । मुद्राकोष र विश्व-बैंकको शर्त अनुरुपका हुबहू कार्यक्रम कार्यान्वयन गरेर पश्चिमा पूंजीवादलाई खुसी पारी शासन संचालन गर्ने कार्यमा पछिल्लो कालमा पंचायती शासक वर्ग र अन्य लूटेराहरु तल्लीन थिए । निजीकरण, बजार उन्मूख आर्थिक नीति र उदारवादसंग सम्बन्धित नीतिहरु पंचायतकालमै शुरु गरिएका थिए ।

## नेपाली कांग्रेसको सरकार र यसले अंगालेको आर्थिक बाटो

स्वभावैले पंचायती कालरात्रीबाट मुक्त हुन र देश र जनताको समग्र विकास एवं आर्थिक सामाजिक स्थितिलाई माथि उठाउने आकांक्षाले नै नेपाली जनता आन्दोलनमा समाहित भएका थिए र आफ्नो जीवन बलिदान दिएका थिए । आन्दोलनपछि संविधान र निर्वाचनमै अन्तरिम सरकार बढी केन्द्रित हुन पुगेकाले यो अवधिमा केही ठोस आर्थिक पाइला चालिने आशा आशामै रहयो । लगानी-कोष निर्माण गर्ने तथा संपत्ति कर लागू गर्ने जस्ता प्रगतिशील पक्ष बाहेक अन्य कुनै महत्वपूर्ण आर्थिक सवालमा कुनै नीति-निर्णयहरु भएनन् । यसले गर्दा सम्पूर्ण जनताको ध्यान र भरोसा भोलिको निर्वाचित सरकारमै केन्द्रित रहनु स्वभाविकै थियो ।

नेपाली कांग्रेसले शासन गरेको दुई वर्ष पुग्न अब धेरै बाँकी छैन । यो अवधिमा नेपाली जनताले के पाए ? के नेपाली कांग्रेसको सरकारले देशको सामाजिक, आर्थिक स्थितिमा आमूल परिवर्तन र अर्थतन्त्रलाई विकसित बाटोतर्फ रुपान्तरित गर्ने किसिमका नीतिहरु लिएको छ ? अहिले नेपाली कांग्रेसले जसरी सांच्चै देशको विकास गर्नमै आफू केन्द्रित भएको भनी प्रचार गरिरहेको छ, यथार्थमा के त्यस्तो भइरहेको छ ? - यी सवालहरु निकै पेचिला र दूरगामी महत्व राख्ने खालका छन् । अवलम्वन गरिने सम्भावित नीति र अँगालिने दृष्टिकोणहरुको खाका तर्जुमा गर्नमा नेपालको वर्तमान आर्थिक अवस्थालाई हेर्ने दृष्टिकोणको महत्वपूर्ण र निर्णायक भूमिका रहन्छ । नेपालको अर्थतन्त्र अहिले अर्ध सामन्ती र नवउपनिवेशिक अवस्थाबाट गुज्रिरहेको छ । यी स्थितिहरुलाई समाप्त वा सुधार गर्ने नीति निर्माण नहुँदासम्म नेपालको गाउँ-बस्ती र झुपडीमा बस्ने गरीव जनताको आय-स्तर वा जीवन-स्तर माथि उठ्न सक्तैन ।

त्यस्तै, नेपालको अर्थतन्त्रमा रहेको बिदेशी आधिपत्य, शोषण र परनिर्भरता कम हुन सक्दैन । तर वास्तविकता के छ भने, नेपाली कांग्रेसले अर्थतन्त्रलाई हेर्ने दृष्टिकोण बेग्लै छ । वर्गीय दृष्टिकोण र बर्गीय संमिश्रणकै हिसाबले पनि नेपालको विकास सामन्त, दलाल नोकरशाहकै गठबन्धनबाट हुन सक्छ भन्ने बर्गीय मान्यता उसले अगाडि बढाएको छ । र बिदेशी साम्राज्यवादको आशीर्वाद र निर्देशन उसको लागि शीरोधार्य भएको छ । त्यसैले नेपाली कांग्रेसको यो गठबन्धन पंचायतकालीन गठबन्धनभन्दा तात्विक रुपमा फरक छैन । अझ भारतको शासक-वर्गले पनि यस्तै गठबन्धनलाई आर्थिक नीती-प्रतिपादनको मुख्य मापदण्ड बनाएको हुनाले यसले नेपाली कांग्रेसको सरकारलाई थप बल पुगेको छ ।

छाडा-अर्थतन्त्र, निर्यातमुखी उद्योग-नीति र निजिकरण को नीतिलाई अर्थतन्त्रको भावी दिशाको मुख्य आधार बनाइएको छ । निर्यातमूलक उद्योगमा नै मुख्य जोड दिनु किन जरुरी भयो त ? - किनकि, शासक वर्गलाई राज्य चलाउन सामन्त वर्गको सहयोग जरुरी भएको छ । त्यसैले ऊ सामन्ती शोषणलाई बलपूर्वक खतम गर्न तयार भइरहेको छैन । तर सामन्ती शोषण समाप्त नगर्दासम्म आम-जनताको जीवन-स्तर माथि उठ्ने, उनीहरुको क्रयशक्ति बढ्ने र आन्तरिक बजारको विस्तार हुने स्थिति छैन । यो स्थितिमा ऊ निर्यात बढाएर समस्याको हल गर्न चाहन्छ । "निर्यात-बृद्धि" देशमा विकास भयो- भनी देखाउने निहुँ पनि यो सरकारलाई बनेको छ । त्यसैले देशलाई आत्मनिर्भर बनाउने किसिमबाट नीति प्रतिपादन गर्ने, विकासको प्रतिफल जनता बीचमा पुऱ्याउने तौर-तरीकाबाट

**तथाकथित उदार-नीतिबाट निजीक्षेत्र व्यापक रुपमा अघि आउने र उनीहरुको लगानीबाट अर्थतन्त्रमा छुमन्तर भई रोजगारी र अन्य आर्जनका उपायहरु बढेर सिंगो ७० प्रतिशत भन्दा बढी गरीवी के खत्तम होला ?**



नयाँ किसिमले नेपाली कांग्रेसले कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने संभावना छैन ।

यसैले नै नेपालको यो विशिष्ट स्थितिको पृष्टभूमिमा नेपालको हित हुने नीति, कार्यक्रम बनाउन भन्दा आफ्नो सत्ता-स्वार्थ र विभिन्न निहित स्वार्थ भएका वर्ग र शक्ति-केन्द्रसंग गठवन्धन कायम गर्दै देशमा शासन गर्नमा यो सरकार केन्द्रित छ । यसैले के भन्न सकिन्छ भने- यसले अंगालेको आर्थिक नीति र कार्यक्रम मूल रुपमा पंचायती शैली, स्वरुप र प्रक्रियाभन्दा गुणात्मक रुपले भिन्न छैन । सामन्तवादलाई क्रान्तिद्वारा अन्त नगरीकन नै संभौता र सुधारद्वारा पूंजीवादी विकासको समस्या हल गर्न खोज्दा यो स्थिति पैदा भएको हो ।

वास्तवमा, यो छाडा-अर्थतन्त्रको नीति पश्चिमी पूंजीवादमा पनि पूर्ण रुपमा लागू हुन नसकेको कुरा कसैको अगाडि छिपेको छैन । पश्चिमा-पूंजीवादी सिद्धान्त स्वयंले पनि यो भन्छ कि-पूर्ण-कुशलता (*Efficiency*) र उत्पादन न्यून-लागतबाट बदोत्तरी गर्दै अर्थतन्त्रको कार्य-दक्षता बढाउंदा पनि वितरण र न्यायको ग्यारेटी हुन सक्दैन । त्यस्तै तात्कालीक नाफाको हिसावले निजी-क्षेत्र चल्ने हुनाले भावी मानव-पूंजी निर्माण, आर्थिक-सामाजिक पूर्वाधारको विकासमा आवश्यक लगानी आदिमा सरकारी क्षेत्रको अहं भूमिका हुन जरुरी हुन्छ । सामाजिक, आर्थिक विशिष्ट स्थिति, व्यापक गरीवी आदि कारणले राहत र सुविधा राज्यले दिनु पर्ने हुन्छ भन्ने मान्यतामै रहेर तेस्रो देशमा परियोजना छनौट र त्यस्मा छायाँ-मूल्य (*Shadow Pricing*) को मापदण्ड अप्नाउनु पर्ने कुरा १९५० को दशक देखि नै अगाडि बढाइएको थियो ।

आज बजारमा सुविधा र छुट मार्फत विसंगति आयो भनी तर्क दिनेहरु आफैं बोकसी आफैं झांक्री जस्ता बन्न पुगेका छन् । अर्थात, उनीहरुकै लापरवाही, विशेष-स्वार्थ पूर्ति गर्ने चाहनामा प्रतिगामी शासन-सत्ता टिकाउनमा, मात्रै मुख्य रुपमा बिदेशी सहायता केन्द्रित गरिएबाट केही विसंगतिहरु आएका हुन् । नेपाली कांग्रेसले यी विविध पक्षलाई नकेलाईकनै हिजोको पंचायती शैलीमा काम गरीरहेको छ र पूंजीवाद नेपाली अर्थतन्त्रमा लाद्दैछ । दलाल नोकरशाहको आकार र प्रभाव-क्षेत्र कम रहेकोले पनि सामन्तहरुसंग गठवन्धन समेत गर्दै यो अगाडि बढ्दै छ ।

यस्तो अर्थनीतिबाट अर्थतन्त्रको भावी स्वरुप कस्तो बन्ला ?- सहजै अनुमान गर्न सकिन्छ । जनतालाई ठग्न र गुमराहमा पार्न- मात्रै गरीवी-उन्मूलन र ग्रामिण विकासका कुरा र भाषण दिइएका हुन् । त्यसमा आधार र विश्वास गर्ने कुनै ठाउं छैन । आज सरकार मुख्य जिम्मेवारीबाट पछि हट्दै नीजि क्षेत्र, त्यसमा पनि विदेशीहरुलाई, अर्थ-तन्त्रको थप जिम्मा दिन कसिएको छ । नीजिकरणको थालनी, तीन-वर्षे आर्थिक योजनाको अवलम्वन, हाल अंगीकार गरिएका खर्च, राजस्व, उद्योग व्यापार, मौद्रिक विनिमय आदि नीति त्यसैका एक हिस्सा हुन् । कांग्रेसले सरकार निर्माण गरेपछिको अर्थतन्त्रको स्थिति हेरेमा पनि यसको थप पुष्टि मिल्नेछ ।

## अर्थतन्त्रको वर्तमान स्थिति र भावी दिशा

जनतालाई राहत दिने बचनवद्धतासंगै गिरिजा र उनको मन्त्रीमण्डलले शासन संचालन शुरु गरे पनि उनको नीति पूंजीवादतर्फ उन्मुख भएकोले जनतालाई दिई आएको राहत र सुविधा घटाई मूल्य बढाउन र एकाधिकारी व्यापारी वर्गलाई मुनाफा कमाउनका लागि प्रोत्साहित गर्नमै केन्द्रित गरियो । मलको भाउ बढाउने, विभिन्न बस्तुको भाउ बढाउनमा थप छुट दिई मुद्रा अवमूल्यन गर्ने, आंशिक परिवर्त्यताको नीति अवलम्वन गर्ने, हिजोसम्म सार्वजनिक सेवा, जस्तै- पानी, बिजुली, टेलिफोनमा रहेको सुविधा घटाउदै तीव्र रुपमा भाउ बढाउनेदेखि लिएर तथाकथित उदार र निर्यात-मूलक एकोहोरो नीति अवलम्वन गर्नमा आजसम्म यो सरकारी नीति केन्द्रित रहेको छ । बिदेशी अनुदान सहायताबाट मुनाफामा रहेका संस्थानहरुलाई निजीक्षेत्र, त्यसमा पनि बिदेशी एकाधिकार पूंजीपतिलाई, किन्ने छुट दिएर नीजि क्षेत्रमा एकाधिकार पूंजीवादलाई संस्थागत गर्नमा यो सरकार तल्लीन छ र जनतालाई भने मूल्य बृद्धिबाट थप शोषण गर्ने खुला छुट यसले दिएको छ ।

तुलनात्मक लाभको हिसावले निर्यातमुलक उद्योगको विकास गर्ने नाउंमा देशमा आत्मनिर्भर बन्न मद्दत पुग्ने उद्योगको भन्सार र अन्य कर-नीति मार्फत यसले गला रेटेको छ । आज पूंजीवादी राष्ट्र अमेरिका वा यूरोप तथा जापानमा खुला-बजार र तुलनात्मक लाभको सिद्धान्त अप्नाउन सकिएको छैन । वस्तुको स्वदेश वा बिदेशमा बजार सुनिश्चित गर्न उनीहरुबीचमा व्यापार-युद्ध चलेको छ । यस्ता पक्षहरुमा आंखा चिम्लदै नेपालको हित-प्रतिकूल खुला-बजार र तुलनात्मक लाभका आधारमा उद्योग र व्यापार-नीति अवलम्वन गरिएको छ । यसबाट सीमित दलाल नोकरशाहहरु मात्र यी नीतिबाट फाइदा लिने स्थितिमा पुगेका छन् । धनवान मात्र बाँच्न र आर्थिक प्रभूत्व स्थापित गर्न सफल हुने नीति अवलम्वन भएबाट आज मध्यम र निम्न उद्योगी, व्यवसायी र व्यापारी विस्थापित र तहस-नहस हुने स्थिति बन्न पुगेको छ । एकोहोरो र असन्तुलित विनिमय नीतिको कारण सिंगै कृषि क्षेत्र नै उपेक्षित बन्न पुगेको छ । तथाकथित उदार-नीतिबाट निजीक्षेत्र व्यापक रुपमा अघि आउने र उनीहरुको लगानीबाट अर्थतन्त्रमा छुमन्तर भई रोजगारी र अन्य आर्जनका उपायहरु बढेर सिंगो ७० प्रतिशत भन्दा बढी गरीवी के खत्तम होला ?

आज आएर युवा वेराजगारीको समस्या झन प्रवल बन्दै गएको छ । एकातिर यस्तो स्थिति रहेको र अर्कोतर्फ दलाल नोकरशाहहरुलाई थप छुट र प्रश्रय दिंदै गरेको बेला केही क्षेत्रमा केही खर्च सरकारले बढाउँदैमा के सिंगो अर्थतन्त्रको आर्थिक-सामाजिक पूर्वाधारको विकास र विस्तार हुने स्थिति छ त ?

अवश्य छैन । हिजोको पंचायती अनुभवले पनि यसको थप पुष्टि गर्दछ । विकेन्द्रीकरणको हिजोको प्रक्रिया उही रुपमा कायम छ । भाग-वण्डाको स्थिति त्यस्तै छ । बजेट-व्यवस्थापन, परियोजना-छनौट, मूल्यांकन, नियन्त्रण र उत्तरदायित्वका विविध पक्ष पंचायती शैलीमै लागू छन् । यस्तो स्थितिमा विकासमा हामी कम्मर कसेर लागेका छौं भन्नु यथार्थतालाई ढाकछोप गर्नु, जनतालाई गुमराहमा पार्नु र वेवकूफ बनाउनु खोज्नु हो ।

अर्थतन्त्रको वर्तमान स्थितिलाई हेर्दा पनि अर्थतन्त्र थप नाजुक स्थितिबाट गुज्रिएको देखिन्छ । गत वर्ष राष्ट्रिय उत्पादन मात्र ३ प्रतिशतले बढेको सरकारी आंकडाले देखाउँछ, जसमा कृषिको उत्पादन बृद्धि मात्र ०.५ प्रतिशतले र गैर-कृषिको भने करीब ७ प्रतिशतले भएको देखाइएको छ । यो वर्ष अर्थात १९९२/९३ मा कृषि वालीको उत्पादन २० देखि ३० प्रतिशतले घटेको स्थिति छ । र यसले गर्दा कृषि उत्पादन १ देखि २ प्रतिशतले गत वर्षको न्यून उत्पादनकै तुलनामा पनि घट्ने सम्भावना छ । गैर-कृषि क्षेत्रको उत्पादन ४-५ प्रतिशतले बढेमा पनि राष्ट्रिय उत्पादन १.५ प्रतिशतदेखि २.० प्रतिशतले मात्र बढ्ने स्थिति छ ।

अझ, उपलब्ध तथ्यांकले के देखाउँछ भने- यो आर्थिक-वर्षको प्रथम तीन महीनामा आयात वास्तविक मूल्यमा घटेको छ वा स्थिर बन्न पुगेको छ । त्यसमा पनि कच्चा पदार्थको आयात घटेको पाइएको छ । यसको तात्पर्य के हुन्छ भने- उद्योग क्षेत्रको उत्पादन घटेको छ । यसबाट सरकारी राजस्वमा समेत नकारात्मक असर परेको कुराको पुष्टि राष्ट्र-बैंकको तथ्यांकबाट प्रष्ट हुन्छ । भन्सार, अन्तशुल्क र बिक्रीकरबाट हुने राजस्व संकलन नबढेबाट गत वर्षको प्रथम तीन महीनाको तुलनामा यो वर्षको सोही अवधिमा केन्द्रिय-बैंकबाट लिइने ओभर ड्राफ्ट (न्यून वित्त) करीव ३०० प्रतिशतले बढेको कुरा उपलब्ध तथ्यांकले देखाउँछ ।

यस्तै, व्यापारमा थप एकाधिकार कायम भएबाट माथि भनेझैं साना र मझौला व्यापारी आफ्नो व्यवसाय बन्द गर्नु पर्ने स्थितिमा पुगेका छन् । यसरी, एकातर्फ राष्ट्रिय आम्दानीको ठूलो हिस्साको उत्पादन-स्तर घटेको छ भने अर्कोतर्फ उद्योग र व्यापारको स्थिति पनि आम रुपमा प्रतिकूल स्थितिबाट गुज्रिरहेको छ । खालि सीमित दलाल नोकरशाह, सत्तामा रहेका वा आसेपासे, बिदेशी एकाधिकार र अन्य पूंजीपति वर्ग तथा साम्राज्यवादलाई मात्र फाइदा

बाँकी ४४ पृष्ठमा



अन्तर्राष्ट्रिय श्रमिक-महिला दिवसको उपलक्ष्यमा

# श्रमिक-महिलाहरुको मुक्ति र मुक्ति-आन्दोलन

## मुर्छित मान्छे फोहर ढलमा पनि सुतीरहन्छ

नेपाली श्रमिक-महिलाहरु श्रमिक-पुरुषहरुको तुलनामा असमान छन् । उति नै काम गरे पनि उनीहरु कम ज्याला पाउँछन् ।

घर धन्दाको काम गरिएन भने जीवन चल्दैन । तर घर धन्दाको कामको मुख्य भार महिलाहरुमाथि छ । यसको लागि उनीहरु कुनै ज्याला पाउँदैनन् । तर कानून र सामाजिक रीति रिवाजले जतिसुकै काम गरेपनि घरको संपत्तिको हकदार र मालिक भने पुरुषलाई मात्र बनाएको छ, महिलालाई छैन । पैतृक-संपत्तिको हकदार छोरा हुन्छ, छोरी हुन्न । घरको चल-अचल संपत्तिमा आफूखुशी गर्न बाबुले पाउंछ, आमाले पाउँदिन । जमिनको जोताहाको हक छोरामा सर्छ, छोरीमा सर्दैन । घरको मुली बाबु-आमाले बुहारीलाई मनचिन्ते आरोपमा पनि माना-चामल मात्र भरेर अलग राखीदिन सक्छन् तर छोरालाई यस्तो गर्न सकिन्न । बहुदलीय प्रजातन्त्र आएपनि महिलाहरुमाथि यस्ता असमान व्यवहारहरु हटाइएका छैनन । ती ज्यूँ का त्यूँ बाँकी छन् । त्यसैले नेपालमा महिलाहरु असमान छन् । ती दोश्रो दर्जाका नागरिक समान छन् ।

आफ्नो क्षमताको विकास गर्न महिलाहरुले पुरुष सरह समान अवसर पाउँदैनन् । शिक्षा पाउने कुरामा नै छोरा छोरीमा काफी भेदभाव गरिन्छ । प्रतिभा त महिलाहरुमा पनि हुन्छ प्रतिभको विकास गर्न स्वतन्त्रता चाहिन्छ, अवसर चाहिन्छ । यस्तो स्वतन्त्रता र अवसर धेरैजसो पुरुषले नै भेट्टाउँछन् । महिलाहरुलाई भने धेरैजसो बन्धन नै बन्धन हुन्छ । पारिवारिक बन्धन, सामाजिक बन्धन, संस्कृतिक बन्धन, आर्थिक बन्धन आदि आदि । अवसरकै अभावले प्रतिभाशाली महिलाहरु पनि आफ्नो प्रतिभा आफैंभित्र थन्क्याएर उत्तिकै जीवन खेर फाल्न बाध्य छन् । अरु त अरु, महिलाहरु आफ्नै जीवन-साथी रोज्न पनि पुरुष सरह स्वतन्त्र छैनन् ।

श्रमिक-महिलाहरुको मक्ति भनेको यही असमानता र बन्धनबाट मुक्ति हो । आर्थिक र सामाजिक अधिकारमा बराबरी र आफ्नो क्षमता एवं प्रतिमा विकास गर्ने समान अवसर र स्वतन्त्रता हो ।

मुक्तिको सम्बन्ध चेतनासंग हुन्छ । हामी के के सवालमा असमानता र बन्धन भोगिरहेछौं ? हामीले किन यस्तो असमानता र बन्धन भोगिरहेछौं ? हामीले किन आफ्नो क्षमता र प्रतिभा विकास गर्ने समान अवसर र स्वतन्त्रता पाईरहेका छैनौं ? र त्यो समानता र अवसर कसरी प्राप्त हुन्छन् ? यो सवालमा महिलाहरुमा चेतना जाग्यो भने मात्र उनीहरु असमानता र बन्धन विरुद्ध संघर्ष गर्न प्रवृत्त हुन्छन् । नत्र असमानता र बन्धनलाई पनि आफ्नो भाग्य ठान्ने स्थिति हुन्छ । यस्तै त हो नि । भनेर सजिलै स्वीकार्ने स्थिति हुन्छ । यथास्थिति स्वीकार्ने त्यो स्थितिमा मुक्तिको लागि संघर्ष गर्ने प्रयत्न नै हुँदैन । संघर्ष र प्रयत्न नै नभएपछि मुक्ति मिल्ने संभावना नै हुँदैन ।

जसरी एउटा मूर्च्छित मान्छे फोहरै फोहर ढलमा सुतिरहे पनि चाल पाउँदैन, त्यहीं सुतिरहन्छ, त्यस्तै एउटा अचेतनशील महिलाले पनि असमानता नै असमानता, बन्धन नै बन्धनमा बाँचीरहे पनि चाल पाउँदिन त्यही व्यहोरिरहन्छे । त्यसैले मुक्तिको बाटो भनेको मुर्च्छाबाट ब्यूँझने र ब्यूँझाउने बाटो हो, आफूले व्यहोरिरहेको जीवन र स्थितिलाई होशपूर्वक र आलोचनात्मक तवरले हेर्ने बाटो हो । आफूले व्यहोरिरहेको असमानता र बन्धनको बारेमा होश नै नभएका अचेतनशील महिलाहरुमा होश र आलोचनात्मक चेतना जागेपछि आफू कुन फोहर - ढलमा सुतिरहेछु भन्ने कुरा उनीहरुलाई थाहा हुन्छ । त्यो थाहाले उनीहरुलाई त्यो फोहर ठाउँबाट उठ्न र सुन्दर ठाउंमा जान प्रेरित गर्छ । जब थाहा हुन्छ, यथास्थिति विरुद्ध संघर्ष शुरु हुन्छ। जब होशपूर्वक संघर्ष शुरु हुन्छ, मुक्तिको लागि यात्रा शुरु हुन्छ ।

मुक्ति, त्यसैले लक्ष्य हो । परिपूर्ण होश र आलोचनात्मक चेतनाको जागरण त्यो लक्ष्यमा जाने दिशा हो । श्रमिक-महिलाहरुको मुक्ति - महिलाहरुले व्यहोरिरहेका तमाम असमानता र बन्धन अन्त गर्ने लक्ष्य हो । श्रमिक-महिलाहरुको मुक्ति-आन्दोलन श्रमिक-महिलाहरु आफैंमा त्यो असमानता र बन्धनबारे, त्यसबाट मुक्त हुने बाटोबारे परिपूर्ण होश र आलोचनात्मक चेतना जागृत गर्ने आन्दोलन हो । यो उनीहरु स्वयम्लाई मूर्च्छाबाट ब्यूँझाउने र आफ्नो वरपरको दुर्गन्ध-बोध गराउने आन्दोलन हो । मूर्च्छाबाट होशमा आएपछि र आफ्नो वरपरको दुर्गन्धबाट उकुसमुकुस महशूस गरेपछि उनीहरुले स्वयम त्यसबाट मुक्त हुन पाइला चाल्नेछन् । जब त्यो बोध सहित पाइला चल्नेछ, दुनियाँको कुनै शक्तिले पनि उनीहरुलाई दुर्गन्धमा रहीरहन सहमत गराउन सक्नेछैन ।

श्रमिक-महिलाहरुको मुक्ति त्यसैले, श्रमिक-महिलाहरुको होश र चेतनाबाट मात्र संभव छ । अरुको होश र चेतना त उनीहरुको लागि सहयोग मात्र हुन सक्छ, मुक्तिदायी हैन । अचेतनशीलताले गर्दा वा मूर्च्छाले गर्दा उनीहरु दुर्गन्धमा रहिरहन सहमत भएकैले असमानता र बन्धन बाँकी भएको हो र त्यो सहमति होउन्जेल मुक्ति कदापि संभव छैन । जब असहमति हुनेछ, मुक्तिको लागि संघर्ष शुरु हुनेछ । त्यसैले श्रमिक - महिलाहरुको मुक्ति-आन्दोलन उनीहरुमा अन्याय, असमानता र बन्धनमा रहन असहमति जगाउने अभियान हो । ≈


काठमाडौंबाट बुटवल, भैरहवा
पाल्पा, नेपालगंज, दाङ, पोखरा,
भरतपुर (टाडी), हेटौंडा, वीरगंज,
जनकपुर र त्रिशुली
जान आउन परे संझनुहोस्

**साझा यातायात**

टिकट पाइने स्थान:
सुन्धारा, काठमाडौं


## नेपालमा विभिन्न क्षेत्रमा महिलाहरुको स्थिति

२०४८ चैत्र मसान्त सम्ममा

### न्याय क्षेत्रमा


| | |
|---|---|
| कूल वरिष्ठ अधिवक्ताहरु मध्ये महिलाहरुको अनुपात | ३.३ % |
| कूल अधिवक्ताहरु मध्ये महिलाहरुको अनुपात | ४.१९ % |
| कूल अभिवक्ताहरु मध्ये महिलाहरुको अनुपात | २.६ % |
| कूल अभिकर्ताहरु मध्ये महिलाहरुको अनुपात | ०.३३ % |
| न्याय क्षेत्रमा कार्यरत कूल कमीहरु मध्ये महिलाहरुको अनुपात | २.९५ % |

स्रोत: अस्मिता, आषाढ/श्रावण २०४९, अंक १४

### स्वास्थ्य क्षेत्रमा

| | |
|---|---|
| कूल स्वास्थ्यकर्मीहरु मध्ये महिलाहरुको अनुपात करीब | ५८.६८ % |
| कूल राजपत्रांकित स्वास्थ्यकर्मीहरु मध्ये महिलाहरुको अनुपात | २.०० % |
| कूल डाक्टरहरु मध्ये महिलाहरुको अनुपात | - |

स्रोत : उही



### नेपाल-प्रहरीमा

| | जना |
|---|---|
| कूल महिला इन्सपेक्टर | ११ |
| हवलदार | ८९ |
| प्रहरी जवान | २४० |
| फल्वर्स (साधारण काम गर्ने) | ८ |

स्रोत: उही

### शिक्षा क्षेत्रमा

| | |
|---|---|
| कूल शिक्षकहरु मध्ये महिलाहरुको अनुपात | १० % |
| कूल तालीम प्राप्त शिक्षकहरु मध्ये महिलाहरुको अनुपात | ७ % |
| कूल साक्षरहरु मध्ये महिलाहरुको अनुपात | १८ % |
| कूल प्राइमरी स्कूलमा भर्ना हुने विद्यार्थी मध्ये छात्राको अनुपात | २९ % |
| कूल माध्यमिक स्कूलमा भर्ना हुने विद्यार्थी मध्ये छात्राको अनुपात | ८ % |

स्रोत: UNICEF

# नेपालमा महिलाहरुले शिक्षाको अवसर कति मात्रामा पाएका छन् ?

## *महिला-शिक्षा सम्बन्धी आधारभूत तथ्याङ्क*

* नेपालमा पुरुषहरु ५२ प्रतिशत साक्षर छन् । तर महिलाहरुको साक्षरताको प्रतिशत १८ मात्र छ ।

* सबभन्दा कम साक्षरता पर्वतीय र तराई क्षेत्रमा छ र सबैभन्दा बेसी साक्षरता मध्य पहाडी क्षेत्रमा र शहरी क्षेत्रमा छ ।

* २०३८ सालमा पुरुष साक्षरता ३४ प्रतिशत थियो । २०४३ सालमा त्यो ५२ प्रतिशत पुग्यो । तर महिला साक्षरता भने त्यही अवधिमा १२ बाट १८ प्रतिशत मात्र पुग्यो ।

* कूल साक्षर महिला मध्ये १६ प्रतिशत मात्र गाउँले क्षेत्रमा छन् जबकि शहरी क्षेत्रमा ४७.५ प्रतिशत साक्षर महिलाहरु छन् ।

* प्राथमिक स्कूलमा भर्ना भएका विद्यार्थीहरु मध्ये ३५ प्रतिशत विद्यार्थीहरु १ कक्षा पास नगर्दै स्कूल छोड्छन् र बाँकी ५० प्रतिशतले पनि प्राथमिक तह पास नगर्दै स्कूल छोड्छन् । यस्तो छोड्नेहरुमा सबैभन्दा बेसी केटीहरु छन् । यसरी छोड्नुको मूल कारणमा घरको काममा सघाउन पर्नु र महिलाहरुले पनि शिक्षा प्राप्त गर्नु पर्छ भने सवालमा बाबु -आमाको अचेतनता रहनु छन् ।



* माध्यमिक विद्यालयमा पढ्ने विद्यार्थीहरुमध्ये ३ प्रतिशत महिलाहरुले मात्र माध्यमिक शिक्षा पूरा गर्छन्, जबकि पुरुषहरुमा यो प्रतिशत १३.६ ।

शहर र गाउँको महिला साक्षरताको स्थिति

प्रतिशतमा

| | शहरी क्षेत्र | | गाउँले क्षेत्र | |
|---|---|---|---|---|
| | २०३८।३९ | २०४३।४४ | २०३८।३९ | २०४३।४४ |
| पुरुष | ६१.२ | ७७.७ | ३१.९ | ४९.९ |
| महिला | ३८.२ | ४७.५ | १०.३ | १६.१ |
| जम्मा | ५०.५ | ६२.७ | २१.४ | ३२.५ |

स्रोत: १९८६/८७ को Demographic Sample Survey, राष्ट्रिय योजना आयोग, १९८७

माथिका अन्य सबै तथ्याङ्को स्रोत : विश्व बैंक- 'Nepal Social Sector Strategic Review, April 19, 1989.

* नेपालमा हरेक ३ मध्ये २ जना केटीले प्राइमरी स्कूल समेत जान पाउँदैनन् ।

स्रोत: UNICEF, 1991 - Children and Women of Nepal - A Situation Analysis, 1992.

* २०३८ सालको जन- गणना अनुसार कूल ७ लाख महिलाहरुले मात्र साक्षर हुने मौका पाएका थिए । साक्षर महिलाहरु मध्ये ५६ प्रतिशतले मात्र प्राइमरी तह पास गरेका थिए र ५ प्रतिशतले मात्र एस.एल.सी पास गर्न सकेका थिए ।

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।

# ८ मार्च : दिवस कसरी मनाउन थालियो ?

*-राजेन्द्रप्रसाद अधिकारी*

८ मार्च श्रमिक महिलाहरुको निमित्त एक प्रेरक दिन हो । श्रमिक महिलाहरुलाई समानता र न्यायको संघर्षको आजको स्थितिसम्म ल्याई पुऱ्याउनमा यस दिनले ठूलो भूमिका खेलेको छ । सन् १८८९ को मार्च ८ का दिन पेरिसमा भएको श्रमिक महिलाहरुको अन्तर्राष्ट्रिय सम्मेलनमा साम्यवादी नेतृ क्लारा जेट्किनले महिलाहरुको समान अधिकारको लागि आवाज उठाउनु भएको थियो । महिलाहरुले अन्तर्राष्ट्रिय रुपमा अर्थात अन्तर्राष्ट्रिय मंचबाट आफ्नो आवाज उठाएको यो नै पहिलो घटना मानिन्छ ।

आफ्नो अधिकारका निम्ति महिलाहरु क्रमश: आन्दोलनमा उत्रिए । सन् १८९७ मार्च ८ का दिन न्यूयोर्कका श्रमिक महिलाहरुले उचित ज्याला पाउने र दिनको १० घण्टा मात्र काम गर्ने अधिकारको निम्ति हड्ताल, जुलुस र आमसभाको आयोजना गरे ।

सन् १९०७ को मार्च ८ का दिन समाजवादी महिलाहरुको अन्तर्राष्ट्रिय सम्मेलन जर्मनीको स्टुटगार्डमा सम्पन्न भयो । सन् १९०८ को मार्च ८ का दिन न्यूयोर्कका श्रमिक महिलाहरुले भोट हाल्ने (समान मताधिकारको लागि) अधिकारको लागि जुलूस निकालेका थिए । यो एक महत्वपूर्ण राजनैतिक अधिकारको निम्ति भएको संघर्ष थियो ।

यसैगरी सन् १९०९ को मार्च ८ मा शिकागोका श्रमिक महिलाहरुले आफ्नो अधिकारको लागि बिशाल एवं संगठित प्रदर्शन-हड्ताल र जुलुस निकालेर गरे ।






यस प्रकार ८ मार्च श्रमिक महिलाहरुको अधिकारको निमित्त एक निरन्तरको संघर्षको ऐतिहासिक दिन बन्न पुग्यो । सन् १९१० को मार्च ८ कै दिन डेनमार्कको राजधानी कोपेनहेगनमा समाजवादी महिलाहरुको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन भयो, जसमा १७ देशका प्रतिनिधिहरुले भाग लिएका थिए । यस सम्मेलनमा महिलाहरुका विविध समस्याहरुमाथि गम्भीरतापूर्वक छलफलहरु भए । यसै सम्मेलनले श्रमिक-महिलाहरुको क्रान्तिकारी परम्परा भएको ८ मार्चको दिनलाई अन्तर्राष्ट्रिय श्रमिक-महिला दिवसको रुपमा मनाउने निर्णय समेत गऱ्यो । यो प्रस्ताव समाजवादी नेतृ क्लारा जेट्किनले राख्नु भएको थियो ।

सन् १९११ को ८ मार्च देखि यस दिनलाई श्रमिक महिलाहरुको अन्तर्राष्ट्रिय दिवसको रुपमा मनाउनु थालियो । अत: यो दिन सम्पूर्ण महिलाहरुको शोषण, अन्याय र अत्याचार विरुद्धको संघर्ष र एकता एवं समानताको लागि चेतनाको एक अविस्मरणीय एवं ऐतिहासिक दिन हो ।

पढ्नुहोस्
दैनिक विश्वभूमि

# दीर्घकालीन हित हुने गरी नेपाली जल-विद्युतको उपयोग कसरी गर्ने ?

क. झलनाथ खनाल
डा. देवेन्द्रराज पाण्डे
दीपेन्द्र क्षेत्री
डा. हरिमान श्रेष्ठ
संग कुराकानी

## साना र मझौला आयोजनाहरुको क्षमताले हाम्रो राष्ट्रिय आवश्यकता आपूर्ति हनु सक्दैन भन्ने प्रश्नै आउँदैन

*डा. हरिमान श्रेष्ठ*
कार्यकारिणी सचिव,
जल तथा शक्ति आयोगको सचिवालय
नेपालको जल विद्युत क्षमता निर्धारण सम्बन्धमा PHD

***एक विद्युत प्राविधिज्ञको नाताले नेपालको विद्युत क्षमता जे जति छ, त्यसबाट नेपालको आर्थिक क्षमता र दीर्घकालीन हितको आधारमा कसरी विद्युतीकरण गर्न संभव छ भन्ने यहांलाई लाग्छ ?***

*जल विद्युतको विकासलाई क्षमता र स्थान हेरी आयोजनाहरुको वर्गीकरण हुनु र विभिन्न समूहभित्रका आयोजनाहरुलाई संगसंगै लैजानु पर्ने हुन्छ । जस्तो कि- राष्ट्रिय आवश्यकता पूर्ति गर्ने वर्गको योजना, र विद्युतलाई निर्यात गर्दा अरु वहुपक्षीय लाभ समेत प्राप्त हुने किसिमका वृहत आयोजनाहरु, यी दुईमा प्रष्ट वर्गीकरण हुनु जरुरी छ ।*

*राष्ट्रिय आवश्यकता पूर्ति गर्ने किसिमका आयोजनाको वर्गलाई पनि तीन उप-वर्गमा छुट्याउनु*



अहिले देशमा टनकपुर-मुद्दा देशको सबैभन्दा ठूलो वहसको विषय भएको छ । टनकपुर-मुद्दाले हाम्रो देशमा सरकार चलाईरहेकाहरु कति अनैतिक र गैर- जिम्मेवार छन्, त्यो मात्र उदांगो पारेको छैन, यसले राष्ट्रसमक्ष एउटा गंभीर राष्ट्रिय-प्रश्न पनि उठाएको छ - यदि टनकपुरमा अप्नाइएको उपाय बेठीक छ भने, त्यस्तो सही उपाय चाहिं के हो, जुन अख्तियार गरेर नेपालका नदीहरुबाट विद्युतीकरण गरियो भने नेपालको अधिकतम हित हुन सक्छ ? कसरी र कुन शर्तमा नेपालका नदीहरुबाट अधिकतम बिजुली निकाल्नु आर्थिक र प्राविधिक दुवै हिसावले संभव र उचित छ ? पंचेश्वर, बूढी गण्डकी, कर्णाली (चीसापानी), सप्त कोशी, कमला र बागमती नदी सम्बन्धी आयोजनाहरु एक पक्षीय रुपमा भारतलाई मात्र सुम्पने काम नेपाली कांग्रेसको सरकारले गरिरहेको स्थितिमा यो प्रश्न अरु टड्कारो र राष्ट्रिय महत्वको बनेको छ । आखिर के गरेको खण्डमा चाहिं नेपालको राष्ट्रिय हित पनि हुन्थ्यो र लगानीकर्ताको न्यायपूर्ण हित पनि ?



यो प्रश्न नेपालको आमूल परिवर्तन चाहने जुनै पनि प्रगतिशील सामाजिक शक्तिको निम्ति पनि अत्यन्त महत्वको प्रश्न हो । नेपालको औद्योगिकरण र विद्युतीकरण सम्बन्धी वामपन्थी-विकल्प के ? यो प्रश्नको हल निकाल्नु वामपन्थी-आन्दोलनको निम्ति पनि सारै जरुरी छ ।



८३ हजार मेघावाट भन्दा बेशी सैद्धान्तिक विद्युत क्षमता र ४२ हजार मेघावाट आर्थिक रुपले संभव विद्युत क्षमता भएको नेपालमा अहिलेसम्म २३२ मेघावाट विद्युत क्षमता मात्र प्रयोग गर्न सकिएको छ, जुन कूल क्षमताको ०.२ प्रतिशत मात्र हो । नेपालका ११ प्रतिशत जनताले मात्र विद्युत सुविधा उपभोग गर्न पाएका छन् । यो स्थितिमा यस महत्वपूर्ण प्रश्नमा छेडिएको वहस-अन्तर्क्रियाले, यस सम्वन्धी विषय-विज्ञहरुका विचारहरुले, विद्युतीकरणसम्बन्धी धारणा स्पष्ट पार्न केही मद्दत गर्ने छ भन्ने आशा लिएका छौं । गतांकमा हामीले यसवारे अर्थविद् गोविन्दप्रसाद लोहनीका विचारहरु प्रस्तुत गरेका थियौं ।



यस पल्ट प्रस्तुत छ- अर्थविद् डा. देवेन्द्रराज पाण्डे, नेकपा (एमाले) का विद्युत सम्बन्धी विज्ञ झलनाथ खनाल, नेपालमा ८३ हजार मेघावाट विद्युत निक्लने कुरा पहिलो चोटि खोजि गरेर पत्ता लगाउने जलविद्युत इन्जिनियर डा. हरिमान श्रेष्ठ र नेपाल राष्ट्रिय बुद्धिजीवि संगठनका संयोजक तथा जल-विद्युत विद्- दीपेन्द्र क्षेत्रीसंग लिइएको अन्तर्वार्ता -मूल्यांकन

# लघु, साना र मझौला आयोजनाहरुको कार्यान्वयन समानान्तर रुपमा भइरहनु पर्दछ ।



वर्तमान राष्ट्रिय अवस्थालाई हेर्दा समयानुकूल हुने हुन्छ । यी मुख्य दुई वर्ग मध्ये वृहत निर्यातमूलक आयोजनाहरुबाट कुन हदसम्म नेपाललाई फाईदा हुन सक्ने हो, सो को जानकारी भई रहन आवश्यक पर्ने भएकाले सो हदसम्म अध्ययन भईरहनुमा कुनै आपत्ति देखिदैन । तर राष्ट्रलाई उच्चतम फाईदा उपलब्ध हुने वातावरण श्रृजना नभएसम्म यस्ता योजनाहरुमा बढी ध्यान र बढी विरल-वित्तीय-स्रोतको लगानी गर्नु उपयुक्त हुँदैन । किनभने, यी आयोजनाहरुबाट नेपालीलाई निकट भविष्यमा राहत पुर्‍याउन संभव हुदैन । साथै विद्युतलाई सोझै विक्री गर्नुबाट हुने फाइदा निकै कम हुन्छ । विद्युत शक्ति राष्ट्रिय अर्थतन्त्रको वृद्धिलाई उपयोगी र गुणात्मक ढंगले टेवा पुर्‍याउने साधन भएको हुंदा यस साधनको उच्चतम उपयोग राष्ट्रिय अर्थतन्त्रको स्तर वृद्धि गर्नमा उपयोग गर्नु नै बढी श्रेयस्कर हुन्छ ।

राष्ट्रिय आवश्यकता पूर्ति गर्ने किसिमका मझौला, साना र लघु वर्गका जलविद्युत आयोजनामा बढी ध्यान केन्द्रित हुने गरी दक्ष नेपाली जनशक्तिको र उपलब्ध वित्तीय स्रोतको अधिकतम उपयोग यस्ता आयोजनामा गरेर नै यी आयोजनाहरुको उत्पादन, उपभोग सोझै नेपाली जनताले गर्न पाउने हुन्छ । यस्ता आयोजनाहरुको कार्यान्वयन क्रममा नेपाली जनशक्ति (दक्ष, अर्द्धदक्ष, अदक्ष जनशक्ति) र नेपालमा उपलब्ध निर्माण सामाग्रीको उच्चतम उपयोग हुने पद्धति (Methodology) अवलम्बन गर्नु पर्छ । साथै उपलब्ध नेपाली प्राविधिज्ञ, दक्ष, अर्धदक्ष प्रविधिज्ञलाई यस्तो कार्यमा दत्तचित्त भई संलग्न हुन आकर्षक वातावरणको सिर्जना गर्नु पर्छ । यसो गरेमा बाहिरी प्राविधिज्ञहरुमा भर पर्नु पर्ने वर्तमानको मात्रालाई घटाउँदै जान संभव हुन्छ । र कार्यमा संलग्नताको आधारमा अनुभव प्राप्त गर्दै गएपछि अन्ततोगत्वा साना- मझौला मात्र नभई वृहत आयोजनाहरु पनि आफै कार्यान्वयन गर्न सक्ने क्षमताको विकास हुन्छ ।

जहांसम्म, राष्ट्रिय आपूर्तिको लागि वर्गीकरण गरिएका लघु, साना र मझौला आयोजनाहरु छन्, तिनीहरुको कार्यान्वयन समानान्तर रुपमा भईरहनु आवश्यक छ । राष्ट्रिय विद्युत प्रसारण प्रणाली (National Grid) पुगेको क्षेत्रको आसपासमा परेका आयोजनाहरु साना र मझौला हुनु उपयुक्त हुन्छ भने Grid बाट टाढा पर्ने पहाडी क्षेत्रको लागि सरल किसिमको स्थानीय व्यक्तिले संचालन गर्न संभव हुने लघु-जल विद्युत आयोजनाहरुको कार्यान्वयन बढी उपयुक्त हुने हुन्छ ।

**यसको निम्ति हामी पूंजीको समस्या कसरी हल गर्न सक्छौं त ?**


जब हामी पूंजीको कुरा गर्छौं, हामीले यो पनि प्रष्ट बुझ्नु पर्ने हुन्छ कि विद्युत भनेको सबभन्दा उच्चकोटीको उर्जा हो । यस उच्चकोटीको साधनको मूल्य पनि बढी पर्दछ । हाम्रो पूंजी मात्रको परिचालनले माथि उल्लिखित सबै वर्गको आयोजनाहरुको कार्यान्वयन तत्काल संभव पनि छैन । पूंजी भन्नाले श्रम, निर्माण सामाग्री, उपकरण, प्रसारण लाईनलाई चाहिने तार आदिलाई लिन सकिन्छ । यस मध्ये आफ्नो देशमा उत्पादन हुन नसक्ने सामाग्री, उपकरण त आयात गर्नु पर्ने नै हुन्छ । तर यस्ता उपकरणहरु पनि छन्, उदाहरण स्वरुप, बुल्डोजर, एस्काभेटर, टनेल बोरिङ-मेशीन जस्ता निर्माण-उपकरणहरु, जसको प्रतिस्थापन श्रम-शक्तिबाट हुन सक्छ । यसैले नेपालीको श्रम-शक्तिलाई बढी से बढी प्रयोगमा ल्याउने पद्धतिको अनुशरण गर्दा आवश्यक पर्ने वाह्य स्रोतको कटौति हुन जाने र बेकारीको समस्या पनि हल हुने हुँदा तुलनात्मक ढंगले चाहिने भन्दा कम पूंजीबाट आयोजनाहरु कार्यान्वयन गर्न नसकिने भन्ने कुरा चाहिं हैन ।

जहांसम्म बाहिरबाट आयात गर्नु पर्ने उपकरण अथवा साधनहरुको लागि आवश्यक पूँजीको सवाल छ, त्यो त राष्ट्रिय पूँजीपतिहरु र उपकरण बिक्री गर्ने इच्छा राख्ने बाहिरी उत्पादन-कर्ताहरुलाई यस्ता आयोजनाहरुमा लगानी गर्न आकर्षक हुने वातावरण सृजना गर्नु पर्ने हुन्छ । त्यो कसरी हुन सक्छ भन्ने कुरा विद्युत-बिक्रीबाट लगानी-कर्ताले कति नाफा पाउन सक्छ भन्ने कुरामा निर्भर गर्छ ।

जहांसम्म नेपालका पहाडी क्षेत्रहरुमा व्यापक रुपमा संचालन गर्नु पर्ने लघु-जल विद्युत आयोजनाहरुको कुरा छ, सो को लागि आवश्यक उपकरणहरु नेपालमै उत्पादन हुन सक्ने अवस्थामा पुगेको छ र यसको विकासलाई बढी सरलीकरण गरी परंपरागत समयदेखि स्थानीय वासिन्दाले बनाई आएको पानी-घट्ट सरहको आयोजना स्थानीय जनताकै सहभागितामा उनीहरुको आफ्नै स्थानीय प्रयोगको लागि कार्यान्वयन गर्ने प्रक्रिया अप्नाउँदा त्यति सारो पूँजीको समस्या पर्दैन ।

**अति ठूला जल विद्युत योजनाहरुमा जस्तो- कर्णाली, पंचेश्वर, कोशीमा हात हालिदैछ । त्यसमा भईरहेको त्रुटी के छ ? हुनु पर्ने के ?**

जहांसम्म यस्ता विस्तृत आयोजनाको कुरा छ, सामान्यतया यस्ता आयोजनाहरुमा पहिलो प्रश्नमै मैले केही विचार व्यक्त गरी सकेको छु । यी आयोजनाहरु मध्ये एक मात्र आयोजना, कार्यान्वयन गर्नको लागि पनि २।३ खरब रुपैयाको आवश्यकता पर्छ । र यी आयोजनाहरु, विशेष गरेर कोशी र कर्णाली आयोजना कार्यान्वयन गर्न जलाशय भई डुबान-क्षेत्र नेपालमा पर्दछ र सो जलाशयमा मनसुन याममा पानी जम्मा गर्दा बाढीको प्रकोपबाट घटेर हुने फाइदा केही नेपालको तराई-भूभागमा हुन्छ भने; धेरै स्वत: तल्लो तटीय छिमेकी राष्ट्रमा हुन्छ । यस्तै सुख्खा याममा पानी बढी जलाशयबाट नियमित ढंगले छाड्न पाउने हुँदा नेपालको केही भूभागमा सिंचाइलाई नियमित ढंगले पानी उपलब्ध भई कृषि-उत्पादनमा वृद्धि हुन्छ भने यस्को फाइदा तल्लो तटीय राष्ट्रमा पर्याप्त मात्रामा हुने हुन्छ । यो स्वत: पाउने फाइदा भयो ।




यसका अतिरिक्त त्यस्ता आयोजनाबाट उत्पादन हुने विद्युत-शक्ति मध्ये नगण्य परिमाणमा मात्र नेपालले तुरुन्त प्रयोग गर्न सक्ने हुन्छ । तसर्थ यस्ता आयोजनाहरु नेपाललाई भन्दा वर्तमान अवस्थामा भारतलाई बढी आवश्यक भएको छ । त्यसैले, जबसम्म नेपाललाई यस्ता आयोजनाबाट प्रशस्त फाइदा हुने आकर्षक वातावरणको सिर्जना हुँदैन, त्यस बेलासम्म यस्ता आयोजनामा नेपालले ध्यान केन्द्रित गर्नु हुदैन । यसो गर्दा नेपाललाई तत्काल आवश्यक साना, मझौला आयोजनाहरुमा ध्यान केन्द्रित हुनमा प्रतिकूल असर पर्न जनुका साथै नेपाली जनतालाई राहत दिन, नेपाली अर्थतन्त्र बलियो पार्न टेवा पुर्‍याउन आवश्यक विद्युत-शक्ति आपूर्ति गर्नमा पनि प्रतिकूल असर पर्ने हुन्छ ।

राष्ट्रिय आवश्यकताको समयानुकूल आपूर्ति हुन सक्ने गरी भौतिक आर्थिक सबै दृष्टिकोणले पनि तोकिएकै समयमा उत्पादन दिन सक्ने क्षमताका आयोजनाहरुमा सर्वप्रथम सबै प्रकारको ध्यान केन्द्रित हुने तरीकाले आयोजनाको तर्जुमा, सर्वेक्षण, निर्माणलाई क्रमवद्ध रुपमा कार्यान्वयन गर्दा नै जनतालाई राहत पुर्‍याउन र राष्ट्रको अर्थतन्त्र दिगो गर्नमा टेवा पुग्ने हुन्छ ।

**तपाईले भन्नु भए जस्तो कार्यान्वयन गर्न संभव- त्यस्ता मझौला र साना आयोजनाहरु कुन कुन हुन त ? तिनले २०-३० वर्षको हाम्रो औद्योगिकरणको विद्युत आवश्यकता पूर्ति गर्न सक्छन् ?**

लघु र धेरै साना आयोजना बाहेक पनि अर्थात १० हजार किलोवाट भन्दा बढी क्षमता राख्ने अहिलेसम्म ९३ आयोजनाको पहिचान भईसकेको छ । तीमध्ये १०-१२ वटा वृहत-वहुउद्देश्यीय र ठूला आयोजनाहरु पनि छन् । अरु जम्मै साना र मझौला आयोजनाहरुकै वर्गमा पर्छन् । ती मध्ये केही आयोजनाहरुको अध्ययनको स्तर, पूर्व संभाव्यता र संभाव्यता एवं संभाव्यता-स्तरमा पुगेका पनि छन् । पूँजीको व्यवस्था भएमा प्रवेश- मार्गहरुको आवश्यकता नपरी तुलनात्मक ढङ्गले छोटो अवधिमा कार्यान्वयन गर्नसक्ने आयोजनाहरु पनि छन् । ती हुन्- कन्काई (६० हजार किलोवाट), सप्त-गण्डकी ( २ लाख २५ हजार किलोवाट), पश्चिम सेती (३ लाख ६० हजार किलोवाट), बूढी गण्डकी (६ लाख किलोवाट), भोटे कोशी (४८ हजार किलोवाट), मोदी (१० हजार किलोवाट) । यस बाहेकका अरु

# पूँजी र प्रविधिको समस्या हल गर्न वहुपक्षीय स्रोतको उपयोग गरिनु पर्छ

**भारतीय पक्ष आफ्नो स्वार्थको निम्ति हाम्रो प्रशासन–यन्त्रको नशा नशा थाहा पाएर बसेको छ ।**


– दीपेन्द्र क्षेत्री
सदस्य, राष्ट्रिय विकास परिषद
संयोजक,
नेपाल राष्ट्रिय बुद्धिजीवी संगठन




**नेपालको दीर्घकालीन हितमा नेपालका नदीहरुबाट विद्युतीकरण गर्नको लागि अहिले सरकारले अप्नाईरहेका नीति र योजनामा तपाईले के दोष देख्नु भएको छ ?**

विद्युतीकरणका निम्ति हाल देखिएका समस्याहरुलाई दुई प्रकारले हेर्न सकिन्छ: पहिलो, यसभन्दा अघिको राजनीतिक प्रणालीबाटै कायम राखिएको पद्धतिबाट सृजित समस्या र दोश्रो, वर्तमान जन-निर्वाचित सरकारले प्रतिपादन गरेका नीतिबाट सृजित समस्या ।

जलस्रोतको कूल उत्पादन-संभाव्यता (८३,००० मेघावाट) को निरपेक्ष रुपमा प्रचार-प्रसार र सो सम्पदाबाट नेपालको सारा आर्थिक विकासको समस्या छूमन्तर गरे झैं गरी हल हुन्छ भन्ने अवधारणालाई विकसित गरिनु स्वयम् एउटा समस्या भएको छ । विगत व्यवस्थाले प्रतिपादन गरेको यो धारणालाई अहिलेको व्यवस्थाले पनि कायम राखेको छ । वास्तविकता चाहिं के छ भने, प्राविधिज्ञहरुका अनुसार आर्थिक रुपले संभावित विद्युत-क्षमता केवल ४२ हजार मेघावाट मात्रै छ ।

अर्को समस्या के भएको छ भने, देशमा संचालन गर्ने जल-विद्युत आयोजनाहरु आफ्नो देशको आवश्यकता, पूँजी र प्राविधिक क्षमताको आधारमा भन्दा लगानीकर्ताहरुका स्वार्थहरुले लादेको आधारमा संचालन हुने गरेका छन् । फलस्वरुप, साना र मझौला आयोजनाहरुलाई उपेक्षा गरिएको छ । तर ठूला आयोजनाहरुलाई प्राथमिकता दिइएको छ । देशको आवश्यकता र क्षमता हेर्ने हो भने हुन, पर्ने यसको ठीक उल्टो हो । वर्तमान सरकारले उठाएका जल-विद्युत संबन्धी नीतिहरुमा पनि विगतकै अवधारणाहरुलाई कायम गरिएको छ । एउटै नौलो कुरा, निजी क्षेत्रलाई यसले सहभागी गराउने कुरा अघि ल्याएको छ । जल-विद्युत आयोजनाहरुको छनौट गर्दा ठूला आयोजनालाई प्राथमिकता दिने, यस्ता आयोजनाबाट उत्पादित उर्जा देशभित्रै खपत हुन संभव नहुने र निर्यात गर्नु पर्ने बाध्यता रहने भएकाले देश विकासको परिप्रेक्षमा हेर्दा यस्ता परियोजनाबाट के फाइदा हुन्छ भनेर विचार गरिनु आवश्यक छ । यस्ता परियोजनामा संलग्न प्राविधिज्ञ र कामदारहरुको स्तर तुलनात्मक रुपले विशिष्ट हुने भएकाले देशभित्रैका जन-शक्तिहरु पनि कम मात्र प्रयोग हुने देखिन्छ ।

हामीसित अहिले पनि जलस्रोतलाई राष्ट्रिय हितका निम्ति प्रयोग गर्ने सवालमा प्रष्ट र प्रतिवद्ध नोकरशाहीतन्त्रको अभाव छ । उता हामीले सौदावाजी गर्नु पर्ने पक्ष (जस्तो भारतीय शासक वर्ग) संग भने आफ्नो हितप्रति सचेत, दक्ष र प्रतिवद्ध नोकरशाहीतन्त्र छ । पोहोर साल भारतीय दवावमा नेपालका एक जना सक्षम जलस्रोत विज्ञलाई जलस्रोत सचिवबाट अन्यत्र सरुवा गरियो । त्यतिखेर एक जना भारतीय संवाददाता तव्लीन सिंले The Economist पत्रिकामा उक्त सचिवलाई हटाएपछि भारत र नेपालका जलस्रोत संबन्धी वार्ताले महत्वपूर्ण मोड लिनेछ भनेर किटान साथ घोषणा गरे । यसबाट के सिद्ध हुन्छ भने, भारतीय पक्ष आफ्नो स्वार्थको निम्ति हाम्रो प्रशासनयन्त्रको नशा नशा थाहा पाएर बसेको छ र त्यसमा चाहे जस्तो परिवर्तन गर्न सचेत र सक्षम छ ।

जलस्रोत संबन्धी अध्ययन र अनुसन्धानद्वारा तथ्याकहरु जम्मा गर्ने र त्यसको आधारमा दीर्घकालीन योजना तयार गर्ने कुरामा सरकारको अहिलेसम्म पनि ध्यान पुगेको छैन । जेजति योजना र कार्यक्रम छ, त्यो तदर्थवादी छ । हालको सरकारको तदर्थवादी चिन्तन-प्रणालीले जलस्रोतको विकासमा मद्दत पुऱ्याउन सक्दैन । यसका लागि त छुट्टै र विशेष किसिमको पहल हुनु पर्ने महशूस गरी गत वर्ष भएको राष्ट्रिय विकास परिषदको बैठकमा मैले एउटा जलस्रोत संबन्धी कमिटी निर्माण गर्नका लागि प्रस्ताव गरेको थिएँ । तर त्यो स्वीकार गरिएन । दीर्घकालीन हितमा जल संपदालाई प्रयोग गर्ने हो भने सर्वप्रथम यो तदर्थवादी चिन्तन प्रणाली परित्याग गर्नु पर्छ र वस्तुवादी चिन्तन-प्रणाली अप्नाउने आँट सरकारले गर्नु पर्छ । यसको लागि सरकारसित आफ्नो जल संपदा संबन्धी आफ्नै तथ्यांकहरुको व्यवस्था हुनु पर्छ ।

विगतमा जलस्रोत संबन्धी सौदावाजी गर्ने प्रतिनिधि-मण्डलहरुसित विषय-वस्तुमा मोलतोल गर्ने आत्मविश्वास नै थिएन, किनकि उनीहरुसित अधिकार

योजनाहरुमा कुनैलाई छोटो-प्रवेश मार्ग र कुनैलाई लामो-प्रवेश मार्ग आवश्यक छन् ।

हाल निर्माणको लागि प्रयत्न भई रहेका दुई आयोजनाहरु मध्ये खिम्ती (६० हजार किलोवाट) र कालीगण्डकी ए (१ लाख २ हजार किलोवाट) को लागि २५/३० किलो मिटरको प्रवेश-मार्ग आवश्यक छ भने, अरुण तेस्रो प्रथम चरण (२ लाख १ हजार किलोवाट) को आयोजनालाई पूर्व अनुमान भए अनुसार १९३ किलो मिटर र हाल अनुमान भए अनुसार करीव ११५ किलो मिटर प्रवेश-मार्ग आवश्यक छ ।

आयोजनाको वित्तीय व्यवस्था भईसकेको अवस्थामा पनि लामो प्रवेश-मार्ग आफैं पनि एक छुट्टै आयोजना जस्तो हुने हुँदा त्यस्तो आयोजनाको उत्पादन उपलब्ध गर्न धेरै समय लाग्ने स्वभावत: स्पष्ट हुन्छ ।

साना, मझौला आयोजनाहरुको क्षमता मात्रै पनि यति धेरै छ कि - तिनीहरुलाई संचालन गर्न सकेको अवस्थामा हाम्रो राष्ट्रिय आवश्यकता आपूर्ति हुन सक्दैन भन्ने प्रश्नै आउँदैन । प्रश्न त, आवश्यक समयमा आवश्यक परिमाणमा विद्युत आपूर्ति गर्नुको छ र अहिले निर्माणको लागि समावेश भएका आयोजनाहरु Run-off-the-river तथउभ का आयोजनाहरु भएका हुँदा जबसम्म जलाशययुक्त आयोजना कार्यान्वयन भई उत्पादन उपलब्ध हुँदैन, तबसम्म यो Load shedding को अवस्थाबाट गुज्रनु नै पर्ने हुन्छ । या त जाडो याम र नदीमा पानी कम हुने याममा महँगो इन्धनको आयात गरी Load shedding को बेला चलाउने किसिमका विद्युत-केन्द्रहरु स्थापना गर्नु पर्ने हुन्छ, जुन नेपालको अर्थतन्त्रले धान्न बहुतै कठीन छ ।

**नेपालमा ८३ हजार मेघावाट विजुली निकाल्ने क्षमता छ भनेर सबभन्दा पहिले तपाईले नै १९६६ मा अवधारणा ल्याउनु भयो । के अहिलेसम्मको अध्ययनबाट त्यति नै मात्र विजुली निस्कन्छ कि त्यो भन्दा बढी, तपाईले भनेका ९३ वटा मझौला र साना आयोजनाबाट जम्मा कति विद्युत निस्कन सक्छ ?**

८३ हजार मेघावाटको हिसाब निकाल्दा ३०० वर्ग किलो मिटर जलग्रहण क्षेत्र र सो भन्दा बढी जलग्रहण क्षेत्र भएका नदीहरु समावेश गरिएको छ र यो हिसाब नदीमा उपलब्ध औसत पानी र नदीको gradient (भिरालोपन) मा आधारित छ । यसैले यो क्षमतालाई सैद्धान्तिक क्षमताको रुपमा लिन सकिन्छ । यो अध्ययनमा ३०० वर्ग किलोमिटर भन्दा कम जलग्रहण क्षेत्र भएका स-साना नदीहरु समावेश छैनन् ।

त्यसैले, सैद्धान्तिक-क्षमता चाहिं अझ बढी हुन सक्छ । तर प्रयोगमा ल्याउन सक्ने क्षमता - प्राविधिक र आर्थिक अवस्थामा भर पर्छ । जस्तो कि- सबै संभाव्य आयोजनाहरु जलाशययुक्त अवस्थामा विकास गर्न सकिने भू-स्थिति भएको खण्डमा प्राविधिक दृष्टिकोणले सबै क्षमता पूर्ण-रुपमा विकास गर्न सकिन्छ । तर Economic Potential, (अर्थिक क्षमता) चाहिं उर्जाको वैकल्पिक स्रोतको समय समयमा परिवर्तन हुने मूल्यमा निर्भर हुने हुन्छ । ९३ वटा आयोजनाबाट ४४ हजार ५८२ मेघावाट विद्युत प्राविधिक दृष्टिकोणले संभाव्य देखिएको छ । ६६ वटा आयोजनाबाट करीव ४२ हजार मेघावाट वर्तमान अवस्थामा आर्थिक दृष्टिकोणले आकर्षक हुने संभाव्यताको पहिचान भएको छ । तर उर्जाको दृष्टिकोणले यी संभाव्य आयोजनाहरुको उत्पादन सैद्धान्तिक उर्जा-क्षमताको करीब २५ प्रतिशत मात्र हुन्छ । ◯

नै थिएन । तर अहिलेको सरकारसित अधिकार त छ, तर बस्तुवादिता र राष्ट्रिय हितप्रति प्रतिवद्धताको अभावमा दुस्साहसवादी काम-कारवाहीहरु हुन शुरु भएका छन् । संविधानको परिधि नाघेर टनकपुरका बारेमा गरिएको जलस्रोत बाँडफाँडको सन्धि यसको प्रत्यक्ष्य उदाहरण हो ।

वर्तमान सरकारले नेपालका सबै मुख्य नदीनालाहरुको अध्ययन-अनुसन्धान गर्ने जिम्मा भारतलाई मात्र सुम्पनु नेपालको राष्ट्रिय हितको हिसाबले र दीर्घकालीन फाइदाको हिसाबले मुनासिब देखिन्न । यस्तो अध्ययन-अनुसन्धानको लागि हामी आफैले क्षमता हासिल गर्नु जरुरी छ । नत्र यसको सम्पूर्ण प्राविधिक र आर्थिक पक्षबारे हामी अनभिज्ञ रहनेछौं र हाम्रो मोलतोल गर्ने क्षमता नै समाप्त भएर जानेछ ।

**नेपालका जलस्रोतहरुबाट कसरी नेपालको दीर्घकालीन हितमा विद्युतीकरण गर्न संभव छ त ?**

सबभन्दा पहिले, जल-विद्युतको उपयोग केको निम्ति गर्ने भन्ने सवालमा प्रष्टता हुनु जरुरी छ । यो स्पष्टताले नै कुन स्तरको आयोजना संचालन गर्ने भन्ने कुराको निधो गर्दछ । विद्युत उपयोगको हालको ढाँचालाई हेर्दा सबभन्दा बढी गार्हस्थ्य उपयोग र त्यसपछि मात्र औद्योगिक उपयोगका लागि विद्युत खपत भएको देखिन्छ । यातायात-क्षेत्रमा नगण्य मात्र खपत छ । यो दृष्टिकोणले हेर्दा ठूला ठूला परियोजनाहरुको आवश्यकता त्यति बेला मात्र हुन्छ, जुन बेला हामी व्यापक-औद्योगिकरणको दिशामा अग्रसर हुन्छौं । औद्योगिकरणको हाम्रो योजना के हो ? त्यस क्षेत्रमा कहिले सम्ममा कति विद्युत आवश्यक पर्ने भन्ने हाम्रो योजना छ ? - त्यसैको आधारमा विद्युत परियोजनाको खाका बनाइनु पर्छ ।

वर्तमान् आर्थिक क्षमताको आधारमा भन्ने हो भने, हाम्रो प्राथमिकता साना र मझौला जलविद्युत आयोजनाहरुमा जानु नै उपयुक्त छ । जब हामीसंग व्यापक औद्योगिकरण र विद्युतमा आधारित यातायात-संरचनाको खाकाको तयारी हुन्छ, त्यति बेला मात्र वृहत जलविद्युत आयोजनाहरुमा ध्यान दिनु आवश्यक हुन्छ । केवल निर्यातको उद्वेश्यले मात्र हामी ठूला आयोजनाहरुमा संलग्न भयौं भने यो राष्ट्रहित अनुकूल नहुन पनि सक्छ । किनभने, यस्ता वृहत आयोजनामा लाग्ने खर्च, जनताको बस्तीमा गरिनु पर्ने विस्थापन, उर्बर भूमिको बिनाश, रै बातावरण प्रदुषण आदि सबै हिसाबले हामीले यसको लागि बढी मूल्य चुकाउनु पर्ने हुन्छ । फेरि, हामीले उत्पादन गर्ने बिजुली किन्ने क्रेता भारत मात्र भएकाले पनि विक्रीबाट हुन सक्ने लाभ सीमित पनि हुन सक्छ । अत: ठूला परियोजनामा लागेको समग्र मूल्य त्यस्ता परियोजनाबाट फिर्ता प्राप्त हुने निश्चितता नहुन्जेल लगानी गर्नु आर्थिक हिसाबले उपयुक्त हुँदैन ।

कुनै पनि विद्युत परियोजना, त्यसको लागत-प्रतिफल ल्याउने (cost effective ) हुनु पर्दछ । हाल हाम्रा परियोजनाहरु लागत-प्रतिफल ल्याउने खालका देखिएका छैनन् । भारतीय हिमाली भेगमा तयार पारिएका आयोजनाहरुको उत्पादन मूल्य प्रति किलोवाट १००० अमेरिकी डलर छ भने हाम्रा आयोजनाहरुमा (जस्तो, मर्स्याङ्दी आयोजनामा) ३५०० अमेरिकी डलर उत्पादन मूल्य पुगेको छ । यसमा ठूलो रकम विदेशी प्राविधिक विशेषज्ञहरुलाई व्यहोर्दा लागेको छ, जबकि नेपालमा पनि यस्ता प्राविधिकहरु उपलब्ध छन् । साथै, परियोजनाको अवधि अनावश्यक रुपमा लम्ब्याउने कारणले पनि खर्चको लागत बढ्ने गरेको छ ।

जल विद्युत आयोजनाहरुको क्रमिक विकासको निमित्त हाम्रा आवधिक योजनामा निर्दिष्ट गरिएको विद्युत आवश्यकताका आधारमा पूँजीको व्यवस्था गरी विद्युत आवश्यकता आपूर्ति गर्दै जाने नीति लिइनु पर्दछ । यसबाट राष्ट्रलाई एकै साथ परिआउने ऋण-व्याज भुक्तानीको आर्थिक भारबाट बच्न सकिन्छ । विश्वको जलश्रोतमा प्रमुख स्थान **ओगट्ने ब्राजिलको अनुभवबाट शिक्षा लिनु आवश्यक छ । उनीहरु विद्युतीकरणको लागि राम्ररी सोचविचार नपुऱ्याईकन बाँध बढ्दा जसरी विश्व-बैंकको ऋणको पाशोमा परे, त्यही पाशोमा पर्ने काम हामीले गर्नु हुँदैन** । हामीले विद्युतीकरणको निम्ति पूँजी जुटाउन द्विपक्षीय वा वहुपक्षीय ऋण लिनु पर्छ, तर ऋणको पाशोको परिणतिबाट सजग भएर अर्थात लागतको प्रतिफलबाट सचेत भएर मात्र ।

जलस्रोतको मर्म बुझ्ने प्राविधिज्ञ एवं प्रशासन-यन्त्रको नितान्त आवश्यकता हुने भएकाले त्यसका निम्ति आवश्यक जनशक्ति तयार पार्ने कार्यमा हामीले प्राथमिकता दिनु पर्छ । यसो गर्न सकियो भने सम्वन्धित तथ्यांकहरुको पनि जोरजाम गर्न सकिने हुन्छ र यस क्षेत्रमा सौदावाजी गर्न अरुमा भर पर्नु पर्ने अवस्था रहँदैन । यो नै जलस्रोतको क्षेत्रमा सक्षम जनशक्तिको विकास गर्ने र तिनलाई संस्थागत रुपमा विकास गर्ने एक मात्र बाटो हो ।

विद्युतीकरणको प्रमुख भाग आन्तरिक माग पूरा गर्न नै उपयोग गरिनु पर्छ । तर बचत रहेको विद्युत छिमेकी मुलुकहरुमा निर्यात गर्ने नीति पनि प्रष्ट हुनु जरुरी छ । निर्यात मूल्य यसको महत्पूर्ण पक्ष हो । उक्त मूल्य कायम गर्न विकासशील तथा विकसित देशहरुको अनुभवले हामीलाई मद्दत गर्न सक्छ । लाओसले मेकङ नदीबाट उत्पादन गरेको १५० मेघावाट बिजुली मध्ये २/३ भाग थाइलैण्डलाई बेच्ने गरेको छ । त्यस्तै क्यानडाले अमेरिकालाई पनि बिजुली बेच्ने गरेको छ । त्यहाँ कुन आधारमा बेच्ने गरिएको छ, त्यसको अनुभव हामीलाई उपयोगी हुन सक्छ ।

यस प्रकार, नेपालमा रहेको जल विद्युत क्षमताको क्रमिक रुपले उपयोग गर्दै जान सके विकासको समग्र पक्ष-वातावरण संरक्षण, जनजीवनका विविध पक्षहरुमा प्रगति गर्दै राष्ट्रहित संरक्षण गर्न सक्षम हुन सक्छौं ।

उपरोक्त आधारहरुलाई ध्यानमा राखी विद्युत आयोजनाहरुको निर्माण र संचालनमा कुनै पनि पक्षको अन्यायपूर्ण एकाधिकारलाई इन्कार गरिनु पर्छ । यसको उपायको रुपमा पूँजी र प्रविधिको समस्या हल गर्नको लागि बहुपक्षीय स्रोतको उपयोग गर्ने नीति अप्नाइनु पर्छ । परियोजनाको संचालनको नीति-निर्माण गर्दा संभाव्य उपभोक्ताको रुपमा रहेको भारत र अन्य मुलुकलाई उनीहरुका आफ्ना न्यायपूर्ण स्वार्थहरुको संरक्षण गर्ने निश्चितता हामीले प्रदान गर्नु पर्छ, जस्तो- विद्युत आपूर्तिको निरंतरताको सवालमा र मूल्य निर्धारणमा उपभोक्ताको संलग्नताको सवालमा । यस पद्धतिबाट हामीले आफ्नो सार्वभौमिकता पनि कायम गर्न सक्छौं, बजार र पूँजीको समस्या समेत एक साथ हल गर्न सक्छौ, उपभोक्ताको न्यायपूर्ण हितको पनि संरक्षण गर्न सक्छौं । भारतसित हाम्रो मोलतोलको क्षमता तब मात्र बढ्छ, जब हामी विद्युत उपभोगसँग सम्वन्धित अरु छिमेकी मुलुकलाई पनि संलग्न गराउँछौ । यसबाट क्षेत्रीय सहयोग र सहभागिताको स्थिति पनि पैदा हुने संभावना हुन्छ ।

**ब्राजिलको अनुभवबाट हामीले शिक्षा लिनु आवश्यक छ ।**

## नेपालमा कुन नदीबाट कति मेघावाट विद्युत निकाल्न सकिन्छ ?

### सैद्धान्तिक रुपमा

| नदी Basins | कूल विद्युत क्षमता मेघावाटमा |
|---|---|
| सप्तकोशी | २२,३५० |
| सप्त गण्डकी | २०,६५० |
| कर्णाली र महाकाली | ३६,१८० |
| दक्षिणी नदीहरु | ४,११० |
| कूल जम्मा | ८३,२९० |

### प्राविधिक रुपमा संभव

| नदी Basins | विद्युत निकाल्न सकिने स्थान संख्या | क्षमता (मेघावाटमा) |
|---|---|---|
| सप्तकोशी | ५३ | ११,४०० |
| सप्त गण्डकी (माथिल्लो र तल्लो तटीय क्षेत्र) | १३ | ५,७२५ |
| कर्णाली | १६ | २५,३५७ |
| महाकाली | २ | १,१२५ |
| अन्य दक्षिणी नदीहरु | ९ | ९७५ |
| कूल जम्मा | ९३ | ४४,५८२ |

### आर्थिक रुपमा संभव

| नदी Basins | परियोजना संख्या | विद्युत क्षमता (मेघावाटमा) |
|---|---|---|
| सप्तकोशी | ४० | १०,८६० |
| सप्त गण्डकी | १२ | ५,२७० |
| कर्णाली (मझौला र साना अनुसन्धानहरु) | ७ | २४,००० |
| महाकाली (सीमा नदी) | २ | १,१२५ |
| अरु दक्षिणी नदीहरु | ५ | ८७८ |
| कूल जम्मा | ६६ | ४२,१३३ |

स्रोत: डा. हरिमान श्रेष्ठ, र जलस्रोत मन्त्रालय जल-शक्ति आयोय सचिवालय ।

# नेपालका नदीहरुबाट नेपालको दीर्घकालीन हितमा विद्युतीकरण गर्दा के गरिनु पर्छ ?

-डा. देवेन्द्रराज पाण्डे

**चा**हे आर्थिक विकासको गतिलाई तीव्र पार्ने दृष्टिकोणले होस्, अथवा विद्युत शक्तिलाई निर्यात-वस्तुको रुपमा उपयोग गरेर नेपालको व्यापारिक सन्तुलन सुधार्ने र भुक्तानी-सन्तुलन आफ्नो पक्षमा पार्ने दृष्टिकोणले होस्, यी दुबै काममा नेपालको जल सम्पदाको निकै ठूलो भूमिका हुन सक्छ । तंर हामीले यो दिशामा विद्युत-क्षमताको सदुपयोग गर्न सकेका छैनौं वा निकै नगण्य मात्रामा मात्र यसो गर्न सकेका छौं ।

विद्युत शक्ति उत्पादन गर्दा हामी आफैंले विचार गर्नु पर्ने केही पक्षहरु छन् । ती मध्ये पहिलो कुरा वातावरणीय समस्याको सवाल हो । ठूला ठूला बाँधहरु निर्माण गर्दा त्यसले वातावरणमा नराम्रो प्रभाव नपारोस् । वातावरण भन्नाले खालि प्राकृतिक वातावरण मात्र होइन, मानिसहरुको परम्परादेखि चलिआएको बसोवासमा त्यसले विचलन नल्याओस् भन्ने कुरामा पनि हामी सजग हुनुपर्छ । साथै, विद्युत शक्ति उत्पादन गर्दा समग्र राष्ट्रको आर्थिक-सामाजिक लाभ कसंरी हुन सक्छ भन्ने कुरामा पनि हामीले ध्यान पुऱ्याउनु पर्छ । आन्तरिक रुपले हामीले विचार गर्नु पर्ने कुरा यी हुन् ।

वाह्यकुरामा-विद्युत शक्ति उत्पादन गरेर हामीले हाम्रो औद्योगिकरणको योजनामा कसरी मद्दत पुऱ्याउने र यसलाई निर्यात-वस्तुका रुपमा निर्यात गरेर विदेशी मुद्रा कसरी आर्जन गर्ने ? यस कुरामा ध्यान पुऱ्याउनु पर्छ ।

हामीले दोस्रो सवालमा पनि त्यति सारो ध्यान पुऱ्याउन सकेका छैनौं । पहिलो सवालमा त हामीले विचार पनि गरेका छैनौं ।

जहाँसम्म दोश्रो सवाल छ, त्यसमा नेपाल-भारत सम्बन्ध र सहयोगले नै सर्वोपरि महत्व राख्दछ । विवाद पनि यही कुरामा वेशी हुने गरेको छ र संभावना पनि त्यहीं छ । भन्नाले मेरो तात्पर्य के हो भने विद्युत् शक्ति निकालेर निर्यात गर्ने हो भने किनीदिने को त ? कोही त चाहियो । त्यो भारत नै देखिन्छ । ३/४ थरी किनीदिने क्रेताहरु भएका भए उसले नकिने उसले, र उसले नकिने उसले किनीदिन्थ्यो । हामीसित स्वतन्त्रताको मात्रा बेसी हुन्थ्यो । तर क्रेता एउटै मात्र भइदिएकाले हामीले भारतलाई चित्त बुझ्ने किसिमबाट विद्युत उत्पादन र निर्यात गर्न नसकेसम्म विद्युत शक्तिलाई निर्यातको वस्तु बनाउन सक्दैनौं ।

बंगलादेश र पाकिस्तानमा बिजुली बेच्न हामी भारत नै भएर जानु पर्ने हुन्छ । बिजुली हवाबाट जाँदैन, खम्बा गाड्नु पऱ्यो । तार टाँग्नु पऱ्यो । त्यसको लागि त भारतीय भूमि भएर जानु सिवाय अर्को उपाय छैन । बरु किनीदिए चीनमा सजिलो छ, छिमेकी मुलुक । तर यी संभावना खालि सैद्धान्तिक संभावना मात्र भयो । जब भारतसित राम्रो सम्बन्ध हुन्छ, भारतसित पनि हामी बिजुलीको बिक्री गरी राखेका हुन्छौं र ऊ खुसको हालतमा हुन्छ, हामी बंगलादेश र पाकिस्तानमा पनि बिजुली बेच्न सक्छौं, यदि हामीसित विद्युत शक्ति बचत छ भने। तर भारतसित सम्बन्ध बिग्रेको स्थितिमा हामी बंगलादेश, पाकिस्तानलाई कसरी बिजुली बेच्न सक्छौं ? कताबाट बेच्न सक्छौं ?

यसको मतलब मैले यो भन्न लागेको होइन कि- विद्युतका बारेमा भारतको रबैया राम्रो छ र हाम्रो चाहिं नराम्रो छ । वास्तवमा भारतले नेपालमा उत्पादन हुने बिजुली किनीदिनको लागि राम्रो वातावरण र नीति बनाउँछ भने हामीले आफ्नो एकतर्फी लगानी गरेर, दाता-राष्ट्रहरुसित ऋण समेत लिएर, विद्युत उत्पादन गर्न सक्छौं र भारतलाई बेच्न सक्छौं । यस्तो व्यवस्था हुन सके राम्रो हुन्थ्यो । तर त्यस्तो गर्नकोलागि भारतले किनीदिने ग्यारेण्टी गर्नु पऱ्यो । नत्र अरबौं, खरबौंको लगानी डुब्ने हुन्छ । क्रेताको ग्यारेण्टी हुन्न भने हामीले यत्रो लगानी फँसाउन मिल्दैन ।

भारतले ग्यारेण्टी दिनका लागि भारतीय हितको पक्षबाट पनि कुरो हेर्नु पऱ्यो । हामीले विशुद्ध भारतीय-स्वार्थंका हिसावले हेर्दा भारतले क्रेताको ग्यारेण्टी दिनको लागि पनि त उसले हामीबाट आपूर्तिको ग्यारेण्टी पाउनु पऱ्यो । उसले नेपालको विद्युत शक्तिको आधारमा उत्तर-प्रवेश र विहारको औद्योगिकरण आधारित गर्छ भने नियमित रुपले र निरन्तर रुपले विद्युत आपूर्ति हुन्छ भन्ने ग्यारेण्टी त हुनुपऱ्यो- उसलाई । त्यसैले, भारतले आपूर्तिको क्षेत्रमा केही नियन्त्रण खोज्ने नै भयो । यो उसको न्यायपूर्ण स्वार्थ (legitimate interest) नै भयो ।

त्यसैले, वास्तवमा नेपालको आफ्नै हितमा क्रेताको ग्यारेण्टीको दृष्टिकोण र भारतको आफ्नै हितमा आपूर्तिको ग्यारेण्टीको दृष्टिकोण, यी दुबै दृष्टिकोण एक आपसमा निषेधकारी (Mutually exclusive) छैनन् । दुई राष्ट्रका बीचमा, राज्यका बीचमा राम्रो समझदारी र पारस्परिक विश्वास भएको अवस्थामा क्रेता र आपूर्तिकर्ताले एक आपसमा ग्यारेण्टी दिएर, हाम्रो जल सम्पदाको उपयोग हाम्रो स्वेच्छाले गर्ने स्थिति हुन्थ्यो होला । अहिले त्यो हुन सकिराखेको छैन ।



**भारतले आपूर्तिको निरन्तरताको माग गर्नु चाहिं न्यापूर्ण छ**

**कुन कुन शर्तमा विद्युत शक्तिको उत्पादन र किनबेच भएको खण्डमा भारतको न्यायपूर्ण स्वार्थ र नेपालको न्यायपूर्ण स्वार्थ दुबैको रक्षा हुन्थ्यो ?**

त्यसका लागि जुन रुपमा होम-वर्क हुनुपर्थ्यो, त्यो सरकारी पक्षबाट भईराखेको छ कि छैन, मलाई थाहा छैन ।

पहिलो कुरा त, जुन ठाउँमा विद्युत उत्पादन केन्द्र बस्ला, त्यसको स्वामित्वको प्रश्न नै हल हुनु पऱ्यो । टनकपुरकै समस्या हेर्नुहोस् न । महाकाली नदी त वास्तवमा सीमाना नदी हो नि । सीमाना नदीमा, त्यो भागमा भारतले बाँध बनायो, जुन भागमा नदी भारतभित्र पसेको थियो । यही आधारमा बाँध बनाएको कारणले उसले एकतर्फी बाँध बनाउन मिल्यो, जबकि, त्यो बाँधलाई उपयोगी बनाउनको निम्ति एक्लक्स बण्ड चाहिं नेपालको भूमिमा बनाउनु परेको छ । तथापि यो भारतीय योजना भयो । यसमा यसरी तल-माथि भएको छ ।

नेपालमा कर्णाली नदी छ , कोशी छ, गण्डकी छ- तिनीहरुमा विद्युत केन्द्र बन्छ त नेपालकै भूमिमा । नेपालमा विद्युत-केन्द्र बन्छ भने त्यसको लगानी पनि नेपालले किन नगर्ने ? नेपालले उत्पादकको हैसियतले विद्युत किन भारतीय, उपभोक्ताहरुलाई नबेच्ने ? यसको लागि आपूर्तिको नियमितता र निरन्तरताको ग्यारेण्टी चाहिँ हामीले दिनु पर्ने हुन्छ । अर्को विकल्प हुन सक्छ- संयुक्त लगानी (Joint Venture) ।

भारतीय सरकारी क्षेत्र, नेपालको सरकारी क्षेत्र, भारतीय निजी क्षेत्र, नेपालको निजी क्षेत्रका बीचमा संयुक्त- लगानी हुन सक्छ । यसमा स्वामित्व नै संयुक्त हुन सक्छ । यसमा- पानी हाम्रो भएकाले त्यो संयुक्त- कम्पनीले नेपालको राज्यलाई केही रोयल्टी दिने शर्त हुनुपऱ्यो । जल-विद्युत केन्द्रलाई उद्योगको रुपमा संचालन गरेर यसबाट हुने नाफा चाहिं दुबैको लगानीका आधारमा बाँडेर लिऊन । नेपाललाई यसबाट विदेशी मुद्रा आर्जन हुने हुन्छ ।

नेपाल र भारतका बीचमा जुन विश्वासको संकट छ, त्यो स्थितिमा हामीले अरु राष्ट्रहरुलाई पनि वहुपक्षीय लगानी गर्न निम्त्याउनु अर्को विकल्प हुनसक्छ । तर अरु राष्ट्रहरुलाई निम्त्याउने कुरामा भारतले अभिरुचि नदेखाउन सक्छ । भारतले चाहिने पूँजी पनि हामीसित छ, प्रविधि पनि हामीसित छ, चाहिने सामग्री पनि हामीसित छ, त्यसो भएको आधारमा हामी दुई मात्र मिलेर किन नगर्ने ? भन्ने प्रश्न ल्याउन सक्छ ।

# टनकपुरमा भारतले अलि ठूलो छाती देखाईदिएर नेपालीको विश्वास जित्नु पर्थ्यो

टनकपुरमा भारतले अलि ठूलो छाती देखाईदिएर नेपालीको विश्वास जित्नु पर्थ्यो । त्यस्तो गरेमा नेपालमा जुन भारत-विरोधी केन्द्र र शक्ति छन्, तिनीहरु त पररास्त हुन्थे नि । विवेकशील नेपालीहरुले त्यतिखेर "भारतले नेपालप्रति सदाशयता देखायो नि, सानो राष्ट्र भनी हेपेन" भनेर सोच्थें । विश्वासको वातावरण बन्थ्यो । तर भारतले त्यस्तो गरेन । फलस्वरुप, भारतप्रति विश्वासको र समझदारीको वातावरण बनेको छैन । त्यो वातावरणको अभावमा ठूलो ठूलो लगानी र उत्पादनको स्थिति बन्न सकिरहेको छैन ।

**बहुपक्षीय लगानी संभव पार्नको लागि हुनुपर्ने शर्तहरु चाहिं के के हुन् नि ?**

बहुपक्षीय लगानीमा नेपाल त्यति सारो पछि परेको छैन । बहुपक्षीय लगानीकर्ताहरुले यो क्षेत्रमा लगानी गर्नको लागि त्यति सारो चाख दिएर हेरेका नै छैनन् । जसले पैसा लगाउँछ, लगानी गर्छ, चाहे सहयोगका रुपमा लागोस् वा निजी पूँजी लगानीका रुपमा, उसले त्यसको प्रतिफलको त ग्यारेण्टी गर्न खोज्छ नै । प्रतिफल त्यतिखेरसम्म ग्यारेण्टी हुन्न, जबसम्म उताको बजारको ग्यारेण्टी हुन्न । जबसम्म भारतले ग्यारेण्टी गर्दैन कि- बिजुली भारतले किनी दिन्छ भनेर, उनीहरु लगानी गर्न नै तयार हुन्नन् । यहीं गएर कुरा अड्किन्छ ।

**भारतसितै यसबारेमा सम्झौता गर्नको लागि नेपालले विचार पुऱ्याउनु पर्ने र विचार पुऱ्याउन सक्ने कुरा चाहिं के त ?**

भारतको जुन न्याय पूर्ण स्वार्थ (legitimate interest) छ, त्यसलाई हामीले बुझीदिनु पर्छ । अर्को, उसले जुन विद्युत नेपालबाट किन्छ, त्यो भारतमा उपलब्ध भाउ भन्दा बढी भाउको हुनु भएन । नत्र, उसले यहाँ महँगोमा किन किन्ने ? दोस्रो, उसले आपूर्तिको नियमितता र निरन्तरताको ग्यारेण्टी पाउनु पऱ्यो । यी दुई वटा भारतका न्यायपूर्ण स्वार्थहरु जो छन् , त्यसमा हामीले विचार पुऱ्याउनु पर्छ ।

उता भारतले चाहिं सकेसम्म उसको हितमा र सस्तोमा बिजुली किन्न खोज्छ त्यसमा चाहिं हामी सतर्क हुनु पर्छ । नेपाललाई फाइदा चाहिं बहुपक्षीय लगानी गर्दा बेशी हुन सक्छ । भारत भयो, जापान भयो, जर्मनी भयो, विश्व- बैंक भयो, र यस्ता देश र पार्टीसित संयुक्त लगानी भयो भने नेपालको मोलतोलको क्षमता बढ्छ, नेपाललाई बढ्ता फाइदा हुन्छ । तर यस्तो गर्दा भारतलाई मन नपर्न भने सक्छ ।

**चीनसित संयुक्त लगानी गर्ने संभावना चाहिं कस्तो देख्नु हुन्छ : हाम्रा उत्तरी भेगका नदीहरुमा ?**

चीनले चाख देखाए त हुन्थ्यो । छिमेकी मुलुक हो । हाम्रा केही नदीहरु त उतैबाट आउँछन् । तर जहाँसम्म मलाई थाहा छ, चीनले यतातिर कुनै चाख नै देखाएको छैन । उसले यसमा लगानी गरेर केही फाइदा देखेको छैन, त्यसैले चाख नलिएको होला । चाख नलिएको स्थितिमा संयुक्त लगानीको कुरा सोच्नु कोरा कल्पना हुन जान्छ ।

**हाम्रो आफ्नै क्षमतामा विद्युतीकरण गर्नको लागि हामी पूँजीको समस्या कसरी हल गर्नसक्छौं ?**

हेर्नुस्, विद्युतीकरण गर्नका लागि पूंजीको समस्या छैन । समस्या बजारको हो । बेच्ने बजार सुनिश्चित छ भने लगानीकर्ताहरु धेरै आउन सक्छन्, नभए ऋणै लिए पनि भयो । दाताराष्ट्रहरुसंग, विश्व-बैंकसँग । पूँजीको समस्या त्यतिखेर आउँछ, जब हामीले प्राथमिकता छनौट गर्नु पर्ने हुन्छ, नेपालमा जे जति वाह्य पूंजी आउँछ, त्यसको ठूलो भाग विद्युतीकरणमा लगाउँदाखेरी शिक्षा, स्वास्थ्य, गरीब-उन्मूलन, ग्रामिण विकास, खानेपानी जस्ता क्षेत्र उपेक्षित हुने भए त्यतिखेर पूँजीको समस्या हुने भयो । त्यतिखेर सरकारले छान्नु पर्ने हुन्छ हामीले कुन अनुपातमा, कुन गतिमा विद्युतीकरणमा लगानी गर्नेता कि अरु महत्वपूर्ण क्षेत्र उपेक्षित नहोऊन । तर वास्तविकता के हो भने, नेपालमा पूँजीको अभावले विद्युतीकरण हुन नसकेको होइन ।

**खालि बाह्यबजारको मात्र खोजि किन गर्ने ? नेपालको आफ्नै आन्तरिक बजार, औद्योगिकरणको आवश्यकतालाई ध्यानमा राखेर विद्युतीकरणका दीर्घकालीन योजना गर्नु उचित हुन्न ?**

किन उचित नहुनु ? उचित हुन्छ । यो एउटा निकै महत्वपूर्ण विकल्प हो । यसो गर्दा हामीले कर्णाली, पंचेश्वर, कोशी जस्ता ठूला आयोजना संचालन गर्न र यावत विद्युतीकरणको कुरा गर्न मिल्दैन । आवश्यकता अनुसार पालैपालो साना र मझौला आयोजना संचालन गर्नु पर्छ । यसो गर्दा सम्पूर्ण पूंजी पनि विद्युतीकरणमा प्रवाहित गर्नु पर्दैन, अरु जरुरी कुराको लागि पनि पूँजी रहन्छ र आफ्नै अर्थतन्त्रको विकाससँग विद्युतीकरणको विकास आवद्ध हुन जान्छ । यस्तो गर्नको लागि अरुण आयोजना जस्तो मझौला आयोजनासम्म सोच्न मिल्छ । हामीमा एउटा मनोविज्ञान छ - विद्युतीकरण व्यापक मात्रामा गरेपछि तुरुन्तै विकास भईहाल्छ भन्ने । त्यही महत्वाकांक्षले ठूला ठूला आयोजना मात्र सोच्न पुग्ने गरिएको हो । वास्तवमा आर्थिक हिसाबले संभावित र नेपालको तात्कालीक आवश्यकतालाई पूर्ति गर्न कुन खालको आयोजना फाइदाजनक हुन्छ भनेर हामीले सोच्नै पर्छ । ✕

**नेपालको दीर्घकालीन हितको परिप्रेक्ष्यमा नेपालका नदीहरुबाट कसरी विद्युतीकरण गर्नु संभव र उचित छ ? आफ्नो विचार बताईदिनु हुन्छ कि ?**

तपाईंले निकै महत्वपूर्ण प्रश्न सोध्नु भयो ।

कसरी विद्युतीकरण गर्न संभव छ भन्ने निस्कर्ष निकाल्नु अघि हामी कुन खालको परिस्थिति र क्षमतामा छौं भन्ने कुराको निर्क्योल हुनुपर्छ ।

तपाई हामी त्यस्तो ठाउँमा बसिरहेका छौं, जुन ठाउँ विश्वकै सबैभन्दा ठूला अन्तर्राष्ट्रिय नदीहरु- जस्तो, गंगा नदी र ब्रम्हपुत्र नदीको सेरोफेरो पर्छ । हामी ती नदीको तटक्षेत्र River basin मा बसिरहेछौं । विश्वका सबभन्दा धेरै हिम-पर्वतहरु पनि यहीं छन्, जहाँबाट अविरल हिउँ पग्लेर नदीहरु बग्ने गर्छन् । यस मध्ये पनि नेपालभित्र तीन वटा नदी-प्रणालीहरु छन्, जसभित्र ६००० वटा ठूला-साना नदीहरु बग्छन् । यी नदीहरु चीनको तिब्बतबाट नेपाल हुँदै भारततिर बग्छन् र हिन्द महासागरमा मिसिन्छन् । यहाँ बग्ने नदीको प्रणलीलाई गहीराइमा हेर्ने हो भने यस प्रणालीसित चीन, नेपाल, भूटान, भारत, बंगलादेश र पाकिस्तान कुनै न कुनै तरहले आवद्ध छन् । त्यसैले, यी नदीहरुबाट विद्युत निकाल्नको लागि संभाव्यता अध्ययन गर्न र तिनलाई साकार पार्न यी मुलुकहरुको भूमिका रहनु अनिवार्य छ । यी मुलुकहरुसित एक किसिमको समझदारी बढाउन सकेको खण्डमा मात्रै हामी दीर्घकालीन रुपले यी नदीहरुमा जुन अधिकतम विद्युत-उर्जा निकाल्न सकिने क्षमता छ, त्यो क्षमताको सदुपयोग गर्न सक्छौं ।

यसको निम्ति पहिलो कुरा त, यी मुलुकहरुका बीचमा क्षेत्रीय सन्धि हुनु आवश्यक छ । यो सन्धिका आधारमा यी नदीहरुबाट कति विद्युत र अन्य फाइदाहरु लिन सकिन्छ त्यसको अध्ययन गर्न सकिन्छ र त्यसलाई साकार पार्ने कार्यदिशा तयार गर्न सकिन्छ । त्यो सन्धिको मातहत हामी नेपालमा दीर्घकालीन रुपमा के कति बिजुली र अन्य सुविधा निकाल्न सक्छौं, त्यसको योजना निमार्ण गर्न सक्छौं र अल्पकालीन योजना बनाउन सक्छौं उवं तात्कालीक रुपमा हाम्रो आवश्यकत पूर्ति गर्न के कसरी विद्युत निकाल्न सक्छौं ?- त्यसको योजना बनाउन सक्छौं । यसरी जम्मामा तीनं तहमा हामीले विद्युतिकरणको कूल योजना बनाउनु पर्छ ।

नेपालका नदीहरुबाट के कति विद्युत निकाल्न सकिन्छ, त्यो डा. हरिमान श्रेष्ठको सन् १९६५ ताकाको अनुमान हो । त्यस अनुसार →



नेपालका नदीहरुबाट ८३ हजार मेघावाट विजुली निकाल्न सकिन्छ । यही अनुमानलाई हामीले अहिलेसम्म प्रयोग गर्दै नेपाल विद्युत क्षमतामा धनी छ भन्दै आएका छौं । वास्तवमा, त्यो पनि एउटा अनुमान मात्रै हो ।

त्यसयता पनि प्रविधिमा थुप्रै विकास भएको छ । त्यो प्रविधिका आधारमा नेपालको भू-बनोतह कस्तो छ, भौगर्भिक बनौट के छ, चट्टानहरुको स्थिति के छ, त्यो समेतलाई ध्यान दिँदै कुन नदीमा कति वटा ठाउँमा हामी जलविद्युत् आयोजना निर्माण गर्न सक्छौं र जम्मा कति विजुली निकाल्न सक्छौं, त्यसको आधुनिक अध्ययन- सर्वेक्षण हुनु जरुरी छ । यस प्रकार आधुनिक अध्ययन हुने हो भने ८३ हजार मेघावाट भन्दा कम होइन, बढ्ता नै बिजुली निक्लन सक्छ कि जस्तो मलाई लाग्छ ।

पुरानै अध्ययनमा भर पर्ने हो भने ८३ हजार मेघावाट त खालि सैद्धान्तिक संभाव्यताको कुरा हो । प्राविधिक र आर्थिक रुपले संभव त अझ करीब ४० हजार मेघावाट भन्दा बेसी छ । यति धेरै विजुली निकाल्न सकिने संभाव्यता त छ, तर यसनिम्ति हाम्रो कुनै दीर्घकालीन योजना छैन । पंचायत कालमा जुन योजना बने, ती कमिशनको आधारमा निहित स्वार्थका आधारमा हचुवा ढंगले बने । अहिले त कांग्रेस सरकारसित कुनै योजना नै छैन।, जति छ त्यो पंचायती दोषबाट मुक्त छैन । त्यसैले सबभन्दा पहिलो कुरा त अहिले हामीले कति बिजुली निकालेका छौं र पछि कति, कसरी निकाल्न सक्छौं, त्यो गर्नमा के के समस्या छन्, त्यो प्रष्ट हुने गरी सरकारले श्वेत-पत्र जारी गर्नु जरुरी छ ।

अर्को कुरा के भने, हामीले विद्युत परियोजनाहरुलाई पनि ठूला, साना र मझौला-तीन वर्गमा बाँड्नु जरुरी छ । नेपालको जुन आन्तरिक आवश्यकता छ, त्यो आवश्यकतालाई पूर्ति गर्न साना र मझौला जलविद्युत् आयोजनामा प्राथमिकता दिनु जरुरी छ । हाम्रो माग र आपूर्तिको अवस्था हेर्ने हो भने प्रत्येक वर्ष १५ देखि २० प्रतिशतका दरले हाम्रो आवश्यकता बढीरहेछ । यो भनेको करीब ३० मेघावाट जति विजुली हामीलाई थप जरुरी भएको छ । त्यो आवश्यकता पूर्ति गर्न हामीले साना र मझौला नदीहरुमै मात्र विद्युत परियोजना संचालन गर्न संभव छ र जरुरी छ । हामीसित यसका निम्ति चाहिने जनशक्ति पर्याप्त मात्रामा छ । यसो गरेर हामी नेपाली श्रम-शक्तिलाई पनि प्रचुर मात्रामा प्रयोग गर्न सक्छौं । जोसंग पूँजीको केही बचत छ, त्यो बचतलाई प्रयोग गर्ने आधारमा उनीहरुलाई फाइदा हुने सर्तमा हामी यसका निम्ति निजी क्षेत्रलाई परिचालन गरेर पूँजीको समस्या हल गर्न सक्छौं । यसका निम्ति हामीले अन्तर्राष्ट्रिय वित्तीय एजेन्सीहरु पनि खोज्नु पर्दछ, चाहे त्यो सरकारी स्तरमा होस् या गैर-सरकारी स्तरमा । यस उपायबाट हाम्रो आन्तरिक आवश्यकताको निम्ति विद्युत् उत्पादन गर्न हामी सक्दछौं ।

जहाँसम्म ठूला १००० मेघावाट भन्दा बेशी विद्युत् उत्पादन गर्ने मेघा- परियोजनाहरु छन्, तिनीहरु चाहिं हाम्रो आन्तरिक आपूर्तिको साथसाथै वाह्य बजारमा विजुली बेच्ने दृष्टिकोण राखेर संचालन गर्नु पर्छ र यसका निम्ति ठूला ठूला वित्तीय एजेन्सीहरुसित संझौता गर्नु पर्छ । यसका निम्ति दीर्घकालीन योजना बनाइनु पर्छ ।

तर ठूला ठूला आयोजनामा ध्यान केन्द्रित गरेर मझौला र साना आयोजनाहरुमा हामीले प्राथमिकता दिन छाड्यौं भने मुलुक भयावह विद्युत-संकटको स्थितिमा पर्नेछ, जस्तो कि अहिले पर्न थालिरहेछ । हामी अहिले हरेक दिन २-४ घण्टा

# ठूला आयोजनाको लागि दक्षिण एशियाको क्षेत्रीय स्तरको समझदारी बनाउनु पर्छ



- झलनाथ खनाल
जल-स्रोत विज्ञ,
ने.क.पा. (एमाले)
केन्द्रिय सदस्य

## तिब्बतलाई पनि विद्युतको खाँचो छ ।

लोड सेडिङको अवधिमा अन्धकारमा बस्न बाध्य भईरहेछौं । यसले औद्योगिक उत्पादनमा पनि प्रतिकूल प्रभाव पारेको छ । तात्कालीक आवश्यकताको लागि विद्युत् उत्पादनमा कस्ता उद्योगलाई प्राथमिकता दिएर समस्या हल गर्ने भन्ने दीर्घकालीन योजना नहुनाले नै यो स्थिति आएको हो । हामीसित १९९७ सम्म कुनै ठूलो विद्युत् आयोजना हुने स्थिति छैन । त्यो समयसम्म कुनै ठूलो उद्योग यहाँ खोल्न चाह्यौ भने पनि विद्युत आपूर्तिको कारणले त्यो खोल्न सकिने स्थिति छैन ।

नेपालमा भर्खरै लगानी-फोरमको आयोजना गरियो । विदेशी लगनीकर्ताहरु यहां अरबौंको लगानी गर्न तयार भए । तर ती उद्योगको निम्ति विद्युत् आपूर्ति हुने कसरी ? भयावह समस्या छ । त्यसैले विद्युतीकरणको दीर्घकालीन योजना विना औद्योगिकरण संभव नै छैन । दीर्घकालीन योजनामा पनि हाम्रो प्राथमिकता कस्ता आयोजनालाई ?- यो प्रष्ट हुनु जरुरी छ ।

अहिले नेपालका जुन ठूला नदीहरुको संभाव्यता अध्ययन भईसकेको छ, तिनीहरुमा नेपाली कांग्रेसको सरकारको सिर्फ भारतलाई मात्र सरीक गराउने नीति रहेको देखिएको छ । यो नीतिले गर्दा विद्युतीकरणमा व्यवधान मात्र हुने होइन, हामीले पहिले संभाव्यता-अध्ययन गर्दा प्राप्त सूचनाहरुबाट समेत ठगिन सक्ने संभावना छ । यसरी एक पक्षीय ढंगले भारतलाई मात्र संलग्न गराउनु नेपालको दीर्घकालीन हितमा छैन । यसमा बहुराष्ट्रिय संलग्नता हुनु हाम्रो राष्ट्रिय हितमा हुन्छ । जस्तो कि, पश्चिमा मुलुकहरुलाई, जापानलाई, चीनलाई, जर्मनीलाई । यस्तो गर्दा सूचनाहरु लुकाइने संभावना पनि कम हुन्छ र प्राप्त सूचनाको आधारमा हामी विद्युत परियोजनाको बहुपक्षीय संभावना खोज्न सक्दछौं ।

यसरी हाम्रै अन्तरिक स्रोतबाट गर्न सकिने, द्विपक्षीय सहयोगका आधारमा गर्न सकिने र बहुपक्षीय सहयोगका आधारमा गर्न सकिने-तीन खालका विद्युत आयोजनाहरु छुट्याइनु पर्छ र क्षेत्रीय सहयोगको वातावरण बनाइनु पर्छ ।

**साना र मझौला आयोजनाहरुलाई, प्राथमिकता दिन छोड्ने हो भने मलुक भयावह विद्युत- संकटको स्थितिमा पर्ने छ ।**

हिमालय श्रृंखला यस्तो ठाउँमा बसेको छ, जहाँ प्रतिकूल वातावरण भयो भने पूरै दक्षिण एशियामा प्रभाव पर्छ । यो सवालमा पहिले त्यति सारो सचेतनता थिएन । अहिले सबैजसो दक्षिण एशियाका मुलुकहरुमा यो सचेतनता बढेको छ । नेपालले पनि विद्युतीकरण गर्दा वातावरणमा पर्ने प्रतिकूल असरबारे सचेत भएर विद्युत आयोजना सोच्नु पर्छ ।

**० भनिन्छ, विद्युतीकरणको योजनासित औद्योगिकरणको योजना अभिन्न रुपले गाँसिएको हुन्छ । नेपालको सर्न्दभमा कसरी नेपालको औद्योगिकरणको योजनासित विद्युतीकरणको योजना गाँस्नु पर्छ भन्ने यहाँलाई लाग्छ ?**

-नेपाल औद्योगिकरणको हिसाबले प्राथमिक अवस्थामा छ । यो प्राथमिक अवस्थाबाट अगाडि बढ्नका लागि हाम्रो देशमा कुन कुन किसिमका उद्योगहरु खोल्ने, कुन कुन क्षेत्रमा यी उद्योग खोल्ने, विदेशीहरुलाई कुन कुन क्षेत्रमा लगानी गर्नको लागि निम्त्याउने, र यी सबै कामको लागि कहिलेसम्ममा, कति उर्जा, कहाँ चाहिन्छ, त्यसको हामीसित एउटा योजना हुनुपर्छ-औद्योगीकरणको पनि र त्यसका लागि आवश्यक उर्जाको पनि । परम्परागत उर्जाको स्रोतको रुपमा हामी अझै पनि दाउरा प्रयोग गरिरहेछौं । त्यसले गर्दा ठूलो पैमानामा जंगल फँडानी हुदैछ, जसले गंभीर वातावरणीय संकट निम्तिदैछ । यसो हुनबाट रोक्नको लागि पनि उर्जाको यो स्रोतको विकल्प चाहियो र यो विकल्प विजुली हो, जसलाई वातावरणको हिसाबबाट सफा उर्जा (Clean energy) भनिन्छ । यसका निम्ति कति उर्जा-शक्ति चाहियो ? त्यसको पनि हामीसित योजना हुनु जरुरी छ ।

मानिसको शरीरमा जति ताकत हुन्छ, त्यही अनुसार उसको कार्य क्षमता बढ्छ । त्यस्तै, देश विकासको निम्ति हामी जति बढी विद्युत उर्जा उत्पादन गर्न सक्छौं, उति बढी औद्योगिक विकास गर्न सक्छौं । यस हिसाबले औद्योगीकरणको सवाल र विद्युतीकरणको सवाल एक आपसमा अभिन्न रुपले जोडिएका छन् । राष्ट्रिय औद्योगीकरणलाई तीव्र गतिले अगाडि बढाउनु छ भने, हामीले त्यही गतिमा विद्युतीकरणको प्रक्रियालाई पनि अघि बढाउनु अनिवार्य छ । नत्र औद्योगीकरण हवाइ कल्पना हुनेछ ।

**० तपाईंले आन्तरिक स्रोत र साधनबाट मझौला र साना जल विद्युत**

**आयोजनाहरु संचालन गर्न प्राथमिकता दिनु पर्छ भन्नुभयो । कसरी त्यो साधन र स्रोतको समस्या हल गर्न सकिएला ?**

- हामीले यसको लागि विद्युत आयोजनालाई पनि उद्योगको रुपमा लिने दृष्टिकोण लिनु पर्छ । जस्तो उदाहरणको लागि, हामी जुन ठाउँमा विद्युत आयोजना संचालन गर्छौं, त्यो ठाउँमा त्यस आयोजनाबाट आउने प्रतिफल र फाइदा पनि त्यसको लगानीकर्तालाई नै हुने गरी हामी त्यसमा निजी पूँजी लगानी गर्न प्रोत्साहित गर्न सक्छौं । यसलाई उद्योगका रुपमा विकास गर्न सकियो भने यसबाट हुने प्रतिफलका आधारमा पूँजी हुने मानिसहरु यसमा लगानी गर्न तयार हुन सक्छन् । यो मेरो अवधारणा हो ।

यसलाई व्यवहारमा रुपान्तरण गर्नको लागि, यो फाइदा र प्रतिफल दिने खालको हुन्छ कि हुन्न, वा कसरी चलाएमा यो प्रतिफल दिन सक्ने बन्दछ भन्ने बारेमा विस्तृत अध्ययन हुनु जरुरी छ । यस संवन्धी प्रविधि जुन उपलव्ध छ, त्यो नाफादायक छ कि छैन वा दुनियाँको विभिन्न ठाउँमा यसको जुन प्रयोग भएको छ, त्यहाँका अनुभवहरु के भन्छन्, यसको अध्ययन हुनु जरुरी छ ।

अहिले देशका विभिन्न भागमा यस्ता साना आयोजनाहरु संचालित भएका छन्, तिनीहरुको नाफाको घेरो एकदम कम छ । यस्तो किन भयो ? प्रविधिको पछौटेपनले गर्दा भयो कि ? व्यवस्थापनको कमजोरीले गर्दा भयो कि ? साइट छान्ने कुरामा कमजोरी भयो कि ? यो अनुभवको राम्रो सिंहावलोकन हुनु, प्रभाव-अध्ययन (Impact StudY) हुनु जरुरी छ ।

हाम्रो देशमा केही उद्योगपतिहरु विकास गर्दैछन् । उनीहरुलाई यतातिर लगानी गर्न प्रोत्साहित गर्नुपर्छ । एकपछि अर्का बैंकहरु र वित्त-संस्थाहरु पनि हामीकहाँ आउँदैछन् । उनीहरुलाई पनि यतातिर लगानी गर भनेर प्रेरित गर्नु पर्छ । यसरी हामी साना र मझौला आयोजनाहरुको साधन र स्रोतको समस्या हल गर्न सक्छौं ।

**० हामीले ठूला आयोजनाहरुको लागि विदेशी पूँजी र प्रविधि निम्त्याउने नीति अप्नाउनु पर्छ भनेर तपाईंले भन्नु भो । त्यसको लागि राखिनु पर्ने व्यावहारिक शर्तहरु के होलान्, जसले गर्दा टनकपुरमा जस्तो हाम्रो राष्ट्रियहित पनि मर्दैन, लगानीकर्ताको न्यायपूर्ण हितको पनि कदर हुन्छ ?**

-ठूलो जल विद्युत आयोजनाको लागि ठूलै पूँजी चाहिन्छ । ठूलो रकमको पूँजी निवेश तव मात्र हुन सक्छ, जव लगानीकर्ताले त्यसमा पूँजी लगानी गरेर प्रतिफल निश्चित पाइन्छ भनेर महशूस गर्छन् । निश्चित प्रतिफलको लागि विद्युत उत्पादन गरेपछि त्यो कुन बजारमा खपत हुन्छ र कुन दरमा खपत हुन्छ भन्ने कुराको निश्चितता चाहिने हुन्छ । त्यसैले, ठूलो पूँजी निवेश निम्त्याउनुमा पहिले हामीले यी आधारभूत कुराहरुको सर्वेक्षण गर्नु पर्ने हुन्छ र बजारको बारेमा एक स्तरको समझदारी र ग्यारेण्टी पहिले नै बनाईसक्नु पर्ने हुन्छ, तव मात्र ठूलो पूँजी निवेश यस दिशामा हुन सक्ने हुन्छ ।

मैले माथि नै भनी सकें, ठूलो जल विद्युत आयोजनाको लागि दक्षिण- एशियाको क्षेत्रीय स्तरको समझदारी वनाउनु जरुरी छ । ठूलो आयोजनाबाट विजुली निकालीसकेपछि मुख्य रुपमा यसको बजार भारत नै हुनेछ भनेर भनिन्छ । मुख्य रुपमा यो सही पनि हो । तर के हामीले बांगलादेशमा विजुली बेच्न सक्दैनौं ? किनकि, विद्युत स्रोतको त्यहाँ सख्त अभाव छ । तर त्यो ठाउँसम्म विद्युत लाइन लानको लागि एउटा क्षेत्रीय स्तरको संझौता, समझदारी त फेरि चाहियो, नत्र हामी विद्युतको पोल गाड्न जमीन नै पाउन सक्दैनौं । यस्तो क्षेत्रीय सम्झौता र समझदारी भयो भने त्यसको कार्यदिशाका आधारमा हामी पाकिस्तानलाई र जरुरत पर्छ भने तिव्वतलाई पनि बिजुली बेच्न सक्छौं ।

यस्तो ठूलो पूँजी लगानी गर्दा जसले लगानी गर्छ, उसले पनि त्यसको फाइदाको न्यायपूर्ण हिस्सा पाउनै पर्‍यो । नत्र उसले किन लगानी गर्ने ? हाम्रो देशले पनि फाइदाको निश्चित हिस्सा पाउनै पर्‍यो । नत्र लगानी निम्त्याएर हामीलाई के फाइदा ? यसरी दुई पक्षीय फाइदा हुने गरी, लचिलो आधारमा, लगानी निम्त्याउने शर्तहरु राखिनु पर्छ । यसका लागि हामीले दीर्घकालीन सिद्धान्त र नीति तय गर्नु जरुरी छ । यसको निम्ति ठूलो दायरामा सार्वजनिक वहस हुनु पनि जरुरी छ भन्ने मलाई लाग्छ ।

**० यो लचिलो नीति भनेको चाहिं मूर्त रुपमा के हो ? के गर्दा हाम्रो नीति लचिलो पनि हुन्छ र राष्ट्रिय हितमा पनि कुठाराघात हुँदैन ?**

- पूँजी लगानीकर्ताले फाइदा चाहन्छन् । यसको लागि मूल्य निर्धारणमा पनि लगानीकर्ताको शेयर हुनु पर्‍यो । कुन बजारमा लगेर विजुली बेच्ने हो, त्यसको ग्यारेण्टी हुनु पर्‍यो र त्यसमा पनि उनीहरुको शेयर हुनु पर्‍यो । कति प्रतिशत बाहिर बेच्ने, र कति नेपालमा, यसबारे पनि एउटा समझदारी हुनुपर्‍यो । लगानीकर्ताको हितमा आँचमा नपुग्ने किसिमको संझौतामा पुग्नु पर्‍यो । यिनै कुराको ग्यारेण्टी गर्‍यौं भने नै उनीहरु यहाँ आएर लगानी गर्न तयार हुन्छन् । यसैलाई नै मैले लचिलोपन भनेको हुँ । राष्ट्रिय हितको नाममा लगानीकर्ताको हितलाई हामीले नजर- अन्दाज गर्‍यौं भने हामीले लगानी प्राप्त गर्न संभव हुने छैन ।

**० विद्युतीकरणका लागि विदेशी लगानी जुटाउने नाममा ब्राजिल जसरी ऋणको पाशोमा पर्‍यो, त्यसमा नेपाल नपर्न के के कुरामा होशियारी गर्नु पर्ला ?**

- पहिलो कुरा त, हामी जुन विद्युत उत्पादन गर्छौं, त्यो हामीले अन्तरीष्ट्रिय मूल्यमा बेच्न सक्छौं कि सक्दैनौं, त्यसमा हामी होशियार हुनुपर्छ । दोश्रो कुरा, हाम्रो विद्युतको क्रेता एउटै भारत मात्र नहोस् भन्नाका लागि- बांगलादेश, पाकिस्तान लगायत हाम्रा अन्य क्रेताहरु को हुन सक्छन्, त्यसको खोजी गर्नु पर्छ ।

अन्तर्राष्ट्रिय बजारका आधारमा मूल्य निर्धारण गर्ने नीति र बजारको विविधिकरण-यही नै दुई वटा उपाय हुन्, जसमा होशियार भयौं भने हामी ऋणको पाशोमा पर्नबाट बच्न सक्छौं । क्षेत्रीय सन्धि गर्दा हामीले यिनै कुरामा ध्यान पुर्‍याउनु पर्छ । अन्यथा, हामी एकचोटि लिएको ऋणले शैयौं वर्षसम्म ऋणको पाशोमा जकडिन पुग्न सक्छौं ।

**० क्षेत्रीय स्तरमा विद्युत आयोजनामा चीनलाई पनि सरीक गराउने कुरा तपाईंले गर्नु भयो । चीनलाई यसरी सरीक गराउने संभावना कसरी छ भन्ने तपाईंको ठम्याइ छ ?**

-दक्षिण पश्चिम चीन सारै पछि परेको क्षेत्र छ । त्यसलाई विकास गर्ने २०-२५ वर्षीय योजना चिनियाँ हरु लागू गर्दैछन् । त्यस योजनालाई कार्यान्वयन गर्ने सिलसिलामा उनीहरुलाई विद्युत आपूर्तिको जरुरत पर्न सक्छ, जुन नेपालबाट सजिलै पूर्ति हुन सक्छ । त्यसले भोलि हामीसित विद्युत वचत भएको खण्डमा हामीले चीनको यस तिव्वतेली क्षेत्रमा पनि विद्युत निर्यात गर्न सक्ने हौं कि ? - संभाव्यता खोजी गर्नु जरुरी छ ।

यसवाहेक चीन आफैं वातारणको मामलामा सजग बन्न थालेको छ । हाम्रो देशमा जल विद्युत योजना त जति पनि वन्न सक्छन् । तर तिनीहरु टिकाउ हुन्छन् कि हुन्नन्, त्यो चाहिं बडो संवेदनशील विषय हो । एउटा ठूलो जल विद्युत योजना वनाउनको लागि हामीले एउटा विशाल पोखरी-क्षेत्र (Ponding area) बनाउनु पर्ने हुन्छ । पोखरी-क्षेत्रमा पानी जसरी जम्मा हुन्छ, त्यसको, आफ्नै तौल हुन्छ । त्यो तौल थाम्न हाम्रो भू-शतहले सक्छ कि सक्दैन ? यो भौगर्भिक र वातावरणीय दृष्टिकोणले हेरिनु पर्ने सवाल हो । हाम्रो भूभाग भनेको नयाँ भूभाग हो । हाम्रो पर्वत श्रृंखला संवभन्दा कान्छो पर्वत श्रृंखला हो । यो त्यसैले कमजोर छ । यस बाहेक यहाँ चट्टानहरु चलिरहने जुन त्त्तयलष्अ प्रणाली छ, त्यसले गर्दा यहाँ बेला बेलामा भूइंचालो चलिरहने दुर्घटना हुन सक्छन् । यी कुराहरुलाई ध्यानमा राखेर भूगर्भीय दृष्टिकोणबाट नदीको कुन ठाउँमा जलाशय बनाइने हो, त्यो निधो गर्दा चट्टानहरुको गतिको स्थिति, भूकम्पको कम्पन- क्षेत्र, यी सबै कुरामा ध्यान दिन सकियो भन्ने मात्रै त्यो टिकाऊ हुन्छ । मानीलिनुहोस्, नेपालको इलाकामा जलाशय बनाउनु भौगर्भिक दृष्टिकोणले उचित भएन "र त्योभन्दा राम्रो चीनको इलाकामा जालशय बनाइनु बढ्ता टिकाउ र फाइदाजनक भयो भने यसमा चीनको समझदारी र सहमतिको जरुरत त भयो नै, यस अर्थमा पनि चीनलाई विद्युत आयोजनामा संलग्न गराउनु जरुरी र फाइदाजनक छ ।

चीनबाट बगेर आउने ब्रम्हपुत्र जस्तो नदीबाट कसरी विद्युतीकरण गर्ने ?- ठूलै समस्या छ । यसको लागि चीनको संलग्नता जरुरी छ । नेपालबाट जाने कैयन नदीहरुको मुहान चीनमा छ । यस अर्थमा चीन हाम्रो नदीको हिसाबको माथिल्लो भेगीय मुलुक हो । नेपाल तल्लो भेगीय मुलुक हो । अझ यो भन्दा तल्लो भेगीय मुलुक भारत र बांगलादेश हो । अन्तर्राष्ट्रिय अभ्यास अनुसार नदीको उद्गम भएको माथिल्लो भेगीय मुलुक र तल्लो

## विद्युत आयोजनालाई पनि उद्योगको रुपमा लिने दृष्टिकोण लिनु पर्छ

बाँकी ४५. पृष्ठमा



# नेपाली मुद्राको पूर्ण परिवर्त्यता कसको फाइदाको लागि ?

गिरिजा सरकारले हालै नेपाली मुद्रालाई पूर्ण परिवर्त्य बनाएको छ । यस निर्णयबाट देशमा पोहोर फागुन २१ गतेदेखि कायम भएको द्वैध-विनिमय प्रणालीको अन्त भएको छ । अबदेखि रासायनिक मल, पेट्रोलियम पदार्थ, औद्योगिक पाटपूर्जा र कच्चा पदार्थको लागि पनि सरकारले सहुलियत दरमा विदेशी मुद्रा उपलब्ध गराउने छैन । सरकार लगायत सर्वसाधारणले बजार-दरमा खुला बजारबाटै विदेशी मुद्रा खरीद गर्नु पर्नेछ ।

यस घोषणाका साथसाथ सरकारले उद्योगपतिहरुको मुख टाल्न उनीहरुको लागि केही बस्तुको भन्सार महशूल, अन्तःशुल्क र विक्री कर घटाईदिएको छ र भा.रु.को तुलनामा नेपाली मुद्राको ३.१२५% का दरले पुनर्मूल्यंन गरेको छ ।

यो निर्णयको प्रेरणा-स्रोत विश्व-बैंक र अन्तर्राष्ट्रिय मुद्रा-कोषको ऋण लिंदाको शर्त रहेको कुरा जानकार सूत्रले बताएका छन् । राज्यले मिश्रित-अर्थतन्त्र छाड्नु पर्ने, जनताको अत्यावश्यकताका वस्तुहरुको आपूर्तिमा राज्यले दिने संरक्षण र क्षतिपूर्ति हटाउनु पर्ने र मुद्रा एवं वस्तुहरुको आपूर्तिमा राज्यले नियन्त्रण खतम गरेर तिनीहरुलाई बजारको उतारचढावमा छोड्नु पर्ने विश्व-बैंक र अन्तर्राष्ट्रिय मुद्रा-कोषको ऋणका शर्तहरु रहेका छन् । यिनै शर्त मुताविक केही समयअघि किसानहरुको ढाडै भाँचिने गरी रासायनिक मलको भाउमा करीव ३०० प्रतिशतले बृद्धि गरिएको थियो । अहिले नेपाली मुद्राको पूर्ण परिवर्त्यता त्यसकै एउटा निरन्तर प्रक्रियाको रुपमा आएको हो ।


यो निर्णय सर्वसाधारण जनताको हितको र राष्ट्रिय हितको विपरीत छ । यस नीतिबाट सबैभन्दा बढी प्रभावित हुने बर्ग निम्न आयका जनता हुने छन् । किनभने, यो निर्णयबाट सर्वसाधारणको हितको निम्ति राज्यले अत्यावश्यक क्षेत्रमा सहुलियत र संरक्षण दिने दायित्वबाट नेपालको सरकार मुक्त हुनेछ । सरकार विदेशी मुद्राको विनिमय दरको मामलामा तटस्थ हुनेछ । फलस्वरुप, मुद्राको विनिमय प्रणालीमा वित्तीय संस्था र वित्तीय एकाधिकारीहरुको मनपरी हुनेछ । राष्ट्रको औद्योगीकरणको र जनताको दैनिक आवश्यकताका वस्तुहरुको आयातको लागि आवश्यक पर्ने विदेशी मुद्राको लागि पनि उति नै तिर्नु पर्ने हुनेछ, जति बिलासिताका वस्तुहरुको आपूर्तिको लागि आवश्यक पर्ने विदेशी मुद्राका लागि पर्छ । यस नीतिबाट व्यापारीहरु "कम नाफादायक तर जनताको निम्ति बढी आवश्यक वस्तुहरु" आयात गर्नु भन्दा बढी नाफादायक वस्तुहरु आयात गर्न प्रेरित हुनेछन्, जसबाट आवश्यक वस्तुहरुको आपूर्ति कम हुन सक्नेछ र परिणाम स्वरुप त्यसको मूल्य बेसी हुन सक्नेछ । अमूल्य विदेशी मुद्रा त्यस क्षेत्रतिर बढ्ता प्रवाहित हुन सक्नेछ, जहाँ, बेसी मुनाफा छ, न कि- त्यस क्षेत्रतिर, जुन क्षेत्र देशको र जनताको लागि बढी आवश्यक छ । देशको औद्योगिकरण र आयातको दिशा नै मुनाफामुखी हुने संभावना छ ।

यसको ठाडो असर जनताको जीवन-स्तरमा पर्नेछ । अत्यावश्यक वस्तुको अभाव र बढी महँगी भएपछि जनताको क्रय-शक्ति अरु कम हुनेछ । फलस्वरुप, अभावग्रस्तता र दरिद्रता अरु बढ्नेछ । मध्यम किसान र त्यो भन्दा तलका किसानहरुको निम्ति त यो ढाडै भाँच्ने काम हुनेछ ।

त्यसैले, यो निर्णय, व्यापारमा फष्टाउने दलाल पूंजीपतिको निम्ति खासा छ, वित्तीय एकाधिकारीहरुको निम्ति बरदान समान छ । तर देश र बहुसंख्यक गरीब जनताको निम्ति, मझौला र साना किसानहरुको निम्ति, यो ढाडै भाँच्ने खालको छ । यो निर्णयले देखाइरहेछ- गिरिजा सरकार आखिर कुन वर्गको हितको रक्षा गरिरहेछ ?

(वर्तमान सरकारको अर्थतन्त्रको दिशा बारे लेख पृष्ट ३१ मा पनि हेर्नु होला )

(मूल्यांकन आर्थिक-समीक्षकबाट)



*३२.पृष्ठको बाँकी*

*पुग्ने किसिमले अर्थतन्त्र चलिरहेको छ ।*

*महंगी चरम सीमांमा पुगेको छ । सरकारी आंकडा अनुसार पनि गत वर्ष मूल्य-स्फिति २१ प्रतिशत भन्दा बढी भएकोमा अहिले केही कमी आएको तथ्यांकले देखाए पनि त्यो गणितीय लाभ मात्र हो । गत वर्ष बिन्दुगत रुपमा सूचकांकको स्तर धेरै माथि भएकोले अहिले ७-८ प्रतिशतमा मूल्य-स्फिति झरेको भने पनि खाद्य आपूर्तिको समस्या, बिद्युत र अन्य वस्तु-सेवाको भाउमा भएको वा हुने वृद्धि र बजेट-घाटा बढ्दै गरेको जस्ता कारणले औसतमा मूल्य बृद्धिदर गत वर्षकै हाराहारीमा पुग्ने संभावना छ ।*

*समग्रमा, बढ्दो मूल्यको चाप,गरीबी उन्मूलन कार्यमा उद्देश्यमूलक रुपमा सरकारले गरेको उपेक्षा र पुरानै पंचायती शैलीको बजेट, खर्च र सरकारी लगानी-नीतिले गर्दा विकासको गतिविधिमा नेपाली जनता उपेक्षित हुँदै जाने प्रक्रियाले निरन्तरता पाउने छ । अहिलेको नेपाली कांग्रेसको नीतिले विकासको मूल-प्रवाहमा नेपाली जनतालाई समेट्न सक्ने छैन र वर्तमान नीतिको निरन्तरताले गरीबी झन बढ्ने र समग्रतामा देशलाई आत्मनिर्भर बनाउने र सामान्य जनताको जीवन स्तर माथि उठाउने हिसावले अर्थतन्त्रमा झन प्रतिकूलता थपिने छ । भोलि गएर परनिर्भरता झन बढ्ने, दातृसंस्था, एकाधिकार र पश्चिमी पूंजीवादको ऋणको पाशोमा अर्थतन्त्र पर्ने संभावना झन बढ्दै गएको छ ।*

*यसरी भारत लगायत पश्चिमी साम्राज्यवादको स्वार्थ र इशारामा नेपाली कांग्रेस चलेको कारण नेपालको समग्र विकासको संभावनाको स्थिति झन प्रतिकूल बन्दै गएको छ । यसैले यस्तो दिशातर्फ अर्थतन्त्रलाई डोराउने सत्तासीनहरुको भित्री प्रवृत्ति र बाहिरी रुपमा खोक्रा विकासे-पंचायती-शैली अनुरुपका नाराको भण्डाफोर गर्ने दायित्व चेतनशील र बौद्धिक समुदाय सवैमाथि पर्न आएको छ । नेपाली जनता पंचायती निरंकुश शासन फाल्न आन्दोलनमा समाहित भएको तीन वर्ष लागेको यो घडीमा यो भण्डाफोरको थप महत्व पनि हुनेछ । (०४६।माघ)*

*२३.पृष्ठको बाँकी* प्रत्येक वस्तुलाई र घटनालाई समय र परिस्थितिबाट अलग अलग रुपमा हेर्न खोज्नु ऐतिहासिक सन्दर्भ र क्रमिकताबाट अलग्याएर हेर्न खोज्नु, अरु वस्तुबाट अलग्याएर हेर्न खोज्नु अधिभूतवादी चिन्तन प्रणाली हो । हामीले याहा पाऔं वा नपाऔं, हामीले या त द्वन्द्वात्मक चिन्तन प्रणाली अप्नाई रहेका हुन्छौं या अधिभूतवादी । हामी वैज्ञानिक चिन्तन प्रवणाली अप्नाई रहेका हुन्छौं या अवैज्ञानिक ।

*४२.पृष्ठको बाँकी*

*भेगीय मुलुक बीच विद्युतीकरणको लागि आपसमा समझदारी हुनु पर्ने हुन्छ ।*

*यी सव हिसावले क्षेत्रीय स्तरमा चीनको संलग्नता संभव, जरुरी र फाइदाजनक छ, यी कुराहरु हामी बेला बेलामा सेमिनारहरु आयोजना गरेर, त्यसमा चीनिया प्रतिनिधि मण्डल डाकेर चीनीयाहरु समक्ष राख्न सक्छौं । यस्तो गर्न सक्यौं भने- हामीले हिमाल वारपारको वातावरणको संरक्षणको दृष्टिकोणले, र दीर्घकालीन दृष्टिकोणले नेपालको र पूरै यस क्षेत्रको आर्थिक सामाजिक विकासमा सकारात्मक प्रभाव पार्न सक्छौं ।*

## सूचना

नेपाल तामाङ घेदुङ्ग संघको प्रथम काभ्रे जिल्ला सम्मेलन यही २०४९ साल फाल्गुन २१-२२ गते निम्न स्थान र समयमा हुने भएकोले सम्पूर्ण काभ्रेवासी तामाङहरुलाई उपस्थितको लागि हार्दिक अनुरोध छ ।

स्थान :- ध्यान कुटी विहार , बनेपा

समय :- ठीक १२ बजे

*संयोजक*

*(माणिक लामा)*

नेपाल तामाङ घेदुङ्ग संघ, प्रथम जिल्ला सम्मेलन तदर्थ समिति, काभ्रेपलान्चोक

*.१४..पृष्ठको बाँकी*

रुसी कम्युनिष्टहरुका तर्फबाट आफ्ना अमेरिकी कामरेडहरुलाई मैत्रीपूर्ण शुभकामनाहरु पठाउँदै म तपाईलाई निश्चय दिलाउँछु- कि चाहे यो लडाई जति नै मुश्किल किन नहोस्, हामी हार मान्दैनौ, बरु मेहनतकश जनताहरुका स्वार्थहरुको लागि लड्ने काम जारी राख्नेछौं । हाम्रो मंचका लक्ष्यहरुमा सोभियत सत्ताको पुनर्स्थापना, सोभियत संघको पुनर्वहाली र समाजवादको संरक्षण एवं निरन्तर विकास समाविष्ट छ ।

सत्य के हो भने- अन्ततः क्रेमलिनमाथि रातो झण्डा फहराउनु नै हाम्रो लक्ष्य हो । विश्व-कम्युनिष्ट आन्दोलनको भविष्य हाम्रो संग्रामको नतिजामाथि नै मूल रुपमा निर्भर गर्दछ ।

विदेशका समान विचार भएका मानिसहरुसंग हामी अपील गर्दछौं कि- उनीहरुले सोभियत रुसमा भैरहेको संघर्षलाई समर्थन गरोस् र दानवीय फामीष्ट (Demofascism) को आक्रमणलाई रोक्नमा मद्दत गरोस् । यो हामी सवैको साझा कार्य हो । एकजूट भएर र एक साथ मिलेर नै हामी विजयी हुनेछौं ।

π

*("सर्वहारा दृष्टिकोण" बाट साभार र अनुदित)*


फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीहरुमा हार्दिक शुभकामना

जिल्ला विकास समिति

काभ्रे

फागुन ७ गतेको शुभकामना सबैलाई ।

नेपाल बैंक लिमिटेड



केवल दिनको रु. १०।- जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस् ।

१. सदस्य भएको मिति देखि २४ महिनाभित्र विरामी भएमा अस्पतालमा लाग्ने औषधी खर्च निशुल्क पाउनु हुने छ ।

२.केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ ।

३. सदस्य भएको मिति देखि ३ महिना पछि साना-तिना व्यापार गर्न साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको व्यवहार गर्नको लागि सापटी पाउनु हुने छ ।

अन्य जानकारीको लागि सम्पर्क राख्नुहोस् ।

हिमालय ढिकुरी कार्यक्रम नेपाल,

ताहाचल, नेपाल फोन २७०५८६ ।



फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा

समस्त

देशवासीहरुमा

हार्दिक शुभकामना

खाद्य उद्योग लि. हेटौंडा




**पाठकको कुरो**

## संशोधनवाद र अन्तर्क्रिया

संशोधनवादको पुष्टि र त्यसलाई परास्त गर्नेको लागि क. माओद्वारा प्रतिपादित "एक दुईमा विभाजित हुन्छ" भन्ने सिद्धान्तलाई मैले सिद्धान्ततः स्वीकारेको थिएँ, स्वीकार्दछु । तर यस आन्दोलनलाई जुन शत्रुतापूर्ण ढंगले चलाईयो, यो गलत हो कि भन्ने मलाई लाग्दछ । मेरो बिचारमा संशोधनवाद भनेको कस्तो हो भने, "एउटा निश्चित घेरा (मार्क्सवाद)बाट एउटा खुट्टा बाहिर र एउटा भित्र" भएको अवस्था हो । यसलाई मित्रतापूर्ण आलोचनाको विधिद्वारा "दुई एकमा रुपान्तरित हुन पनि सक्दछ" भन्ने मेरो ठम्याई छ । यसै सन्दर्भमा "मूल्याङ्कनल"ले विभिन्न मतवाला कम्युनिष्टहरुलाई एकै थलोमा राखेर जुन अन्तर्क्रियाको थालनी गऱ्यो, त्यस्को लागि हार्दिक धन्यवाद । यस्तो अन्तर्क्रिया गोष्ठी सकेसम्म "भिन्न मतवाला हुँ" भन्ने जति सबैलाई समेटेर बेला बेलामा आयोजना भै रहोस्- हार्दिक कामना ।

-श्याम कार्की, लालगढ-९, धनुषा

## का.प्रचण्ड किन छुट्नु भयो ?

अंक ९ मा नेपालका विभिन्न वाम-घटकका नेताहरुका बीच विचार-अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेर सम्पूर्ण नेपाली प्रति ठूलो गुण लगाउने काम मूल्याङ्कनले गरेको छ ।

यस अन्तर्क्रिया कार्यक्रममा सहभागी हुनका लागि आफ्ना पार्टीभित्रका सानातिना कामहरुलाई थाँती राखेर भएपनि सहभागी हुनु पर्नेमा क. प्रचण्डले त्यस कार्यक्रमलाई सानो ठान्न पुग्नु भएछ क्यारे ।

तर आम जनसमुदाय एवं वाम कार्यकर्ताहरु भने विभिन्न अड्कल काट्न थालेका छन्, जस्तै (१) का. प्रचण्ड विचार-अन्तर्क्रियामा भाग लिंदा अन्य नेताका अगाडि आफू वैचारिक रुपले कमजोर पर्ने ठानेर । (२) आफूले लिएका विचार ठोस परिस्थितिको विश्लेषणयुक्त नभएर । (३) विचार-अन्तर्क्रियाको माध्यमबाट वैचारिक मतभेद कम गराउन आफू तयार नरहेर । (४) तमाम वाम-नेपालीहरु एकीकृत क.पा. चाहन्छन् भन्ने तथ्यलाई बुझ्न नसकेर । (५) आफैंमा रहेको बैचारिक संकुचनले ...आदि आदि

उपरोक्त आवाजहरुले चाहेको कार्यक्रम हो- विचार-अन्तर्क्रिया, जुन यस मुल्याङ्कनले सञ्चालन गरेको छ । फेरि मूल्याङ्कनलाई अभिवादन ।

म के भन्ने, चाहन्छु भने शीर्षस्थ नेताहरु एम.बि.सिंह, मदन भण्डारी आदिहरु त्यस कार्यक्रममा उपस्थित हुन सक्ने तर क. प्रचण्ड किन नहुने ? कि वहाँ जंनता र अन्य वाम-घटकबाट टाढा रहन्छु भन्ने जाहेर गर्नु पऱ्यो, होइन भने विचार-अन्तर्क्रियामा सामेल भई वाम एकीकरणको संभावनातर्फ प्रयास गर्नु पऱ्यो भन्ने अनुरोध छ ।

हरि दहाल ।.बर्दिबास - ५ , महोत्तरी


साप्ताहिक **जनादेश**

साप्ताहिक **पृष्ठभूमि**

पढ्नु भयो ?

**भैरव ट्राभल्स**

काठमाडौंबाट राजविराज हुदै धरान, विराटनगर र रेङ्केली बस नम्बर ४१६०,४१५९, ४९३३, ४९३२


## नाम अनुसार थप काम होस्

यो पत्रिका हामी जस्ता सचेत युवा पिढींको लागि बौद्धिक खुराक, मार्गदर्शक भएर गएको छ र अझै पनि पत्रिकाको नाम अनुसार काम सार्थक भएर जानेछ । अझै पनि प्रगतिको कामना गर्दछौं ।

२०४९ पौषको पूर्णाङ्क ८ मा "पाठकको कुरो" मा रहेका विभिन्न पाठक कामरेडहरुको प्रस्तावलाई ध्यान दिदैं अझ कामरेड गोविन्दप्रसाद घिमिरे (लामाटार-६ ल.पु.) को प्रस्ताव-सुझावलाई गम्भीर रुपमा लिई काम कार्वाही गरिदिन हुन अनुरोध छ । साथै एशियाली देश भुटानमा भएका घटनाहरुतर्फ पनि आँखा जाओस् । श्रीलंका, पाकिस्तान, थाइल्याण्ड, वर्मा, एलसाल्भाडोर, अफगानिस्तान, आदि देशहरुमा भए गरेका घटनाहरुको बारेमा जानकारी गराइयोस् । ग्वाटेमालाकी महिलाले पाएको शान्ति नोवेल पुरस्कारको बारेमा पनि जानकारी दिएमा राम्रो हुने थियो ।

१- दुर्गा पूरक,, २- डि.पि. घिमिरे
३- पूर्णबहादुर रावत, ४- ज्ञानबहादुर नेपाली
५- भरत गौतम, ६- प्रवल शाही
७- जीवन गौतम, ८- परशुराम लामिछाने

विरेन्द्रनगर, सुर्खेत ।

## तथ्याङ्क स्रोत र खण्डन बारे

म "मूल्याङ्कन" को वर्ष १०, अंक ७ देखिको नियमित पाठक र हाम्रो वाम आन्दोलनको अत्यन्तै शुभ-चिन्तक एवं एकीकृत कम्युनिष्ट पार्टीको निर्माण गरी देशी तथा विदेशी प्रतिक्रियावादीहरुलाई परास्त गरी साम्यवादको स्थापना गर्नै पर्छ, हुनै पर्छ भन्ने सोच भएको एउटा क्रान्तिकारी नागरिक हुँ । यसर्थ, यस पत्रिकाले खेल्न सक्ने भूमिकालाई मैले सर्वोत्तम मानेको छु । स्थानाभाव हुन सक्ने कारणले पत्रिकामा समावेश गरिएका विषय वस्तुहरुको समालोचना-आलोचनातर्फ नलागौं । समष्टिमा यस खाले पत्रिकाको टड्कारो आवश्यकताको महशूस थियो । त्यो आवश्यकता परिपूर्ति गर्ने क्रममा यस पत्रिकाले निर्वाह गरेको भूमिका अति नै सकारात्मक छ ।

(१) अंक ९ मा "उन्नत पूँजीवादी मुलुकहरुको ताजा हाल" मा प्रकाशित बेरोजगार जनसंख्याको प्रतिशत अमेरीकाको ६.३%, र ब्रिटेनको ९.५% उल्लेख भएको छ । यी प्रतिशत रेडियो नेपालबाट पनि क्रमशः ७% र ११% भनी प्रसारण भएको थियो । प्रस्तुत तथ्याङ्कको स्रोत IMF, World Economic Outlook हो । यस विषयमा बुझ्न पर्ने कुरा के हो भने,IMF विदेशी प्रतिक्रियावादीहरुको पृष्ठ पोषक संस्था हो । यसर्थ, यस खालका तथ्याङ्कहरुको प्रस्तुति गर्दा पूँजीवादी प्रकाशनलाई भन्दा समाजवादी प्रकाशनलाई ग्राह्यता दिनु उचित हुन्छ भन्ने आग्रह छ ।

(२) ने.का.का कथित युवा व्यक्तित्व गोवर्धन रानाले लेख्नु भएको कथित वहुचर्चित पुस्तक "साम्यवादः विशेषता, विकृत्ति र विफलता (एक विश्लेषणात्मक अध्ययन)" र "मार्क्सवादको विसंगति" मा साम्यवादप्रति यसले गरेको प्रयोग र सफलताको कतै कही केही कराको उठानै नगरी अति निर्लज्ज ढंगले एम.एस्सी, एम.ए. (राजनीति शास्त्र) को बौद्धिक पाण्डित्याँई प्रस्तुत गर्नु भएको छ । उहाँको त्यो बौद्धिक पाण्डित्याँइले साम्यवादप्रति लगाएको कालो धब्बालाई चिर्न र त्यसै खाले कथित प्रजातन्त्रवादी एवं महान विद्वान महोदयहरुलाई जवाफ दिनका लागि ती कथित कृतिहरुले प्रस्तुत गरेका विषय वस्तुहरुका मूल मूल सवालको पहिचान गरी तिनीहरुको खण्डन बुँदागत रुपमा यस पत्रिका मार्फत प्रकाशित गरी हाम्रो वाम आन्दोलनलाई सहयोग पुऱ्याउन हुन हार्दिक आग्रह गर्दछु ।

मानव रायमाझी, काभ्रेपलाञ्चोक

४६ .पृष्ठको बाँकी

गरेको छ । हामी टेवुलमा यो कुरालाई जबर्जस्त उठाइरहेका छौं । अर्को, पहिलेका ती कमजोरीहरु नदोहोरिऊन् भन्ने कुरामा पनि हामी सचेष्ट छौं ।

* के भएमा यो संघर्ष टुंगिनेछ ?


- संविधानको उल्लंघन गर्ने, संसदको अधिकारलाई मिच्ने, जनतालाई जालसाजी गर्ने, ढाँट्ने गिरिजा सरकारले राजीनामा गर्नु पर्छ ।

टनकपुर-मुद्दाको सम्बन्धमा पहिलो, महाकाली नदीका हैसियत के ?- यो साझा सीमा-नदी हो भन्ने कुरा प्रष्ट गरिनु पर्छ । दोस्रो, नेपालको त्यसमा समान हक दर्ज हुनुपर्छ । तेस्रो, जुन भूमिमा परियोजना बनेको छ, त्यो कति अवधिका लागि हो, स्पष्ट हुनुपर्छ । पानी, विजुली कति भन्ने बारेमा चाहिं राष्ट्रिय हितको ग्यारेण्टी हुने गरी एउटा सहमतिमा पुग्नु पर्छ । यसमा भारतसित पुनर्वार्ता गरेर यो मुद्दालाई न्यायपूर्ण रुपले टुंग्याउनु पर्छ । यस्तो भएमा संघर्ष टुंगिनेछ ।


**कृषकहरुलाई सुवर्ण अवसर**

कृषि विकास बैंकको कूपनबाट ने.ट्रे.लि.को विभिन्न कार्यालयहरुबाट उच्च गुणस्तरको वाट्ली व्याय पम्पसेट बिक्री भईरहेछ ।

**SMALL PUMP**



**BIG HARVEST**

सम्पर्क स्थानहरु
नेशनल ट्रेडिंग लिमिटेड, यन्त्र बिक्री तथा मर्मत केन्द्र
धनगडी, नेपालगंज, भैरहवा, बीरगंज, विर्तामोड, लाहान, जनकपुर, विराटनगर, राम शाहपथ

**फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीहरुमा हार्दिक शुभ-कामना**

**नेपाल राष्ट्र बैंक**

**फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीहरुमा हार्दिक शुभ-कामना**

**जनकपुर चुरोट कारखाना लि.**

# पहिलेका कमजोरीहरु नदोहोरिऊन् भन्नेमा हामी सचेष्ट छौं

**यो संघर्षको सफलता के मा निर्भर गर्छ ?**



का. मदन भण्डारी, महासचिव, ने.क.पा. एमाले

*टनकपुरको सवाललाई लिएर अहिले संयुक्त -संघर्ष जारी छ । महंगीको सवाल पनि अब यो सवालसितै संघर्षको विषय हुन थालेको छ । संघर्षको रुप धर्नाबाट "उपत्यका बन्द" सम्म आइसकेका छन् । तर विगतमा धेरैजसो संघर्ष बुट्टोमै टुंगिएको इतिहास भएकाले कतै यो पनि त त्यस्तै हुने होइन ? -यो सन्देह आम-जनसमुदायको मन मस्तिष्कबाट मेटिईसकेको भने छैन । यस परिप्रेक्ष्यमा यो संघर्षलाई कसरी सफलताको चुलीसम्म लगिने सोचाइ छ ? त्यसका लागि संघर्षका के के रुप अप्नाइने छन् ? के भएमा संघर्ष टुंग्याइने छ ? जस्ता आधारभूत सवालमा प्रस्तुत छ - संयुक्त संघर्षको सबैभन्दा ठूलो घटक ने.क.पा. (ए.मा.ले) का महासचिब क. मदन भण्डारीसितको पछिल्लो अन्तर्वार्ता :*

*** विगतका सबैजसो आन्दोलनहरु लक्ष्यप्राप्ति नहुँदै बेटुँगोमै स्थगित गर्ने वा टुँग्याउने इतिहास रहेको परिप्रेक्ष्यमा यस पटकको आन्दोलनलाई कसरी सफलताको चुलीसम्म लगिने योजना छ ?**

- पहिलो कुरा त, कुनै पनि संघर्षको मुख्य मागको औचित्य कतिसम्म दीर्घकालीन रुपले जान सक्ने खालको छ, त्यसमा पनि यो भर पर्छ । अर्को, माग औचित्यपूर्ण भएपनि त्यसमा जनताको सघर्षशील जन-सहभागिता कत्तिको जुटाउन सकिनेछ, त्यसमा पनि यो निर्भर गर्छ । पहिलेका आन्दोलनहरु औचित्यको हिसाबले उपयुक्त रहे पनि जन - सहभागिता जुटाउने हिसाबले भने, त्यसमा हाम्रा जन- परिचालनका मामलामा कमजोरी रहने गरेका छन् । त्यसैले बिगतको यो कमजोरीबाट शिक्षा लिंदै हामी सबै संघर्षशील राजनीतिक शक्तिहरुले संघर्षशील जन -सहभागिता जुटाउन आफ्नो ध्यान केन्द्रित गर्नु पर्छ । विगतको गल्ती दोहऱ्याउनु हुन्न । यो संघर्षलाई सफलताको चुलीसम्म पुऱ्याउने निश्चितता यसैले गर्छ ।

*** संघर्षशील जन - सहभागिता जुटाउनका निम्ति के के मूर्त उपायहरु अप्नाइने छन् त, यसपालि ?**

- यसको निम्ति त हामीले प्रचारको क्षेत्रमा जोड दिनु पर्दछ । प्रचार भन्नाले खालि पत्र-पत्रिकाको प्रचारले काफी हुन्न । हाम्रो मागको औचित्य स्पष्ट गर्ने पर्चा, पोष्टर, लिफ्लेट, जनसमक्ष पुऱ्याइनु पर्छ । प्रचार-टोलीको प्रचार, पार्टी कार्यकर्ताहरुको प्रचार घनिष्ठ रुपले र गहीरोसँग जनसमक्ष लगिनु पर्छ । अहिले यो संघर्षको दौरानमा जुन ढंगले प्रचार भएको छ, त्यसले एक हदसम्म जनताको अभिरुचि जागृत गरेको छ । यसैलाई अरु व्यापक र गहिरो पार्नु पर्छ ।

*** आफ्नो माग पूर्ति गर्त यो संघर्षलाई संघर्षको कुन रुप र कुन उचाईसम्म लगिने योजना छ ?**

- संघर्षको कुन रुप भन्नुभन्दा बेसी, जसोगर्दा राष्ट्रिय हितको ग्यारेण्टी हुन्छ, राष्ट्रिय स्वाधीनता र संरक्षणको ग्यारेण्टी हुन्छ, त्यो तहसम्म हर-तरीकाले यस संघर्षलाई अघि बढाइनेछ । त्यसैले लक्ष्यको अन्तर्वस्तु प्राप्तिको हिसाबले यसलाई हेरिनु पर्छ, संघर्षको रुपको हिसाबले होइन । यसभित्र कुटनैतिक उपाय, राजनीतिक उपायदेखि लिएर सडकको उपाय सबै पर्छन् ।

*** जसरी माग राखिएको छ, गिरिजाको राजिनामाको, संघर्षका बाबजूद राजिनामा भएन भने ? उनले बलजफ्ती यसलाई संसदको बहुमतबाट पारित गर्न प्रयत्न गरे भने ?**

- सरकारले यसमा बल प्रयोग गऱ्यो भने जुन किसिमको बल उसले प्रयोग गर्छ, त्यही किसिमको बल प्रयोग गरेर यताबाट प्रतिवाद गरिनु पर्ने हुन्छ । उसले कानूनी हिसाबले बल प्रयोग गऱ्यो भने कानूनी हिसाबले नै हामीले त्यसको प्रतिवाद गर्नु पर्छ । उसले संसदको बहुमतको बल प्रयोग गऱ्यो भने हामीले पनि त्यही किसिमको बल प्रयोग गर्नु पर्छ । जहाँसम्म अभिष्ट लक्ष्यसम्म यो संघर्षलाई पुऱ्याउने कुरा हो, त्यसका लागि, मैले अघि नै भनें, राजनीतिक, कुटनैतिक र सडक, यी तीनै उपायहरु अप्नाइनुपर्छ, अर्थात राजनीतिक पार्टीहरु, सरोकार भएका विभिन्न पक्षहरु र जनताको संयोजित कार्यवाहीद्वारा मात्र यसलाई अभिष्ट लक्ष्यसम्म पुऱ्याउन सकिन्छ ।

*** अहिले यो संघर्षमा किन चार वटा बाम-शक्ति मात्र ? के अरु शक्तिलाई पनि गोलबन्द गर्नु शक्ति-संचयका हिसाबले उचित र जरुरी छैन ?**

- चार वटा शक्ति फ्रण्टमा छन् । त्यसको पछाडि अरु थुप्रै छन् । देशभक्तहरु, विवेकशील बुद्धिजीविहरु, अहिले भईरहेको क्रियाकलापबाट असंतुष्ट तब्काहरु, सबै यसको पृष्ठभागमा छन् । फ्रण्टमा आउन चाहनेहरु र फ्रण्टमा आएर भूमिका निभाउन चाहनेहरु सबैलाई ल्याउनु पर्छ भन्ने हामी सोचिरहेछौं । शक्ति-संचयका लागि अरु सबैलाई गोलवन्द गर्नु जरुरी छ भन्ने हामीलाई लाग्छ । यसका लागि संबन्धित सबैले लाग्नु पर्छ ।

*** यो संघर्षले प्रतिगामी तत्वलाई फाइदा पुऱ्याउँछ भनेर गणेशमानले भन्नु भएको तपाईलाइ थाहा नै होला । यसमा तपाईंको प्रतिक्रिया?**

- जुन कुराले अहिले राष्ट्रलाई हानी भइरहेछ, त्यो कुरा भइरहन दिने हो भने कसलाई फाइदा पुग्छ ? यो कुराले प्रतिगामीलाई फाइदा भइरहेको छ कि छैन ? राष्ट्रिय हित विरोधी तत्वलाई फाइदा भइरहेको छ कि छैन ? अहिले भइरहेका सरकारी काम कार्वाहीले जन विरोधी, प्रतिगामी र राष्ट्रिय हित विरोधी तत्वलाई फाइदा भइरहेको छ भने, त्यसको विरुद्ध आन्दोलन गर्दा कसरी प्रतिगामीलाई फाइदा हुन्छ ? त्यसैले यो भनाइमा कुनै तुक छैन । यदि साँच्चै नै प्रतिगामीले फाइदा उठाउलान् भन्ने कुराप्रति सचेत हुने हो भने राष्ट्रका हानी र अहितका जुन कुराहरु छन्, जुन अप्रजातान्त्रिक क्रियाकलापहरु सरकारले अहिले गरिरहेछ, त्यसको विरुद्ध अगाडि आउनु पर्छ । यो सरकारलाई उसको गल्तीको लागि राजीनामा गराउनु पर्छ र एउटा राष्ट्रिय सहमति बनाएर यो समस्यालाई हल गर्नु पर्छ । यही मात्रै एक मात्र बाटो हो ।

*** यता संयुक्त-संघर्ष चलिरहेको वेला एमाले एक्लै वार्तामा भाग लिइरहेकोमा बाहिर तीब्र प्रतिक्रियाहरु भइरहेछन् । यसमा तपाईहरुले कसरी सोच्नु भएको छ ?**

- आन्दोलनमा लागेको एउटा शक्तिको हिसाबले हामी वार्तामा सरीक भएपनि अन्य शक्तिलाई पनि यसबारे जानकारी छ । हामीले संयुक्त-संघर्षका तर्फबाट होइन, आफ्नो पार्टीको तर्फबाट वार्तामा भाग लिएका हौं । आन्दोलनको जे विषय छ, वार्ताको विषय पनि त्यही छ । सम्पर्क र टेबुलबाट पनि समस्या हल गर्नु पर्छ भन्ने विधिको उपयोग मात्र हो- यो । औचित्यपूर्ण परिणामविना आन्दोलन रोकिने कुरा आउँदैन । तिनै औचित्यलाई टेबुलमा पनि सावित गर्न हामी वार्तामा गएका हौं ।

*** यस परिप्रेक्ष्यमा पोहोर सालको नेपाली कांग्रेससितको एमालेको ६ सूत्रीय सम्झौताबाट के पाठ सिक्नु जरुरी छ ?**

- यो प्रसंगमा दुई पक्षहरु छन् । एउटा, नेपाली कांग्रेस एउटा अविश्वसनीय, आफ्नो बचन पालना नगर्ने धोखेवाज शक्ति हो भनेर यसले जाहेर

बाँकी ४५. पृष्ठमा

# NEPAL GRINDLAYS BANK

CONNECTING THE ANZ GROUPS EXTENSIVE INTERNATIONAL NETWORK WITH IT'S GROWING NATIONAL PRESENCE IN NEPAL

## NEPAL GRINDLAYS BANK

ACROSS THE GLOBE - AROUND THE NATION
BRINGING INTERNATIONAL STANDARD BANKING SERVICES TO THE KINGDOM OF NEPAL.

" THE BETTER BANK "

MEMBER ANZ GROUP




के तपाई घरैमा बसी बसी मूल्यांकन
प्राप्त गर्न
चाहनु हुन्छ?




चाहनु हुन्छ भने-
वार्षिक रु. १५०।-
भारतको लागि
भारू १५०।-

हाम्रो खातामा जम्मा
हुने गरी पठाउनु
होस्।

वार्षिक ग्राहक बन्नुहोस्।

तपाईले कुनै नयाँ उद्योग स्थापना गर्ने बिचार गर्नुभएको छ वा विद्यमान उद्योगलाई नै बिबिधिकरण, बिस्तार एवं आधुनिकीकरण गर्ने मनशाय राख्नु भएको छ अथवा उद्योग संचालनका लागि चालु पुँजीको आवश्यकता परेको छ भने वित्तीय, प्राविधिक व्यवस्थापकिय सरसल्लाह एवं आर्थिक सहयोगका लागि यस निगममा सम्पर्क राख्नु हुन अनुरोध छ

*हामी तपाईलाई सहयोग गर्न सदा तत्पर छौं।*

**नेपाल औद्योगिक विकास निगम**
ने.औ.वि.नि., भवन
दरबार मार्ग, काठमाडौं
टेलिफोन नं. २२८३२२
पोष्ट बक्स नं. १०

| | |
|---|---|
| पश्चिमान्चल क्षेत्रीय कार्यालय : | पोखरा, टेलिफोन नं. २००८३ |
| मध्य पश्चिमान्चल क्षेत्रीय कार्यालय : | नेपालगंज, टेलिफोन नं. २०२०३ |
| पूर्वान्चल क्षेत्रीय कार्यालय : | विराटनगर, टेलिफोन नं. २५३०५ |
| सुदुर पश्चिमान्चल क्षेत्रीय कार्यालय : | धनगढी, टेलिफोन नं. २१२०३ |

MULYANKAN
A magazine for Thought-Interaction

ल.पु.जि.प्र.का द.नं. ११/०४१/५० म.क्षे.हु.नि./हु.द.नं. ४८/०४१/५०


# बोर्डिङ्ग पास - समयको उपहार

एक वृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। वडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको "पुष्पक विमान" को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन। अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बर्सी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमूल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुर्‍याउनमा संलग्न





शाही नेपाल वायुसेवा

अति उड्यो उति उडौं उडौं लाग्ने